शिक्षा

कक्षा ९ र १०

शिक्षा

(व्यावसायिक)

कक्षा ९।१० (संयुक्त)

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

पाठ्यक्रम (२०३८) अनुसार संयुक्त रूपमा परिमार्जित
पहिलो संस्करण २०३९
दोस्रो संस्करण २०४०
संशोधित दशौं संस्करण २०५०
एघारौं संस्करण २०५१
बाह्रौं संस्करण २०५३

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक (साझा) अथवा स्थानीय बिक्रेताबाट उक्त पुस्तक साट्न सक्नुहुनेछ।

ज. शि. सा. के. लि.

मूल्य रु.

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित।



"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

श्री ५ वीरेन्द्र

हाम्रो भनाइ

शिक्षालाई जीवन सापेक्ष गराई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, कर्तव्यनिष्ठ नागरिक तयार गराउने, सामाजिक जीवनयापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालयस्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

श्रमप्रति श्रद्धा जगाई उपयोगी नागरिक तयार गराउने र देशभक्ति, राजभक्ति तथा ईश्वरभक्ति सिकाई अनुशासित सुयोग्य नागरिक तयार गराउने माध्यमिक शिक्षाको उद्देश्यमा आधारित संशोधित पाठ्यक्रम २०३८ अनुसार यो पाठ्यपुस्तक तयार गराई प्रकाशमा ल्याइएको छ ।

यस पाठ्यपुस्तकका परिमार्जनकर्ता श्री सूर्यविलास वज्राचार्य र श्री मीनबहादुर बिष्ट हुनुहुन्छ ।

सम्बन्धित विषयका अनुभवी शिक्षक, प्राध्यापक एवं विशेषज्ञहरूको सुझावसमेतलाई ध्यानमा राखी यस पाठ्यपुस्तकलाई सकेसम्म स्तरयुक्त बनाउने प्रयास गरिएको छ र शिक्षा नियमावली २०४९ अनुरूप संशोधित शिक्षाका संरचनात्मक ढाँचा, प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ का मूलभूत संशोधित तथ्यहरू समावेश भएका छन् । यसलाई नयाँ परिवेशमा प्रस्तुत गर्ने कार्यमा केन्द्रका पाठ्यक्रम अधिकृत भरत नेपाली प्याकुरेलले सघाउ पुऱ्याउनुभएको छ ।

यसमा भाषागत, विषयगत, शैलीगत कतिपय त्रुटिहरू अझ हट्न नसकेका होलान्, तिनका सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी लगायत सबै बुद्धिजीवी पाठकहरूको सक्रिय सहयोगको महत्त्वपूर्ण भूमिका रहने हुँदा यस पवित्र सेवा कार्यमा यहाँहरूको रचनात्मक सुझाव यो केन्द्र सदैव स्वागत गर्दछ ।

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानो ठिमी, भक्तपुर, नेपाल ।

विषयसूची

खण्ड १
नेपालको शैक्षिक इतिहास १

खण्ड २
प्राथमिक विद्यालय प्रशासन २५

खण्ड ३
सिकाइका नियमहरू ३३

खण्ड ४
आधारभूत शिक्षण नमुना ३६

खण्ड ५
शिक्षणका सिद्धान्तहरू ४९

खण्ड ६
शिक्षाका सूत्रहरू ६२

खण्ड ७
शिक्षकमा हुनुपर्ने गुणहरू ६७

खण्ड ८
पाठ्यक्रम ७५

खण्ड ९
विद्यालयमा गरिने योजनाहरू ८५

खण्ड १०
शिक्षाको प्रशासकीय सङ्गठन १०४

खण्ड ११
परीक्षा र मूल्याङ्कन १२०

खण्ड १२
विषय-शिक्षण १४२

खण्ड १

नेपालको शैक्षिक इतिहास

परिचय

कुनै पनि कुराको विकास अप्रत्यासित र आकस्मिक रूपमा भएको हुँदैन । संसारमा हामी जुन कुराहरू देख्छौं, तिनीहरूको पछाडि लामो इतिहास हुन्छ । तसर्थ कुनै पनि कुराको वर्तमान अवस्था, प्रचलन वा स्वरूपको अध्ययन गर्दा त्यसको पछाडि रहेको लामो परम्पराको जानकारी गरिनु अत्यावश्यक हुन्छ । माथि भनेझैं हाम्रो देशको वर्तमान शिक्षा पद्धतिको आफ्नै लामो इतिहास र परम्परा छ । आजभन्दा एक सय वर्ष पहिले नेपालमा जुन किसिमको शिक्षा परिपाटी थियो, सो परिपाटी अहिले तत्कालीन अवस्थामै विद्यमान छैन र अहिले जुन शिक्षा व्यवस्था प्रचलित छ, सो पहिले थिए, तरम वर्तमान शैक्षिक स्वरुप र प्रचलन विगत शैक्षिक स्वरुप र प्रचलनको विकासत र परिवर्तित रूप हो, जसलाई पहिलेको अविकसित अवस्था-बाट वर्तमान अवस्थामा आइपुग्न धेरै समय लागेको थियो । यसका लागि धेरै व्यक्तिगत र सामूहिक प्रयासहरू भए । यहाँ हामी यिनै कुराहरूको बारेमा अध्ययन गर्दछौं ।

यस खण्डमा नेपालको शैक्षिक इतिहासलाई निम्न लिखित चार भागमा विभाजन गरी प्रत्येकको क्रमशः अध्ययन गरिनेछः–

(क) २००७ सालभन्दा अगाडिको शिक्षा
(ख) २००७ सालदेखि २०२८ सालसम्मको शिक्षा विकास
(ग) राष्ट्रिय शिक्षा पद्धति २०२८
(घ) पाठ्यक्रम कार्यान्वयन योजना, २०३८

(क) २००७ सालभन्दा अगाडिको शिक्षा

शिक्षा एक निरन्तर रूपमा चलिरहेको प्रक्रिया हो । एउटा व्यक्तिको जन्मदेखि मृत्यु-पर्यन्त शिक्षा प्रक्रिया चालरहन्छ । शिक्षाद्वारा नै व्यक्तिको सर्वाङ्गीण विकास हुन्छ । फलस्वरुप समाज तथा राष्ट्रको समुन्नति सम्भव हुन जान्छ । मानवजीवनको सृष्टिको प्रारम्भदेखि नै मानवसमाजमा कुनै न कुनै रूपमा शिक्षा-प्रक्रिया चलिआएको छ । आदिमकालमा अहिलेका झैं विद्यालय तथा महाविद्यालयहरू निश्चय पनि थिएनन्, तर पनि ज्ञानार्जन गर्ने प्रक्रिया भने कायम थियो । त्यस बेलामा मानिसहरूले विभिन्न क्रियाकलापहरूमा संलग्न भएर एवं आ-आफ्ना अनुभव, ज्ञान तथा सीपहरूको आदान प्रदान गरेर आफूहरूलाई शिक्षित तुल्याउँथे । खास गरेर हरेक परिवारका बूढापाका सदस्यहरू, उनीहरूका सन्तानहरू जीवनमा आवश्यकताहरूको परिपूर्तिका लागि सक्षम तुल्याउन एवं तिनीहरूलाई शिक्षित तुल्याउन स्वैमम् सक्रिय रहनुपर्थ्यो ।

आफ्ना अग्रजहरूको उपदेश, अनुभव, ज्ञान, सीप आदि ग्रहण गरेर नवागत सन्ततिहरू आफूलाई लाभान्वित तुल्याउँथे । समयको परिवर्तन सँगसँगै मानवीय आवश्यकताहरू पनि परिवर्तित हुँदै गए, ज्ञानको क्षेत्र पनि विस्तारित हुँदै गयो र शिक्षा लिनेदिने प्रक्रियामा पनि परिवर्तन आयो ।

नेपालको इतिहासको अध्ययनबाट नेपालमा लामो तथा गौरवमय शैक्षिक तथा सांस्कृतिक परम्परा रहेको कुरा अवगत हुन्छ । नेपाली सभ्यताको प्रारम्भ नै उच्चतम शैक्षिक तथा सांस्कृतिक गौरवबाट भएको छ । प्राचीनकालदेखि नै नेपाल ऋषिमुनिहरूका लागि ध्यानास्थल, ज्ञान गवेषकहरूका लागि ज्ञान हासिल गर्ने आदर्श भूमि रही आएको कुरा सर्वसम्मत छ ।

प्राचीनकालमा नेपालमा गुरुकुल शिक्षा पद्धति प्रचलित रहेको तथ्य धार्मिक ग्रन्थहरूको अध्ययनबाट ज्ञात हुन्छ। गुरुकुल शिक्षा प्राचीनकालको उल्लेखनीय शिक्षा पद्धति हो। त्यस बेलामा ज्ञान हासिल गर्न चाहने मानिसहरू गुरु अर्थात् शिक्षकको आश्रममा जान्थे र गुरुले आफ्ना शिष्यहरूलाई निश्चित समयावधिभित्र कुनै विद्यामा पारङ्गत बनाउँथे। यसै पद्धतिलाई नै गुरुकुल शिक्षा पद्धति भनिन्छ । राजा दशरथका छोरा श्री रामचन्द्रले वशिष्ठ गुरुबाट, कौरव पाण्डवहरूले महर्षि द्रोणाचार्यकहाँ र कृष्ण सुदामाहरूले पनि आश्रममै गएर विद्यार्जन गरेका थिए भन्ने हिन्दू समाजमा प्रचलित छ । यस प्रकारको परिपाटी निकै पछिसम्म पनि रही रह्यो ।

लिच्छविकालमा निर्माण भएका अनेक मन्दिर, मूर्ति एवं सिलालेखहरूको अध्ययनबाट त्यस समयमा शिक्षाको उच्चतम रूपमा विकास भएको कुरा सहजै अनुमान गर्न सकिन्छ । यस कालको शिक्षा मुख्यतः धर्मप्रधान थियो । बौद्धविहार, गुम्बा तथा मन्दिरजस्ता धार्मिक संस्थाहरूले शिक्षा शिक्षण संस्थाको रूपमा शिक्षा दिने काम गर्दथे । यसप्रकारको धार्मिक शिक्षाको उद्देश्य व्यक्तिको आध्यात्मिक तथा नैतिक पक्षको विकास गर्नु रहेको थियो । दर्शनशास्त्र, वेदवेदाङ्ग, धर्मशास्त्र आदि पठनपाठन विषयहरू थिए । ज्योतिषविद्या, पुराण, कर्मकाण्ड आदि विषयहरू व्यावसायिक विषयका रूपमा अध्ययन-अध्यापन गरिन्थ्यो । लिच्छविकालमा निर्मित भवन, काष्ठकला, चित्रकला आदिबाट यस कालमा धार्मिक शिक्षाको अतिरिक्त व्यवसाय तथा कला शिक्षाको उन्नति पनि चरम सीमामा पुगेको थियो भन्न सकिन्छ ।

मल्लकालमा अनेक साहित्य, कला, मूर्ति, भवन, मन्दिर आदि आज पनि नेपालमा विद्यमान छन्। भारतका विक्रमशीला र विहार नालन्दाजस्ता शिक्षालयहरूमा हिमालयपारिबाट पढ्न आउने छात्र नेपालकै बाटो आउने-जाने गर्ने भएकोले यस कालमा नेपाल स्वतः एक ठूलो शिक्षापीठ हुन गएको थियो । विशिष्ट विद्वान्हरू पनि केहीं दिन नेपालमा बसेर मात्र अन्यत्र कतै जाने गर्थे । मल्ल राजाहरू स्वयं शिक्षित थिए र दरबारमा विद्वान्हरू झिकाई शिक्षा

लिन्थे । प्रताप मल्ल १४ भाषाका ज्ञाता थिए भनिन्छ । राजा जयस्थिति मल्ल र रत्न मल्लले ब्राम्हणहरूका लागि गुठी स्थापना गरेका थिए । मल्ल राजाहरू स्वयं नाटक रच्थे र स्वयं नाटक पात्र भएर अभिनय गर्थे । यी कुराहरूबाट मल्लकालमा पनि शिक्षा, संस्कृति, कला, भाषा तथा साहित्यको उन्नति प्रचुर मात्रामा भएको कुरा ज्ञात हुन्छ ।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि आक्रमण गरी नव नेपालको निर्माण गरिबक्सेपछि नेपालको इतिहासमा नयाँ अध्याय थपियो । मौसूफ सरकारको नीति र कार्यपद्धतिबाट के स्पष्ट हुन्छ भने मौसूफले शिक्षाको दिशामा पनि कुनै महत्त्वपूर्ण र दिगो व्यवस्था कायम गर्ने सदिच्छा राखिबक्सेको थियो । श्री ५ पृथ्वीनारायण शाहका समयमा देशमा प्रशस्त कवि, विद्वान्, पण्डित, कालिगढ, कलाकार आदि थिए । तिनीहरूप्रति मौसूफ उचित कदर गरिबक्सिन्थ्यो । "देशको कपडा देखाइ लगाउन र बस्त्र लगाउने यस्तो भया देशको पैसा विदेश जाँदैन" भन्ने मौसूफ सरकारको अभरवाणीबाट यो स्पष्ट हुन्छ कि मौसूफले वाणिज्य व्यवसाय एवं औद्योगिक शिक्षाको आवश्यक संरक्षण दिने इच्छा राखिबक्सेको थियो । मौसूफ सरकारको कार्यकालमा लडाईंमा पर्ने सिपाहीका बालबालिकाहरूलाई शिक्षादीक्षा दिने प्रबन्ध-समेत मिलाइएको थियो भन्ने इतिहास शिरोमणि बाबुराम आचार्यको भनाइ छ । श्री ५ रण-बहादुर शाहका समयमा पान देशमा ख्याति प्राप्त नाटककार, कवि, विद्वान् तथा ज्योतिषीहरू थिए । त्यस समयमा विशिष्ट विद्वान्हरू दरबारमा आई राजपरिवारका सदस्यहरूलाई शिक्षा-दीक्षा दिने कार्य गर्थे । यसबाट यो कुरा स्पष्ट हुन्छ कि श्री ५ पृथ्वीनारायण शाह र मौसूफ सरकारका अधिकारीहरूमा पनि शिक्षाप्रति गहिरो अभिरुचि थियो । यसका अतिरिक्त यस कालमा परम्परागत रूपमा चली आएका गुरुकुल शिक्षा एवं गुम्बा तथा मान्दरहरूमा दिइने धार्मिक शिक्षा पनि कायम थिए ।

यसप्रकार प्राचीन कालदेखि नेपालमा आधुनिक शिक्षण संस्था शिक्षाको अनौपचारिक साधन तथा माध्यमद्वारा शिक्षा लिनेदिने प्रक्रिया नचले तापनि अनौपचारिक माध्यमद्वारा शिक्षा लिनेदिने प्रक्रिया चलिआएको कुरा विदित हुन्छ ।

उन्नाइसौं शताब्दीको सुरु र मध्यतिरको देशको कमजोर तथा अस्तव्यस्त अवस्थाले जङ्ग-बहादुर राणालाई नेपालको प्रधानमन्त्री बन्ने सुनौलो अवसर प्राप्त भयो र राणा परिवारका सदस्यहरू प्रधानमन्त्री बन्ने परम्परा बस्यो ।

१०४ वर्षसम्मको राणाकालमा नेपालमा जुन रूपमा शिक्षाको प्रचार तथा प्रसार हुनुपर्ने थियो सो हुन सकेन । यस्तो हुनुका केही कारणहरू थिए । प्रथमतः त्यस समयमा जनसाधारणले

शिक्षाको महत्त्व बोध गरी सकेको थिएन । थोरो जनता शिक्षित तथा जागरुक भए भने राणा शासनको विरोधमा आवाज उठ्न थाल्नेछ भन्ने आशङ्का राणाहरूमा भएकोले उनीहरूले जन-शिक्षाप्रति कठोर दृष्टिकोण अपनाए । तथापि राणाकालमा केही उल्लेखनीय कार्यहरू भए । यहाँ राणाकालमा भएको केही शैक्षिक क्रियाकलाप तथा गतिविधिहरूका विषयमा चर्चा गरिने छ ।

जङ्गबहादुर राणाले बेलायत यात्राबाट स्वदेश फर्केपछि वि. सं. १९१० मा आफ्ना सन्तान-लाई अङ्ग्रेजी शिक्षा दिलाउन केही अङ्ग्रेज र भारतीय शिक्षकहरू झिकाई दरबारभित्रको एउटा कोठामा सानो स्कूलको स्थापना गरे । वास्तवमा यो स्कूल नै नेपालमा प्रथम पल्ट स्थापित अङ्ग्रेजी स्कूल थियो । दरबारमा सञ्चालित स्कूल भएको हुनाले यसलाई दरबार स्कूल भनिन थाल्यो । नेपालमा आधुनिक शिक्षाको आरम्भ पोन त्यहींबाट भएको हो भनिन्छ । दरबारमा स्थापित यस स्कूलमा जङ्गबहादुरका शाखा-सन्तान मात्र अध्ययन गर्न पाउँथे । सामान्य जनताका निमित्त यस स्कूलको ढोका खुल्ला थिएन ।

जङ्गबहादुरको मृत्युपछि उनकै भाइ रणोद्दीपले उक्त स्कूललाई रानीपोखरीको पश्चिम-तर्फ दरबार स्कूलकै नाममा स्थानान्तरण गरे । जिनले यस स्कूलमा आफूलाई भन्न परेका भारदार हजुरियाहरूका सन्तानहरूलाई प्रवेश हुने अनुमति प्रदान गरे । रणोद्दीपले दरबार स्कूल रहेको भवनमै एउटा पाठशाला पनि स्थापित गरे । रणोद्दीपपछि वीर शमशेरले उक्त संस्कृत पाठ-शालामा १३० विद्यार्थीहरूलाई भोजन, वस्त्र र बासका निमित्त केही आर्थिक सहायता प्रदान गरे । राजाहरूद्वारा शिक्षाका लागि यतिसम्म गर्नु महत्त्वपूर्ण कुरा थियो । जिनीहरूमध्ये देव शमशेरले शिक्षाक्षेत्रमा जुन नीति लिए, त्यो ऐतिहासिक महत्त्वको छ । शिक्षा विकासका निमित्त देव शमशेरले चालेका केही उल्लेखनीय कदमहरू यसप्रकारका छन्:–

(क) दरबार स्कूलका सर्वसाधारण जनताका सन्तानहरूका निमित्त पनि ढोका खुल्ला गरियो ।

(ख) संस्कृत प्रधान पाठशालाको स्थापना भयो ।

(ग) काठमाडौं उपत्यकामा ५० र उपत्यका बाहिर १०० भाषा पाठशालाहरू स्थापना गरियो ।

(घ) ५० जना विद्यार्थी भएको पाठशालामा १ जना शिक्षक र यसभन्दा बढी भएकोमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक नियुक्ति गर्ने व्यवस्था भयो ।

(ङ) दरबार स्कूलमा नेपाली भाषालाई शिक्षाको माध्यमको रूपमा अपनाउने व्यवस्था हुनुका अतिरिक्त नेपाली भाषालाई पाठ्यविषयमा समावेश गरियो ।

(च) भाषा पाठशालामा पढ्ने विद्यार्थीलाई विनामूल्य लेख्ने पाटी र केही पुस्तकहरू वितरण गर्ने व्यवस्था गरियो ।

चन्द्र शमशेरले देव शमशेरका पालामा खोलेका १५० पाठशालाहरू बन्द गर्न लगाए । उनले कुलीन वर्गका केही सन्तानहरूलाई प्राथमिक शिक्षा लिन विदेशमा पठाउने व्यवस्था गरे । प्रथम विश्वयुद्धमा (१९१४-१८) भारतीय तथा ब्रिटिश सेनामा भर्ती हुनका निमित्त सामान्य लेखपढ जानेको हुनुपर्ने कुरा ब्रिटिस गभर्नरले जनाएपछि सेनामा भर्ती हुन चाहने गोर्खाली जवानहरूलाई साक्षर तुल्याउन नेपालको पहाडी भेगतरि केही स्कूलहरू खोले । तराईतिर भारत-बाट शिक्षक झिकाई केटाकेटीहरूलाई पढाउने प्रचलन पनि थियो । यी स्कूलहरूले पनि जनता-लाई शिक्षित तुल्याउन केही न केही रूपमा योगदान पुऱ्याएका थिए ।

चन्द्र शमशेरले वि. सं. १९६७ मा स्वर्गीय श्री ५ त्रिभुवन र आफ्नो नामबाट त्रि-चन्द्र कलेजको पनि व्यवस्था गरे । त्यसपछि नेपालका विद्यार्थीहरू भारतका शहरहरूमा उच्च शिक्षा हासिल गर्न जान्थे । आफ्नै देशमा एउटा कलेज भएमा यस्ता विद्यार्थीहरूलाई बाहिरी प्रभावबाट पृथक राख्न सकिने र अङ्ग्रेजहरूका अगाडि आफू शिक्षाप्रेमी ठहरिने सम्भावना देखी उनले त्रिचन्द्र कलेजको स्थापना गरेका थिए । यिनकै पालामा मुख्य गाँडाहरूमा १।१ भाषा पाठशाला पनि खोलिए । सामान्य कर्मचारीका लागि योग्यता जाँच श्रेस्ता पाठशाला (४ पासे, ११ पासे परीक्षा) को समेत व्यवस्था गरियो ।

वि. सं. २००४ सालमा जुद्ध शमशेरले आधार स्कूल (व्यावहारिक कलाकौशलको शिक्षा दिने स्कूल) खोल्ने योजना बनाए । यो भारतमा प्रचलित बुनयादी शिक्षा अनुरूपको शिक्षा व्यवस्था थियो । उनको समयमा पहाड र तराई गरी ३०, ४० वटा आधार स्कूल स्थापना गरिए । जनतामा देखापरेको शिक्षाप्रतिको अभिरुचिलाई ख्याल गरी जुद्ध शमशरले इच्छुक व्यक्तिहरूले डाइरेक्टर जनरल अफ पाब्लक इन्स्ट्रक्सनसित अनुमति लिएर स्कूल खोल्नसक्ने व्यवस्था गरे र जनसाझयतामा सञ्चालित विद्यार्थीहरूलाई केही आर्थिक सहायता दिने व्यवस्था समेत गरियो । यसको परिणामस्वरूप देशका विभिन्न भागमा जनताका साझयतामा कैयौं विद्यालयहरू स्थापित गरिए ।

पद्म शमशेरले पान केही शैक्षिक सुधारहरू गरे । आधार शिक्षक प्रशिक्षण कार्यक्रम, पाठ्यक्रम सुधार, नारी शिक्षाको व्यवस्था उनले गरेका केही उल्लेखनीय कार्यहरू हुन् ।

मोहन शमशेर अन्तिम राणा प्रधानमन्त्री थिए । शिक्षा विकासका निमित्त उनले उल्लेख-नीय कार्यहरू नगरे तापनि जनताको साझयतामा त्यसबखत केही विद्यालयहरू सञ्चालन गरिए । यीतन्जेलसम्म जनतामा चेतनाको लहर फैलिसेकको थियो र जनतामा शैक्षिक जागरण पनि आइसकेको थियो । वि. सं. २००७ सालमा राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवनको नेतृत्वमा नेपाली जनताले राणाहरूको एकतन्त्रीय जहानियाँ शासन विरुद्ध चलाएको क्रान्ति सफल भयो ।

परिणामस्वरूप २००७ सालमा एकतन्त्रीय शासनप्रणालीको समाप्त भयो र देशमा प्रजातन्त्रको उदय भयो।

राणाकालको अन्त्यतिर नेपालमा ३१० प्राथमिक विद्यालय र ११ वटा हाईस्कूल, २ वटा कलेज (त्रि-चन्द्र कलेज र संस्कृत महाविद्यालय) र ४० वटा जति बौद्ध र मुस्लिम स्कूलहरू थिए।

(ख) २००७ सालदेखि २००८ सालसम्मको शिक्षा विकास

१०४ वर्ष लामो राणाकालीन नेपालका अन्धकार दिनहरूमा शिक्षाको विकास जुन रूपमा हुनुपर्ने थियो, सो अनुरूप हुन सकेन। २००७ साल फागुन ७ गतेका दिन प्रजातन्त्रको प्रादुर्भाव भएपछि जनतामा शिक्षाप्रति अभूतपूर्व प्रेम र उत्साहको लहर देखापर्न थाल्यो। जताततै विद्यालय धमाधम खोलिन थाले। अन्तरिम सरकारबाट पूर्ण समर्थन र यथासम्भव आर्थिक सहायता प्रदान गरेर शिक्षाको प्रचार-प्रसारमा योगदान पुऱ्याइयो। गाउँ-गाउँमा शिक्षाको लरह फैलियो। विद्यालयको स्थापना च्याउ उम्रेझैं हुन लागे। विद्यार्थी सङ्ख्यामा अप्रत्याशित वृद्धि हुन गयो।

तर देशमा कति विद्यालयहरू खोल्ने, विद्यालय खोल्न चाहने सर्तहरू के-क हुन्, तिनीहरूको सञ्चालन कसरी गर्ने, विद्यालय शिक्षाको उद्देश्य के हुनुपर्छ, पाठ्यक्रम कस्तो हुनुपर्छ, शिक्षकको योग्यता कति हुनुपर्छ ? जस्ता महत्त्वपूर्ण कुराहरूको कुनै योजना थिएन। फलस्वरुप विद्यालय सञ्चालनमा अनेक त्रुटि र कमजोरीहरू देखापर्न थाले। शिक्षाको गुणात्मक विकास भन्दा विद्यालयको सङ्ख्यात्मक विकास ज्यादा हुन गयो। देशको शिक्षा व्यवस्थामा देखापरेका कमजोरीहरू निर्मूल गरी शिक्षाको एउटा राष्ट्रिय प्रणाली स्थापना गर्न जरुरी भैसकेको थियो। यसै आवश्यकतालाई पूरा गर्न २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको गठन भयो।

नेपाल राष्ट्रिय शिक्षा योजना आयोग

यस आयोगले नेपालमा भैरहेको शिक्षाको अवस्था र गतिविधिको व्यापक सर्वेक्षण गरी "नेपालमा शिक्षा" नामक प्रतिवेदन प्रकाशमा ल्यायो। सम्पूर्ण नेपालको शैक्षिक अवस्थाको अध्ययन, तथ्याङ्क सङ्कलन तथा शैक्षिक आवश्यकताको अन्वेषण गरी औपचारिक रूपमा प्रतिवेदन तयार गरिएको यो पहिलो पटक हो। यस आयोगको गठन विभिन्न विद्वान र बुद्धिजीवी, शिक्षाप्रेमी, शिक्षा विशेष, शिक्षक, सरकारी अधिकृतहरू र सामाजिक कार्यकर्ताहरू समावेश गरी गरिएको थियो। आयोगले शिक्षाको राष्ट्रिय उद्देश्य, सबै तहको तहगत उद्देश्य, पाठ्यक्रम, शिक्षा विधि, शिक्षक तालिम, परीक्षा तथा विद्यालय सञ्चालन आदि विषयमा सुझावहरू पेश गरयो। खास गरी देशभरि समान राष्ट्रिय शिक्षा नीतिहरू कार्यान्वयन हुनुपर्ने

देशको आवश्यकतालाई ख्याल गरी व्यावसायिक शिक्षामा प्रधानता दिनुपर्ने र देशमा नि:शुल्क तथा सार्वजनिक शिक्षाको व्यवस्था गर्नुपर्ने कुरा यस आयोगले स्पष्ट औंल्यायो । यस आयोगले प्राथमिक प्रौढ शिक्षाको विस्तारमा जोड दिएको थियो । आयोगको सिफारिसबमोजिम महाविद्यालय स्तरीय शिक्षा थोरै मानिसलाई मात्र आवश्यकता छ, तर सारा वयस्कका निमित्त साक्षरता न्यूनतम आवश्यकता पूरा गर्ने आधारभूत शिक्षाको जरुरत छ भन्ने थियो ।

यसप्रकार शिक्षाक्षेत्रमा भैरहेको अस्तव्यस्ततालाई हटाउन आयोगको सिफारिस एक किसिमले मार्गदर्शन सिद्ध भयो । पुनः २०१८ सालमा गठित सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिले पनि आफ्नो प्रतिवेदनमा आयोगकै सिफारिसलाई कार्यान्वयन गर्ने र केही अन्य कुराका थपघट गर्ने प्रयास गरेको देखिन्छ ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०२८)

शिक्षाक्षेत्रमा व्यापक प्रचार र प्रसार भैरहेको फलस्वरूप यसमा अनेकौं त्रुटि र खराबीहरू देखापर्नु स्वाभाविक थियो । अतः त्यस्ता त्रुटिहरू निर्मूल गर्न बेला बेलामा यसको मूल्याङ्कन र सुधारहरूका प्रयासहरू भैरहनु अत्यावश्यक थियो । राष्ट्रिय शिक्षा योजना आयोगले पेश गरेका कतिपय सुझावहरू लागू भएका थिए भने कतिपय लागू हुन सकेका थिएनन् । अतः यसमा देखापरेका शिथिलता र त्रुटिहरू हटाएर शिक्षाको समुचित विकास गर्ने उद्देश्यले श्री ५ को सरकारले २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन गरेको थियो ।

यस समितिद्वारा प्रायःजसो आयोगले प्रस्तुत गरेका सुझावहरूको कार्यान्वयनमा जोड दिएको थियो । यस समितिका केही सिफारिसहरू निम्न बमोजिम छन्:–

(क) देशभर एकै प्रकारको शिक्षा पद्धति लागू गर्ने
(ख) शिक्षाको माध्यम एउटै गर्ने
(ग) प्राथमिक शिक्षालाई देशभर निःशुल्क एवं अनिवार्य गर्ने
(घ) व्यावसायिक तथा प्राविधिक शिक्षामा विशेष जोड दिने
(ङ) संस्कृत शिक्षालाई प्रोत्साहन दिने
(च) साक्षरता कार्यक्रम र शिक्षक तालिमको व्यवस्था गर्ने

माथि उल्लिखित सुझावहरूका अतिरिक्त आयोग तथा समितिद्वारा सिफारिस गरिएका कुराहरूको कार्यान्वयनका लागि सरकारको तर्फबाट कानुनीव्यवस्था हुन आवश्यक सम्झी समितिद्वारा शिक्षाको प्रस्तावित ऐनको मस्यौदा र शिक्षामा प्रशासनको आधारभूत व्यवस्थाको सम्बन्धमा समेत यस प्रतिवेदनमा समावेश गारएको थियो ।

आयोग र समितिले प्रस्तुत गरेका सुझावहरू महत्वपूर्ण ठानिए तापनि तिनीहरूको कार्यान्वयन प्रभावकारी ढङ्गले गरिएन र साथै शिक्षाक्षेत्रमा रहेका त्रुटिहरू पनि पूर्ण रूपमा निर्मूल गर्न सकिएन । तर देशमा उपयुक्त शिक्षाप्रणाली स्थापना गर्न र शिक्षामा व्याप्त विकृतिहरू हटाउने दिशामा भने राष्ट्रिय प्रयासहरू क्रमशः जारी नै रहे ।

अन्य प्रयासहरू

२०१७ साल पौष १ गते नेपालमा एउटा राजनैतिक परिवर्तन आई पञ्चायती व्यवस्था प्रादुर्भाव भएपछि शिक्षाको ढाँचा तथा स्वरूपमा पनि तदनुरूप आवश्यकता महसुस गरियो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले सिफारिस प्रस्तुत गरे तापनि उपर्युक्त शैक्षिक गति र दिशा प्राप्त गर्ने प्रयास भने भई नै रहन थाले । यसै क्रममा सन् १८६२ मा यूनेस्कोको तत्वावधानमा डा. हयूग बी. उड र श्री ब्रुनो कनालको २ सदस्यीय आयोग नेपालमा शिक्षाको योजनाबारे सर्वेक्षण र अध्ययन गर्न खटिएर आएको थियो । यस आयोगले पनि नेपालको सामाजिक तथा आर्थिक वस्तुस्थितिको अध्ययन गरेर शिक्षामा ल्याउनुपर्ने सुधारहरूबारे आफ्ना महकिला सुझावहरू पेश गरयो । उक्त सिफारिसहरूमध्ये केही तल प्रस्तुत गरिन्छः–

(क) सरकारी तथा निजी तवरबाट सञ्चालित परम्परागत प्राथमिक शिक्षा पद्धतिको विकास तुरुन्त रोक्नुपर्छ र यस्ता प्राथमिक विद्यालयहरूलाई यथाशीघ्र राष्ट्रिय परिपाटीमा ढाल्न तुरुन्त कदम चालिनुपर्छ ।

(ख) सन् १९९५ सम्ममा अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा लागू गर्ने दीर्घकालीन लक्ष्यलाई चालू नै राख्नुपर्छ ।

(ग) परम्परागत ढाँचामा यप हाईस्कूललाई खोल्ने कुरामा तुरुन्त रोक लगाइनुपर्छ र परम्परागत ढाँचामा चली आएका हाईस्कूललाई तुरुन्त बहुउद्देश्यीय विद्यालयमा परिवर्तन गरिनु पर्दछ ।

(घ) माध्यमिक विद्यालयको पाठ्यक्रममा कुनै विशिष्ट पेशामा जान सक्ने गरी व्यवसायमूलक गरिनुपर्छ ।

राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्

२०२४ सालमा १३ सदस्य राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्को गठन भयो । यसको मुख्य कार्य शिक्षा पद्धतिको सुधार, प्राथमिक, माध्यमिक र उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा परीक्षा पद्धति, शिक्षक तालिम, प्रौढशिक्षा आदि विषयहरूमा श्री ५ को सरकारलाई सल्लाह दिनु थियो । यस अन्तर्गत केही समिति र अनेक उपसमितिहरूको पनि व्यवस्था गरिएको थियो । कुनै महत्त्वपूर्ण काम नगरीकन २२ महीनापछि यो परिषद् विघटन गरियो ।

२०२६ सालमा फेरि अर्को सल्लाहकार समितिको गठन भयो। यसबाट पनि सन्तोषप्रद काम हुन सकेन र पुनः शिक्षा मन्त्रीको अध्यक्षतामा अर्को सल्लाहकार समिति बन्यो। यी समितिहरूले शिक्षा योजना र कार्यान्वयनको सम्बन्धमा केही कदम चालेका थिए, तर बीचमा आइपरेका बाधा, अवरोध र कठिनाइ आदिले गर्दा यी समितिबाट उल्लेखनीय काम भएको देखिंदैन। तर पनि राष्ट्रिय जीवनलाई प्रत्यक्ष रूपमा प्रभावित पार्ने र व्यक्ति तथा समाज दुवैको विकासका निम्ति अनिवार्य सम्झिएको शिक्षालाई सुनियोजित तरीकाबाट अघि बढाउन अत्यावश्यक भैसकेको थियो। देशको यो जल्दोबल्दो मागलाई बुझेर स्वर्गीय श्री ५ महेन्द्रबाट राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ नेपाली जनतालाई बक्स्यो।

यस प्रकार वि. सं. २००७ सालदेखि २०२८ सम्मको यस अवधिमा देशमा शिक्षाको योजनाबद्ध रूपमा विकास गर्नका लागि महत्त्वपूर्ण प्रयासहरू गरिए। यस अवधिमा शिक्षाप्रति अभूतपूर्व उत्साह र शैक्षिक जागरण देखापरयो। २००७ देखि २०२८ सालसम्मको दुई दशकभित्र देशमा ७,२५६ प्राथमिक विद्यालय, १,०५६, माध्यमिक विद्यालय र ४९ महाविद्यालयहरू स्थापना गरिए। २००७ सालतिर प्राथमिक तहमा ८,५०५ माध्यमिक तहमा २१,११५ र महाविद्यालय तहमा २५० मात्र विद्यार्थी थिए भने २०२७ मा यो सङ्ख्या बढेर ४,४९,११४, १,०२,७०४ र १७,२०० पुग्यो।

(ग) राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८

पृष्ठभूमि

नेपालमा योजनाबद्ध रूपमा शिक्षाको विकास गर्न निरन्तर प्रयासहरू भइरहेका छन्। नेपालमा भइरहेको उद्देश्यहीन, अनुत्पादनशील तथा असन्तुलित शिक्षाको प्रसारले शिक्षालाई राष्ट्रको सामाजिक र आर्थिक वास्तविकताबाट पृथक तुल्याइएको कुरा श्री ५ को सरकारले खास गरी प्रजातन्त्रको अभ्युदय पश्चात् अनुभव गरिरहेको थियो। यस परिप्रेक्ष्यमा राष्ट्रिय शिक्षा योजना आयोग (२०११) र सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन (२०१८) विशेष उल्लेखनीय छन्, तर देशमा राष्ट्रिय आवश्यकता र चरित्र अनुकूल शिक्षाको राष्ट्रिय पद्धतिको भने विकास हुन सकेको थिएन। शिक्षाको योजनाबद्ध विकास गर्ने प्रयासहरू भए तापनि शिक्षाले खास गोरेटो पहिल्याउन सकेको थिएन। देशमा विद्यालय सङ्ख्याको विस्फोटन मात्र हुनसक्यो। शिक्षाको सङ्ख्यात्मक विकास तीव्र रूपमा भैरहे तापनि गुणात्मक शिक्षाको विकास तथा विस्तार हुन सकेन। यसको विपरीत शिक्षामा अनेकौं विकृति, कमजोर तथा समस्याहरू उत्पन्न भाले।

२००७ सालअघि देशमा रहेको शैक्षिक विकृति, कमजोरी तथा समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ:–

१. २०२७ सालअघि शिक्षाको राष्ट्रिय नीति तथा लक्ष्य स्पष्टसँग किटान गरिएको थिएन। क्षेत्रीय आवश्यकता र सम्भाव्यताको अध्ययन नगरी नयाँ शिक्षण संस्थाहरू खोलिने परिपाटी थियो। केवल सङ्ख्यात्मक लक्ष्य बढाउन मात्र प्रयासहरू भए। शिक्षालाई उपभोग्य वस्तुको रूपमा लिइन्थ्यो। अरू काममा खर्च गरी बाँकी रहेको रकम मात्र शिक्षालाई छुट्टयाउने आर्थिक नीति थियो।

२. परम्परागत शिक्षा पद्धति समाजको अनुत्पादन मान्यताहरूमा आधारित थियो। शिक्षालाई शारीरिक परिश्रमबाट छुटकारा पाउने माध्यम ठानिथ्यो। पढेपछि शारीरिक श्रम गर्नुपर्ने भन्ने कुभावना व्याप्त थियो। शैक्षिक अवसरहरूको वितरण सन्तुलित र न्यायोचित थिएन। शिक्षाका अवसरहरू शहरी भेगमा सीमित थिए। पिछडिएका वर्गहरू शिक्षा पाउने अवसरबाट वञ्चित थिए।

३. २०२७ सालअघिको शिक्षा पद्धति र राष्ट्रिय योजनाका लक्ष्यहरू बीच कुनै किसिमको तालमेल थिएन। उक्त शिक्षा पद्धति कार्यमूलक, व्यावसायिक तथा उत्पादनशील थिएन। यसले विद्यालयहरूलाई जीवीकोपार्जन गर्ने काममा सहायता पुऱ्याउन सकेन। देश विकासका निमित्त चाहिने आवश्यक जनशक्ति उत्पादन गर्नुको सट्टा बेरोजगारी शिक्षितहरू उत्पादित हुन्थे।

४. परम्परागत शिक्षा पद्धति ज्ञानोपार्जनको प्रभावकारी माध्यम बन्न सकेन। यसले कोरा किताबी तथा शैद्धान्तिक ज्ञानमा विशेष जोड दिइएको थियो। विद्यार्थीहरूको यथार्थता र आवश्यकताबाट यो शिक्षा पद्धति एकदमै टाढा थियो।

५. परम्परागत शिक्षा पद्धतिको शिक्षण संस्थाहरूको सुदृढीकरणमा कुनै जोड नदिएकोले विभिन्न तहका शिक्षाको सङ्ख्यात्मक विकास मात्र हुन गई शिक्षाको गुणात्मक ह्रास हुन गयो। खास गरी विद्यार्थीहरूको सङ्ख्यात्मक वृद्धिको आधारमा भौतिक साधनहरूको अभाव, तालिम प्राप्त तथा योग्य शिक्षकको अभाव, शिक्षण पेशामा अयोग्य व्यक्तिहरूको प्रवेश, स्तरयुक्त पाठ्यपुस्तक र शैक्षिक सामग्रीको अभाव वैज्ञानिक मूल्याङ्कन परिपाटी आदि समस्याहरू पुरानो शिक्षा पद्धतिमा विद्यमान थिए।

६. बीचमा विद्यालय छाड्ने, पुनः कक्षा नदोहोऱ्याउने, अनुत्तीर्ण हुने र बेकार रहेका स्नातकहरू जस्ता शैक्षक नोक्सानीहरूको वृद्धि पुरानो पद्धतिका परिणामहरू हुन्।

७. अन्त्यमा कमजोर शिक्षा प्रशासनको कारणबाट घेरै समस्याहरू उत्पन्न भएका थिए। प्रशासन मुख्य स-साना कुराहरूमा अलिझनु, शिक्षाको प्रशासनिक रूप अत्यधिक केन्द्रीकरण हुनु, शिक्षा प्रशासनहरूको कार्यक्षेत्र र जिम्मेवारीको स्पष्ट व्याख्या नहुनु आदि प्रशासनिक कमजोरीहरूले शिक्षा विकासमा खास टेवा पुऱ्याउन सकेनन्।

माथि उल्लेख गरिएका समस्याहरू बाहेक २०२७ सालअघिको शिक्षा पद्धतिमा अनेकौं विकृति तथा समस्याहरू मौजुद थिए। यी समस्याहरू राष्ट्रको भविष्यका निमित्त घातक सिद्ध हुने कुरा प्रत्यक्ष थियो। यसै कारण त्यस बेलाको विद्यमान परिस्थितिमा सुधार ल्याउन राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई चरण-चरण गरी लागू गरियो।

राष्ट्रिय शिक्षा पद्धति योजनाले ल्याएका केही शैक्षिक परिवर्तन तथा सुधारहरू

यसअघि हामीले नेपालमा राष्ट्रिय शिक्षा पद्धति योजनाको कार्यान्वयन के कति कारणले आवश्यक हुन गएको थियो भन्ने कुरा अध्ययन गरयौं। यहाँ यस योजनाले शिक्षाक्षेत्रमा उद्बोधन गरेका परिवर्तनहरू तथा सुधारहरूको संक्षिप्त रूपमा अध्ययन गर्नेछौं।

१. शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्र र राजमुकुटप्रति वफादार रही राष्ट्रियता व्यवस्था अनुकूल आचरण गर्ने नागरिक तयार गर्नु, विद्यमान र प्राविधिक ज्ञानको प्रसारण गरी देश विकासका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्नु, प्रत्येक व्यक्तिमा नैतिक चरित्र, परिश्रम गर्ने बानी, सिर्जनात्मक प्रवृत्ति वैज्ञानिक चिन्तन, सौन्दर्यप्रति अनुराग र विश्वबन्धुत्वको भावना जस्ता गुणहरू विकास गर्ने र राष्ट्रभाषा, संस्कृत, साहित्य र कलाको विकास तथा प्रसार गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य रहेको छ।

२. शिक्षाको सङ्गठन

रा. शि. प. यो. ले कक्षा १ देखि ३ सम्मको शिक्षालाई प्राथमिक शिक्षा, ४ देखि ७ सम्मको शिक्षालाई निम्न माध्यमिक शिक्षा र ८ देखि १० सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रूपमा निर्धारित गरेको छ। योजनामा उल्लेख भए अनुसार प्राथमिक शिक्षाको उद्देश्य बालबालिकाहरूलाई साक्षरताको शिक्षा दिनु, निम्न माध्यमिकको उद्देश्य चरित्र निर्माण गर्ने र माध्यमिक तहको उद्देश्य व्यावसायिक शिक्षा दिई दक्ष कार्यकर्ता तयार गर्नु रहेको छ।

३. पाठ्यक्रम

यस योजनाले विद्यालयस्तरीय पाठ्यक्रममा पनि आवश्यक परिवर्तन गरेको छ। यस अनुसार प्राथमिक तहमा ३०० पूर्णाङ्कको नेपाली भाषा, २०० पूर्णाङ्कको गणित शिक्षा, १०० पूर्णाङ्कको सामाजिक शिक्षा र ५० पूर्णाङ्कको शारीरिक शिक्षा सफाइ, हस्तकला र चित्रकला विषयहरू समावेश गरिएका छन्।

निम्न माध्यमिक तहका पाठशालामा नेपाली भाषा, संयुक्त राष्ट्रसङ्घीय भाषा, सामाजिक शिक्षा, गणित, विज्ञान, पूर्व व्यावसायिक शिक्षा, शारीरिक र स्वास्थ्य शिक्षा तथा संस्कृत भाषा गरी जम्मा ८ विषयहरू समाविष्ट छन् र यी विषयहरू कुल १००० पूर्णाङ्कमा विभाजित गरिएका छन् ।

यस योजनाले माध्यमिक तहलाई तीन प्रकारले वर्गीकरण गरेको छ । यी हुन्– साधारण माध्यमिक विद्यालय, व्यावसायिक माध्यमिक विद्यालय र संस्कृत माध्यमिक विद्यालय । साधारण माध्यमिक विद्यालयहरूमा व्यावसायिक विषयहरू कम र साधारण शिक्षाका विषयहरू बढ्ता सिकाइने कुरा उल्लेख छ भने व्यावसायिक विद्यालयमा साधारणभन्दा व्यावसायिक विषयमा धेरै जोड दिइएको छ । यस्तै संस्कृत शिक्षामा संस्कृत भाषामा बढ्ता जोड दिने र विदेशी भाषामा कम जोड दिइने कुरा व्यक्त गरिएको छ । माध्यमिक तहका लागि कुल ९०० पूर्णाङ्क तोकिएको छ ।

४. शिक्षण पद्धति तथा शिक्षण सामग्री

यस योजनाले परम्परागत शिक्षण पद्धति अव्यावहारिक रहेकोले प्रत्येक विषयमा नयाँ तरीकाले सिकाउने पद्धतिको विकास गर्ने र नयाँ तरीकाबाट सिकाउन बढ्ता शिक्षण सामग्रीहरूको प्रयोग हुने भएकोले सामग्रीहरूको विकास गर्न उचित व्यवस्था गरेको छ ।

५. परीक्षा पद्धति

योजनाले आन्तरिक मूल्याङ्कन प्रथालाई कार्यान्वयन गर्ने र प्रत्येक तहको अन्त्यमा अन्तिम परीक्षाहरू सञ्चालन गर्ने सुझाव प्रस्तुत गरेको छ । जस्तोः– प्राथमिक तहको अन्त्यमा जिल्लास्तरीय परीक्षा, निम्न माध्यमिक तहको अन्त्यमा अञ्चलस्तरीय परीक्षा र एस. एल. सी. को टेष्ट परीक्षा जिल्लास्तरीय गर्ने कुरा उल्लिखित छ । शिक्षकहरूले विद्यार्थीहरूको प्रगति विवरण राख्नुपर्ने, प्रश्नहरूलाई वैज्ञानिक बनाउने र उत्तर पुस्तिका परीक्षण गर्ने परीपाटीमा पनि सुधार गर्ने कुरा योजनामा उल्लेख गरिएको छ ।

६. शिक्षण तालिम र शिक्षण पेशामा सुधार

शिक्षाको गुणात्मक विकास गर्न तालिम प्राप्त शिक्षा आवश्यक भएकोले राष्ट्रिय शिक्षा योजनाले शिक्षकहरूका लागि तालिमको व्यवस्था गरेको छ र विद्यालयको विभिन्न तहमा

पढाउने शिक्षकको न्यूनतम शैक्षिक योग्यतासमेत निर्धारण गरिएको छ । जस्तोः– प्राथमिक तहका लागि एस. एल. सी. सरह, निम्न माध्यमिक तहका लागि आई. ए. वा सो सरह वा तथा माध्यमिक तहका लागि बी. ए. वा सो हरस र सबै तहका शिक्षक तालिम प्राप्त हुनुपर्ने कुरा उल्लेख गरिएको छ । यसका सबै शिक्षण पेशालाई आकर्षक बनाउन सेवाको सुरक्षा गर्ने व्यवस्था, शिक्षकको तलब स्केल निर्धारण र पदोन्नतिको व्यवस्थासमेत गरिएको छ ।

७. शिक्षा प्रशासन

शिक्षा प्रशासनमा योजना, कार्यान्वयन, मूल्याङ्कन आदि साथसाथै जाने व्यवस्था गरिएको छ । योजना र मूल्याङ्कनको कार्य केन्द्रीकृत र यसलाई कार्यान्वयन गर्ने काम विकेन्द्रीकृत पारिएको छ । यस अनुरूप केन्द्रीयस्तरमा शिक्षा मन्त्रालयलाई योजना र कार्यक्रम बनाउने सामान्य र प्राविधिक प्रशासन गर्ने तथा मूल्याङ्कन र नियन्त्रण गर्ने जिम्मेवारी दिइएको र कार्यान्वयनलाई छिटोछरितो पार्न हरेक क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालय जिल्ला-जिल्लामा शिक्षा अधिकारी रहने व्यवस्था भएको छ ।

८. शिक्षा निरीक्षण

विद्यालयस्तरीय शिक्षामा सुधार ल्याउन निरीक्षणको महत्त्वपूर्ण भूमिका हुने भएकोले शिक्षा योजनाले निरीक्षण व्यवस्थालाई सुदृढ पार्ने प्रयास गरेको छ । शिक्षाक्षेत्रमा ल्याइएका कुनै पनि परिवर्तन तथा सुधारहरूको प्रभावकारी कार्यान्वयन र प्रभावकारी निरीक्षण व्यवस्थामा भर पर्दछ । यसै अनुरूप प्राथमिक, माध्यमिक निरीक्षकहरूद्वारा विद्यालयको भौतिक साधन, शिक्षकहरूको पर्याप्तता र उयोगका निरीक्षण गर्ने र यसको गुणात्मक विकास गर्न निरीक्षकहरूले शिक्षकहरूको कामको मूल्याङ्कन गर्न, उनीहरूलाई प्रोत्साहन, सल्लाह र व्यावसायिक नेतृत्व दिनुपर्ने बनाइएको छ ।

माथि उल्लेख गरिएका कुराहरूका अतिरिक्त रा. शि. प. यो. ले नेपालको शिक्षा पद्धतिमा अन्य धेरै परिवर्तन र सुधारहरू ल्याएको छ ।

राष्ट्रिय शिक्षा पद्धतिका मूलभूत विशेषताहरू

शिक्षा नै राष्ट्रिय विकासको प्रमुख माध्यम हो । विश्वका विकसित तथा विकासोन्मुख मुलुकहरूले राष्ट्रिय विकासमा शिक्षाको महत्त्वपूर्ण योगदान रहन्छ भन्ने कुरा महसुस गरी उपयुक्त शैक्षिक परिपाटी स्थापना गर्न भरमग्दुर प्रयास गरिरहेको छ र प्रतिवर्ष शिक्षामा राष्ट्रिय आयको ठूलो धनराशि लगानी गर्नपट्टी लागिरहेका छन् । राष्ट्रिय विकासको सपना उपयुक्त शिक्षा प्रणाली र त्यसमा गरिने लगानीमा भरपर्ने हुनाले यिनीहरू बीच सन्तुलन कायम गरिनुपर्दछ । यस तथ्यलाई हृदयङ्गम गरी नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू गरियो । यहाँ यस योजनाका विशेषताहरूको संक्षेपमा चर्चा गरिन्छ ।

१. राष्ट्रिय शिक्षाप्रणालीको स्थापना

राष्ट्रिय शिक्षा योजनाको प्रादुर्भाव हुनु अगाडि देशमा शिक्षाको योजना एउटा राष्ट्रिय प्रणाली स्थापना भएको थिएन । शिक्षाको उद्देश्य पाठ्यक्रम, शिक्षण विधि, शिक्षण प्रक्रिया आदिमा एकरूपता कायम हुन सकेको थिएन । एक किसिमले भन्ने हो भने शहरमा एक प्रकारको शिक्षा थियो त गाउँमा अर्को प्रकारको शिक्षा, गरीब वर्गले हासिल गर्ने शिक्षा एक किसिमको थियो त सम्पन्न वर्गका लागि अर्को किसिमको थियो । एउटा मुलुकभित्र विभिन्न किसिमको शिक्षा व्यवस्था हुनु राष्ट्रियताका निमित्त हानिकारक हुन्छ । नयाँ शिक्षा योजनाले देशभरि एकै प्रकारको शिक्षा योजना लागू गरेर देशमा शिक्षाको एउटा राष्ट्रिय प्रणाली स्थापना गर्ने प्रयास गरेको छ ।

२. व्यावसायिक शिक्षा र दक्ष जनशक्ति उत्पादनमा जोड

शिक्षालाई उत्पादनशील तथा व्यवसायमूलक बनाई देशको राष्ट्रिय आवश्यकता अनुरूप बनाउन राष्ट्रिय शिक्षा पद्धतिको योजनाले व्यावसायिक तथा प्राविधिक शिक्षामा जोड दिएको छ । आधारभूत तहको आवश्यक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहमा जीवनोपयोगी सीप सिकाउने व्यवस्था गरिएको छ । माध्यमिक तहमा प्रत्येक विद्यार्थीमा व्यवसायप्रतिको रुचि र आदरभाव जगाई व्यावसायिक इलम दिई तिनलाई उत्पादशील बनाउन माध्यमिक विद्यालयहरूमा व्यावसायिक शिक्षा दिइएको छ र उच्च शिक्षाका विभिन्न तहहरूबाट देशलाई चाहिने निम्नस्तरीय, मध्यमस्तरीय र उच्चस्तरीय दक्ष जनशक्ति उत्पादन गर्ने प्रयास भएको छ ।

३. शिक्षाको गुणात्मक र स्तरयुक्त विकास

शिक्षालाई उपयोग र उत्पादनशील बनाउनका लागि यसलाई गुणयुक्त र स्तरयुक्त बनाउन अत्यन्त जरुरी हुन आउँछ । यसका निमित्त रा. शि. प. यो. ले तालिम, योग्यता प्राप्त शिक्षकको व्यवस्था, नियमित रूपमा पठनपाठनका लागि आवश्यक भौतिक साधन र शैक्षिक सामग्रीको व्यवस्था, शिक्षण पेशालाई आकर्षक बनाउन शिक्षकहरूको सेवा र सुविधाहरूमा सुधार, शिक्षण कार्यलाई प्रभावकारी बनाउन निरीक्षणप्रणालीको विकास आदिमा धेरै जोड दिएको छ ।

४. शैक्षिक अवसर तथा सुविधाहरूको सन्तुलित तथा न्यायोचित वितरण

शिक्षा विकास भनेको सुविधा र अवसरहरूको वृद्धिले मात्र हुँदैन, अपितु शिक्षाका साधन र अवसरहरूको सन्तुलित, न्यायोचित तथा समान वितरण अपरिहार्य कुरा हो । नयाँ शिक्षा योजना अगाडि शैक्षिक अवसर मुख्यतः शहरी भेगमा र सम्पन्न वर्गका निमित्त मात्र उपलब्ध थियो । रा. शि. प. यो. ले शिक्षा अवसर तथा सुविधाहरूको वितरण समान रूपमा गर्न

खोजेको छ । अधिराज्यभरका सम्पूर्ण बालबालिकाहरूलाई कमसेकम साक्षर हुने अवसर प्रदान गर्ने र गरीबीको रेखामुनि रहेका बालबालिकाहरूलाई समेत शिक्षा प्राप्त गर्न न्यूनतम आवश्यकता पूर्ति गर्न र बहुसङ्ख्यक निरक्षर वयस्कहरूलाई कार्यमूलक रूपमा साक्षर हुने अवसर-समेत प्रदान गर्न भरमग्दुर प्रयास गरेको छ । राष्ट्रनायक श्री ५ वीरेन्द्रको शुभराज्याभिषेकको शुभ उपलक्ष्यमा मौसूफ सरकारबाट प्राथमिक शिक्षा निःशुल्क गर्ने घोषणा भयो । मौसूफ सरकारबाट हुकुम बक्से अनुसार २०३५ सालमा अन्तरराष्ट्रिय बालवर्षदेखि निःशुल्क प्राथमिक पाठ्यपुस्तकहरू प्रदान गर्ने व्यवस्था भयो । अधिराज्यको सम्पूर्ण प्राथमिक विद्यालयका शिक्षकहरूको तलबको शतप्रतिशत खर्च र मसलन्द खर्च दिने व्यवस्था भयो । यी प्रयासहरू पनि शैक्षिक प्रजातन्त्रीकरणतर्फ उन्मुख छन् ।

रा. शि. प. यो. लागू भएपछिका शैक्षिक तथ्याङ्क

१. नेपालमा २०२७ सालमा ७,२५६ प्राथमिक विद्यालयहरू, १०५६ माध्यमिक विद्यालयहरू र ४९ उच्च शिक्षाका शिक्षण संस्थाहरू थिए भने २०३६ सालसम्ममा ९,८८६ प्राथमिक विद्यालयहरू, ३०६१ निम्न माध्यमिक विद्यालयहरू, ६४४ माध्यमिक विद्यालयहरू र ५९ उच्च शिक्षालयहरू स्थापित भए ।

२. प्राथमिक तहमा पढ्ने विद्यार्थीहरूको सङ्ख्या २०२९ सालमा २,४२,६११ बाट बढेर २०३६ सम्ममा १०,११,०६६४ पुगेको छ । २०२९ सालमा ६ देखि ८ वर्षका बालबालिकाको प्राथमिक भर्ना प्रतिशत ३०.१ प्रतिशत रहेकोमा २०३६ मा वृद्धि भई ८७ प्रतिशत पुग्यो ।

३. निम्न माध्यमिक तहमा ३,४२,९२९ र माध्यमिक तहमा १,०६,१०९ विद्यार्थी सङ्ख्या पुग्यो ।

४. २०२९ सालमा साक्षरता प्रतिशत १३.९ थियो भने २०३६ सालमा उक्त प्रतिशत २२ पुग्यो ।

माथि उल्लेख गरिएका तथ्याङ्कहरूबाट रा. शि. प. यो. लागू भएपछि शिक्षा क्षेत्रमा भएको प्रगतिको झलक प्राप्त हुन्छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन भएपछि शैक्षिक सुविधाको देशव्यापी स्तरमा वितरण, साक्षरताको दर, स्कूल जाने बालबालिकाको सङ्ख्यामा अत्याधिक वृद्धि हुनका साथसाथै प्राविधिक र व्यावसायिक शिक्षाप्रति जागरूकता आएको छ । आधारभूत तहको जनशक्तिको उत्पादनका लागि चालू छैटौं पञ्चवर्षीय योजना अवधिभित्र अधिराज्यभर १४ प्राविधिक शिक्षालयहरू स्थापना गरिने भएको छ । प्राविधिक शिक्षालयहरूमा विशेष गरी सीपको

तालिममा जोड दिएको छ । ९० प्रतिशत सीपसम्बन्धी विषय र २० प्रतिशत मात्र साधारण विषयमा अध्ययन भार राखिएको छ । शिक्षालाई जीवनमुखी बनाई आर्थिक रूपले उत्पादनशील बनाउनु, स्थानीय स्रोत, साधन र सीपको परिचालन गर्न सक्ने प्राविधिक ज्ञान दिनु शहरी तथा ग्रामीणक्षेत्रमा सन्तुलित विकास आयोजनका लागि आवश्यक निम्नस्तरको जनशक्ति तयार पार्नु र साधारण स्कूलमा पढ्न नसक्ने वा आर्थिक तथा विभिन्न कारणले स्कूलको पढाइ बीचमा छोड्न बाध्य भएका विद्यार्थीहरूलाई मौका प्रदान गर्नु प्राविधिक शिक्षालयहरूको उद्देश्य रहेको छ । कुनै पनि गतिशील धारणालाई अँगालेको योजना कार्यान्वयन गर्दा नयाँ समस्याहरू देखापर्नु अस्वाभाविक होइन । योजनामा आइपर्ने कठिनाइहरूलाई अरू उल्झन बढ्न दिनुको सट्टा समयमा निराकरण गर्नेतर्फ योजनाविद्हरूले समय-समयमा ध्यान दिएका छन् । राष्ट्रिय शिक्षा पद्धतिको योजनाको कार्यान्वयनमा देखा परेका समस्याहरूको मूल्याङ्कनका लागि मध्यावधि र पूर्णावधि मूल्याङ्कन गरिएका छन् । योजना लागू हुँदाको ५ वर्षको कार्यविधिको मूल्याङ्कन २०३३ सालमा प्रकाशित गरी मध्यावधि मूल्याङ्कनले योजनाको कार्यान्वयन तहमा गर्नुपर्ने सुधारहरूद्वारे सिफारिशहरू प्रस्तुत गरयो । यसै गरी राष्ट्रिय शिक्षा पद्धतिको योजनाको पूर्वावधि मूल्याङ्कन टोली (२०३७) ले शिक्षामा भएको प्रगतिको मूल्याङ्कन गरी शिक्षाक्षेत्रमा भइरहेको समस्याहरूलाई औंल्याउँदै तिनको समाधानका लागि आवश्यक सामयिक सुधारहरूका सिफारिशहरू गरेको छ । वर्तमान शिक्षाप्रणालीलाई राष्ट्रिय आवश्यकता अनुकूल, समय सापेक्ष, उद्देश्यमूलक बनाउन र गतिशील रूप दिनमा यी सुधार-हरूको महत्त्वपूर्ण भूमिका हुनेबारे सन्देह रहन्न ।

(घ) पाठ्यक्रम कार्यान्वयन योजना २०३८

देशमा एकपटक निर्माण भएको पाठ्यक्रम सधैंका निमित्त उपयुक्त हुन्छ भनेर भन्न सकिँदैन । यसको परिवर्तन सँगसँगै राष्ट्रिय आकाङ्क्षा र मान्यताहरूमा पनि स्वभावतः परिवर्तन आउँछन् र समय अनुसार शिक्षाप्रगतिको मानवीय धारणा तथा आकाङ्क्षा पनि फरक हुँदै जान्छन् । यसरी नै समय अनुसार शिक्षाको कार्य पनि बदलिँदै जान्छ । शिक्षालाई युगानुकूल राष्ट्रिय आवश्यकता अनुकूल तथा सजीव बनाउनका लागि पाठ्यक्रम मूल्याङ्कन र सुधार भैरहनुपर्दछ । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को मध्यावधि (२०३३) र पूर्णावधि (२०३७) मूल्याङ्कन भइसकेपछि योजनाका आधारभूत कुराहरूलाई यथावत् राखी विभिन्न पक्षमा केही परिवर्तन तथा संशोधन गरिएका छन् । यसै सिलसिलामा पाठ्यक्रम कार्यान्वयन योजना २०३८ प्रकाशमा आएको छ ।

पाठ्यक्रम कार्यान्वयन योजना २०३८ विद्यालयस्तरको पाठ्यक्रममा उद्बोधन गरिएका केही परिवर्तनहरू र तिनीहरूको कार्यान्वयनका निमित्त एक योजना हो । योजनाले विद्यालय

स्तरको तहगत संरचना वा सङ्गठनमा आएको परिवर्तन मुताबिक पाठ्यक्रममा हेरफेर गरेको छ र उक्त परिवर्तित पाठ्यक्रम २०३८ को शैक्षिक सत्रदेखि प्रथम, दोस्रो र तेस्रो चरण गरी २०४० को शैक्षिक सत्रसम्मका कक्षा ४ देखि १० सम्म लागू गरिने कुरा प्रकाशमा आएको छ । यस अनुसार पहिलो चरण २०३८ मा कक्षा ४, ६ र ८ मा, दोस्रो चरण २०३९ मा कक्षा ५, ७ र ९ मा, तेस्रो चरण २०४० मा कक्षा १० मा पाठ्यक्रम लागू गर्दै जाने कार्यक्रम रहेको थियो । पाठ्यक्रम कार्यान्वयन योजनाले उल्लेख गरे अनुसार प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको रूपरेखा तल प्रस्तुत गरिएको छ ।

प्राथमिक तहको पाठ्यक्रम

श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय पञ्चायतको एकतीसौं अधिवेशन २०३७ लाई सम्बोधन गरी बक्सँदा प्राथमिक शिक्षालाई १ देखि ३ बाट १ देखि ५ सम्मको प्राथमिक शिक्षा तर्जुमा गर्न घोषणा भएको थियो । रा. शि. प. यो. ले प्राथमिक शिक्षाको पुरानो संरचना १-५ को सट्टा १-३ कायम गरेको थियो । अहिले आएर प्राथमिक शिक्षाको उक्त संरचनालाई परिवर्तन गरी १-५ कायम गर्ने निर्णय भएको छ । १ देखि ३ कक्षासम्मको प्राथमिक शिक्षा बालबालिकाहरूलाई साक्षर तुल्याउनका लागि पर्याप्त भए तापनि आधारभूत शिक्षाका निमित्त अपर्याप्त नै रहेको थियो । देशबाट निरक्षरता उन्मूलन गर्ने क्रममा प्राथमिक तहलाई १-३ कायम गर्नु युक्तिसङ्गत मात्र सकिए तापनि अन्य उद्देश्यका निमित्त यो संरचना त्यति सुहाउँदो थिएन । प्राथमिक शिक्षा उत्तीर्ण गरी निम्न माध्यमिक र माध्यमिक तहमा या उच्च शिक्षामा प्रवेश गर्नेहरूका लागि ३ वर्षे प्राथमिक शिक्षाले केही फरक नपारे तापनि प्राथमिक शिक्षा लिए-पछि पढाइ छोड्नेहरूका निमित्त भने ३ वर्षे प्राथमिक शिक्षा युक्तिसङ्गत थिएन । प्राथमिक शिक्षा लिनेहरूका लागि यो स्वयम्मा पूर्ण रहनुपर्दछ । यिनै कारणहरूले गर्दा ५ वर्षे प्राथमिक शिक्षाको प्रचलन हुनु उपयुक्त मात्र सकिन्छ ।

प्राथमिक शिक्षाको उद्देश्य शिक्षालाई बालकेन्द्रित गरी बालबालिकामा अन्तर्निहित क्षमताको विकास गर्ने, दैनिक व्यवहारमा आइपर्ने साधारण लेखाइ पढाइ र हिसाबसम्बन्धी सीपको विकास गर्ने, जीवनोपयोगी मूल्य, मान्यता र आस्थाहरूको संवद्धन गरी इमानदारिता, स्वावलम्बन र श्रमशीलजस्ता गुणहरू र नागरिक, वैज्ञानिक तथा वातावरणीय चेतनाको विकास गर्ने रहेको छ ।

प्राथमिक तहमा शैक्षिक सत्र २०४९।५० देखि कक्षा १ मा नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक लागू गरिएको छ । प्राथमिक तहको संशोधित पाठ्यक्रम क्रमशः लागू गर्दै जाने क्रममा कक्षा १ देखि ५ सम्मको पाठ्यक्रमको पाठ्यभार र अङ्क विभाजन निम्नानुसार गरिएको छ ।

कक्षा १ देखि ५ सम्म पढाइने विषय, पाठ्यभार र अङ्क विभाजन

विषयहरू	कक्षा– १		कक्षा– २		कक्षा– ३		कक्षा– ४		कक्षा– ५	
	पाठ्यभार	पूर्णाङ्क	पाठ्यभार	पूर्णाङ्क	पाठ्यभार	पूर्णाङ्क	पाठ्यभार	पूर्णाङ्क	पाठ्यभार	पूर्णाङ्क
१. नेपाली भाषा	१०	१५०	१०	१५०	१०	१५०	८	१००	८	१००
२. गणित	८	१५०	८	१५०	८	१५०	६	१००	६	१००
३. अङ्ग्रेजी	—	—	—	—	—	—	५	१००	५	१७०
४. सामाजिक थता वातावरण शिक्षा (स्वास्थ्य शिक्षा समेत)	६	१००	६	१००	६	१००	—	—	—	—
५. शारीरिक शिक्षा	४	५०	४	५०	४	५०	३	५०	३	५०
६. सिर्जनात्मक तथा अभिव्यक्तिशील कला	३	५०	३	५०	३	५०	३	५०	३	५०
७. वातावरणीय विज्ञान तथा स्वास्थ्य शिक्षा	—	—	—	—	—	—	६	१००	६	१००
८. सामाजिक शिक्षा	—	—	—	—	—	—	५	१००	५	१००
९. इच्छाधीन (भाषा । अन्य)	३	१००	३	१००	३	१००	३	१००	३	१००
	३४	६००	३४	६००	३४	६००	३९	७००	३९	७००

माथिल्ला तालिकामा उल्लेभए अनुसार कक्षा १, २ र ३ मा ६ विषयहरूको पठनपाठन हुनेछ । जसको पाठ्यभार ३४ र पूर्णाङ्क ६०० कायम गरिएको छ । त्यस्तै ४५ मा ८ विषयको अध्ययन अध्यापन हुनेछ । जसको पाठ्यभार ३९ तथा पूर्णाङ्क ७०० हुनेछ ।

२. निम्न माध्यमिक तहको पाठ्यक्रम

निम्न माध्यमिक तहमा कक्षा ६ र ७ पर्दछन् । यस तहमा अनुशासनको विकास गराई देश तथा राजभक्ति, ईश्वरभक्तिजस्ता चारित्रिक गुणको निर्माणमा जोड दिने लक्ष्य रहेको छ ।

यहाँ निम्न माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको रूपरेखा प्रस्तुत छ ।

विषय	पाठ्यभार	पूर्णाङ्क
१. नेपाली	६	१२०
२. संस्कृत	२	३०
३. अङ्ग्रेजी	६	१००
४. गणित	६	१००
५. सामाजिक शिक्षा	६	१००
६. शारीरिक शिक्षा	२	५०
७. विज्ञान तथा स्वास्थ्य	५+१	१००(८०+२०)
८. नैतिक शिक्षा	२	५०
९. पूर्व व्यावसायिक शिक्षा वा संस्कृत	१	५०
जम्मा:–	३९	७००

निम्न माध्यमिक तहमा जम्मा ९ विषयहरू अध्ययन, अध्यापन हुने व्यवस्था गरिएको छ, जसको पाठ्यभार ३९ र पूर्णाङ्क ७०० कायम गरिएको छ । विज्ञानमा स्वास्थ्य सम्मिलित भएकोले पाठ्यभार ५ र स्वास्थ्यलाई १ आधार मानी पूर्णाङ्क क्रमशः ८० र २० कायम गरिएको छ । संस्कृत विद्यालयहरूका लागि पूर्व व्यावसायिक शिक्षाको सट्टा ५० अङ्कको संस्कृत विषय अध्ययन र अध्यापन गरिने व्यवस्था भएको छ ।

निम्न माध्यमिक तहको पाठ्यक्रममा समावेश गरिएका विषयहरूको आ-आफ्नै विशिष्टता छ । नेपाली, अङ्ग्रेजी र संस्कृत विषयहरूबाट बालबालिकाहरूमा भाषागत दक्षता अभिवृद्धि गर्ने लक्ष्य रहेको छ भने सामाजिक शिक्षा, नैतिक शिक्षाजस्ता विषयबाट उनीहरूमा अनुशासनको भावना, नैतिकताको भावना, देशभक्ति, राजभक्ति, विश्वबन्धुत्वको भावना, आज्ञाकारिता जस्ता सद्गुणहरूको विकास गर्ने लक्ष्य रहेको छ । यस्तै प्रकारले गणितबाट जीवनमा आइपर्ने गणितीय समस्याहरू समाधान गर्न सक्षम तुल्याउने र विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा विषयबाट

वैज्ञानिक ढङ्गले सोच्ने प्रवृत्तिको विकास, स्वास्थ्यप्रतिको उचित दृष्टिकोण र शारीरिक विकास गर्ने लक्ष्य रहेको छ। यसका साथसाथै पूर्व व्यावसायिक शिक्षाबाट बालबालिकाहरूमा व्यवसायप्रति अभिरुचि, श्रमप्रति आदरभाव र व्यवसायसम्बन्धी प्रारम्भिक सीप विकास गर्ने लक्ष्य रहेको छ।

३. माध्यमिक तहको पाठ्यक्रम

कक्षा ८ देखि १० सम्मको शिक्षा माध्यमिक तह अन्तर्गत पर्दछ। यस तहको उद्देश्य श्रमप्रति श्रद्धाभाव जगाई उत्पादनशील र उपयोगी नागरिक तयार गर्नु रहेको छ।

वर्तमान परिवर्तनमा माध्यमिक तहमा पूर्णाङ्क ७०० र पाठ्यभार ३९ निर्दिष्ट गरिएको छ। यसरी विद्यालयको पाठ्यक्रममा पाठ्यभारमा निर्धारित गरी देखाएको भए तापनि विद्यालयले आफ्नो आवश्यकता अनुकूल पाठ्यभारमा यथघट गर्न सक्नेछन्। साधारण माध्यमिक विद्यालयका निमित्त निर्धारित पाठ्यक्रमको रूपरेखा यसप्रकार छः–

साधारण माध्यमिक विद्यालय

क्रम सं.	विषयहरू	कक्षा ८		कक्षा ९		कक्षा १०	
		पाठ्यभार	पूर्णाङ्क	पाठ्यभार	पूर्णाङ्क	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	६	१००	६	१००	६	१००
२.	अङ्ग्रेजी	७	१००	७	१००	७	१००
३.	गणित	६	१००	६	१००	६	१००
४.	व्यावसायिक	५	१००	५	१००	५	१००
५.	विज्ञान	–	–	५	१००	५	१००
६.	इतिहास	६	७५	–	–	–	–
७.	भूगोल	४	७५	–	–	–	–
८.	नागरिक जीवन	२	५०	–	–	–	–
९.	विज्ञान तथा स्वास्थ्य	५।१	२०।८०	–	–	–	–
	ऐच्छिक समूह	–	–	–	–	–	–
१०.	प्रथम पत्र	–	–	५	१००	५	१००
११.	द्वितीय पत्र	–	–	५	१००	५	१००
	कुल	३९	७००	३९	७००	३९	७००

संस्कृत विद्यालयहरूका निमित्त निर्धारित पाठ्यक्रमको रूपरेखा तलको तालिकाले देखाउँछ ।

संस्कृत माध्यमिक विद्यालय

क्र सं.	विषयहरू	कक्षा ८		कक्षा ९		कक्षा १०	
		पाठ्यभार	पूर्णाङ्क	पाठ्यभार	पूर्णाङ्क	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	६	१००	६	१००	६	१००
२.	अङ्ग्रेजी	७	१००	७	१००	७	१००
३.	गणित	६	१००	६	१००	६	१००
४.	व्यावसायिक	५	१००	५	१००	५	१००
५.	विज्ञान	५	१००	५	१००	५	१००
	ऐच्छिक समूह	—	—	—	—	—	—
६.	प्रथम पत्र	५	१००	५	१००	५	१००
७.	द्वितीय पत्र	५	१००	५	१००	५	१००
		३९	७००	३९	७००	३९	७००

संस्कृत मा. वि. का विद्यार्थीले ऐच्छिक समूहमा व्यावसायिक विषयको रूपमा कर्मकाण्ड र ऐच्छिक विषयको रूपमा संस्कृत समूहबाटै दुई पत्र लिनुपर्नेछ । यसरी विषय छान्दा संस्कृत समूहबाट (क) संस्कृत भाषा सबैले पढ्नु पर्नेछ र (ख) मा उल्लेख भएका मध्ये कुनै एक विषय लिनुपर्नेछ । त्यस्तै अन्धा विद्यार्थीहरूका लागि व्यावसायिक विषयको रूपमा "बेत बाँस" मात्र लिन सकिनेछ ।

नेपाली, अङ्ग्रेजी, विज्ञान, गणित र व्यावसायिक शिक्षा अनिवार्य विषयहरूका रूपमा राखिएका छन्, तर साधारण माध्यमिक विद्यालयहरू तर्फको कक्षा ८ मा इतिहास, भूगोल, नागरिक जीवन, विज्ञान र स्वास्थ्य शिक्षाजस्ता विषयहरू पनि अनिवार्य विषयकै रूपमा समावेश गरिएका छन् । नेपाली, अङ्ग्रेजी, गणित, व्यावसायिक शिक्षाजस्ता विषयहरू आधारभूत विषय भएकोले यी विषय अनिवार्य विषयका रूपमा समावेश गरिएका हुन् । यसका साथै इतिहास, भूगोल, नागरिक जीवन र विज्ञान तथा स्वास्थ्य शिक्षा पनि आधारभूत विषय भएकोले कक्षा ८ सम्म यी विषयहरूलाई अनिवार्य गरिएको छ । सबै विषयहरू सबै

कक्षामा अनिवार्य गरिंदा तत्सम्बन्धी ज्ञान दोहोरिन जाने र विद्यार्थीहरूमा अनावश्यक बोझ पर्ने हुनाले यी विषयहरूलाई कक्षा ९ र १० मा अनिवार्य गरिएको छैन ।

२०४८ सालको शैक्षिक सत्रदेखि कक्षा ९ मा विज्ञान विषय अनिवार्य भएपछि पांच विषय अनिवार्य हुने र अरू २०० अङ्कको दुई विषय ऐच्छिक प्रथम र ऐच्छिक द्वितीयको रूपमा हुनेछ । यसरी ऐच्छिक विषयहरू छान्दा कुनै एक ऐच्छिक समूहबाट दुई विषय वा कुनै दुई भिन्दाभिन्दै समूहबाट एक-एक गरी दुई विषयहरू १०० अङ्कको ऐच्छिक द्वितीय गरी जम्मा २०० अङ्कको ऐच्छिक विषयहरू लिनुपर्ने हुन्छ ।

तर एक ऐच्छिक विषय गणित तथा तथ्याङ्क लिने विद्यार्थीले अर्को ऐच्छिक विषय वाणिज्य अङ्कगणित लिन नपाउने गरिएको छ ।

यस अनुसार २०५० सालको नियमित समूहको एस. एल. सी. परीक्षा दिने विद्यार्थीहरूले निम्न बमोजिमको पढाइ गर्नुपर्नेछ ।

१. अङ्ग्रेजी
२. नेपाली
३. गणित
४ स्या. विषय मध्येबाट कुनै एक
५. विज्ञान
६. ऐच्छिक प्रथम
७. ऐच्छिक द्वितीय

२.१ विज्ञान समूह

(क) कम्प्यूटर विज्ञान (ख) गणित तथा तथ्याङ्क ।

२.२ भाषा समूह

(क) आधुनिक भाषाः– नेपाली, अङ्ग्रेजी, फ्रेन्च, रसियन, स्पानिस, चिनियाँ, जापानी, हिन्दी, बङ्गाली र उर्दु ।

(ख) प्राचीन भाषाः– संकृस्त, ग्रीक, ल्याटिन, अरेबिक, पर्सियन र हिब्रु ।

(ग) स्थानीय भाषाः– नेवारी, मैथली, तिब्बती ।

२.३. सामाजिक शिक्षा समूह ।

(क) इतिहास (ख) भूगोल (ग) नागरिक शास्त्र (घ) अर्थशास्त्र ।

२.४ वाणिज्य समूह

(क) ग्रामीण अर्थशास्त्र (ख) वाणिज्य अङ्कगणित

(ग) लेखापरीक्षण (घ) टाइपिङ्ग ।

२.५ संस्कृत समूह (कुनै २ विषय मात्र)

(क) संस्कृत भाषा (घ) संस्कृत शास्त्र (कुनै एक) ।

१. न्याय २. व्याकरण ३. ज्योतिष ४. साहित्य ५. वेद ।

२.६ गृह विज्ञान समूह

(क) खाद्य विज्ञान (ख) वस्त्र सिलाइ बुनाइ (ग) शिशु स्याहार तथा जनसङ्ख्या शिक्षा

२.७ विविध समूह

(क) सङ्गीत (ख) नृत्य (ग) चित्रकला (घ) शारीरिक शिक्षा (ङ) स्वास्थ्य शिक्षा (च) मूर्तिकला।

यस पाठ्यक्रमको मूल विशेषता के छ भने यसले हरेक विद्यालयलाई विद्यार्थी तथा स्थानीय समुदायको रुचि र आवश्यकता एवं विद्यालयको भौतिक तथा मानवीय स्रोतको उपलब्धताको आधारमा विषयहरूको चयन गरी पठनपाठनमा ल्याउन पाउने मौका प्रदान गरेको छ । यसका साथै यस योजनाले विद्यालयको प्राविधिक क्षमता हेरी विषय छनौट गर्ने मौका विद्यालयहरूलाई प्रदान गरेको छ। यसका साथै यस योजनाले विद्यालयले प्राविधिक समस्याको भार विद्यार्थीमा नपरोस् भनी विषयको विविधतामा जोड दिइएको छ। यस अघिको माध्यमिक तहको पाठ्यक्रममा अनिवार्य ऐच्छिक र थप ऐच्छिक गरी विषयहरूलाई विभाजित गरिएको थिएन । माध्यमिक तहका विद्यार्थीहरू तीन प्रकारका थिए– साधारण, व्यावसायिक र संस्कृत । साधारण माध्यमिक विद्यालयमा व्यावसायिक विषयहरूमा कम व्यावसायिक माध्यमिक विद्यालयमा व्यावसायिक विषयहरूमा बढ्ता र संस्कृत विद्यालयमा विदेशी भाषामा कम र संस्कृत भाषामा बढ्ता जोड दिइएको थियो, तर अब माध्यमिक विद्यालयहरू साधारण र संस्कृत गरी जम्मा २ प्रकारका मात्र कायम गरिएका छन् ।

अन्तमा यस खण्डमा नेपालको शैक्षिक इतिहासको संक्षिप्त झलक प्रस्तुत गरिएको छ । प्रजातन्त्रको अभ्युदय हुनुअघि राणाकाल र त्यसभन्दा पहिलेको शिक्षाको स्वरूप, प्रजातन्त्रको आगमन भएपछि रा.शि.प.यो. लागू हुनु अघिको देशमा विद्यमान शिक्षाको अवस्था, रा.शि.प.यो. लागू भैसकेपछि शिक्षाको क्षेत्रमा उद्बोधन गरिएका परिवर्तन र योजनाका उपलब्धिहरू र योजनाको मध्यावधि र पुर्णावधि मूल्याङ्कन भैसकेपछि प्रकाशित पाठ्यक्रम कार्यान्वयन योजना २०२८ को संक्षिप्त परिचय यस खण्डमा प्रस्तुत गरिएका छन्। यसबाट यो कुरा बोध हुन्छ कि शिक्षा विकास अनायास हुने कुरा होइन । यसका निमित्त अनवरत सङ्घर्ष, साधना र साधनको आवश्यकता पर्दछ र देशको राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा अर्थात् समस्त राष्ट्रिय जीवनमा नै परिवर्तन आउनु सँगसँगै शिक्षामा पनि स्वभावतः सुधार र परिवर्तन अपेक्षित तथा अपरिहार्य हुन्छ । यसो भएमा मात्र शिक्षा पद्धति व्यक्तिको व्यक्तिगत विकास र राष्ट्रको राष्ट्रिय विकासमा यथोचित योगदान पुरयाउन सक्षम तथा समर्थ हुन्छ ।

अभ्यास

१. राणाकालको उदय हुनुअघि नेपालमा कुन किसिमको शिक्षा परिपाटी चलिआएको थियो ? बयान गर्नुहोस् ।

२. शिक्षाप्रति कठोर दमनका विपरीत पनि राणाकालमा शिक्षा विकासका लागि उल्लेखनीय के-के कार्यहरू भए ? उल्लेख गर्नुहोस् ।

३. प्रजातन्त्रको अभ्युदय भएपछि २०२९ सालसम्मको अवधिमा शिक्षा विकासका लागि गरिएका प्रयासहरू के-के हुन् ? बयान गर्नुहोस् ।

४. राष्ट्रिय शिक्षा पद्धतिको योजनाको आगमन पूर्व नेपालमा प्रचलित शिक्षा पद्धतिमा देखा परेको शैक्षिक विकृति तथा समस्याहरू के-के हुन् ? उल्लेख गर्नुहोस् ।

६. राष्ट्रिय शिक्षा योजनाले प्रस्तुत गरेबमोजिम विद्यालयस्तरीय शिक्षाको सङ्गठन स्पष्ट गरी लेख्नुहोस् ।

७. राष्ट्रिय शिक्षा पद्धति योजनाका मूलभूत विशेषता वर्णन गर्नुहोस् ।

८. पाठ्यक्रम कार्यान्वयन योजना २०३८ का विशेषता बयान गर्नुहोस् ।

खण्ड २

प्राथमिक विद्यालय प्रकाशन

प्राथमिक शिक्षा राष्ट्रिय शिक्षा पद्धतिको आधार अर्थात् जग हो । प्राथमिक तह शिक्षाको आधार भएकोले यसको ठूलो महत्त्व छ । प्राथमिक शिक्षालाई जग वा आधारको रूपमा विकसित गराउनका निमित्त धेरै कुराहरूको आवश्यकता पर्दछ । तीमध्ये प्राथमिक विद्यालय प्रशासन पनि एक महत्त्वपूर्ण कुरा हो । प्राथमिक शिक्षालाई सुदृढ र आधारभूत शिक्षाको रूपमा विकसित गर्न त्यसबाटै मात्र सकिन्छ, जब प्राथमिक विद्यालयमा उपयुक्त प्रशासनिक यन्त्र स्थापित गरिन्छ । प्राथमिक विद्यालय निम्न माध्यमिक, माध्यमिक वा विश्वविद्यालयजस्ता शिक्षण स्थानहरूभन्दा सानो हुन्छ । प्राथमिक विद्यालयमा साना उमेरका विद्यार्थीहरू छन् । थोरै विद्यार्थी, थोरै शिक्षक र थोरै भौतिक सुविधा हुन्छ । यसो हुन्छ भन्दैमा प्राथमिक विद्यालयको व्यवस्थापक र प्रशासकीय पक्षजस्तो महत्त्वपूर्ण कुरालाई उपेक्षा गर्न मिल्दैन । प्रशासन भन्ने कुरा जतिसुकै सानो सङ्गठनका निमित्त पनि आवश्यक हुन्छ । प्राथमिक विद्यालयको प्रशासनमा प्रमुख दायित्व प्रधानाध्यापकको रहन्छ । प्रधानाध्यापक नै विद्यालयको प्रमुख प्रशासक हुन् । विद्यालयको दैनिक रेखदेख, निरीक्षण, नियन्त्रण तथा समन्वय कायम गर्ने कार्य प्रधान अध्यापकबाट हुन्छ । यस अलावा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले प्राथमिक विद्यालयको प्रशासनका लागि अन्य अङ्गहरूको पनि व्यवस्था गरेको छ । यहाँ प्राथमिक विद्यालय प्रशासनमा संलग्न निम्न लिखित दुई अङ्गहरूको परिचय प्रस्तुत गरिन्छ ।

(क) जिल्ला शिक्षा समिति

(ख) विद्यालय व्यवस्थापन समिति

(क) जिल्ला शिक्षा समितिको गठन, कार्य, कर्तव्य र अधिकार

जिल्ला शिक्षा समिति जिल्ला स्तरीय शिक्षा प्रशासनको एक महत्त्वपूर्ण अङ्ग हो । शिक्षा नियमावली २०२८ अनुसार अधिराज्यका सबै जिल्लाहरूमा जिल्ला शिक्षा समितिको गठन हुने व्यवस्था गरिएको छ । शिक्षा नियमावली २०४९ अनुसार जिल्ला शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार निम्न बमोजिम गरिएको छ ।

गठन

जिल्ला शिक्षा समितिमा जम्मा १ जना सदस्य हुन्छन् । यस अन्तरगत मनोनीत सदस्य ७ र पदेन सदस्य ४ हुन्छन् । यस समितिका विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिहरूको प्रतिनिधित्व हुन्छ । सरकारी सेवामा रहेका व्यक्तिहरूदेखि लिएर शिक्षा क्षेत्रमा उल्लेखनीय सेवा गर्ने समाजसेवी, प्रधानाध्यापक, शिक्षक आदि सबैको यस समितिमा प्रतिनिधित्व रहन्छ । जिल्लास्तरीय

शिक्षा विकासका निमित्त सजग र सक्रिय एकातिर जिल्लाको शिक्षा विकासमा संलग्न सबै व्यक्ति तथा समूहको स्वार्थको समान रूपमा सुरक्षा हुनसक्ने सम्भावना रहेको छ भने अर्कोतिर जिल्लाको शिक्षा विकासका निमित्त सबै क्षेत्र तथा समूहका व्यक्तिहरूलाई संलग्न गराउन आवश्यक सहयोग उपलब्ध गर्न सकिने सम्भावना पनि रहेको छ ।

जिल्ला शिक्षा समितिको गठन

१. जिल्ला शिक्षा समितिमा देहायका पदाधिकारीहरू रहनेछन्:–

(क) जिल्ला विकास समितिका सभापति —अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी —उपाध्यक्ष

(ग) स्थानीय विकास अधिकारी —सदस्य

(घ) जिल्लाका उच्च माध्यमिक विद्यालयका प्रधान अध्यापक, क्याम्पसका प्राध्यापक तथा माध्यमिक विद्यालयका प्रधान अध्यापक वा शिक्षकमध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेका दुई जना —सदस्य

(ङ) जिल्लाका शिक्षाप्रेमी तथा समाजसेवीमध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी जिल्ला शिक्षा अधिकारीको सिफारिसमा क्षेत्रीय शिक्षा निर्देशकले मनोनीत गरेका तीन जना —सदस्य

(च) शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरू मध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेका दुई जना —सदस्य

(छ) जिल्ला शिक्षा अधिकारी —सदस्य-सचिव

जिल्ला शिक्षा समितिको काम, कर्तव्य र अधिकार

(क) शिक्षासम्बन्धी जिल्लास्तरीय योजना पारित गर्ने,

(ख) स्वीकृत योजना अनुरूप जिल्लाको माध्यमिक विद्यालयसम्मको जिल्लाव्यापी शिक्षासम्बन्धी कार्यक्रम बनाउने र त्यसको कार्यान्वयन सम्बन्धी व्यवस्था गराउने,

(ग) जिल्लामा स्वस्थ्य शैक्षिक वातावरण कायम राख्न र शिक्षाको गुणस्तर वृद्धि गर्न विभिन्न शैक्षिक कार्यक्रमहरू विद्यालय व्यवस्थापन समितिबाट कार्यान्वयन गराउने,

(घ) अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्था गर्ने,

(ङ) विद्यालयलाई आर्थिक सहायताका लागि सिफारिश गर्ने,

(च) शिक्षक तथा विद्यार्थी कल्याणका लागि कार्यक्रम बनाउने,

(छ) विद्यालयलाई आर्थिक सहयोग पुऱ्याउन गाउँ विकास समिति तथा नगरपालिका-हरूलाई अभिप्रेरित गर्ने,

(ज) विद्यालयको सम्पत्तिको रक्षा गर्ने र व्यसबाट विद्यालयलाई अधिकतम फाइदा दिलाउने व्यवस्था गर्ने,

(झ) जिल्लामा विभिन्न परीक्षाहरू मर्यादित र स्वच्छ वातावरणमा सञ्चालन गर्न सहयोग गर्ने,

(ञ) जिल्लाको शैक्षिक विकासका लागि स्रोत जुटाउन व्यवस्था गर्ने,

(ट) शिक्षा विषयमा सेमिनार, सम्मेलन र प्रदर्शनीको आयोजना गर्ने,

(ठ) प्रत्येक प्राथमिक विद्यालयमा कम्तीमा एक जना महिला शिक्षिकाको व्यवस्था गर्ने,

(ड) विद्यालयको विकासका लागि स्वस्थ प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने उद्देश्यले विभिन्न शैक्षिक कार्यक्रम सञ्चालनमा सहयोग गर्ने,

(ढ) लेखापरीक्षणले विद्यालयको लेखापरीक्षण गरी दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने गराउने

(ण) क्षेत्रीय शिक्षा निर्देशकको परामर्श लिई लेखापरीक्षकको पारिश्रमिक निर्धारण गर्ने,

(त) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(थ) प्रत्येक चौमासिक र वार्षिक कामको लक्ष्य र प्रगतिको समीक्षा गर्ने र आफ्नो राय प्रतिक्रिया सहितको प्रगति विवरण क्षेत्रीय शिक्षा निर्देशनालय तथा मन्त्रालयमा पठाउने,

(द) विद्यालयलाई आत्मनिर्भर गराउन प्रयत्नशील रहने,

(ध) विद्यालयलाई दिइने अनुदान रकमभा यपघट गर्न सक्ने,

(न) जिल्ला शिक्षा समितिले सरकारी अनुदानबाहेक आफैंले जुटाएको स्रोतबाट विद्यालयलाई आर्थिक सहायता दिन तथा अन्य आवश्यक कार्य गर्न खर्च गर्ने,

(प) तल्लो तहमा अनुदान प्राप्त गरी सबै आवश्यक सर्तहरू पूरा गरी माथिल्लो तह आफ्नै खर्चमा अनुमति प्राप्त गरी सञ्चालन गरिरहेका सार्वजनिक विद्यालयहरू-लाई आर्थिक सहायता उपलब्ध गराउने तथा स्वीकृति गर्न प्राथमिकता तोकी सिफारिश गर्ने,

(फ) श्री ५ को सरकारको नीति अनुरूप जिल्लाभित्रका सार्वजनिक विद्यालयहरूमा प्राथमिकको हकमा विद्यार्थी सङ्ख्या आधारमा तथा निम्न माध्यमिकको हकमा विद्यार्थी सङ्ख्या र विषयगत आधारमा दरबन्दी निर्धारण गर्ने,

(ब) जिल्लास्तरीय खेलकुद, स्काउट तथा सांस्कृतिक कार्यक्रमको विकासका लागि आर्थिक स्रोत जुटाउने र यस प्रकार जम्मा भएको रकम सोही उद्देश्यका लागि खर्च गर्ने,

(भ) ऐन तथा यस नियमावलीमा जिल्ला शिक्षा समितिले गर्ने भनी तोकिएका अन्य कार्यहरू गर्ने,

(म) मन्त्रालय तथा क्षेत्रीय निर्देशनालयबाट प्राप्त निर्देशनहरू पालन गर्ने गराउने,

(य) मन्त्रालयले तोकेको आधारमा विद्यालयको वर्गीकरण गर्ने ।

शिक्षक छनौट समिति

शिक्षा ऐन पाँचौं संशोधन २०४९ अनुसार शिक्षकहरूको स्थायी नियुक्ति र बढुवाका लागि सिफारिश गर्न शिक्षक छनौट समितिको गठन हुने व्यवस्था गरेको छ । जसमध्ये प्राथमिक तहको शिक्षक छनौटका निमित्त प्रत्येक जिल्लामा जिल्ला शिक्षक छनौट समिति हुनेछ । निम्न माध्यमिक र माध्यमिक तहको शिक्षक छनौटका निमित्त प्रत्येक विकास क्षेत्रमा एक क्षेत्रीय शिक्षक छनौट समिति रहने छ । जिल्ला शिक्षक छनौट समिति र क्षेत्रीय शिक्षक छनौट समिति निम्नानुसार गठन हुनेछन् ।

(क) जिल्ला शिक्षक छनौट समिति

१. जिल्ला शिक्षा अधिकारी – अध्यक्ष

२. शिक्षाविद्हरू मध्येबाट एक जना – सदस्य

३. सरकारी अनुदान प्राप्त माध्यमिक विद्यालयबाट वरिष्ठ शिक्षकहरू मध्येबाट एक जना – सदस्य

४. जि. शि. अ. ले. एक जना अधिकृतलाई सचिवको काम तोक्नेछ ।

(ख) क्षेत्रीय शिक्षक छनौट समिति

१. क्षेत्रीय शिक्षा निर्देशक – अध्यक्ष

२. शिक्षाविद्हरू मध्येबाट एक जना – सदस्य

३. सरकारी अनुदान प्राप्त माध्यमिक विद्यालयको वरिष्ठ अध्यापकहरू मध्येबाट एक जना – सदस्य

४. क्षेत्रीय शिक्षा निर्देशकले एक जना अधिकृतलाई सचिवको काम तोक्नेछ ।

शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार

१. जिल्लाका विद्यालयहरूमा रिक्त रहेका र स्थायी गर्नुपर्ने शिक्षकहरूको विवरण लिने ।

२. शिक्षकको छनौट खुल्ला, लिखित परीक्षा, अन्तरवार्ता र आवश्यक परे प्रयोगात्मक परीक्षा लिने ।

३. योग्य शिक्षक उम्मेदवार छनौट नियुक्तिका लागि जिल्लामा शिक्षा कार्यालयमा सिफारिश गर्ने ।

जिल्ला तथा क्षेत्रभित्रका विभिन्न विद्यालयहरूका लागि योग्य तथा दक्ष शिक्षकहरू उपलब्ध गराउने महत्वपूर्ण कार्य यस समितिलाई दिइएको छ । शिक्षकको नियुक्तिका निम्ति कार्यविधि बनाउने र पाठ्यक्रम तोक्नेजस्ता अधिकार यस समितिलाई दिइएको छ । यस समितिले विद्यालय शिक्षाका निमित्त योग्य तथा दक्ष शिक्षकको छनोट गर्ने काम गर्नुपर्दछ ।

(ख) विद्यालय व्यवस्थापन समितिको गठन, कार्य, कर्तव्य र अधिकार

शिक्षा नियमावली २०४९ अनुसार प्रत्येक विद्यालयको सञ्चालन तथा रेखदेख, नियन्त्रण र व्यवस्थापनसमेत गर्न हरेक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन गरिने कुरा उल्लेख गरेको छ ।

यस अनुसार विद्यालय प्रशासनको महत्वपूर्ण अङ्ग नै विद्यालय व्यवस्थापन समिति हुन आएको छ र विद्यालय सहको प्रशासनको व्यवस्थापन समिति एक प्रकारले अन्तिम प्रशासनिक एकाइ बन्न पुगेको छ । विद्यालय सञ्चालन गर्नका निमित्त चाहिने प्रायः सबै अधिकारहरू व्यवस्थापन समितिलाई सुम्पिएको हुनाले समिति शक्तिशाली बन्न पुगेको छ ।

विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार

विद्यालय व्यवस्थापन समितिको गठन

देहायका विद्यालयको विद्यालय व्यवस्थापन समितिमा देहायका पदाधिकारी रहने छन्:-

(क) प्राथमिक विद्यालयको

१. विद्यालय संस्थापक वा शिक्षाप्रेमी वा अभिभावकहरू मध्येबाट जिल्ला शिक्षाले मनोनीत गरेको व्यक्ति — अध्यक्ष

२. सम्बन्धित वडा सदस्य वा निजले तोकेको वडा समितिको कुनै एक जना — सदस्य

३. अभिभावकहरू मध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको एक जना — सदस्य

४. स्थानीय समाजसेवी शिक्षाप्रेमीहरू मध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको एक जना — सदस्य

५. स्थानीय समाजसेवी शिक्षाप्रेमीहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुई जना — सदस्य

६. प्रधानाध्यापक — सदस्य

— विद्यालय व्यवस्थापन समितिले सदस्यहरू मध्ये तोकिएको व्यक्ति सचिव हुनेछ ।

(ख) निम्न माध्यमिक र माध्यमिक विद्यालयको

१. विद्यालय संस्थापक वा स्थानीय शिक्षाप्रेमी, समाजसेवी वा अभिभावकहरू मध्येबाट जिल्ला शिक्षा समितिबाट मनोनीत गरेको व्यक्ति — अध्यक्ष

२. जिल्ला शिक्षा कार्यालयको प्रतिनिधि एक जना — सदस्य

३. स्थानीय समाजसेवी तथा शिक्षाप्रेमीमध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी जिल्ला अधिकारीले मनोनीत गरेका तीन जना। — सदस्य

४. सम्बन्धित वडा सदस्य वा निजले तोकेका वडा समितिको कुनै एक जना सदस्य — सदस्य

५. अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिबाट मनोनीत एक जना —सदस्य

६. सम्बन्धित विद्यालयका शिक्षकहरू मध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको एक जना — सदस्य

७. सम्बन्धित विद्यालयको प्रधानाध्यापक — सदस्य

– विद्यालय व्यवस्थापन समितिले सदस्यहरू मध्ये तोकिएको व्यक्ति सचिव हुनेछ ।

यसप्रकार विद्यालय व्यवस्थापन समितिमा स्थानीय तहका जनप्रतिनिधि, अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, महिला प्रधानाध्यापक आदि व्यक्तिहरूको प्रतिनिधित्व हुन्छ । खासगरी एउटा समूह वा वर्गका मानिसहरूको मात्र प्रतिनिधित्व गरिनु सामूहिक हितक 'निमित्त लाभदायक नहुने भएकोले व्यवस्थापन समितिको वर्तमान गठन प्रक्रियामा सबै समूह वा वर्गको सन्तुलित प्रतिनिधित्व हुने व्यवस्था भएको छ ।

विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको व्यवस्थापनका निमित्त चाहिने आर्थिक स्रोत जुटाउने

(ग) शिक्षक तथा कर्मचारीहरूलाई तालिम दिन छनौट गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूलाई तालिममा पठाउँदा तालिम लिई फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्ने सर्तको कबुलियतनामा गराउने.

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(च) जिल्ला शिक्षा अधिकारीको पूर्व स्वीकृति लिई निलम्बन र अवकाश दिने बाहेक प्रधानाध्यापक उपर सबै किसिमको विभागीय सजाय र अन्य शिक्षक तथा कर्मचारी उपर प्रधानाध्यापकले गर्ने बाहेक अन्य विभागीय सजाय गर्ने

(छ) विद्यालयमा कर्मचारीहरूको दरबन्दी जिल्ला शिक्षा समितिको स्वीकृति लिई निर्धारण गर्ने तथा स्वीकृत दरबन्दीमा कर्मचारी नियुक्ति गर्ने र त्यस्ता कर्मचारीहरूको नियुक्ति तथा सेवा सर्तहरू जिल्ला शिक्षा समितिको स्वीकृति लिई निर्धारण गर्ने,

(ज) विद्यालयमा रिक्त रहेको शिक्षक पद स्थायी पूर्तिका लागि सो पद रिक्त रहेको मितिले पन्ध्र दिनभित्र जिल्ला शिक्षा कार्यालयमा माग गर्ने,

(झ) श्री ५ को सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षक तथा कर्मचारीहरूलाई तलब भत्ता खुवाउने,

(ञ) विद्यालयका लागि आवश्यक भौतिक साधनहरूको व्यवस्था गर्ने,

(ट) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी जिल्ला शिक्षा कार्यालयमा दिने,

(ठ) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ड) विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ढ) तोकिएको लेखापरीक्षकद्वारा विद्यालयको लेखापरीक्षण गराउने र लेखापरीक्षकलाई सरकारी अनुदान रकम बाहेक विद्यालयको अन्य स्रोतबाट पारिश्रमिक दिने,

(ण) लेखापरीक्षकको प्रतिवेदनमाथि तत्काल आवश्यक कारबाही र जिल्ला शिक्षा कार्यालयमा प्रतिवेदन पेश गर्ने ,

(त) समितिको आफ्नो आयस्रोतले म्याउने गरी विद्यालयका शिक्षकहरूलाई थप आर्थिक सुविधा उपलब्ध गराउन सक्ने,

(थ) जेहेन्दार, गरीब, अपाङ्ग तथा महिला विद्यार्थीलाई विद्यालयको स्रोतबाट छात्रवृत्ति दिने र विद्यार्थी सङ्ख्याको कम्तीमा पाँच प्रतिशत आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई शुल्क माफी दिने व्यवस्था गर्ने,

(द) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरूले समय-समयमा सम्बन्धित विद्यालयको निरीक्षण गरी प्रतिवेदन पेश गर्ने, यसरी पेश हुन आएको प्रतिवेदनमाथि अविलम्ब कारबाही गर्ने,

(ध) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक एवं साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(न) श्री ५ को सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयहरूलाई सरिक गराउने,

(प) विद्यालयको पढाइ तथा अन्य शुल्क निर्धारण गर्दा जिल्ला शिक्षा समितिको स्वीकृति लिने,

(क) जिल्ला शिक्षा कार्यालयबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(ख) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराई राख्ने,

(ग) विद्यालयका शैक्षिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) पुरस्कृत हुन योग्य शिक्षक तथा कर्मचारीहरूको नामावली जिल्ला शिक्षा कार्यालयमा सिफारिश गरी पठाउने,

(ङ) जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले दिएका आदेश तथा निर्देशनहरूको पालन गर्ने ।

२. विद्यालय व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये केही अधिकार सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३. विद्यालय व्यवस्थापन समितिको कार्यालय विद्यालय भवनमा रहनेछ । विद्यालयको कागजपत्र, अभिलेख इत्यादि सुरक्षित राख्नुपर्नेछ र विद्यालय हाताभन्दा बाहिर लान पाइने छैन ।

अभ्यास

१. जिल्ला शिक्षा समितिको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

२. जिल्ला शिक्षा समितिको काम, कर्तव्य र अधिकारको सूचि तयार गर्नुहोस् ।

३. शिक्षक छनौट समितिले कुन-कुन काम गर्दछ ? उल्लेख गर्नुहोस् ।

४. प्राथमिक विद्यालय व्यवस्थापन समितिको गठनविधि उल्लेख गर्नुहोस् ।

५. व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकारहरू के-के छन् ? बयान गर्नुहोस् ।

खण्ड २

सिकाइका नियमहरू

(Law of Learning)

मानिसले जन्मेदेखि नमरुञ्जेलसम्म केही न केही कुरा सिकिरहेको हुन्छ, तर पनि प्रत्येक व्यक्तिले सबै प्रकारका कुराहरू सिक्न सक्दैनन् । कसैले कुरा छिटो सिक्न सक्ने कुनै वंशानुक्रम (Heredity) गुण प्राप्त गरेको हुन्छ भने कसै-कसैले त्यही कुरा सिक्न दर्शौं पटक प्रयास गर्दा पनि सफल हुन सक्दैनन् र क्षमता भएर पनि कसैका लागि त्यो कुरा सिक्नमा उत्प्रेरणा हुँदैन भने कसैका लागि उपयुक्त वातावरण हुँदैन । अर्थात् कुनै कुरो सिक्नलाई कसैलाई थोरै समय लाग्छ त कसैलाई धेरै समय लाग्छ, कसैले एकै प्रयासमा सिक्छ, तर कसैले धेरै प्रयास र अभ्यासपछि मात्र सिक्छ । कसैले रुचि अनुसार सिक्छ भने कसैले करकापले सिक्छ, कसैलाई उपयुक्त वातावरणले साथ दिन्छ र कसैलाई दिँदैन, तर जुनसुकै कुरा सिक्नुपरे पनि मानिसको व्यक्तिगत रूपले शारीरिक विकासका साथसाथै मानिसक, बौद्धिक र सम्वेगात्मक विकासको पनि अति आवश्यकता हुन्छ । अतः सिकाइ र व्यक्तिगत क्षमता तथा विकासमा सामञ्जस्यता हुन्छ ।

मानिसको सिकाइ कसरी हुन्छ र केमा आधारित छ भनेर पत्ता लगाउन धेरै मनोवैज्ञानिकहरूले विभिन्न प्रकारका धेरै प्रयोगहरू (Experiments) गरेर हेरेका छन् । फलस्वरूप सिकाइका सिद्धान्तहरू र नियमहरू पनि धेरै पाइन्छन्, तर यस खण्डमा निम्न ३ प्रकारका सिकाइका नियमहरू दिइएका छन्:–

(क) तयारी (Readiness)
(ख) अभ्यास (Practice)
(ग) असर (Effect)

तयारीको नियम (Law of Readiness)

कुनै कुरा सिक्नका लागि सिक्ने व्यक्ति तयार हुनुपर्छ । यो सिकाइको नियम अनुसार कुनै कुरा सिक्न त्यसबेला मात्र सम्भव हुन्छ, जब व्यक्तिको आन्तरिक तथा बाह्य रूपले निश्चित कुराका लागि निश्चित प्रकारले विकास भएको हुन्छ, तयारी अवस्थामा पुगेको हुन्छ, परिपक्वता हुन्छ । कुनै व्यक्तिमा कुनै कुरा सिक्न आन्तरिक रूपले रुचि भएको हुन्छ, आकाङ्क्षा भएको हुन्छ । तर जबसम्म उसको शारीरिक विकास पनि त्यो कुरा सिक्नलाई आवश्यक अवस्थासम्म पुग्दैन अर्थात् तयारी अवस्थामा हुँदैन, उसले यो कुरा सिक्न सक्दैन । जस्तैः– ८ वर्षभन्दा

मुनिका केटाकेटीहरू अरूले साइकल चढेको देखेर आफू पनि साइकल चढ्न र चलाउन सिक्ने इच्छा गर्छन् । तर उनीहरूको शारीरिक विकास त्यस बेलामा पनि साइलक चलाउन हातखुट्टाले ठीकसँग नियन्त्रण गर्न सक्ने हुँदैनन् र सन्तुलन (Balance) मिलाउन सक्दैनन् र सिक्न सक्ने हुँदैनन् । ३ पाङ्ग्रे साइकल चलाएर हातखुट्टाको नियन्त्रण गर्न सकेपछि २ पाङ्ग्रे साइकलको सन्तुलन मिलाउन उनीहरूको उमेर अनुसार पछिमात्र सक्ने हुन्छन् । यस्तै ४ वर्षभन्दा मुनिका केटाकेटीहरू अक्षर ठीकसँग लेख्न र चिन्न सक्तैनन् । किनभने उनीहरूमा विभिन्न अक्षरहरूमा फरक छुट्टयाउन सक्ने क्षमताको विकास भएको हुँदैन । लेख्दाखेरी कलमको नियन्त्रण गर्न सक्दैनन् । अर्थात् उनीहरूको बौद्धिक तथा शारीरिक विकास अक्षर लेख्ने र चिन्ने तयारी अवस्थामा पुगेको हुँदैन।

विकासका लागि शिक्षार्थीको तयारी एक पूर्वाधार आवश्यक क्षमता हो । यसले आमा, बाबु तथा शिक्षकले केटाकेटीहरूलाई उनीहरूको क्षमताभन्दा बाहिरको कुनै कुरा सिक्न सकेनन् भनेर जबरजस्ती गर्नु, सजाय दिनु इत्यादि उचित होइन । कक्षा १ मा पढ्ने विद्यार्थीको उमेर ४ वर्ष नाघिसकेको हुनुपर्ने कारण पनि विद्यार्थीको तयारीलाई ध्यानमा राखेर नै हो । तयारी नहुँदै सिकाइका लागि जबरजस्ती गर्नाले विद्यार्थीको मानसिक, बौद्धिक र शारीरिक विकासमा अनावश्यक दवाब हुन्छ, जसको कारणले गर्दा उसको भविष्यमा पनि नराम्रो प्रभाव पर्छ । विद्यार्थीको सिकाइ, तयारी र परिपक्वताका आधारमा भयो भने छिटो, छरितो, सफल र प्रभावकारी हुन्छ, शिक्षण सिकाइमा यस नियमको पालन गर्नु आवश्यक छ ।

अभ्यासको नियम (Law Practice)

उत्तेजनाको उपस्थितिमा प्रक्रिया दोहोरयाउनुलाई अभ्यास भन्दछन् अर्थात् कुनै कुरा सिक्नका लागि बारम्बार केही प्रक्रिया दोहोरयाउनुलाई अभ्यास भन्दछन् । यस सिकाइको नियम अनुसार कुनै व्यक्तिले केही कुरा एक पटकको अनुभवमा विश्वस्त रूपले सिक्न सक्दैन, सिकेको कुरा पक्का र स्थायित्व हुँदैन । पक्का र विश्वस्त रूपले सिक्नका लागि सिकेका नयाँ कुरा एक पटकभन्दा बढी दोहोयाउनु आवश्यक छ । कसैलाई केही नयाँ कुरा विश्वस्त रूपले सिक्नका लागि दुई-तीन पटकको अभ्यास चाहिन्छ भने कसैलाई यही कुरा सिक्न धेरै पटक अभ्यासको आवश्यकता हुन्छ । जस्तैः– अङ्ग्रेजी शब्दार्थ सिकाउँदा Pen=कलम भनुको साथसाथै कलम देखाउनुपर्छ । यो प्रक्रियामा एक पटकले मात्र विद्यार्थीले सम्झन सक्दैन । एक पटक शिक्षकले केटाकेटीहरूलाई क, ख, ग, घ, ङ चिनाउँदैमा उनीहरू सबैका लागि चिन्न सक्ने हुँदैनन् । साइकल चढ्दा पहिले हातखुट्टाको नियन्त्रण र सन्तुलन (Balance) राख्न सक्दैमा पछिल्ला प्रत्येक पटक उस्तै प्रकारले नियन्त्रण र सन्तुलन (Balance) राख्न सक्दैनन्,

अर्थात् Pen भनेको कलम हो, स भनेको घस्तो हुन्छ, साइकल चढ्दा नियन्त्रण र सन्तुलन कसरी हुन्छ इत्यादि सिक्नलाई विद्यार्थीलाई अभ्यास गर्नु आवश्यक छ। "Practice makes a man Perfect" भनेजस्तै अभ्यासले मानिसको सिकाइ पक्का बनाइदिन्छ। तर जति-जति मानिस परिपक्व हुँदै जान्छ र उच्चस्तरको सिकाइ गर्दै जान्छ, त्यतिकै अभ्यासको आवश्यकता कम हुँदै जान्छ, अर्थात्, अभ्यास कम सङ्ख्यामा भए पनि पुग्ने हुन्छ।

असरको नियम (Law of Effect)

उत्तेजनाको उपस्थितिमा उत्प्रेरित भएर सिक्नुलाई असरको नियम भन्दछन्। यस नियम अनुसार विद्यार्थीलाई जति प्रभावकारी असर पर्छ, उत्तिकै प्रभावकारी ढङ्गले सिकाइ गर्दछ। प्रसिद्ध मनोवैज्ञानिक थर्नडाइकको भनाइ अनुसार यदि सिकाइको प्रक्रियामा दिइने असर सकारात्मक अर्थात पुरस्कार, प्रोत्साहन, प्रशंसाजस्ता कुराहरू भएमा विद्यार्थी सिक्नका लागि बढो तत्पर र उत्प्रेरित हुन्छ, अनि त्यो प्रक्रिया बारम्बार दोहोरयाउन चाहन्छ, तर नकारात्मक असर अर्थात् दण्ड, हतोत्साह, आरोपजस्ता कुराहरू भएमा विद्यार्थी सिक्नका लागि उत्सुक हुँदैन र प्रक्रिया बारम्बार दोहोरयाउन मान्दैन। अर्को शब्दमा भन्ने हो भने सिकाइ अरू सबलीकरण (Reinforcement) को आधारमा हुन्छ। जस्तैः– शिक्षार्थीहरूलाई कलम, पैसा, बेलुन-जस्ता कुराहरू दिने भनेर कुनै कार्य लगायो र कार्य गरेबापत ती कुराहरू दिइयो भने त्यो कार्य बारम्बार दोहोरयाउन चाहन्छ, किनभने जति पटक यो कार्य दोहोरयायो, त्यति पटक ती कुराहरू उसले प्राप्त गर्दछ। यहाँ असर सकारात्मक भएकाले त्यो कार्य दोहोरयाउन र सिक्नमा शिक्षार्थी उत्प्रेरित भएको पाइन्छ, तर विद्यार्थीलाई कुनै कार्य गर्दा वा गराउँदा गाली "खानु" सजाय पाउनु र नरमाइलो लाग्नुजस्तो असर पर्छ भने त्यो कार्य विद्यार्थीले गर्न मन पराउँदैन र दोहोरयाउन चाहँदैन। फलस्वरूप यस्तो सिकाइ कम सफल र कम प्रभावकारी हुन्छ।

अब यस असरको नियम अनुसार सिकाइको प्रक्रियामा सबलीकरण वा उत्प्रेरक पहिला दिइन्छ र त्यसको आधारमा कार्य गराइन्छ। त्यस सकारात्मक उत्प्रेरकको फलस्वरूप विद्यार्थीको प्रक्रिया पनि सकारात्मक हुन्छ र सिकाइ सफल तथा प्रभावकारी हुन्छ।

अभ्यास

१. सफल शिक्षकको सिकाइको नियममा आधारित भएर शिक्षण गर्नुपर्ने कारणहरू लेख्नुहोस्।
२. "सिकाइ सफल र प्रभावकारी हुन असरको नियममात्र काफी छैन" स्पष्ट गर्नुहोस्।

खण्ड ४

आधारभूत शिक्षण नमुना

(Basic Teaching Model)

शिक्षा युगको माग हो । शिक्षा जीविकाको आधार हो । ज्ञान, सीप र अभिवृत्ति हासिल गर्नका लागि एक सुव्यवस्थित माध्यम आवश्यक छ । यो माध्यम हो– शिक्षण । अनि शिक्षण गर्ने व्यक्तिलाई हामी शिक्षक भन्दछौं ।

शिक्षाको विकास शिक्षक र उसको शिक्षणमा आधारित हुन्छ, तर व्यक्तिगत विभिन्नतालाई अलग्याए पनि शिक्षामा हुनुपर्ने सबै गुणहरू प्रत्येक शिक्षकमा हुँदैनन् । अतः शिक्षणमा पनि विभिन्नता पाइन्छ । एकै विषयवस्तुको शिक्षण गर्दा विभिन्न शिक्षकले विभिन्न विधि अपनाउँछन् भने विभिन्न विषय शिक्षणका लागि बेरै शिक्षण विधिहरू प्रयोगमा आइसकेका छन् र आजको युगमा पनि ती विधिहरू कतिपय व्यावहारिक र प्रयोजनमा छन् भने कतिपय विधिहरू अव्यावहारिक छन् र उपयुक्त छैनन् तापनि प्रचलित केही शिक्षण विधिहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

१. शिक्षक केन्द्रित विधिहरू (Teacher Centered Method)

(क) व्याख्यान विधि (Lecture Method)

(ख) प्रदर्शन विधि (Demunstration Method)

(ग) प्रश्नोत्तर विधि (Ouestion Answer Method)

यी उपर्युक्त विधिहरूमा शिक्षकको कक्षा शिक्षणमा प्रमुख भूमिका हुन्छ र सिकाइको स्रोत शिक्षकमा केन्द्रित रहन्छ ।

२. विद्यार्थी केन्द्रित विधिहरू (Student Centered Method)

(क) प्रयोगात्मक विधि (Experiment Method)

(ख) समस्या समाधान विधि (Problem Soluing Method)

(ग) खोज विधि (Discovery Method)

उपर्युक्त विधिहरूमा कक्षा शिक्षणमा विशेष गरेर शिक्षकभन्दा विद्यार्थीहरू सक्रिय हुन्छन् र शिक्षण विद्यार्थीमा केन्द्रित रहन्छ ।

३. प्रतिक्रिया विधिहरू (Interaction Method)

(क) छलफल विधि (Discussion Method)

(ख) अभिनय विधि (Role Play Method)

(ग) योजना विधि (Project Method)

उपर्युक्त विधिहरूमा शिक्षकको निर्देशनमा रहेर विद्यार्थीहरूले विषयवस्तुको ज्ञान, सीप र प्रवृत्तिको विकास आपसमा मिलेर छलफल गरी कार्य विभाजन गरी सिक्छन् ।

१. शिक्षक केन्द्रित विधिहरू

यी विधिहरूमा शिक्षकले पाठ्यक्रममा तथा पाठ्यपुस्तकको आधारमा कक्षाका विषयवस्तु प्रस्तुत गर्दछ र त्यस विषयवस्तुसित सम्बन्धित सम्पूर्ण व्याख्या र कार्यकलाप शिक्षक आफैंले गर्दछ । विद्यार्थीले यदाकदा एकदुई प्रश्नहरू गर्ने गर्दछन्, शिक्षकलाई सहयोगार्थ एकदुई सानोतिनो कार्यकलाप विद्यार्थीहरूबाट हुन्छ अर्थात् सबै विधिमा शिक्षक ९० प्रतिशतभन्दा बढी क्रियाशील हुन्छ र प्रमुख भूमिका खेल्छ । विद्यार्थीहरू प्रायः चुपचाप व्याख्या सुन्ने, शिक्षकको क्रियाकलाप हेर्ने र हो, होइन उत्तर दिने हुन्छन् । यस विधिबाट थोरै समयमा धेरै विषयवस्तुका शिक्षण गर्न सकिन्छ, तर विद्यार्थीहरूले कत्तिको बुझे र सिके भन्ने कुरा थाहा हुँदैन । यो विधि सैद्धान्तिक शिक्षाका लागि उपयुक्त छ साथै कम खर्चिलो पनि छ ।

(क) व्याख्यान विधि

यस विधिमा शिक्षकले विषयवस्तु प्रस्तुत गर्छ र आवश्यकता अनुसार बयान गर्ने, व्याख्या गर्ने विभिन्न उदाहरणहरू दिने गर्दछ । विद्यार्थीहरू ध्यान दिएर हेर्ने, सुन्ने गर्छन् । यस विधिमा शिक्षकको धेरैजसो काम बोल्ने मात्र भएकाले यो विधिद्वारा शिक्षण गर्ने शिक्षकलाई विषयवस्तुको प्रशस्त ज्ञान हुनु आवश्यक छ र बोली स्पष्ट हुनुपर्छ, बोल्ने क्षमता हुनुपर्छ । बोल्नाखेरि शब्द, वाक्यांश र वाक्यहरू विद्यार्थीहरूको स्तर अनुसार प्रयोग गर्न सक्नुपर्छ ।

विद्यार्थीले ध्यान दिएर सुन्यो वा सुनेन, बुझ्यो वा बुझेन, यस विषयवस्तुसम्बन्धी विद्यार्थीको के-कस्तो प्रतिक्रिया छ, थाहा हुँदैन । छोटो समयमा सबभन्दा बढी विषयवस्तु शिक्षण गर्न सकिने व्याख्यान विधि हो । जस्तैः– इतिहास विषयमा पृथ्वीनारायण शाह, भाषा विषयमा उक्ति, उखान, पद्य, गद्य आदि स्वास्थ्य विषयमा रोगको लक्षण, कारण, रोकथाम आदि बारेमा शिक्षण गर्दा विशेषतः यो व्याख्यान विधि बढी प्रचलनमा आउँछ ।

(ख) प्रदर्शन विधि

शिक्षक केन्द्रित विभिन्न विधिहरू मध्येमा प्रदर्शन विधि एक प्रभावकारी विधि हो । यस विधिद्वारा शिक्षण गर्दा शिक्षकले विषयवस्तुको एक परिचय दिन्छ, केही निर्देशनहरू दिन्छ र आवश्यकता अनुसार अलि व्याख्या पनि गर्छ, तर सबै कुरा प्रदर्शन गर्ने सिलसिलामा हुन्छन् । प्रदर्शन गर्दा विभिन्न शैक्षिक सामग्रीहरू प्रयोगमा आउँछन् । जस्तैः– विज्ञान उपकरणहरू– चुम्बक, टेस्टट्युब, सिलिन्डर आदि । गणितका सामग्रीहरू– स्केल, कम्पास, प्रोट्राक्टर, गणितीय चार्टहरू आदि । भूगोलका सामग्रीहरू– ग्लोब, नक्सा, कम्पास आदि । त्यस्तै भाषाका चार्टहरू

प्रदर्शन विधिद्वारा शिक्षण गर्दा एक त विद्यार्थीहरू त्यस्तै शैक्षिक सामग्री र उपकरणले गर्दा उत्प्रेरित हुन्छन् भने अर्कातिर ध्यान दिएर सुन्नुका साथसाथै हेर्ने पनि हुन्छन् । अनि शिक्षकको व्याख्या, बयान र चर्चा स्पष्ट बुझ्नमा अति सजिलो पर्छ । नबुझेको ठाउँमा उत्सुक भएर अझ एकदुई प्रश्न पनि गर्दछन् । शिक्षकलाई पनि यस विधिद्वारा शिक्षण गर्दा व्याख्याले मात्र बुझाउन, क्रिया-प्रतिक्रिया र प्रक्रियाजस्ता कुराहरू शैक्षिक सामग्री र उपकरणको प्रयोग र प्रदर्शनले सिकाउन सजिलो हुन जान्छ । यसमा विद्यार्थीले के कति सिके र बुझे भन्ने कुरा केही हदसम्म थाहा पाउन सकिन्छ । थोरै समयमा धेरै-धेरै विषयवस्तुको ज्ञान दिलाउन यो विधि प्रभावकारी छ । यो विधि विज्ञान, भूगोल र गणित विषयहरूमा बढी प्रयोग हुन्छ ।

(ग) प्रश्नोत्तर विधि

प्रश्नोत्तर विधि अर्को शिक्षक केन्द्रित विधि हो । यस विधिमा शिक्षकले विषयवस्तु प्रस्तुत गर्छ र एक परिचय दिन्छ, अनि शिक्षक र विद्यार्थीहरू बीच प्रश्नोत्तर हुन्छ । यस प्रश्नोत्तर क्रममा पहिले विद्यार्थीले प्रश्नहरू गर्नु र शिक्षकले उत्तरहरू दिनु, अनि विद्यार्थीहरूका प्रश्नहरू सोध्ने क्रम सकिएपछि शिक्षकले विद्यार्थीहरूलाई प्रश्नहरू सोध्ने गरेमा राम्रो हुन्छ, तर हो वा होइन मात्रमा सीमित हुने खालका प्रश्नहरू प्रभावकारी हुँदैनन् । अतः प्रश्नहरू विशेष गरेर किन, कसरी, कहिलेजस्ता खालका सोध्ने गरेमा राम्रो हुन्छ । जस्तैः– सूर्यलाई पृथ्वीले घुम्छ । किन घुम्छ ? कसरी घुम्छ ? चन्द्रमाले पृथ्वीलाई घुम्छ ? यो सधैं उज्यालो हुन्छ ? कसरी घुम्छ ? किन घुम्छ ? कहिले उज्यालो हुन्छ ? के अँध्यारो पनि हुन्छ ? के कारणले हुन्छ ? इत्यादि ।

यस विधिद्वारा शिक्षण गर्दा केही शैक्षिक सामग्री प्रयोग गर्नुको साथसाथै केही हदसम्म व्याख्या पनि गर्नुपर्ने हुन्छ । यस विधिमा शिक्षकलाई विद्यार्थीहरूले राम्रो प्रश्न सोध्नमा उत्प्रेरणा हुने वातावरण सृजना भएको हुनुपर्छ । विद्यार्थीहरू पनि लाज नमानी निर्भीक भएर प्रश्न सोध्ने खालका हुनुपर्छ । कति धेरै प्रश्न सोध्छन् भनेर झर्को मान्ने वा डराउने शिक्षक यो विधि सफलतापूर्वक अपनाउन सक्तैन । विद्यार्थीले प्रश्न गर्नुको अर्थ नै विद्यार्थी जान्न र सिक्न उत्सुक छ भन्ने प्रमाणित हुन्छ । हुन त शिक्षकलाई विषयवस्तुको राम्रो ज्ञान हुनु अति आवश्यक छ, तर सम्पूर्ण विषयवस्तुको पूर्व ज्ञान कसैलाई पनि हुन सक्दैन । त्यसैले शिक्षक आफूलाई थाहा नभएको उत्तर दिनुपर्ने गरी विद्यार्थीले प्रश्न गरेमा यस प्रश्नको उत्तर नमिल्ने गरी तुरुन्त जवाफ दिनुभन्दा भोलि-पर्सि यसको उत्तर दिउँला भन्नु उचित हुन्छ । ढाँट्नुभन्दा चुप लाग्नु बेस । चुप लाग्नुभन्दा पत्ता लगाई जवाफ दिनु बेस ।

इतिहासजस्ता विषयवस्तुहरू, जसमा अड्कल र सोचेर बुद्धिमत्तापूर्वक उत्तर दिए तापनि प्रायः नमिल्ने हुन्छन् । यस्ता विषयवस्तुहरू बाहेक अरू-अरू कुनै पनि विषयमा यो विधि प्रयोगमा ल्याउन सकिन्छ ।

२. विद्यार्थी केन्द्रित विधिहरू

विद्यार्थी केन्द्रित शिक्षण विधि भनेको शिक्षण सिकाइको प्रक्रियामा विद्यार्थीहरू बढी सक्रिय हुने, कक्षा क्रियाकलापमा बढी मात्रामा संलग्न हुने र शिक्षकको निर्देशनमा रहेर सकेसम्म तिनीहरूले आफै सिकाइ गर्ने विधि हो । यस विधिमा शिक्षकले विषयवस्तुको पाठको शीर्षक दिनेछ, यस पाठको उद्देश्य स्पष्ट गरिदिन्छ र यस उद्देश्य प्राप्तिका लागि गर्नुपर्ने क्रियाकलाप र क्रियाकलापका लागि आवश्यक सामग्रीहरू उपलब्ध गराइदिन्छ । अनि विद्यार्थीहरू व्यक्तिगत वा सामूहिक रूपले खोजतलास गरेर, समस्याहरू समाधान गरेर वा प्रयोग गरेर उद्देश्य प्राप्त गर्दछन् । विद्यार्थीहरूका क्रियाकलापहरू शिक्षकले अवलोकन गरिरहेका हुन्छन् र आवश्यक परेको बेलामा केही-केही सहयोग गरिदिन्छन् शिक्षक केन्द्रित विधिहरू भन्दा यी विधिहरूमा समय र खर्च बढी लाग्छ, तर सिकाइको अनुभव विद्यार्थीको आफ्नो स्वयं हुन्छ, जुन महत्वपूर्ण हुन्छ । यस्तो सिकाइ प्रेरणादायी हुन्छ, अर्थपूर्ण हुन्छ, दीर्घकालीन सम्झनाका लागि हुन्छ र प्रभावकारी हुन्छ ।

(क) प्रयोगात्मक विधि

कक्षामा शिक्षण सिकाइ प्रयोगद्वारा गर्ने विधिलाई प्रयोगात्मक विधि भन्दछन् । यस विधिमा विषयवस्तु वा पाठ अनुसार प्रयोग गर्नका लागि आवश्यक शैक्षिक सामग्रीहरू र उपकरणहरू कक्षामा मौजुद हुन्छन् । ती उपलब्ध सामग्रीहरू प्रत्येक विद्यार्थीका लागि बेग्लाबेग्लै पनि हुन सक्दछन्, तर सामग्री धेरै महँगो खालका भएमा विद्यार्थीको सङ्ख्या हेरी समूह विभाजन गरेर प्रत्येक समूहका लागि एक-एक सामग्रीहरू मिलाएको हुन्छ । अनि शिक्षकको निर्देशनमा रहेर विद्यार्थीहरूले शैक्षिक सामग्रीहरू प्रयोग गरेर क्रियाकलाप गर्दछन् । यसरी प्रयोग गरिरहेको बेलामा शिक्षकले विद्यार्थीहरूको क्रियाकलाप अवलोकन गरिरहेको हुन्छ र आवश्यकता अनुसार अरू बढी निर्देशन दिएर, भूलसुधार गरेर मदत गरिरहेको हुन्छ ।

यस विधिद्वारा शिक्षण गर्दा विद्यार्थीहरू एकदम उत्सुक र उत्प्रेरित हुन्छन् । क्रियाकलाप ध्यानपूर्वक र होशियारीसाथ गर्दछन् । प्रयोग सफल भएमा सिकाइ अति सफल र प्रभावकारी हुन्छ । प्रयोग सफल नभएमा पनि सफल नहुनाका कारणहरू थाहा पाउँछन् र यस्तो असफल कार्य फेरि दोहोरयाउँदैनन् । यस विधिबाट हुने सिकाइ दीर्घकालीन हुन्छ । यस विधिको आधारमा भएका सिकाइले ज्ञान र सीप दुवैको विकास हुन्छ र विद्यार्थीमा सिर्जनात्मक प्रवृत्ति बढ्छ । यो विधि विज्ञान, गणित र व्यावसायिक विषयहरूमा प्रयोग गरिन्छ ।

(ख) समस्या समाधान विधि

यस विधिमा विषयवस्तु वा पाठसित सम्बन्धित समस्या प्रस्तुत गरिन्छ र त्यस समस्याको समाधान गर्ने क्रियाकलाप विद्यार्थीहरूको हुन्छ । कुनै पनि समस्या समाधान गर्नका लागि समस्याप्रति सम्बन्धित विषय र सिद्धान्तहरू विद्यार्थीहरूलाई ज्ञान भएको हुनुपर्दछ । तब मात्र ती नियम र सिद्धान्तहरू प्रयोग गरेर समस्या विचार गरेर समाधान गर्न सकिन्छ । उद्देश्य प्राप्त गर्न सकिन्छ । समस्या समाधानको प्रक्रियामा लागू हुने ५ वटा नियमहरू छन् । ती हुन्:– (१) समस्या राम्रोसँग बुझ्नु, विश्लेषण गर्नु (२) समस्या समाधानका लागि आवश्यक आधारभूत ज्ञान, नियम र सिद्धान्तको ज्ञान हुनु (३) समस्या समाधान गर्नका लागि नियम, सिद्धान्त प्रयोग गरेर विचार गर्नु (४) समस्या समाधान गर्नु, क्रियाकलाप गर्नु (५) समस्या समाधान भयो, भएन परीक्षण गरेर हेर्नु ।

यस विधिद्वारा शिक्षण गर्नाले विद्यार्थीहरूमा समस्याको मुकाबिला गर्ने, गहन विचार गर्ने, समाधान गर्नका लागि आवश्यक तथ्य-तथ्याङ्क सङ्कलन गर्ने, साधन जुटाउने, व्यावहारिक जीवनमा आइपर्ने समस्या समाधान गर्ने आदि क्षमताहरूको विकास हुन्छ । यो विधिले विद्यार्थीको सिकाइ उच्चस्तरको बनाइदिन्छ, सिकाइको प्रक्रिया स्वयं बुझ्नसक्ने बनाइदिन्छ र सिलसिलाबद्ध तरीकाले अध्ययन गर्न सक्ने क्षमता बनाइदिन्छ । यस विधिबाट शिक्षण गर्दा समय केही बढी लाग्ने हुन्छ, तर पान सिकाइको असर र सफलता प्रति प्रभावकारी हुन्छ ।

यो विधि गणित विषयमा बढी मात्रामा प्रयोग गरिन्छ । यसबाहेक विज्ञान र व्यावसायिक विषयहरूमा पनि यस विधिको प्रयोग गर्दा अझ बढी प्रभावकारी हुन्छ ।

(ग) खोज अनुसन्धान विधि

शिक्षण सिकाइको प्रक्रियामा शैक्षिक उद्देश्य प्राप्तिका लागि कक्षामा गरिने खोजको क्रियाकलाप भएको विधलाई खोज विधि भन्दछन् । यस विधिमा पनि प्रयोगात्मक र समस्या समाधान विधिमा जस्तै शिक्षकले निर्देशन दिन्छ र त्यस निर्देशनमा रहेर विद्यार्थीले विषयवस्तुको ज्ञान हासिल गर्छ । विभिन्न प्रश्नहरूको उत्तर पत्ता लगाउँछ र समस्याको समाधान गर्छ । वास्तवमा यो विधि समस्या समाधान विधिजस्तै छ तापनि शिक्षकले दिने निर्देशनमा फरक हुन्छ (१) समस्या समाधानको नियम, सिद्धान्त र निर्देशन दुवै शिक्षकले दिन्छ भने यसलाई खुल्ला शिक्षण भन्दछन् । (२) समस्या समाधानको नियम, सिद्धान्त दिने, तर समाधान नदिने अथवा समाधान दिने तर नियम, सिद्धान्त नदिने भएमा यसलाई निर्देशित खोज विधि

(समस्या समाधान विधि) भन्दछन् । (३) समस्या समाधानको नियम, सिद्धान्त र समाधान बुझे नबिने भएमा यसलाई अनिर्देशित खोज विधि भन्दछन् । एक जना शिक्षाविद् (ब्रुनर) को भनाइ अनुसार यस विधिको सिकाइ प्रक्रियाले बौद्धिक क्षमता बढ्छ, आत्मसन्तुष्टि र उत्प्रेरणा हुन्छ, स्मरणशक्ति बढ्छ तथा खोजको तरीका सिक्छ । अतः यो धेरै प्रभावकारी हुन्छ । यो विधि धेरैजसो विज्ञान र गणित विषयहरूमा प्रयोग हुन्छ ।

३. प्रतिक्रिया विधि

यस विधिमा शिक्षकले केही निर्देशनहरू दिएर विद्यार्थीहरूलाई क्रियाकलापसँग संलग्न गराउँदछ । तर शिक्षक आफैं निष्क्रिय भएर अवलोकन गर्ने द्विविधात्मक कुरामा अन्तिम निर्णयमात्र दिने हुन्छ ।

(क) छलफल विधि

यस विधिमा शिक्षकले विशेष गरेर द्वैपक्षीय विचार र धारणा हुने विषय विद्यार्थीहरूलाई दिन्छ । अनि विद्यार्थीहरू आ-आफ्नो विचार र धारणा अनुसार पक्ष-विपक्ष दुई समूहमा विभाजित हुन्छन् । पक्षमा रहेका विद्यार्थीहरू र विपक्षमा रहेका विद्यार्थीहरूले क्रमशः पालैपालो गरेर आ-आफ्नो विचार र धारणा व्यक्त गर्छन् । विभिन्न तथ्य-तथ्याङ्क र उदाहरणहरू प्रस्तुत गर्छन् । छलफलका विषयहरू जस्तैः– धन ठूलो कि विद्या ठूलो ? त्यस्तै हाँस पहिला कि फुल पहिला ? यस क्रममा सबभन्दा बढी कुन पक्षले तथ्य-तथ्याङ्क र उदाहरण दिन सक्छ, तर्क दिन सकेको छ, प्रमाणित गर्न सकेको छ, त्यसैको जीत हुन्छ ।

यस विधिले विद्यार्थीहरूमा तर्कवितर्क गर्ने, तथ्याङ्क र उदाहरणहरू सङ्कलन गर्ने, सिलसिलाबद्ध तरीकाले व्यक्त गर्ने क्षमताहरूको विकास हुन्छ । यस विधिमा कक्षालाई प्रभाव पार्न सक्ने विद्यार्थीहरूलाई बढी समय हुन्छ । अरू दर्शकजस्तै हुन्छन्, उदाहरणार्थ "बल भन्दा बुद्धि ठूलो" "आस्तिक राम्रो कि नास्तिक राम्रो" "न्यायका लागि शान्ति चाहिन्छ कि क्रान्ति चाहिन्छ" आदि ।

(ख) अभिनय विधि

यी विधि विशेष गरी अभिनय गरेर अनुभव गर्ने, गराउने हुन्छ । जस्तैः– नाटक खेल्ने, अभिनय गर्ने आदि यस विधिको प्रयोग गरेर विद्यार्थीले कुन अवस्थामा कस्तो अभिव्यक्ति (भाव) प्रकट गर्छ र के-कस्तो कुरा कसरी बोल्छ, नक्कल गर्छ भन्ने प्रदर्शन गर्ने र गराउनमा उपयुक्त छ । अभिनय विधिले अभिनय गर्ने क्षमताको विकास गर्छ र साथसाथै संयोगात्मक विकास गर्नमा पनि मदत गर्छ । मानिसले एकै-अर्कासँग कस्तो व्यवहार गर्छ भन्ने कुराको प्रत्यक्षीकरण अभिनय विधिबाट हुन्छ जस्तैः– घरपरिवारमा आमाको अभिनय, बाबुको

अभिनय, नोकरको अभिनय आदि । नाटकहरूमा विभिन्न पात्रहरूको अभिनय कस्तो अवस्थामा कसरी गरिन्छ भन्ने प्रदर्शन अभिनय विधिको सबभन्दा राम्रो उदाहरण हो ।

(ग) योजना विधि

यस विधिमा विषयवस्तुको शिक्षण सिकाइ गर्न शिक्षक आफैंले योजना बनाउँछ वा शिक्षक र विद्यार्थीहरू मिलेर योजना बनाउँछन् वा शिक्षकको निर्देशनमा रहेर विद्यार्थीहरूले योजना बनाउँछन् । तर योजनाको कार्यान्वयन पक्षमा विद्यार्थीहरू क्रियाशील र संलग्न हुन्छन् । जस्तैः– चित्र सङ्कलन र प्रदर्शन योजना ।

विद्यार्थीहरूको नाम	चित्र सङ्कलन गर्ने विषय	प्रदर्शन गर्ने विद्यार्थी
राम, हरि, गोपाल	जनावरहरू	गोपाल
कृष्ण, राजु, मञ्जु	पक्षीहरू	राजु
गीता, विजय, माया,	यातायातका साधनहरू	माया

चित्र सङ्कलन गरी ल्याउनु पर्ने मिति ०३८।८।७

उपर्युक्त तालिकामा दिएजस्तै गरी विद्यार्थीहरूलाई समूह विभाजन गरेर समूहमा काम गराउन वा एक्लै-एक्लै पनि गराउन सकिन्छ । यसरी योजना विधिद्वारा शिक्षण सिकाइ गर्नाले विद्यार्थीहरूमा आ-आफ्नो इच्छा अनुसार कार्यभार लिने जिम्मेवारी हल गर्ने क्षमताको विकास हुन्छ । योजनामा सरिक ,भएर सक्रिय क्रियाकलाप प्रदर्शन गर्ने, सङ्कलनमा छनौट सामग्रीको स्रोत पत्ता लगाउने, समूहमा मिलेर सहयोग गर्ने इत्यादि कुरा सिक्छन्, सिक्ने भावनामा जागरण हुन्छ । यो विधि पनि आफ्नो स्थानमा अति प्रभावकारी हुन्छ र प्रयोग गर्न सकिन्छ ।

यस एकाइको सुरुदेखि दिइएको आधारभूत शिक्षण विधिमा ९ वटा विभिन्न शिक्षण विधि छँदाछँदै पनि हामी शिक्षक शिक्षिकाहरू आ-आफ्नो विषय कक्षामा गएर शिक्षण गर्दा कुन विधि अपनाउने भन्ने कुरा निश्चित रूपमा भन्न कहिले सक्छौं, कहिले सक्तैनौं, त्यसको कारण के भने शिक्षण विधि त्यत्तिकैमा सीमित छैन र कसैलाई कुनै शिक्षण विधि मन पर्ने तथा त्यस विधि अनुसार शिक्षण गर्न सजिलो लाग्छ भने कसैलाई त्यही अनुसार शिक्षण गर्न मन पर्दैन तथा त्यस विधि अनुसार शिक्षण गर्न अप्ठ्यारो लाग्छ । त्यति मात्र हैन, हामीमध्ये कसैलाई कुनै एक मात्र शिक्षण विधिका एक-एक सिद्धान्तलाई अपनाएर आफैंले सोचेजस्तो कक्षा शिक्षण गर्न सक्दैनौं । किनभने कक्षामा विद्यार्थीहरू सबै एकनासका हुँदैनन्, भौतिक सुविधा र वातावरण पनि सधैं मेल खाँदैन । अर्थात् शिक्षण त्यति सजिलो कार्य होइन, तर त्यति गाह्रो पनि होइन, यदि शिक्षक मिहिनेती छ, सोचविचार गर्छ, सृजनात्मक छ र तालिम प्राप्त छ भने ।

भनिन्छ, विद्यार्थीले सिकेको छैन भने शिक्षकले सिकाएको छैन अर्थात् शिक्षकले जति राम्रो शिक्षण गरे पनि विद्यार्थीले केही सिकेन भने सिकाएको र नसिकाएको बरोबर छ । तर यस भनाइमा कत्तिको सत्यता छ ? कुनै पनि व्यक्तिले कुनै पनि परिस्थितिमा केही न केही अवश्य सिकेको हुन्छ । यो भनाइ पनि त ठीक छ नि । राम्रो शिक्षक त्यही व्यक्ति हो, जसले शिक्षणलाई आफ्नो पेशा ठान्दछ र शिक्षणको अनुभवमा रमाउँछ र कसरी सिकाइ प्रभावकारी बनाउने भनेर सोच्दछ, अनि आधुनिक सिकाइको सिद्धान्तमा आधारित भएर शिक्षण गर्दछ ।

अब कुन शिक्षण विधि अपनाउने भन्ने कुरा त शिक्षक आफैंले निर्णय गर्नुपर्छ । तर आधुनिक आधारभूत शिक्षणको नमुना निम्न अनुसार छ । यसलाई मनोवैज्ञानिक शिक्षण नमुना पनि भन्दछन् ।

(क) शैक्षणिक उद्देश्य (Instructional Objective)
(ख) पूर्वज्ञान (Entering Behavior)
(ग) शिक्षण प्रक्रिया (Instructional Procedure)
(घ) उपलब्धि मूल्याङ्कन (Performance Assessment)

राबर्ट ग्लेसर (शिक्षा मनोवैज्ञानिक) को भनाइ अनुसार आधारभूत शिक्षण नमुना शैक्षणिक उद्देश्य, पूर्वज्ञान, शिक्षण प्रक्रिया र उपलब्धि मूल्याङ्कनमा आधारित छ । वास्तवमा कुनै पनि शिक्षण विधि यी चारवटा तत्त्वहरू नभैकन पूरा हुँदैन । अब यी ४ वटा तत्त्वहरू एक-अर्कासित सम्बन्धित छन् भन्ने कुरा तल दिइएका तालिकाबाट स्पष्ट हुन्छ ।



माथिको तालिका अनुसार शैक्षणिक प्रक्रियामा शैक्षिक उद्देश्यहरू (बाकस 'क') पाठको अन्तमा विद्यार्थीहरूले प्राप्त गर्ने उद्देश्यहरू हुन् । पूर्वज्ञान (बाकस 'ख') भनेको ती शैक्षणिक उद्देश्यहरू प्राप्त गर्नलाई विद्यार्थीमा हुनुपर्ने आवश्यक पूर्वज्ञान हो, शिक्षण प्रक्रिया (बाकस 'ग') भन्नाले ती शैक्षणिक उद्देश्यहरू प्राप्तिका लागि कक्षामा गरिने सम्पूर्ण क्रियाकलापहरू हुन्, जसको माध्यमबाट विद्यार्थीले सिकाइ गर्दछन् । उपलब्धि मूल्याङ्कन (बाकस 'घ') ले शैक्षणिक

उद्देश्यहरू शिक्षण प्रक्रियाबाट कति सफलतापूर्वक हासिल गरयो र सिकाइ के-के भयो भन्ने लेखाजोखा गर्दछ ।

शैक्षिणिक उद्देश्यहरू पूर्वज्ञानको आधारमा तयार गरिन्छ । पूर्वज्ञान र शैक्षिक उद्देश्यको आधारमा शिक्षण प्रक्रिया निर्धारण गरिन्छ र सबैको आधारमा विद्यार्थीको सिकाइ वा उपलब्धि मूल्याङ्कन गरिन्छ । यी कुराहरू बाकसहरूबीच रहेको – चिह्नले देखाइएको छ । उपलब्धि मूल्याङ्कन गरिसकेपछि शिक्षण प्रक्रिया, पूर्वज्ञान र शैक्षणिक उद्देश्यहरू निर्धारण गरेको ठीक छ, छैन कार्यान्वयन गरेको ठीक छ, छैन याहा हुन्छ र सुधार गरिन्छ ।

मनोवैज्ञानिक शिक्षण नमुना अन्तर्गत अरू दुईवटा शिक्षण नमुनाहरू (१) लरेन्स स्टलुरोको कम्प्युटरमा आधारित शिक्षण नमुना र (२) नेद फ्लान्डर्सको सोसियल इन्टराक्सन नमुना पनि छन् । यी नमुनाहरू उच्च स्तरको अध्ययनमा गणिन्छ ।

अब हामी राबर्ट ग्लेसरको शिक्षण नमुनाका ती ४ वटा तत्त्वहरूको अध्ययन गरौं ।

(क) शैक्षणिक उद्देश्य



कुनै विषयको एक पाठ अध्यापनको अन्तमा विद्यार्थीहरूले प्राप्त गर्ने उद्देश्यलाई शैक्षणिक उद्देश्य भनिन्छ । यस्ता शैक्षणिक उद्देश्यहरू एकै पाठमा पनि एक वा एकभन्दा बढी हुन सक्छन् । शिक्षण गर्ने शिक्षकले यी शैक्षणिक उद्देश्य एकदम बुझेको हुनुपर्छ । उक्त पाठ योजनामा यसलाई स्पष्ट रूपले लेखिएको हुनुपर्छ । शैक्षणिक उद्देश्यविनाको पाठ अध्ययन-अध्यापनमा कुनै निश्चित उपलब्धि हुँदैन । अतः पाठचक्रम अनुसारको कुनै विषयको पाठ अध्ययन अध्यापन गर्दा शैक्षणिक उद्देश्यलाई मुख्य आधार बनाइन्छ । शैक्षणिक उद्देश्य निम्न प्रकारका हुन्छन्:–

१. जीव र निर्जीवमा ४ वटा फरकहरू छुट्टयाउनेछन् ।
२. दुई अङ्कले बनेको दुईवटा सङ्ख्या ठाडो राखेर जोड्नेछन् ।
३. पाठमा भएका नयाँ शब्दहरू प्रयोग गरी वाक्य बनाउनेछन् ।
४. कस्तो खानेकुरो खानाले रोग र बिसन्चो हुन्छ लेख्नेछन् ।
५. राजा, रानी र युवराजको नाम लेख्नेछन् ।

उपर्युक्त शैक्षणिक उद्देश्यलाई विशिष्ट र व्यावहारिक उद्देश्य पनि भनिन्छ । यस्ता उद्देश्य-हरूबाहेक अध्यापन कार्य गर्दा शिक्षकले विषयवस्तुसम्बन्धी दीर्घकालीन उद्देश्यहरूमा पनि मनन गर्नुपर्दछ, ध्यान पुऱ्याउनुपर्छ । यस्तो दीर्घकालीन अर्थात् लामो अवधिमा प्राप्त हुने उद्देश्यलाई साधारण उद्देश्य भन्दछन् । साधारण उद्देश्य विशेष गरेर एकाइ अनुसार र सम्पूर्ण विषय अनुसार निर्माण गरिएको हुन्छ । अतः कुनै विषयको कुनै एकाइको अध्ययन-अध्यापनपछि वा शैक्षिक सत्रको अन्तमा विद्यार्थीहरूले प्राप्त गर्ने उद्देश्यलाई साधारण उद्देश्य भनिन्छ । जस्तैः–

१. सरल नेपाली भाषामा लेखिएका सामान्य कुराहरू पढ्नसक्ने
२. चार साधारण नियमहरूमा आधारित हिसाब गर्नसक्ने
३. आपसमा मिलेर काम गर्ने बाटाको विकास गर्ने
४. घरपर सफा र सुग्घर राख्ने उत्तरदायित्व ज्ञान गराउने ।

यसरी विषय अनुसार दिइएका उपर्युक्त प्रकारका विभिन्न साधारण उद्देश्यहरू पनि शिक्षकले शिक्षण गर्दा बडो होसियारसाथ ध्यान पुऱ्याउनु आवश्यक छ ।

शैक्षणिक उद्देश्य मुख्यतः ३ प्रकारका हुन्छन् ।

१. ज्ञानः– ज्ञानसम्बन्धी शैक्षणिक उद्देश्यहरूले नयाँ-नयाँ ज्ञानहरू प्रदान गर्दछन् । जस्तैः– जीव र निर्जीवमा फरकहरू थाहा दिनु, जोड, घटाउ, गुणन, भागजस्ता हिसाब गर्न जान्नु, नयाँ शब्दहरूको अर्थ थाहा हुनु, राजा, रानी र युवराजको नाम थाहा हुनु आदि ।

२. सीपः– सीपसम्बन्धी शैक्षणिक उद्देश्यहरूले नयाँ-नयाँ कुराहरू गर्न सिकाउँछन् र गर्न सक्ने क्षमता प्रदान गर्छन् । जस्तैः–

१. लय र ताल मिलाएर पढ्नु
२. मेच, ग्लास, भाँडो, चरा, त्रिभुज आदि कुराहरूको चित्र बनाउनु
३. दाँत माझ्नु, कपाल कोर्नु, जुत्ता लाउनु, विभिन्न खेल खेल्नु
४. राष्ट्रिय गान गाउनु, नाच्नु, नक्कल गर्नु ।

३. प्रवृत्तिः– प्रवृत्तिसम्बन्धी शैक्षणिक उद्देश्यहरूले नयाँ-नयाँ धारणाहरूको विकास सकारात्मक तरीकाले प्रदान गर्छन् । जस्तैः–

१. बासी र फोहोर खानेकुरा नखानु
२. आफूभन्दा ठूलो व्यक्तिलाई सम्मान गर्नु
३. भूत-प्रेतको विश्वास नगर्नु
४. जहाँतहीं दिसा-पिसाब, फोहोरमैला नगर्नु ।



(ख) पूर्वज्ञान

विद्यार्थीले कुनै पनि नयाँ कुरा सिक्नका लागि सिक्ने क्षमता विद्यार्थीमा मौजुद भएको हुनुपर्छ अर्थात् विद्यार्थीको पूर्वज्ञानको आधारमा नयाँ कुरा के सिकाउने भन्ने निर्धारण भएको हुनुपर्दछ। विद्यार्थीमा आवश्यक पूर्वज्ञान र क्षमताको विकास नै भएको छैन भने शिक्षकले अथक प्रयास गर्दा पनि विरलै विद्यार्थी सिक्न सक्ने हुन्छन्। जस्तैः– अक्षर चिनेपछि शब्द पढ्न सकिन्छ र शब्द बुझ्न सकेपछि वाक्य पढ्न सकिन्छ। त्यस्तै भागको हिसाब सिक्नलाई घटाउ र गुणन सिकेको हुनुपर्छ। अतः पूर्वज्ञान भन्नाले वर्तमान अवस्थामा विद्यार्थीको ज्ञान र सिपलाई जनाउँछ। शिक्षण गर्दा शिक्षकले विद्यार्थीको पूर्वज्ञान थाहा पाउने र त्यसको आधारमा नयाँ पाठ्यक्रम तथा सिलसिला मिलाएर अगाडि बढाउन आवश्यक छ। त्यसैले व्यावहारिक उद्देश्य निर्धारण गर्दा विद्यार्थीको पूर्वज्ञानमा आधारित हुनुपर्छ। साथै विद्यार्थीको सिकाइको क्षमता, सिकाइको ढङ्ग र परिपक्वतालाई ध्यानमा राख्नुपर्छ।



(ग) शिक्षण प्रक्रिया

शिक्षकले जुनसुकै प्रकारको शिक्षण प्रक्रिया अपनाएको भए पनि शिक्षण सिद्धान्त अनुसार तीनवटा कुराहरू स्पष्टसित समावेश भएको हुनुपर्छ। ती हुन्– शिक्षकले कस्तो प्रकारले व्यवहार गर्ने, उसले जुन व्यवहार गर्ने हो, त्यसो गर्दा कुनै उद्देश्य छ वा छैन र उद्देश्य अनुरूप गर्न खोज्छ भने उसले त्यसो गर्दा कत्तिको सरल र प्रभावकारी तरीकाले गर्छ, अर्थात् शिक्षणका सम्पूर्ण सिद्धान्तहरू पनि सिकाइका सिद्धान्तमा आधारित हुनुपर्छ। किनभने सिकाइ कुन अवस्थामा हुन्छ र कुन अवस्थामा हुँदैन भन्ने कुरा सिकाइका सिद्धान्तहरूले स्पष्ट गर्दछन्। सिकाइका अवस्थाहरू निम्न ३ प्रकारका छन्ः–

(१) अविरलता (Contiguity):– लगातार उत्प्रेरणा र त्यसको प्रतिक्रियास्वरूप हुने सिकाइलाई अविरलता भन्दछन्।

(२) अभ्यास (Practice):– उत्प्रेरणा अनुरूप प्रतिक्रिया दोहोरयाउनुलाई अभ्यास भन्दछन्।

(३) सबलीकरण (Reinforcement):– उद्देश्य हासिल गर्नका लागि उद्देश्य अनुरूप कार्य गरेबापत दिइने उत्प्रेरकलाई सबलीकरण भन्दछन् र प्रस्तुति गरिने उत्प्रेरणा प्रतिक्रिया बनाउनुभन्दा पहिले वा पछि हुन्छ ।

शिक्षण प्रक्रिया भनेको शैक्षणिक उद्देश्यहरू प्राप्तिका लागि उपयुक्त सिकाइको अवस्था र वातावरण सिजना गर्नुलाई भन्दछन् । यसै सन्दर्भमा दुई प्रकारको सिकाइलाई आधार मानेका छन् ।

(१) प्रसिद्ध मनोवैज्ञानिक थर्नडाइकको भनाइ अनुसार यही प्रतिक्रिया जनाएपछि मात्र पुरस्कार दिएर सिकाइलाई प्रभावित पार्नुपर्छ ।

(२) प्रसिद्ध मनोवैज्ञानिक प्याभलोभको भनाइ अनुसार जुनसुकै प्रतिक्रिया जनाए पनि पुरस्कार वा दण्ड दिएर सिकाइ प्रभावित पार्नुपर्छ ।

यी उपर्युक्त सबै कुराहरू आधारभूत शिक्षण प्रक्रियासित सम्बन्धित छन्, तर यथार्थमा शिक्षण सिकाइ प्रत्येक शिक्षकले आ-आफ्नो व्यक्तिगत विभिन्नता अनुरूप कुनै एक पाठको अध्यापनमा कुनै एक निश्चित शिक्षण विधि अपनाउँछ । यसो गर्दा शिक्षण विधिहरू मध्ये कुनै एक शिक्षक केन्द्रित शिक्षण विधि पनि हुन सक्छ, विद्यार्थी केन्द्रित शिक्षण विधिमध्ये कुनै एक पनि हुन सक्छ अथवा प्रतिक्रिया शिक्षण विधिमध्ये निश्चित रूपले यही हुनुपर्छ भन्ने कुनै नियम छैन । क्षमता अनुसार सुविधा र वातावरण अनुसार शिक्षाको व्यक्तिगत विभिन्नतामा आधारित भएर शिक्षकले सबभन्दा उपयुक्त प्रभावकारी विधि अपनाउनु नै शिक्षण प्रक्रियाको सफलता हो ।

अब उपर्युक्त उल्लिखित शिक्षक केन्द्रित शिक्षण विधिहरू विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र प्रतिक्रिया विधिहरू के-के हुन् भन्ने व्याख्या निम्न अनुसार छन्:–



(घ) उपलब्धि मूल्याङ्कन

आधारभूत शिक्षण नमुनाका चौथो महत्त्वपूर्ण तत्त्व उपलब्धि मूल्याङ्कन हो । शिक्षण प्रक्रिया सकिएपछि विद्यार्थीले शैक्षिक उद्देश्यहरू कति उपलब्ध गर्न सके, कत्तिको प्रभावकारी ढङ्गले उपलब्ध गरे भन्ने कुराको लेखाजोखा गर्ने प्रक्रिया नै उपलब्धि मूल्याङ्कन हो । यस प्रक्रियाले विद्यार्थीलाई पृष्ठपोषण र सबलीकरण हुन्छ । शिक्षकलाई पनि आफ्नो शिक्षण-कारिता र सफलताको ज्ञान दिनु छ । अनि शिक्षक तथा विद्यार्थी दुवै पक्षले सफल उपलब्धिको आधारमा हौसला र उत्प्रेरणा प्राप्त गर्दछन् भने आफ्ना कमजोरी र त्रुटिहरू घटाउने र बेलैमा आवश्यक सुधार गर्ने मौका पाउँछन् ।

उपलब्धि मूल्याङ्कनले विद्यार्थीको उपलब्धिस्तर निर्धारण गर्नुका साथै विद्यार्थीहरू बीच एक अर्काका उपलब्धि तुलना गर्नमा एक आधार दिन्छ । तर उपलब्धि मूल्याङ्कनका लागि प्रयोग गरिने विभिन्न मूल्याङ्कनका साधनहरू मध्ये बढी प्रचलनमा आउने प्रमुख साधन परीक्षा नै हो । परीक्षा मौखिक वा लिखित जुनसुकै प्रकारको अपनाए तापनि शैक्षणिक उद्देश्य प्राप्ति भयो, भएन जाँच गर्ने हो । यसो गर्नका लागि सकेसम्म सम्पूर्ण शैक्षणिक उद्देश्यहरूलाई मापन गर्न सक्ने गरी परीक्षाको योजना तयार गर्न आवश्यक छ ।

सबभन्दा बढी प्रचलित लिखित परीक्षा दुई प्रकारका छन् (१) वस्तुगत परीक्षा र (२) निबन्धात्मक परीक्षा । वस्तुगत परीक्षा र निबन्धात्मक परीक्षा दुवैका आ-आफ्ना प्रकारका विशेषता, महत्त्वहरू छन् र दुवै प्रभावकारी छन् । यस सम्बन्धमा विस्तृत विवरण चर्चा खण्ड ११ को परीक्षा र मूल्याङ्कन शीर्षकमा दिइएको छ । उपर्युक्त कुराहरू र खण्ड ११ का कुराहरूले उपलब्धि मूल्याङ्कन भनेको आधारभूत शिक्षण नमुनाको 'एक अविच्छिन्न अङ्ग हो भन्ने प्रमाणित गर्दछ र महत्त्वपूर्ण प्रक्रिया हो भन्ने छर्लङ्ग पार्छ ।

अभ्यास

१. रोबर्ट ग्लेसरले दिएका ४ वटा तत्त्वहरूमा आधारभूत शिक्षण नमुनाको चित्रण गरी प्रत्येक तत्त्वको एक-अर्कासित के सम्बन्ध छ ? छोटकरीमा बयान गर्नुहोस् ।

२. शिक्षक केन्द्रित शिक्षण विधि र विद्यार्थी केन्द्रित शिक्षण विधिमा के भिन्नताहरू छन् ? उल्लेख गर्नुहोस् ।

३. समस्या समाधान विधिमा लागू हुने ५ वटा नियमहरू क्रमानुसार लेख्नुहोस् ।

४. योजना विधि (Project Method) द्वारा शिक्षण गर्नाले विद्यार्थीहरूको कुन क्षमताको विकास गर्नमा सहायक हुन्छ ? उल्लेख गर्नुहोस् ।

५. साधारण उद्देश्य र शैक्षणिक उद्देश्यमा के फरक छन् ? लेख्नुहोस् ।

६. व्यावहारिक उद्देश्य भनेको के हो र यो कसरी लेख्नुपर्छ ? एउटा उदाहरण दिएर बयान गर्नुहोस् ।

७. कुनै पनि शिक्षक एउटै मात्र शिक्षण विधिमा आधारित भएर शिक्षण गरेको कमै पाइन्छ । किन ? ३ वटा कारण दिएर स्पष्ट गर्नुहोस् ।

८. उपलब्धि मूल्याङ्कनको महत्त्व बयान गर्नुहोस् ।

खण्ड ५

शिक्षणका सिद्धान्तहरू

शिक्षण एक कला हो । यो शिक्षण कला सिकाइका मनोवैज्ञानिक तथ्यहरूमा आधारित हुन्छ । उमेर, क्षमता र विकास अनुरूप आफ्नै गतिले विद्यार्थीले सिक्ने गर्दछ । यसको आधारमा शिक्षकले कुनै पनि शिक्षण विधि अपनाएर सिकाउन सकेन भने शिक्षकले शिक्षणका सिद्धान्तहरू नबुझेको र नअपनाएको भन्नमा कुनै अत्युक्ति नहोला । विद्यार्थी कस्तो कुरा कुन प्रकारले सिक्दछ भन्ने ज्ञान सिकाइका नियमहरू, सिकाइएका सूत्रहरू र सिकाइका सिद्धान्तहरूमा आधारित छ । अतः शिक्षणका सिद्धान्तहरू विद्यार्थीले सफल सिकाइ गर्न विभिन्न तत्त्वहरूसित घनिष्ठ राख्दछ । ती विभिन्न तत्त्वहरू निम्न प्रकारका छन्:–

(अ) उत्प्रेरणा (Motivation)

(आ) क्रियाकलाप (Activities)

(इ) जीवनमुखी परिस्थिति (Life–oriented Situation)

उपर्युक्त तीन कुराहरूमा पनि उत्प्रेरणाले शिक्षणको प्रक्रियामा अति महत्त्वपूर्ण भूमिका खेल्छ । किनभने उत्प्रेरणा सिकाइका सिद्धान्तहरूमा आधारित छ ।

(अ) उत्प्रेरणा (Motivation)

उत्प्रेरणाको अर्थ

सिक्न सक्ने क्षमता भएका प्राणीहरू मध्ये सबभन्दा सफल प्राणी मानिस हो । तर कुनै कुरा सिक्नका लागि कुनै न कुनै लोभ, प्रलोभन, इच्छा, आशा, अभिलाषा इत्यादिको मनमा जागरण हुनु आवश्यक छ । तब मात्र सिकाइ सफल र सम्भव हुन्छ । बिना उद्देश्य सिकाइ सफल हुन सक्दैन । यसरी सिक्नका लागि मानिसको भित्री मनले चाहना गरेको वा मानिसको आन्तरिक प्रवृत्तिमा आएको सिकाइको जागरणलाई हामी उत्प्रेरणा (Motivation) भन्दछौं । यस्तो उत्प्रेरणा हाम्रो जीवनको प्रत्येक पाइलामा जागरण भैरहेको हुन्छ, तर फरक यतिमात्र हो कि कुनै उत्प्रेरणा सबल हुन्छ र यसको आपूर्ति नभएसम्म हामी कार्यरत रहन्छौं त कुनै उत्प्रेरणा निर्बल हुन्छ र त्यसैले लक्ष्य प्राप्ति अदृश्य र अज्ञात रूपमा हुने गर्छ । त्यसैले मानिसले जुनसुकै कार्य गर्दा अथवा व्यवहार गर्दा दृश्य वा अदृश्य रूपले उत्प्रेरित भैरहेको हुन्छ । जस्तैः– स-साना बच्चाहरू भोक लागेर रुन्छन् त रोएपछि खानेकुरा प्राप्त हुन्छ भन्ने कुरा उसले सिकिसकेको हुन्छ र भोक लागेपछि खानेकुरा प्राप्त गर्ने उसको चाहना र उत्प्रेरणाले रुन्छ र खानेकुरा प्राप्त गर्दछ । त्यस्तै विद्यार्थीहरू कोही ज्ञानसीप बढाउनका लागि कडा मिहिनेत गरी अध्ययन गर्छ भने कोही परीक्षामा उत्तीर्ण हुनका लागि परीक्षा अगाडि मात्र बढी अध्ययन गर्दछ । यहाँ ज्ञान-सीप बढाउनका लागि अध्ययन गर्ने विद्यार्थीको आन्तरिक इच्छाको जागरण अर्थात्

उत्प्रेरणा वास्तविक ज्ञान-सीप आर्जन गर्ने हो भने परीक्षामा मात्र उत्तीर्ण हुन खोज्ने विद्यार्थीका लागि ज्ञान-सीप बढाउने उत्प्रेरणा नभई परीक्षामा उत्तीर्ण हुने मात्र उत्प्रेरणा भयो । त्यस्तै स-साना बालबालिकाहरूदेखि ठूलाबडाहरू समेत कुनै न कुनै प्रकारको पुरस्कार वा प्रलोभनले गर्दा अथवा आन्तरिक इच्छाले गर्दा प्रेरित भएका हुन्छन् र त्यस प्रकारको प्रेरणा नै उत्प्रेरणा हो ।

उत्प्रेरणाको परिभाषा

उत्प्रेरणा भनेको मानिसले आत्मसन्तुष्टिका लागि गर्ने कुनै पनि कार्य वा व्यवहारमा आउने जागरण हो । यो एक प्रकारको अभिलाषा हो । यसको आन्तरिक प्रक्रियाको र यसको प्रभावले गर्दा मानिसको व्यवहारमा उत्प्रेरित कुरा प्राप्तिका लागि परिवर्तन र सक्रियता देखा पर्दछ । उत्प्रेरणाले मानिसमा भएको दृश्य र सुषुप्त अवस्थामा रहेको क्षमतालाई जागरण गराई प्रकाशमा ल्याइदिन्छ र मानिसले आफ्नो उद्देश्य प्राप्तिका लागि हरसम्भव प्रयास गर्छ र क्षमताको प्रदर्शन गर्दछ। त्यसैले उत्प्रेरणा शिक्षाक्षेत्रमा प्रशिक्षण र सिकाइका प्रक्रिया पनि प्रभावकारी तथ्य आधार मानिन्छ ।

कुनै-कुनै मनोवैज्ञानिकहरूको भनाइ अनुसार "मानिस उत्प्रेरणा विना क्रियाशील रहन सक्तैन र कुनै पनि व्यवहारमा प्रदर्शन गर्दैन" तर यसै उक्तिलाई फेरि अर्को थरी मनोवैज्ञानिकहरूले अर्थहीन र आधारहीन मान्दछन् । पछिल्लो समूहका मनोवैज्ञानिकहरूको भनाइ छ कि "उत्प्रेरणा एक आन्तरिक र मानसिक प्रक्रिया हो, यसले मानिसको कार्यकलाप र व्यवहारमा सक्रियता ल्याउँछ र उद्देश्य प्राप्तिका लागि प्रभावकारी छ, तर यसको अभावमा मानिस सुषुप्त र निष्क्रिय हुँदैन ।"

सिकाइमा उत्प्रेरणाको महत्त्व

शिक्षाक्षेत्रमा शिक्षण सिकाइको महत्त्वपूर्ण प्रक्रियामा उत्प्रेरणाको अति महत्त्वपूर्ण भूमिका छ । यसरी कुनै कार्य गर्नको केही उद्देश्य हुन्छ । त्यस्तै शिक्षण गर्दाखेरि विषयवस्तुको ज्ञान-सीप विद्यार्थीहरूले प्राप्त गर्न सकून् भन्ने उद्देश्य राखेको हुनुपर्छ । यदि यस्तो उद्देश्य अनुरूप शिक्षण गर्ने हो भने त्यस उद्देश्य प्राप्तिका लागि विद्यार्थीहरूलाई उत्प्रेरित गर्न अति आवश्यक छ । किनभने विना उत्प्रेरणा विद्यार्थीहरू त्यस उद्देश्य प्राप्तिमा सक्रिय हुन सक्दैनन् र सफलता हासिल हुँदैन । उत्प्रेरित गरी शिक्षण कार्य गरेका विद्यार्थीहरूको विषयवस्तुप्रति ध्यान आकर्षित हुन्छ, उत्सुक रहन्छ र उद्देश्यपूर्ण तरीकाले सिकाइ गर्दछ । त्यसैले शिक्षण गर्दा विषयवस्तुसित सम्बन्धित उत्प्रेरणा हुनु आवश्यक छ । त्यस उत्प्रेरणाले गर्दा विद्यार्थीहरू नयाँ कुराहरू सिक्न तत्पर रहन्छन् ।

विद्यालयमा विद्यार्थीले पढ्नुपर्ने विषयहरू जस्तैः– भाषा, विज्ञान, गणित इत्यादि किन पढ्नुपर्दछ, पढ्नाले के हुन्छ, नपढ्नाले के हुन्छ, कुन कुरा पढ्नाले के सिकिन्छ, कस्तो ज्ञान-सीप

बढ्छ, त्यसको के महत्त्व र फाइदा छ इत्यादि कुराहरू विषयवस्तु पढ्नुभन्दा पहिले नै विद्यार्थी-लाई ती कुराहरूको आभास दिनसकेमा विद्यार्थी स्वतः उत्प्रेरित हुन्छ र शिक्षण-सिकाइ सरल र सफल हुन्छ । विषयवस्तु शिक्षणमा उत्प्रेरणाद्वारा उपर्युक्त कुराहरू छलंङ्ग बुझिन्छ, शिक्षण तथा सिकाइ दुवै उद्देश्यपूर्ण हुन्छन्, विद्यार्थीहरू प्रोत्साहित हुन्छन्, सिकाइ अर्थपूर्ण हुन्छ, निर्देशित हुन्छ र सफल हुन्छ ।

उत्प्रेरणा विद्यार्थीको उमेर, स्तर, क्षमता र रुचि अनुसार हुनुपर्छ । जस्तैः– प्राथमिक विद्यालयमा पढ्ने विद्यार्थीहरूको उमेर, स्तर, क्षमता र रुचि सानोतिनो वस्तुहरू ल्याउने, लैजाने, सार्ने, राख्ने गर्नु, तीन चारवटा कुराहरूसम्म क्रमानुसार सम्झनु, बुझ्नु, एक पटकमा एउटा कुरामात्र सोच्नसक्नु, गर्नसक्नु, पशुपक्षी, खेलकुद, कथा इत्यादिमा रुचि हुनुजस्ता कुराहरूलाई ध्यानमा राखेर त्यही अनुसारले उत्प्रेरित गर्नुपर्छ । अर्थात् विद्यार्थीले कुनै कुरा उसको क्षमता र रुचि अनुसार भएमा सिक्नसक्छ, तर क्षमता र रुचिभन्दा बाहिरको कुनै कुरा सिक्नका लागि हामीले उत्प्रेरणा जागरण गराउन पनि कठिन हुन्छ र बाहिरको भए पनि विद्यार्थी सक्षम नभएकाले र रुचि नहुनाले सिक्न सफल हुँदैन ।

सिकाइको प्रक्रियामा उत्प्रेरणा एक यस्तो माध्यम हो, जसको सृजनाबाट अँध्यारो पर्दा हटाएर उज्यालोको संसारमा गतिशील बनाउन बाटो पहिल्याउँछ । अर्थात् उत्प्रेरणाले विद्यार्थी-लाई शिक्षा हासिल गर्न प्रेरित गर्छ, तर शिक्षा हासिल गर्नका लागि उपयुक्त वातावरण र निर्देशन हुनुपर्छ ।

उत्प्रेरणामा प्रभाव पार्ने तत्त्वहरू

जुनसुकै कुरा जस्तो मनलाग्यो त्यस्तो प्रकारले भनेर उत्प्रेरणाको जागरण हुन सक्तैन, न त शिक्षकले आदेशात्मक तरीकाले विद्यार्थीलाई "यो गर, उ गर," भन्दैमा उत्प्रेरणाको जागरण हुन्छ । उत्प्रेरणाको जागरण गर्नका लागि शिक्षण सिकाइको विषयवस्तुको सम्बन्धित रुचिकर कार्यकलापहरू र कुराकानी कक्षाहरूमा प्रस्तुत गर्नुपर्छ । यस्ता कुराकानी र कार्यकलापहरू प्रस्तुत गर्दा अस्वाभाविक तरीकाले उत्प्रेरणा गरिरहेको आभास दिनु हुँदैन । सकेसम्म दैनिक व्यवहारमा आउने कुराबाट सुरुआत गरेर उत्प्रेरणा गर्न सकेमा स्वाभाविक हुन्छ र उत्प्रेरणाको कार्य सफल हुन्छ । भनाइ छ कि उत्प्रेरणा सफल भयो भने शिक्षणको आधा कार्य सफल भएको मानिन्छ । त्यसैले उत्प्रेरणामा सफल हुनका लागि प्रभाव पार्ने तत्त्वहरू के-के हुन् भन्ने बारेमा थाहा हुन पनि आवश्यक छ । ती तत्त्वहरू निम्न प्रकारका छन्ः–

(क) इच्छा र तत्परता (Willingness and Readiness)

उत्प्रेरित हुनु वा नहुनु उत्प्रेरित हुने व्यक्तिको इच्छा र तत्परतामा भरपर्दछ । कक्षामा शिक्षकले शिक्षण गर्दा विद्यार्थीको इच्छा बुझेर वा क्रमशः कुराकानी गर्दा गर्ने इच्छा अनुसार

भए, नभएको विद्यार्थीको तत्परता बुझेर सोही अनुभव विषयवस्तुको उद्देश्यतिर आकर्षित गर्दै लानुपर्छ । यस प्रक्रियामा स्वाभाविक घटना र समस्याको सृजना गरेर विषयवस्तुसित सम्बन्धित गरी अझ प्रतियोगितात्मक प्रभाव छोड्न सक्यो भने विद्यार्थीमा इच्छा र तत्परताको जागरण हुन्छ र त्यसको माध्यमबाट सिकाइका लागि उत्प्रेरित गर्न सकिन्छ । इच्छा अनुसारको उत्प्रेरणा भन्नाले कसैले केही चर्चा र सम्बन्धित कुरा नगरे पनि आफ्नो अन्तस्करण चाहनाले गर्दा जागरण हुन्छ । यस्तो इच्छामा आधारित प्रेरणा र उत्प्रेरणाहरू जस्तैः– चित्रकारी गर्नु, नाच्नु इत्यादि छन्, तर अनिच्छा र तत्पर नभएर पनि उत्प्रेरणा हुन सक्छ । जस्तैः– बिरामीलाई तीतो औषधि खान मन लाग्दैन र खानका लागि तत्पर पनि हुँदैन तापनि रोग ठीक पार्नका लागि औषधि खानुपर्छ भन्ने धारणाले उत्प्रेरणा उब्जेको हुन्छ ।

(ख) आकाङ्क्षा (Aspiration)

कुनै ठोस एक लक्ष्य प्राप्तिका लागि अन्तरात्माले चाहेको उत्प्रेरणाको जागरणलाई आकाङ्क्षा भन्न सकिन्छ । मानिसको जीवनमा आशाको जुन महत्त्वपूर्ण भूमिका छ, योभन्दा बढी आकाङ्क्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । किनभने प्रत्येक व्यक्ति भविष्यमा के बन्ने हो, कस्तो जीवन बिताउने हो भन्ने उसको आकाङ्क्षामा निर्भर गर्दछ, त्यही आकाङ्क्षा अनुरूप मानिस आफ्नो जीवनको लक्ष्य निर्धारण गर्दछ र त्यस लक्ष्य प्राप्तिका लागि उसले पूर्वाधारका विभिन्न कार्यहरू पूरा गर्छ, आवश्यक सङ्कलन गर्दछ र सोही अनुरूप हुने गरी कार्यकलापहरू र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउँछ । त्यसैले हामी भन्न सक्छौं कि प्रत्येक व्यक्तिमा कुनै न कुनै आकाङ्क्षा हुन्छ । आकाङ्क्षा विशेषतः मानिसको मानसिक प्रवृत्ति, संस्कृति, पुर्खौलीबाट पनि उपज हुन्छ । तर युग अनुसारको माग, मानसिक प्रभाव र आफ्नो क्षमताको आधारमा आकाङ्क्षाको निर्धारण हुनु जरुरी छ । आकाङ्क्षा एक यस्तो उत्प्रेरणा , जसले मानिसको जीवनमा लक्ष्य निर्धारण गर्नुको साथसाथै निर्देशित गरिएको हुन्छ । अतः उत्प्रेरणामा प्रभाव पार्ने तत्त्वहरूमध्ये आकाङ्क्षा एक प्रभावशाली तत्त्व मानिएर्दछ । आकाङ्क्षा अनुसारको प्राप्तिका लागि मानिसले कुनै पनि कुरा सिक्नलाई प्रयास गर्छ । अर्थात् भिन्नदेखिको प्रबल इच्छाको जागरण हुन्छ र त्यस प्रबल इच्छालाई हामी प्रभावकारी उत्प्रेरणाको रूपमा लिन सक्छौं । त्यसैले सिकाइ र प्रक्रियामा आकाङ्क्षा अनुरूपको प्रेरणाले ठूलो प्रभाव पारेको हुन्छ ।

मानिसको लक्ष्य पनि आकाङ्क्षास्तर अनुसार हुन्छ । एकै प्रकारको लक्ष्य भएर पनि मानिसको आकाङ्क्षास्तर आफ्नो क्षमता अनुसार फरक हुन्छ । जस्तैः– एस. एल. सी. परीक्षा दिने सबै विद्यार्थीहरूका त्यतिन्जेलको आकाङ्क्षा एस. एल. सी. परीक्षामा उत्तीर्ण हुनु हो । तर कोही एस. एल. सी. को प्रथम श्रेणी बोर्डमा उत्तीर्ण हुने आकाङ्क्षा राख्छ भने कोही प्रथम श्रेणीमा मात्र, कोही द्वितीय श्रेणीमा र कोही उत्तीर्णमात्र हुन पाए हुन्छ भन्ने आकाङ्क्षा-

स्तर फरक-फरक भएका विद्यार्थीहरू हुन्छन् । यसो हुनाको प्रमुख कारण आकाङ्क्षास्तर हो । सबै विद्यार्थीको आफ्नो क्षमता अनुसार आकाङ्क्षास्तर फरक हुन्छ र असर पार्छ ।

जसरी उत्प्रेरणामा प्रभाव पार्ने आकाङ्क्षा हो, त्यस्तै आकाङ्क्षालाई पनि प्रभाव पार्ने तत्त्वहरू हुन्– सफलता र असफलता । कुनै लक्ष्य प्राप्तिमा अति-अति राम्रो सफलता प्राप्त गर्दै जान्छ, त्यति-त्यति हौसला बढ्दै जान्छ र आकाङ्क्षास्तर पनि बढ्दै जान्छ जस्तैः– हिम्मत नभएको कामकुरा गरेर वा अध्ययन गरेर उद्देश्य प्राप्त गर्दछ र सफल हुनेछ भने त्यस्तै खालको कठिन कुरा पनि सफलता प्राप्त गर्ने आकाङ्क्षा बढ्छ र केही हदसम्म त्यस उत्प्रेरणाले सफलता प्राप्त गर्न मदत गर्दछ । तर आकाङ्क्षा अनुरूप अनुमानित उपलब्धि वा प्राप्ति भएन भने मानिसको हौसला बढ्नुको सट्टा हतोत्साह र निरास भएर आफ्नो क्षमताको कमी महसुस गर्दछ, जसको फल-स्वरूप क्षन्-क्षन् उपलब्धि कम हुँदै जान्छ, आत्मविश्वास कम हुँदै जान्छ र असफलता बढ्दै जान्छ ।

सरसङ्गत र वातावरणले पनि आकाङ्क्षास्तर उच्च हुन वा निम्न हुनमा असर पार्दछ । व्यापारीहरूको सरसङ्गत उपयुक्त वातावरण पाएमा साधारण व्यक्ति पनि व्यापार गर्ने र व्यापारी बन्ने आकाङ्क्षा राख्दछ र व्यापारी बन्न पनि सक्छ, तर कोही व्यापारीको सरसङ्गत जुवाडी-हरूसँग भयो र जुवा खेल्ने असवर प्राप्त हुँदै गयो भने ती व्यापारी पनि विनामिहिनेत जुवा खेलेर धनी हुने आकाङ्क्षा राख्दछन् र जुवाडी हुन जान्छन् ।

प्रवृत्ति (Attitude)

कुनै व्यक्ति, वस्तु वा विभिन्न कुराहरूमा भएको मानिसको आ-आफ्नो धारणा र मनो-भावनालाई प्रवृत्ति भनिन्छ । प्रत्येक व्यक्तिको प्रवृत्ति आ-आफ्नो प्रकारको हुन्छ । मानिसको प्रवृत्ति उसले अनुभव गरेको आधारमा र सामाजिक मान्यताको आधारमा बन्दछ । त्यसैले प्रवृत्ति जन्मैदेखि मानिसले पाएको मनोभावना होइन, तर जीवनको क्रममा विभिन्न कुराहरूले विभिन्न परिस्थितिमा पारेको निरन्तर प्रभाव र अनुभवको परिणामस्वरूप मनमा परेको प्रभाव हो । अनि मानिसका सम्पूर्ण व्यवहार र कार्यकलापहरू पनि त्यही प्रवृत्ति अनुरूप हुन्छन् ।

प्रवृत्ति मुख्यतः दुई प्रकारका हुन्छन्ः– (१) सकारात्मक प्रवृत्ति
(२) नकारात्मक प्रवृत्ति

१. सकारात्मक प्रवृत्ति

कुनै कुराको सुखमय अनुभव, राम्रो व्यवहार, असल प्रभाव मानिसको जीवनमा परेको छ भने त्यसबाट सृजना भएको प्रवृत्तिलाई सकारात्मक प्रवृत्ति भन्दछन् । यसले मनमा राम्रो छाप छोड्छ । सकारात्मक प्रवृत्ति मानिसको शैक्षिक, बौद्धिक, मानसिक, शारीरिक, नैतिक, व्याव-हारिक आदि विभिन्न पक्षहरूको विकासमा मदत गर्छ र सघाउ पुऱ्याउँछ । सकारात्मक प्रवृत्ति भएको कुनै कुरामा पनि मानिसको ध्यान आकर्षण हुन्छ, रुचि हुन्छ र त्यस्तो कुरा सिक्नमा

पनि इच्छुक रहन्छन्, तत्पर रहन्छन् । त्यसैले स-साना बालबालिकाहरूलाई नराम्रो कुरा भनेर सुनाएर वा देखाएर नराम्रो प्रवृत्ति उत्पन्न गराउनु हुँदैन । बरु जीवनमा जानी राख्नुपर्ने, सिकी राख्नुपर्ने कुराहरूमा सकारात्मक प्रवृत्ति पैदा गर्न आवश्यक छ, जस्तैः– नुहाउनु । नुहाउनाले आपनो शरीरको सरसफाइ हुन्छ, स्वास्थ्य तन्दुरुस्त रहन्छ र मन पनि चङ्गा हुन्छ । अतः मानिसले दिनदिनै वा हप्ताको दुईचोटि नुहाउनुपर्छ । यसले धेरै फाइदा गर्छ भन्ने कुराले नुहाउनुप्रति विद्यार्थीहरूमा सकारात्मक प्रवृत्ति पैदा हुन्छ, तर सानैदेखि बालबालिकाहरूलाई नुहाएपछि चिसो लाग्छ, रुघाखोकी बढ्छ, ज्वरो आउँछ अनि बिरामी होइन्छ भन्ने कुराहरू भनेर सुनाएर तिनीहरूमा नुहाउनुप्रति नकारात्मक भावना पैदा गर्नाले नुहाउनबाट पर भाग्छन्, नुहाउन मन पराउँदैनन् । त्यसैले छुवाछुतको भावना पैदा गर्नाले मानिसमा उँच-नीच, ठूलो-सानो, राम्रो-नराम्रो इत्यादिको प्रवृत्ति हुन्छ । वास्तवमा मानिस जन्मँदेखि उँच-नीच, सानो-ठूलो इत्यादि हुँदैनन्, सबै बराबर छन् ।

२. नकारात्मक प्रवृत्ति

कुनै कुराप्रति नराम्रो भावना हुनु, अनिच्छा पैदा हुनु, नमिठो अनुभव हुनु इत्यादिले गर्दा नकारात्मक प्रवृत्ति पैदा हुन्छ । त्यसैले मानिसको विकासका विभिन्न पक्षहरूमा नराम्रो प्रभाव पार्छ । नकारात्मक प्रवृत्ति रहेको कुनै कुरामा पनि मानिसले इच्छा, रुचि, तत्परता देखाउन बरु त्यस कुरामा हेलाको दृष्टिकोण अपनाउने, घृणा गर्ने र अर्थहीन ठान्ने गर्दछ । त्यसैले बालबालिकाहरूलाई खराब कुराहरूमा नकारात्मक प्रवृत्ति दिनाले फाइदा हुन्छ । जस्तैः– चुरोट खानु खराब भन्ने कुरा सबैलाई थाहा छ । चुरोट खानाले क्यान्सरजस्तो डरलाग्दो रोग लाग्छ, खोकी आउँछ, नशा लाग्छ, टाउको दुख्छ इत्यादि र साथै व्ययमा खर्च बढ्छ । अर्थात् चुरोट खानु स्वास्थ्यका लागि हानिकारक छ भन्ने भावना पैदा गर्न सकेमा यसप्रकारका नकारात्मक प्रवृत्तिको पनि राम्रो प्रयोग भएको हुन्छ, तर तल्लो जातजातिका मानिसहरू नराम्रा हुन्छन्, खराब हुन्छन् भन्ने नकारात्मक प्रवृत्ति जागरण भएमा अवश्य पनि मानिसको सामाजिक, बौद्धिक र नैतिक विकासमा अवरोध पैदा हुन्छ । अतः कतिपय सकारात्मक प्रवृत्तिहरू बनाउनमा र कतिपय नकारात्मक प्रवृत्तिहरू हटाउनमा आमाबाबु, शिक्षक-शिक्षिका र समाजका सम्पूर्ण व्यक्तिहरूले प्रयास गर्नु आवश्यक छ ।

सकारात्मक प्रवृत्तिले ज्ञान-सीप बढाउन, विकास गर्नमा मदत गर्छ, उत्प्रेरणा जगाउँछ भने नकारात्मक प्रवृत्तिले कुनै-कुनै बिर्सन, त्याग्न र हटाउनमा सहयोग गर्छ ।

(घ) चिन्तन (Anxiety)

चिन्ता मानिसको एउटा संवेगात्मक कुरा हो । डर, त्रास र असुरक्षाको मनस्थिति हो । मानिसको आपनो इच्छा, आशा, सोचाइको विपरीत नतीजा निस्कन्छन् वा कामकुरा हुन्छ भने

त्यसबाट चिन्ता पैदा हुन्छ । साथै मानिसले गरेको कुनै कामकुरामा आफू विश्वस्त नभएर असफलताको शङ्का उप-शङ्का भएर डर, त्रास भएपछि चिन्ता उत्पन्न हुन्छ । चिन्ता लागेपछि मानिसको ध्यानाकर्षण एकनासले त्यही विषयमा केन्द्रित रहिरहन्छ र बिर्सन गाह्रो हुन्छ । त्यसरी चिन्ता लागेको व्यक्तिसँग त्यही विषयको सन्दर्भमा जुन काम गरे पनि त्यस व्यक्तिले ध्यान दिन्छ, उत्प्रेरित हुन्छ । जस्तैः– विद्यार्थीहरूका लागि परीक्षा एक चिन्ताको विषय हुन्छ । प्रथम श्रेणीका विद्यार्थीहरूलाई परीक्षामा प्रथम श्रेणी नपाउँला भन्ने चिन्ता रहन्छ भने साधारण विद्यार्थीहरूलाई परीक्षामा असफल हुँला भन्ने चिन्ता रहेको हुन्छ । त्यसैले कुनै विषयमा फलाना शीर्षक, फलाना कुराहरू महत्त्वपूर्ण (Important) छन् भनेर शिक्षक वा त्यस विषय सम्बन्धित कुनै व्यक्तिले भनिदिएमा विद्यार्थीहरू त्यो विषय शीर्षक एकदम ध्यान दिएर उत्प्रेरित भएर अध्ययन गर्छन्, सिक्दछन् । त्यसैले उत्प्रेरणामा प्रभाव पार्ने तत्त्वहरूको चिन्ता पनि एक हो । अर्थात् चिन्ताले पनि उत्प्रेरणा दिन्छ । कुनै कामकुरा गर्दा उद्देश्य प्राप्तिका लागि चिन्तित रहन्छ भने त्यो व्यक्ति सो कामकुरा गर्दा सर्तक हुन्छ, उत्तेजित हुन्छ र प्रयत्नशील रहन्छ । फलस्वरूप उद्देश्य प्राप्तिका लागि यसले ठूलो मदत गर्छ । अतः शिक्षण सिकाइको प्रक्रियामा चिन्ताको माध्यमबाट धेरै कुराहरू सिक्न र सिकाइको प्रयोग गर्न सकिन्छ । तर चिन्ता एक नकारात्मक उत्प्रेरणा पनि हो, किनभने यसबाट मानिसले सहज ढङबाट कुनै काम कुरा सिक्नको सट्टा मानसिक दबाबमा परेर सिक्छ र अस्वाभाविक तरीकाले सिक्छ । मानसिक कारणले गर्दा त्यस्तो चिन्ताको विषयमा मानिसले आफ्नो तर्क, विवेक प्रयोग गर्न सक्तैन र अस्वाभाविक तरीकाले गर्दा कुनै कामकुरा दीर्घकालीन प्रयोजनका लागि हुँदैन । त्यसैले चिन्ता उद्देश्य प्राप्तिका लागि उत्प्रेरणाको रूप केही उदाहरणसम्म मात्र उपयुक्त छ । बढी चिन्ता भएपछि उत्प्रेरणा हुनुको सट्टा निराश हुनु, मौलिकता नहुनु, डर, त्रासको कारणले स्वतन्त्र विचार नहुनु, स्वास्थ्यमा नराम्रो असर पर्नु र क्रियाकलापमा अस्वाभाविकता आउनुजस्ता खराबीहरू हुन्छन् ।

चिन्ताले गर्दा सक्षम विद्यार्थीहरू झन् सक्षम हुन्छन् । कमजोर विद्यार्थी झन् कमजोर हुन्छन् ।

(ङ) हर्ष (Happiness)

चिन्ताको ठीक उल्टो हर्ष हो । यो मानिसमा हुने एक संवेगात्मक र भावनात्मक परिस्थिति हो । मानिसको आफ्नो आशा र इच्छा अनुसार कुनै कुराको प्राप्ति भयो भने हर्ष पैदा हुन्छ । हर्ष हुने कुनै कुरामा पनि मानिस सहज तरीकाले तत्पर हुन्छ । यसैले हर्ष हुने कुराबाट मानिसलाई उत्प्रेरणा हुन्छ ।

हर्ष र हर्षबाट हुने उत्प्रेरणा सुखमय हुन्छ । यस्तो उत्प्रेरणामा विद्यार्थी तत्पर र सक्रिय हुन्छ । यो हर्षद्वारा उत्पन्न हुने उत्प्रेरणालाई सकारात्मक उत्प्रेरणा भनिन्छ । किनभने यसैले मानिसको क्षमतालाई स्वच्छ रूपले विकसित गर्न तथा व्यवहार र कार्यकलापमा सकारात्मक परिवर्तन ल्याउन मदत गर्छ । यसैले शारीरिक, मानसिक, बौद्धिक विकासमा पनि ठूलो सघाउ पुऱ्याउँछ ।

हर्षले मानिसलाई हौसला बढाउँछ। फलस्वरूप क्रमशः उच्चस्तरका कार्यहरू सफलतापूर्वक गर्दै जाने क्षमताको विकास गर्दै जान्छ । जस्तोः– गणितको सरल समस्या समाधान गर्न जानेपछि क्रमशः कठिन समस्याहरू पनि समधान गर्दै जाने विद्यार्थीमा हौसला हुन्छ, हर्ष हुन्छ । बामे सर्न जानेको बच्चा उभिन जानेपछि दङदास हुन्छ र उभिन जानेको बच्चा हिंड्न जान्ने बेलामा हर्षित हुन्छ। हर्षले कमजोर र सक्षम बुर्वै थरीका विद्यार्थीहरूलाई सिक्नमा मदत गर्छ।

कक्षामा उत्प्रेरणा बढाउने उपायहरू

(क) नतीजाबोध (Knowledge of Result)

मानिस आफूले गरेको कुनै पनि कामको नतीजा के भयो भनेर थाहा पाउन उत्सुक रहन्छ । गरेको कामको नतीजा थाहा पाउनुलाई नतीजाबोध भन्दछन् । नतीजाबोधले गर्दा मानिसले गरेको काम कति मात्रामा सफल भयो र यसो हुनाका कारणहरू के-के हुन् थाहा पाउँछ र समयमै भूल सुधार गर्ने र अझ बढी सफलताका लागि प्रयत्न गर्ने र विभिन्न उपायहरू खोज्ने गर्दछ। मानिसलाई गरेको कामको नतीजाबोध भएन भने त्यो काम गर्ने सही तरीका के हो ? त्यस कामको अर्को तरीका छ वा छैन, त्यस कामको भूल सुधार गर्ने मौका प्राप्त हुँदैन ।

नतीजाबोध भएपछि मानिसले सही कार्य गरेबापत प्राप्त फलको आधारमा प्रेरणा पाउँछ भने भूल गरेबापत के-कस्तो भूल भएको हो, त्यस भूललाई सुधार गर्ने प्रेरणा पनि प्राप्त गर्दछ । तर कार्य गरिसकेपछि छोटो अवधिभित्रमा नै नतीजाबोध हुनु अत्यावश्यक छ। किनभने लामो अवधिपछिको नतीजाबोधले मानिसमा उत्प्रेरणाको जागरण (उत्सुकता) मरिसकेको हुन्छ र उक्त नतीजाको बोध किन त्यस्तो भयो भन्ने कारणहरू पनि बिसिसकेको हुन्छ । नतीजाबोध ठीक समयमा भएन भने मानिसले गर्नुपर्ने कुरा सुधार गर्न पाउँदैन र महत्त्व पनि हुँदैन । अनि यसबाट हुने हर्ष र विस्मात पनि कम हुन्छ।

शिक्षण सिकाइको प्रक्रियामा कक्षामा उत्प्रेरणा बढाउने उपायहरू मध्ये नतीजाबोध एक प्रभावकारी उपाय हो। यसको माध्यमबाट कक्षामा शिक्षण सिकाइ भैरहेको बेलामा विद्यार्थीको कार्यकलापमा देखा परेका गल्ती त्रुटिहरू उल्लेख सच्याएर, सुधारेर राम्रो निर्देशन दिन सकिन्छ र सन्तोषजनक वा राम्रो कार्यकलाप गरेको उल्लेख स्याबासी दिएर, प्रशंसा गरेर हौसला बढाउन सकिन्छ । यसो गर्नाले विद्यार्थीको सिकाइमा उत्प्रेरणा बढ्छ, तो नतीजाबोधको कार्यमा नराम्रोसँग गल्तीमात्र कोट्टयाउनुभन्दा गल्तीलाई सरल तरीकाले देखाई सुधार गर्ने बाटोसमेत देखाउनु आवश्यक छ। यसरी गृहकार्य, प्रगति प्रतिवेदन इत्यादिमा उत्प्रेरणा बढाउन सहायक हुन्छ ।

(ख) प्रतिस्पर्धा र सहयोग (Competition and Co-operation)

प्रतिस्पर्धाः– आजको युग प्रतिस्पर्धाको युग हो । दुई वा दुईभन्दा बढी व्यक्तिहरूमा एकले अर्कोलाई उछिन्नुलाई प्रतिस्पर्धा भन्दछन्। विभिन्न क्षेत्रमा विभिन्न प्रकारको प्रतिस्पर्धा

हुन्छ। विद्यालयमा विद्यार्थीहरूका बीच एकले अर्काताई उछिन्ने कार्यकलाप भै नै रहेको हुन्छ। जस्तोः– एउटै कक्षामा अध्ययन गर्ने विद्यार्थीहरू बीच एकले अर्कोभन्दा परीक्षामा राम्रो गरेर प्रथम हुन्छ। त्यस्तै कक्षाका विभिन्न कार्यकलापमा पनि शिक्षकबाट बढी अङ्क प्राप्त गर्नका लागि निर्देशन अनुसारको सन्तोषजनक कार्य गर्न लगनशील विद्यार्थीहरूमा होड चलिरहेको हुन्छ। कुनै पनि प्रतिस्पर्धामा केही न केही प्रकारको उत्प्रेरणा हुन्छ। त्यो उत्प्रेरक पुरस्कारको रूपमा पनि हुन सक्छ वा प्रशंसाको रूपमा पनि हुन सक्छ। त्यही उत्प्रेरकले गर्दा विद्यार्थीहरूमा उत्प्रेरणा आउँछ। त्यस्तो उत्प्रेरणा भएको कुनै पनि प्रतिस्पर्धामा विद्यार्थीहरू बढी लगनशील र क्रियाशील भएर संलग्न हुन्छन्, तर प्रतिस्पर्धाको भावना विशेष गरेर लगनशील विद्यार्थी-हरूबीच मात्र हुन्छ र अरू साधारण वा कमजोर विद्यार्थीहरू त्यस प्रतिस्पर्धामा सम्मिलित भएर विजय हासिल गर्न सक्ने आफ्नो क्षमता नहुनाले तिनीहरूलाई यसले कुनै असर पार्दैन। बरु त्यसको सट्टा प्रतिस्पर्धामा अनिच्छाले मात्र भाग लिन वा प्रयास नै नगरीकन बस्न थाल्छन्। त्यसैले प्रतिस्पर्धाको भावनाद्वारा कक्षामा शिक्षकले विद्यार्थीहरूलाई कुनै कार्य गराउँदा ती साधारण तथा कमजोर विद्यार्थीहरूलाई ध्यानमा राख्नु र बडो होसियारीसाथ कक्षा कार्यकलाप गर्नु गराउनुपर्दछ, अनि मनोवैज्ञानिक कुराहरू बुझ्नुपर्छ। प्रतिस्पर्धा मुख्य दुई प्रकारका हुन्छन्–

(क) व्यक्तिगत प्रतिस्पर्धा (ख) सामूहिक प्रतिस्पर्धा

(क) व्यक्तिगत प्रतिस्पर्धाः– व्यक्तिगत प्रतिस्पर्धामा प्रत्येक व्यक्ति वा विद्यार्थी स्वतन्त्र, कार्यशील, लगनशील भएर कार्यकलाप र क्षमताको प्रदर्शन गर्छ। यसप्रकारको प्रतिस्पर्धामा सक्षम रूपमा विद्यार्थीहरू मात्र बढी संलग्न रहन्छन्, तर कमजोर विद्यार्थीहरू निरुत्साहित भएर क्रियाशील रहँदैनन्। यसैले यसप्रकारको प्रतिस्पर्धा विशेष गरेर सक्षम विद्यार्थीको छनोटको आधारमा भए मात्र बढी प्रभावकारी हुन्छ।

(ख) सामूहिक प्रतिस्पर्धाः– सामूहिक प्रतिस्पर्धामा विद्यार्थीहरूलाई समूह-समूहमा विभाजन गरेको हुन्छ र सामूहिक कार्यकलापको प्रदर्शन हुन्छ। समूह विभाजन गर्दा उत्तम, साधारण तथा निम्न खालका विद्यार्थीहरू प्रत्येक समूहमा भएका हुन्छन् र समूहमा भएका प्रत्येक विद्यार्थीले आ-आफ्नो दक्षता अनुसार कार्यकलाप गर्छन्। यसरी आ-आफ्नो समूहमा भएका प्रत्येक विद्यार्थीले एक-अर्काको सहयोगबाट प्राप्त गरेको उपलब्धि सिङ्गै समूहको हुने भएकोले र एक अर्काको सहयोगबाट हुने भएकोले उत्तम खालका विद्यार्थीका साथसाथै साधारण तथा निम्न खालका विद्यार्थीहरू पनि उत्तेजित हुने, क्रियाशील हुने, लगनशील हुने गर्दछन्। यसकारण यस्तो प्रतिस्पर्धाले सबैको उत्प्रेरणा बढाउँछ। अतः कक्षामा उत्प्रेरणा बढाउने उपायहरू मध्ये एउटा प्रतिस्पर्धा पनि हो, तर यसको प्रयोग गर्दा शिक्षक-शिक्षिकाले सम्पूर्ण विद्यार्थीहरूलाई समावेश गर्ने प्रयास गर्नुपर्छ। यसो गर्दा विद्यार्थीहरूको मनोभाव, रुचि र क्षमतालाई बुझ्नु आवश्यक छ। प्रतिस्पर्धा त्यसबेला मात्र सम्भव हुन्छ र उपयुक्त हुन्छ,

अब प्रतिस्पर्धामा २० जनाको सहयोग भएन र प्रतिस्पर्धामा भाग लिएन भने वा सक्रिय भएन भने १० जनाको मात्र प्रतिस्पर्धा भन्नु उचित हुन्छ ।

सहयोगः– "एक हातले ताली बज्दैन" भनेजस्तै सहयोगविना कुनै कार्य पनि पूर्णरूपले सफल हुन सक्तैन । सहयोग भनेको एकले अर्कालाई मदत गर्ने हो । कक्षामा शिक्षण सिकाइका लागि पनि शिक्षक तथा विद्यार्थीहरूमा र विद्यार्थीहरूको आपसमा एक-अर्काको सहयोग हुनु आवश्यक छ । शिक्षकले प्रस्तुत गरेको विषयवस्तुमा विद्यार्थीले विरोध गर्ने, ध्यान नदिने, कक्षामा हल्ला गर्ने, विषयवस्तु छाडेर अन्य बाहिरी कुरा ल्याउने इत्यादिले गर्दा शिक्षण सफल र प्रभावकारी हुन सक्तैन र उद्देश्य प्राप्त हुँदैन । त्यस्तै विद्यार्थीहरू आपसमा अनावश्यक तर्क-वितर्क, झैझगडा कक्षामा गर्दछन् भने शिक्षण र सिकाइ सफल हुँदैन । त्यस्तै शिक्षण सिकाइ विषयवस्तुको प्रस्तुतीकरण साथसाथै शिक्षक विद्यार्थीसँग प्रश्नोत्तर गर्नुजस्तै आवश्यक छ, त्यत्तिकै विद्यार्थीहरूले पनि बुझेको कुरामा शिक्षकसँग प्रश्नोत्तर गर्नु आवश्यक छ ।

सामूहिक प्रतिस्पर्धाका लागि सहयोगको आवश्यकताबारे माथि उल्लेख भएको कुराबाट पनि स्पष्ट हुन्छ । उदाहरणार्थ महिनाको एकचोटि मात्र भए पनि कक्षामा विद्यार्थीहरू बीच हाजिरी जवाफ प्रतियोगिताको कार्यक्रम राख्न सकिन्छ । यस्तो कार्यक्रम विद्यार्थीहरूको समूह विभाजनभित्र सहयोगको महत्त्व प्रत्यक्ष रूपमा हेर्न सकिन्छ । किनभने कुनै एक समूह कुनै एक विद्यार्थी विशेषले मात्र हाजिरी जवाफमा सोधिने सबै प्रश्नको उत्तर दिन सक्ने हुँदैन । त्यसैले प्रश्नको जवाफ समूहको कुनै व्यक्तिले के बारेमा तयारी गर्ने भन्ने पहिले नै निधो गरिन्छ र सम्बन्धित कुनै प्रश्नको उत्तर दिंदा समूहले मान्य भएको उत्तर दिन्छ । यसमा सहयोगको भूमिका स्पष्ट देखापर्छ ।

(ग) उत्प्रेरक (Incentives)

लक्ष्य हासिल गर्नका लागि उक्साउने एक प्रकारको प्रलोभनलाई उत्प्रेरक भनिन्छ । उत्प्रेरक सधैं लक्ष्यसित सम्बन्धित भएको हुन्छ र उत्प्रेरकको कारणले लक्ष्य प्राप्ति गर्न खोज्दछ । जस्तैः– स-साना बालबालिकाहरूलाई पाठशाला गएमा चक्लेट दिन्छ भने चकलेट लिनलाई पाठशाला जान्छन् । विद्यालयमा पनि विद्यार्थीहरूलाई राम्रो पाठ गरेबापत पुरस्कार हुन्छ भनेपछि पुरस्कारको प्रलोभनले राम्रो पाठ अध्ययन गर्दछन् ।

उत्प्रेरक मुख्य दुई प्रकारका हुन्छन् । पहिलो प्रकारको उत्प्रेरक सकारात्मक खालको हुन्छ र दोस्रो प्रकारको नकारात्मक । जस्तैः– प्रशंसा, पुरस्कार, आरोप र दण्ड ।

(१) प्रशंसा र पुरस्कारः– यो उत्प्रेरक सुखमय र रमाइलो हुन्छ । साथै यसमा कहिले-काहीं ठोस उपलब्धि पनि हुन्छ । यस उत्प्रेरकले मानिसलाई बढी सक्रिय बनाई दिन्छ । प्रशंसा पाएपछि मानिसलाई मान, मर्यादा र गौरवको अनुभव हुन्छ । सुखमय अनुभव हुन्छ भने

पुरस्कार पाउँदा ती अनुभवको साथसाथै केही ठोस उपलब्धि पनि हुन्छ। त्यसैले यो सकारात्मक उत्प्रेरक हो।

(२) आरोप र दण्डः– हुन त आरोप र दण्डजस्ता कुराहरू कसैलाई मन पर्दैनन्, तर पनि यसलाई उत्प्रेरकको रूपमा प्रयोग गर्न सकिन्छ। जस्तैः– विद्यालय नजानेलाई दिनभरि कोठामा थुनिराख्ने, पाठ नगर्नेलाई ५।५ लट्ठी लगाउने तथा अल्छी, बुद्धु, खराब, लाटा आदि नाम दिने र गाली पनि दिने भनेपछि विद्यार्थी विद्यालय जान नचाहे पनि थुनिएर बस्नुपर्ला भनेर विद्यालय जान थाल्छ र दण्डबाट बच्न खोज्छ। यसरी दण्ड र आरोप उत्प्रेरकको रूपमा प्रयोग भैरहेको हुन्छ। प्रलोभन नभएका विद्यार्थीलाई यसप्रकारको उपयोगी सिद्ध हुन्छ। यो उत्प्रेरक कष्टदायक र नरमाइलो हुन्छ। यसलाई नकारात्मक उत्प्रेरक भनिन्छ। यी दुवै प्रकारका उत्प्रेरकहरूबाट कक्षामा उत्प्रेरणा बढाउन सकिन्छ।

(घ) सवलीकरण (Reinforcement)

सवलीकरण र उत्प्रेरक झन्डै-झन्डै उस्तै कुराहरू हुन्। उद्देश्य हासिल गर्नका लागि उद्देश्य अनुरूप कार्य गरेबापत दिइने उत्प्रेरकलाई सवलीकरण भनिन्छ, तर उत्प्रेरक भनेको उद्देश्य हासिल गर्नका लागि उक्साउने वा तर्साउने प्रक्रिया मात्र हो। "विद्यालय जानेलाई चक्लेट दिन्छु, नजानेलाई कोठामा थुनिदिन्छु" भन्ने उत्प्रेरक हो भने विद्यालयमा गएबापत चक्लेट दिनु र नगएबापत कोठामा थुनिदिनु सवलीकरण हो। सवलीकरण कुनै कार्य गरेकोमा परिणाम हो भने उत्प्रेरक कुनै कार्य गराउने प्रक्रिया मात्र हो, परिणाम होइन। सवलीकरण पनि दुई प्रकारबाट हुन सक्छः–

(१) सकारात्मकः– प्रशंसा, पुरस्कार र ठीक पुष्टयाईंबाट (प्रमाणबाट)।

(२) नकारात्मकः– दण्ड, आरोप र बेठीक पुष्टयाईंबाट (प्रमाणबाट)।

(१) सकारात्मकः– विद्यालय जानेलाई चक्लेट दिन्छु भनेकोमा गएबापत चक्लेट दिनु पुरस्कारको पुष्टयाईं सकारात्मक सवलीकरण हो।

(२) नकारात्मकः– विद्यालय नजानेलाई थुनिदिन्छु भनेकोमा नगएबापत थुनिदिनु नकारात्मक सवलीकरण हो।

सवलीकरणको अर्को प्रकार पृष्ठपोषण (Feedback) हो। पृष्ठपोषणको प्रक्रियामा गरेको कार्य ठीक छ वा छैन पुष्टयाईं गरिदिन्छ। अर्थात् पृष्ठपोषण भनेको गरेको कार्य ठीक बेठीक ज्ञान दिलाउनु हो। सवलीकरणमा प्रमाणस्वरूप पुरस्कार वा दण्ड पाउनेछ। तर पुरस्कार वा दण्डको आधारमा व्यक्ति (विद्यार्थी) ले ठीक बेठीक ज्ञान गर्छ। अनि पृष्ठपोषण हुन्छ।

उत्प्रेरकको महत्त्वः– परिभाषा, सङ्ख्या र पूर्तिको विधिले सवलीकरण प्रभावकारी हुने

महुनेमा प्रभाव पार्छ । जस्तोः– चक्लेट कति असल छ, कति ठूलो छ, कतिवटा छन्, तर कहिले दिने हो, यी कुराहरूले प्रभावकारी सबलीकरण देखाउँछ ।

उपर्युक्त कुराहरूको आधारमा भन्न सकिन्छ, यी सबलीकरणले कक्षामा उत्प्रेरणा बढाउन ठूलो मदत गर्दछ ।

(आ) क्रियाकलाप (Activities)

शिक्षण सिकाइको प्रक्रिया सफल र प्रभावकारी बनाउन उत्प्रेरणाको महत्त्वबारे गएका विभिन्न, शीर्षकहरूमा प्रशस्त व्याख्या भैसकेको छ । कक्षामा उत्प्रेरणा बढाउन ती विभिन्न चर्चा बाहेक विद्यालय हाताभित्र गरिने विभिन्न क्रियाकलाप (कार्यकलाप) पनि हो । क्रियाकलाप भन्नाले पाठ्यक्रम अनुसार विषयवस्तुको "ज्ञान" सीप र अभिवृत्ति बढाउनका लागि गरिने सम्पूर्ण कार्यक्रम बुझ्नुपर्छ । पाठ्यक्रममा उल्लिखित विषयवस्तुहरू पाठ्यपुस्तकका पाठहरूमा अध्ययन-मात्र गरेर अर्थपूर्ण तरीकाले सिक्न सकिंदैन । सैद्धान्तिक ज्ञानमात्र हुन्छ । सिकाइ अर्थपूर्ण तथा व्यावहारिक हुने गरी जीवनमा उपयोगी बनाउन सीप र अभिवृत्तिको पनि विकास हुन अत्यावश्यक छ । अतः सीप र अभिवृत्ति पनि यही तरीकाले विकास गर्ने हो भने क्रियाकलाप हुन पनि अत्यावश्यक हुन्छ । क्रियाकलापमा सैद्धान्तिक ज्ञानको साथसाथै व्यावहारिक ज्ञान पनि हुन्छ । सीप विकास हुन्छ । सकारात्मक अभिवृत्ति बढ्छ । क्रियाकलापलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छः–

(१) पाठ्यान्तर क्रियाकलाप (२) अतिरिक्त क्रियाकलाप

१. पाठ्यान्तर क्रियाकलाप

पाठ्यक्रममा उल्लेख भएको विषयवस्तु अनुसारको सम्पूर्ण क्रियाकलापलाई पाठ्यान्तर क्रियाकलाप भनिन्छ । यस सम्बन्धमा कक्षा ८ को शिक्षा पुस्तकको अन्तिम एकाइ (परिच्छेद) मा चर्चा भैसकेको छ । पाठ्यान्तर क्रियाकलाप पाठ्यक्रम अनुसारको विषयवस्तुको शिक्षण तथा सिकाइ दुवैमा उत्प्रेरणा बढाउन मदत गर्छ । जस्तोः– विज्ञानको शिक्षण गर्दा कक्षामा शिक्षकले सैद्धान्तिक ज्ञानमात्र दिए भने विद्यार्थीहरूले अर्थपूर्ण तरीकाले बुझ्न सक्दैनन् । प्रत्यक्ष रूपमा हेर्दा सकिने प्रमाण र प्रक्रिया देख्न पाउँदैनन् र व्यावहारिक जीवनमा यसको महत्त्व हुँदैन । विद्यार्थीले प्रयोग गर्न जान्दैनन् । यसले गर्दा विद्यार्थीले सीप आर्जन गर्दैन । साथै विज्ञानजस्ता विषयमा पनि रुचि र सकारात्मक अभिवृत्ति विकास हुँदैन । त्यस्तै गणित शिक्षण गर्दा गणितसम्बन्धी विषयवस्तुको शैक्षिक सामग्री पनि प्रयोग गरेर व्यावहारिक जीवनमा कसरी प्रयोग हुन्छ देखाउन सकेमा गणित विषय रुचिकर हुन्छ र सिकाइमा उत्प्रेरणा पैदा हुन्छ । कुनै-कुनै विषयमा शैक्षिक भ्रमणजस्ता क्रियाकलाप पनि पाठ्यान्तर क्रियाकलाप अन्तरगत पर्दछ, जुन क्रियाकलापको कारणले गर्दा विद्यार्थीहरू त्यस पाठ्यान्तरको त्यस विषय सिकाइमा उत्प्रेरित हुन्छ । अतः पाठ्यान्तर क्रियाकलाप अति महत्त्वपूर्ण छ र उत्प्रेरणाको ठूलो आधार मात्र सकिन्छ ।

२. अतिरिक्त क्रियाकलाप

पाठ्यक्रममा उल्लिखित विषयवस्तु बाहेक अरू विभिन्न क्रियाकलापहरूलाई अतिरिक्त क्रियाकलाप भनिन्छ । यो क्रियाकलाप विद्यालयको हाताभित्र र हाताबाहिर पनि हुन्छ र यसले विद्यार्थीको सिकाइ प्रक्रियामा प्रत्यक्ष रूपले या अप्रत्यक्ष सघाउ पुऱ्याएको हुन्छ । यसरी सिकाइमा सघाउ पुऱ्याउने भएकोले यसबाट पनि कक्षामा उत्प्रेरणा बढाउनमा मदत पुग्छ । जस्तैः– फुटबल म्याच । फुटबल म्याच एक कक्षामा विद्यार्थीहरू बीच वा विभिन्न कक्षामा विद्यार्थीहरू बीच गरी वा एक विद्यालयका विद्यार्थीहरू अर्को विद्यालयका विद्यार्थीहरू बीच गरी फुटबल खेलाडीहरू सबैलाई खेलको मैदान, यसको लम्बाइ, चौडाइ, गोल पोष्टको लम्बाइ, उचाइ, डी-एरिया, सेन्टर आदिको ज्ञानको साथसाथै खेलाडीहरूको भूमिका (Roles) खेलको नियम, अनुशासनको ज्ञान हुनु, सीप हुनु आवश्यक छ । यी सबै कुराहरूले विद्यार्थीलाई नियम तथा अनुशासनको पालन गर्नेबारे, आपसमा सहयोगबारे ज्ञान दिन्छ । त्यसको अलावा विद्यार्थीहरूको शारीरिक, सामाजिक, नैतिक र संवेगात्मक आदि विकासहरू अप्रत्यक्ष रूपमा भएको हुन्छ । त्यस्तो अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूमा स्वच्छ मनोभाव, आपसी सम्बन्ध र स्वच्छ वातावरण तयार गर्नमा सहयोग गर्छ । फलस्वरूप विद्यार्थीका विषयवस्तु अध्ययन र सिकाइमा पनि उत्प्रेरणा बढेको हुन्छ ।

जीवनमुखी परिस्थिति (Life-oriented Situation)

शिक्षा हासिल गर्नको उद्देश्य हाम्रो भावी जीवन सफल पार्नका लागि हुनुपर्छ । अतः शिक्षण गर्दा हाम्रा जीवनमा प्रचलित व्यावहारिक र उपयोग हुने नियम, सिद्धान्त र उदाहरणहरू प्रस्तुत गरिएको हुनुपर्छ । अर्थात् शिक्षण जीवनसित सम्बन्धित हुनुपर्छ । तबमात्र विद्यार्थीले सिकाइको महत्त्व अर्थपूर्ण तरीकाले बुझ्दछन् । जीवनमुखी परिस्थिति भन्नाले हाम्रो दैनिक जीवनमा आइपर्ने विभिन्न प्रकारका परिस्थितिलाई जनाउँछ । यस्तो परिस्थितिको सामना हरबखत गरिरहनुपर्ने भएकाले शिक्षण सिकाइ त्यस कुरासित सम्बन्धित भएमा विद्यार्थीहरू उत्प्रेरित हुने गर्दछन् र सिकाइ सफल र प्रभावकारी हुनेछ ।

अभ्यास

१. उत्प्रेरणा भनेको के हो ? दुईवटा उदाहरण दिएर वर्णन गर्नुहोस् ।
२. सफल र प्रभावकारी सिकाइमा उत्प्रेरणाको भूमिका बयान गर्नुहोस् ।
३. उत्प्रेरणामा प्रभाव पार्ने तत्त्वहरूको सूची बनाउनुहोस् र कुनै एक उदाहरणसहित व्याख्या गर्नुहोस् ।
४. कक्षामा उत्प्रेरणा बढाउने उपायहरू लेख्नुहोस् । सिकाइमा असरको नियम (Law of Effect) र उत्प्रेरणा बढाउने उपाय सबलीकरण (Reinforcement) मा के समानता छ ? लेख्नुहोस् ।
५. नतीजाबोध गरेर कक्षामा उत्प्रेरणा बढाउन सकिन्छ भन्ने कुरा उदाहरण दिएर प्रमाणित गर्नुहोस् ।

खण्ड ६

शिक्षाका सूत्रहरू

शिक्षणका विभिन्न विधिहरूको आधारमा कुन विषय के-कस्तो प्रक्रियाद्वारा सिकाउन सकिन्छ भन्ने थाहा पाइन्छ तापनि ती विधिहरू मात्र आफैंमा पूर्णतः सफल हुन कठिनाइ पर्दछ । यो कुरा विशेष गरेर शिक्षण अनुभव नभएका र तालिम प्राप्त नगरेका शिक्षकहरूले महसुस गर्दछन् । सफल शिक्षणका लागि खण्ड ३ मा दिइएका आधारभूत शिक्षण नमुना र खण्ड ५ मा दिइएका शिक्षणका सिद्धान्तहरू सबै बुझ्नु र ती कुराहरूलाई अपनाउनुका साथसाथै बाल मनोविज्ञानमा आधारित निम्न शिक्षणका सूत्रहरू साधारणतः जोसुकैले जस्तो बेलामा पनि प्रयोगमा ल्याउन आवश्यक छ । ती शिक्षण सूत्रहरू हुन्:–

(क) सरलबाट जटिलतिर (From Simple to Complex)
(ख) ज्ञातबाट अज्ञाततिर (From Known to Unknown)
(ग) प्रत्यक्षबाट अप्रत्यक्षतिर (From Direct to Indirect)
(घ) पूर्णबाट अंशतिर (From Whole to Parts)
(ङ) स्थुलबाट भावात्मक सूक्ष्मतिर (From Concrete to Abstract)

उपर्युक्त शिक्षण सूत्रहरूका आधारमा शिक्षण गर्नाले विषयवस्तु र पाठ क्रमशः सिलसिलाबद्ध तरीकाले प्रस्तुत हुन्छ । विद्यार्थीहरू उत्प्रेरित हुन्छन् र शिक्षण र सिकाइ दुवै सफल हुन्छ । तर उपर्युक्त तथ्यहरूको वास्ता नगरीकन एकैचोटि कठिन कुराहरू, एकदमै अज्ञात तथ्यहरू, प्रत्यक्षरूपले देख्न र अनुभव गर्न नसकिने भावनात्मक कुराहरू तथा सम्बन्ध नै नदेखाईकन अंशहरू बुझाउन र सिकाउन प्रयास गर्दा विद्यार्थीले बुझ्न नसक्ने हुन्छ र शिक्षकले पनि बुझाउन नसक्ने हुन्छ । फलस्वरूप शिक्षकलाई विषयवस्तुसम्बन्धी प्रशस्त ज्ञान भए पनि शिक्षण असफल भएर उसमा नैराश्यता आउँछ, असन्तुष्ट हुन्छ । विद्यार्थीहरूको हकमा विषयवस्तु सिक्ने रुचि र ध्यान भएर पनि सिकाइको पाठ सिक्न नसक्नाले सिक्ने हौसला र उत्प्रेरणा घट्दै जान्छ । अतः ती शिक्षण सूत्रहरू कसरी शिक्षणमा प्रयोग हुन्छन् तल व्याख्या गरिएको छ ।

(क) सरलबाट जटिलतिर (From Simple to Complex)

कुनै पनि शिक्षकले आफ्नो विषयवस्तु शिक्षण गर्दा विद्यार्थीको पूर्वज्ञानलाई बुझ्नुपर्छ र सोही पूर्वज्ञानसित सम्बन्धित सरल कुराहरूको पुनरावलोकन गरेर क्रमशः कठिन वा जटिल कुराहरू प्रस्तुत गर्नुपर्छ । यसो गर्नाले सरल कुराहरू विद्यार्थीले सरलसँग सिक्छन् र यसैको

सिलसिलामा सम्बन्धित नयाँ तथा जटिल कुरा पनि क्रमैसँग बिस्तारै-बिस्तारै सिक्दै जान्छन्, तर पूर्वज्ञानसित पटक्कै सम्बन्ध नभएको नयाँ र जटिल कुरा एकै पटक प्रस्तुत गर्नाले विद्यार्थीले बुझ्न सक्दैन । किनभने उसले निम्न आवश्यक साधारण कुरा पनि जानेको हुँदैन, जसको आधारमा ती नयाँ तथा जटिल कुरा सिक्नुपर्छ । साथै ती निम्न कुराहरू विद्यार्थीले सिकिसकेको छ भने अनुमान गरेको गलत हुन सक्छ अनि शिक्षकको यो गलत धारणाले गर्दा विद्यार्थीको सिकाइ भ्रमात्मक हुन्छ । अतः सरलबाट जटिलतिर क्रमिक रूपले ज्ञान र सीप बढाउँदै लैजाने शिक्षण प्रक्रिया हुनु आवश्यक छ ।

जस्तैः– पृथ्वी गोलो छ भन्ने कुरा सिकाउनुपरयो भने सर्वप्रथम विद्यार्थीलाई गोलो शब्दको धारणा र ज्ञान हुनु आवश्यक छ । प्लेट र पैसा गोलो छ छैन, तर गुच्चा, भकुन्डो, सुन्तला गोला छन् भन्ने धारणा पूर्वज्ञान भएमा मात्र पृथ्वी गोलो छ भन्दा विद्यार्थीले आफ्नो कल्पनाले बुझ्न सक्ने हुन्छ । यसका साथै विद्यार्थीलाई आयतनको ज्ञान भएमा पृथ्वी कति ठूलो छ भन्ने कुराको ज्ञान पनि दिन सकिन्छ । त्यस्तै कति बज्यो भन्ने कुरा थाहा पाउनलाई घडी हेर्न जानेको हुनुपर्छ । घडी हेर्न जान्नु भन्नाले घण्टाको सुई र मिनेटको सुई कुन-कुन हो र यिनीहरूले देखाएको अङ्क स्थान हेरेर थाहा पाउनु हो । सेकेन्डसमेत पनि पढ्न सकिन्छ । फेरि घडी कसरी चल्छ, यो थाहा पाउन झन् गाह्रो र कठिन कुरा हो, तर घडीको अर्थ प्रयोग र समयको निर्धारण बारे नै ज्ञान नभएकालाई घडीभित्रका यन्त्रहरूको प्रक्रिया बुझाउन सकिन्न । यसैले यस्तो कठिन कुरा बुझाउनलाई सरल कुराको ज्ञान दिनु र चर्चा गर्नु अत्यावश्यक छ । अनि मात्र क्रमशः जटिल कुराहरू सिकाउन सम्भव छ । यस सूत्रलाई प्रयोग नगरीकन अर्थपूर्ण, क्रमबद्ध र सफल सिकाइ हुँदैन ।

जोउको ज्ञानबाट गुणन सिकाउनु, फूलको ज्ञानबाट परागकण (Pollengrains) बारे सिकाउनु, शब्दार्थको ज्ञानबाट वाक्य बनाउन सिकाउनु इत्यादि यही सरलबाट जटिलतिरका सूत्रमा आधारित छन् ।

(ख) प्रत्यक्षबाट अप्रत्यक्षतिर (From Direct to Indirect)

शिक्षण सफल र प्रभावकारी हुनका लागि सकेसम्म शिक्षकले प्रत्यक्ष ज्ञान दिने विधि अपनाउनुपर्दछ । तर कतिपय कुराहरू यस्ता छन्, जसको प्रत्यक्ष ज्ञानलाई प्रशस्त पैसा खर्च गर्नुपर्ने, प्रशस्त सामानहरू उपलब्ध हुनुपर्ने वा प्रशस्त मिहिनेत तथा समय पनि लाग्ने हुन्छ । आर्थिक सङ्कट परिरहने हाम्रो मुलुकमा विद्यालयहरूमा यी सुविधाहरूको कमीले गर्दा धेरैजसो ज्ञान दिन सकिँदैन । अतः विद्यार्थीले प्रत्यक्ष पूर्व अनुभव गरेको पूर्वज्ञानको आधारमा अरू नयाँ कुराहरू सिकाउनुपर्दछ । यस सूत्रको भनाइ अनुसार शिक्षण गर्दा विद्यार्थीले आफ्नो

अगाडि र वरपर देख्न सक्ने, अनुभव गर्न सक्ने कुराबाट सुरुवात गरे मात्र प्रत्यक्ष अर्थात् देख्न, सुन्न र सोझै अनुभव गर्न सक्ने कुराहरूको ज्ञान दिनुपर्छ । जस्तैः– हिमनदी भनेको हिउँ पग्लेर बनेको नदीलाई भन्दछन् । यहाँ विद्यार्थीले हिउँ पग्लेर कसरी नदी बन्छ भनेर जान्न चाहेको खण्डमा हामी उसलाई हिउँ भनेको बरफ वा असिनाजस्तै हो भनेर बरफ वा असिना पग्लेपछि पानी बनेको र पानी बन्ने कुरा प्रत्यक्ष देखाउन र बुझाउन सक्छौं । यसैको आधारमा हिम-नदीबाट अप्रत्यक्ष ज्ञान दिन सक्छौं । त्यस्तै हाम्रो श्वास-प्रश्वासक्रियामा बेलुनमा हावा भर्दा फुकेजस्तै र हावा छोडिंदा खुम्चेजस्तै फोक्सो पनि हाम्रो शरीरभित्र फुक्ने र खुम्चिने गर्दछ भन्ने बुझाउन सकिन्छ । छेपारोजस्तो पानीमा बस्ने ठूलो जीवलाई गोही भनिन्छ । एक गाउँ वा गाउँ विकास समितिभित्र भएका मानिसको गन्ती भएजस्तै देशको सम्पूर्ण मानिस-हरूको गन्तीलाई देशको जनसङ्ख्या भनिन्छ । उडिरहेको वा जहाजबाट आत्मरक्षाका लागि हाम फाल्दा प्रयोग गरिने छातालाई प्यारासुट भनिन्छ इत्यादि ।

(ग) ज्ञातबाट अज्ञाततिर (From Known to Unknown)

पूर्णरूपले विद्यार्थीहरूलाई अनभिज्ञ भएको विषयवस्तु वा पाठको शिक्षण गर्दा कक्षामा विद्यार्थी बाल्न परेर बसेको घेरैजसो शिक्षकहरूले अनुभव गर्दछन् । यसो हुनाका मुख्य कारण विद्यार्थीहरूलाई त्यस पाठसित सम्बन्धित नै पनि आवश्यक पूर्वज्ञान नहुनाले प्रस्तुत पाठ बुझ्न र सिक्नमा कठिनाइ पर्दछ र नबुझेपछि बाल्न परेर बस्ने गर्दछ । यसैले शिक्षण सिकाइको प्रक्रियामा सफल शिक्षण तथा सफल सिकाइका लागि प्रस्तुत गरिने पाठसित सम्बन्धित ज्ञान भएका कुरालाई पहिला चर्चा या उल्लेख गर्नुपर्छ र क्रमशः त्यसैको सिलसिलामा मिलाएर विद्यार्थीले नजानेको सिक्नुपर्ने विषयवस्तु वा पाठ प्रस्तुत गर्दै लान्नुपर्छ । यसो गर्नाले विद्यार्थी-लाई त्यस अज्ञात विषयवस्तु सिक्नमा पूर्व चर्चा भएको ज्ञात विषयवस्तुको आधार मिल्दछ । अनि सोही आधारमा अज्ञात विषयवस्तु सिक्नमा जागरुकता र उत्प्रेरणा प्राप्त हुन्छ र सिक्न सरल हुन्छ, प्रयास सफल हुन्छ । साथै शिक्षकले पनि कुनै कुरा एकै पटक झ्वाट्ट प्रस्तुत गर्नुको सट्टा विद्यार्थीलाई सिकाउनुपर्ने कुराका लागि तयारी गरेको अनुभव हुन्छ र शिक्षण सफल हुन्छ ।

उदाहरणार्थ ४ से. मि. भुजा भएको वर्ग (Square) बनाउने भन्दाखेरि वर्ग भनेको के हो भनेर सिकाएको भए पनि विद्यार्थीले ठीकसँग वर्ग बनाउन सक्दैन । यसकारण वर्ग बनाउन सिकाउने बेलामा विद्यार्थीलाई ज्ञात भएका कुराहरू जस्तै ९०° कोण कसरी बनाउने, ४ से. मि. कसरी काट्ने, चारभुजाहरू कसरी बराबर बनाउने इत्यादि चर्चा गर्नु र त्यसपछि वर्ग बनाउन दिएमा विद्यार्थीले ती पूर्व चर्चा ज्ञान अनुसार सोचविचार गरी बनाउँदछन् । त्यस्तैः– अज्ञात विषयहरू बाघ, गोही, अजिङ्गर सिकाउनलाई ज्ञात कुराहरू क्रमशः बिरालो, छेपारो वा (माउ-सुली) सर्पबारे उल्लेख गर्नुपर्छ । पोखरीको धारणा दिनलाई खाल्डोमा जमेको पानी वा तालको

धारणालाई पोखरीको उल्लेख हुनु आवश्यक छ । सूर्य उदाउने ज्ञानबाट दिशा (पूर्व, पश्चिम, उत्तर, दक्षिण) को ज्ञान दिन सकिन्छ ।

(घ) पूर्णबाट अंशतिर (From Whole to Parts)

मानिस जन्मेदेखि स्वभावतः पूर्ण (सिङगो) कुरामा ध्यान आकर्षित भएको पाइन्छ । यदि केही गरी उसलाई अंश देखाइयो र त्यसमा ध्यान परे पनि त्यसको अर्थ, महत्त्व र प्रयोगको ज्ञान पाउनलाई सिङगो कुराको रूप र विशेषता थाहा हुन आवश्यक पर्छ । संसारमा मानिसको आवश्यकता पूर्तिका लागि कति थरी कुराहरू निर्माण भएका छन्, तो सबै पूर्ण कुरालाई ध्यानमा राखेर नै निर्माण भएका छन् र विज्ञानका जति आविष्कारहरू भएका छन्, तो सबै पूर्ण कुरा बन्नका लागि अंशहरूको पनि आवश्यकता अनुसार निर्माण हुन्छ । प्राकृतिक हर कुरा ईश्वरको निर्माण हो र ईश्वरका सबै निर्माण पूर्ण रूपमा छन् । मानिस ईश्वरको निर्माण हो । अतः मानिसले जन्मेदेखि पूर्ण कुराको नै सर्वप्रथम ज्ञान हासिल गर्दछ । अनि मात्र क्रमशः अंशको ज्ञान प्राप्त गर्दछ ।

मानिसले शरीरको ज्ञानबाट टाउको, हात, खुट्टा इत्यादिको ज्ञान क्रमशः प्राप्त गर्दछ । त्यस्तै घरको ज्ञानबाट घर बनाउँदा प्रयोग गरिने वस्तुहरू (ईंट, माटो, काठ) को ज्ञान, मोटरको ज्ञानबाट मोटरमा प्रयोग भएका कलपूर्जाहरूको ज्ञान, फूलको ज्ञानबाट फूलमा भएका विभिन्न अंशहरूको महत्त्वको ज्ञान आदि सबै पूर्णबाट अंशतिरको ज्ञान हो । हाम्रा दैनिक जीवनका प्रत्येक पाइलामा यस्ता उदाहरणहरू दिन सकिन्छ, तर अंशबाट पूर्णतिरको ज्ञान उल्टो प्रक्रिया हो; किनभने अंशको अर्थ, महत्त्व र प्रयोगको ज्ञान हुनलाई पूर्ण कुराको धारणा हुनु अत्यावश्यक छ । विकास तथा मनोविज्ञानको सिद्धान्त अनुसार पनि सिकाइको प्रक्रिया पूर्णबाट अंशतिर हुनुपर्छ, तब मात्र सिकाइ अर्थपूर्ण र सफल हुन्छ । अतः शिक्षाविद्हरूको भनाइ अनुसार शिक्षणको सूत्र पूर्णबाट अंशतिर हुनुपर्छ ।

(ङ) स्थूलबाट भावात्मक सूक्ष्मतिर (From Concreté to Abstract)

स्थूल भन्नाले ठोस चीजलाई जनाउँछ र भावात्मक भन्नाले मानसिक, बौद्धिक र संवेगात्मक कुरालाई जनाउँछ । स्थूल चीजको आकार, तौल र आयतन हुन्छ । अनि प्रत्यक्ष रूपमा देख्न सकिन्छ । भावात्मक कुराको आकार, तौल र आयतन हुँदैन, तर अनुभव मात्र गरिने हुन्छ । अतः शिक्षण गर्दा पहिला स्थूल चित्रको प्रदर्शन र उदाहरण दिनुपर्छ । किनभने सिकाउन पनि सजिलो हुन्छ र विद्यार्थीले त्यसबारे राजिलैसँग सिक्न पनि सक्छ, तर भावात्मक कुरा शिक्षण गर्दा स्थूल कुराको सहायता लिनुपर्ने हुन्छ र प्रत्यक्ष रूपमा देख्न र छोँ्याउन नसक्ने भएकोले केही हदसम्म कठिन हुन्छ । त्यसैले सरल, प्रत्यक्ष र स्थूलबाट जटिल, अप्रत्यक्ष र भावात्मकतिर क्रम मिलाएर शिक्षण गर्नुपर्छ । किनभने सिकाइ पनि यही सूत्रमा आधारित

छन् । उदाहरण– ३ मा २ थप्यो भने ५ हुन्छ भन्ने कुरा स-साना प्राथमिक विद्यार्थीहरूले बुझ्न सक्तैनन्, तर ३ वटा कलम र २ वटा कलम संगै मिलाएर कति भयो भनी देखाउँदा ५ वटा भएको बुझ्न सक्छन् । यहाँ ३ वटा कलम र २ वटा कलम स्थूल (ठोस) रूपमा संगै मिलाएको प्रत्यक्ष देखापरेकोले बुझ्न सजिलो भयो र बुझे । यस्तै गरी ३ र ४ जोड्नु परेमा विद्यार्थीले औंलामा गन्नु, धर्काहरू प्रयोग गर्नु र क्रमशः अभ्यास र अनुभवले जोड्न निकाल्न सक्नु भावात्मक तरीकाले सिकेको मान्न सकिन्छ । "आगोजस्तो तातो छ" भन्दाखेरि आगो ठोस उदाहरण हो भने तातो छ भावात्मक कुरा हो । कोइलाजस्तो कालो, चूकजस्तो अमिलो, फूलजस्तो नरम, दुङ्गाजस्तो साह्रो भन्ने कुराहरू स्थूलबाट भावात्मकतिरका उदाहरण हुन् ।

उपर्युक्त उदाहरणबाट स्पष्ट हुन्छ कि भावात्मक कुरा सिक्नलाई स्थूल कुराको ज्ञान आवश्यक छ । शिक्षण तथा सिकाइको प्रक्रिया स्थूलबाट भावात्मकतिर बढेको हुनुपर्छ अनि मात्र सफल हुन्छ ।

अभ्यास

१. कुनै शिक्षकले बिरुवा देखाएर जरा, हाँगा, पात, फल, फूलको ज्ञान दिन्छन् भने उनले कुन शिक्षणका सूत्रहरू प्रयोग गरेका छन् ? स्पष्ट गर्नुहोस् ।

२. "दशैं, तिहार" रमाइलो चाडपर्व हो । "रमाइलो चाडपर्व" को अर्थ स-साना विद्यार्थीहरूलाई कसरी बुझाउन सकिन्छ ? उदाहरणसहित बयान गर्नुहोस् ।

३. शिक्षणका सूत्र "सरलबाट जटिलतिर हुनुपर्छ" बयान गर्नुहोस् र "जटिलबाट सरलतिर हुन सक्तैन" कारण दिनुहोस् ।

खण्ड ७

शिक्षकमा हुनुपर्ने गुणहरू

शिक्षकको महत्त्व

गुरुः ब्रह्मा, गुरुः विष्णु गुरुः देवो महेश्वरः
गुरुः साक्षात्, परब्रह्मः तस्मै श्री गुरवे नमः

उपर्युक्त पङ्क्ति अध्यापकको महत्त्व स्पष्ट गर्नका निमित्त पर्याप्त छ । शिक्षक कुनै पनि शिक्षा प्रक्रियाको एक आवश्यक एवं महत्त्वपूर्ण अङ्ग हो । शिक्षक नै विद्यालय तथा शिक्षा पद्धतिको गेयात्मक (Dynamic) शक्ति हो । विद्वान् एच. जी. वेल्सको कथनानुसार शिक्षक इतिहासको वास्तविक निर्माता हो । श्री जोन एडम्सको भनाइ छ– शिक्षक मनुष्यको निर्माता हो । यो सत्य हो कि विद्यालय भवन, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री आदि वस्तुहरूको शैक्षिक कार्यक्रमलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण स्थान रहन्छ । तर जबसम्म ती वस्तुहरूमा शिक्षकले जीवन-शक्ति प्रदान गर्दैन, तब तिनीहरूको उपस्थिति निरर्थक साबित हुन्छ । अर्को शब्दमा विद्यालय भवन, वातावरण, उपकरण आदि जतिसुकै सुन्दर तथा आकर्षक किन नहोस् प्रधानाध्यापक जतिसुकै कुशल किन नहोस् यदि शिक्षकमा आवश्यक गुणहरूको अभाव र शिक्षण कार्यमा श्रद्धा छैन भने विद्यालयमा शिक्षण सिकाइको उपयुक्त वातावरण कायम हुन सक्दैन र त्यस्ता शिक्षकहरूबाट अध्यापन गरिएका विद्यार्थीहरूले उनीहरूबाट र विद्यालयबाट केही पनि हासिल गर्न सक्तैनन् । शिक्षक नै त्यो शक्ति हो, जसका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भावी सन्ततिहरूमाथि प्रभाव रहन्छ । शिक्षक नै राष्ट्रको भाग्य निर्णायक हो । शिक्षाप्रणालीको योग्यता शिक्षकको योग्यतामाथि निर्भर गर्दछ । असल शिक्षकको अभावमा सर्वोत्तम शिक्षाप्रणाली पनि असफल रहने सम्भावना हुन्छ । यसको विपरीत असल शिक्षकद्वारा शिक्षा प्रणालीका खराबी विकृतिहरू पनि दूरं हुन सक्दछन् । एउटा अङ्ग्रेजी उखान छ– "A bad instrument in the hands of a good artist tunes well" (असल कलाकारको हातमा बिग्रेको वाद्ययन्त्र पनि ठीकसँग बज्दछ ।)

प्राचीनकालमा शिक्षक (गुरु) लाई देवताको रूपमा प्रतिष्ठा गरिन्थ्यो । शिक्षकलाई अनेक सम्मानसूचक विशेषण प्रयोग गरी सम्बोधन गरिन्थ्यो । जस्तोः– धियावसु (जसको बुद्धि नै धन हो), अग्नि प्रचेता (विशेष ज्ञानी), विश्व वेदा (सर्वज्ञ), जात वेदा (जे-जति विकसित भएको छ त्यो सबै जान्ने), सत्य जन्मा (सत्य जान्ने व्यक्ति) आदि आदि । आज पनि मानव जातिको विचारधारामा जतिसुकै परिवर्तन आएको किन नहोस् शिक्षकको आफ्नो महत्त्व

छ । निश्चय पनि आज शिक्षक देवताको रूपमा प्रतिष्ठित छैन, तर प्रक्रिया.को एक आवश्यक अङ्ग शिक्षक अवश्य हो । आज शिक्षक विद्यार्थीहरूमा जिज्ञासा तथा प्रेरणा उत्पन्न गरी उनीहरूलाई सिक्नका निमित्त तयार गराउँछ, प्रभावकारी सिकाइका निमित्त उनीहरूलाई सहयोग पुऱ्याउँछ, सिकाइका कठिनाइहरूलाई हटाइदिन्छ, विद्यार्थीहरूलाई मार्गदर्शन प्रदान गर्छ र उनीहरूले सिकेको ज्ञान.तथा कुशलतालाई स्थायित्व प्रदान गर्दछ । असल शिक्षकको अनुपस्थितिमा विद्यालयले आफ्नो उद्देश्य कहिले पनि प्राप्त गर्न सक्तैन । शिक्षकको स्तर, योग्यता, कार्यशैलीको प्रभाव एक विद्यार्थी माथि मात्र पर्दैन, बरु यसको प्रभाव विद्यालय वातावरणमा, समुदाय, समाज र राष्ट्रमाथि नै पर्दछ । अतः हरेक विद्यालयले शिक्षा पद्धति, समाज तथा राष्ट्रकै निमित्त कुशल तथा आवश्यक गुणहरूले ओतप्रोत भएका शिक्षकहरू प्राप्त गर्न आवश्यक हुन्छ ।

शिक्षकका गुणहरू

माथिको छलफलबाट हामीलाई यो अवगत भयो कि हरेक शिक्षा प्रक्रियाको महत्त्वपूर्ण अङ्ग शिक्षक हो । अब हामीले यो कुरा थाहा पाउने प्रयास गर्ने छौं कि शिक्षकमा त्यस्ता कुन-कुन गुण हुनुपर्दछ, जसले गर्दा उसले सफलता हासिल गर्नसक्छ । यस शताब्दीमा शिक्षकका सफलता कुन-कुन कुरामा निर्भर गर्दछ र कुन-कुन गुणहरूले कुनै एउटा व्यक्तिलाई आदर्श शिक्षक बनाउँछन् भन्नेजस्ता प्रश्नहरूमा निकै अनुसन्धानहरू भए । अमेरिकामा चार्टस र वापल्स (Charters and Waples) भन्ने व्यक्तिहरूले गरेको अध्ययनबाट शिक्षकमा निम्नलिखित गुणहरू हुनुपर्ने निष्कर्ष निस्केको पाइएको छः– (१) अनुकूलता (२) आकर्षक चेहरा (३) सावधान (४) अर्काका निमित्त सहानुभूति (५) सहयोगी (६) व्यवहारमा एकरूपता (७) कुशल (८) राम्रो स्वास्थ्य (९) इमानदार (१०) नेतृत्व तथा आत्मविश्वास (११) स्वच्छता (१२) मौलिकता (१३) प्रगतिशील (१४) नियम पालनकर्ता (१५) नम्रता तथा नैतिकता (१६) विद्वत्ता आदि । बसरी नै विभिन्न मुलुकमा विभिन्न व्यक्तिहरूले सफल शिक्षकका गुणहरू के हुनुपर्छ भन्ने बारेमा गरेका खोजहरूबाट धेरै कुरा पत्ता लाग्येको छ ।

खास गरी सफल शिक्षकमा हुनुपर्ने गुणहरूलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ ।

(क) व्यक्तिगत गुणहरू

(ख) सामाजिक गुणहरू

(ग) शैक्षिक गुणहरू

अब यिनीहरूका बारेमा एक-एक गरी चर्चा गरौं ।

(क) व्यक्तिगत गुणहरू

प्रथमतः शिक्षक भनेको एक व्यक्ति हो । शिक्षक एउटा व्यक्ति भएकाले उसमा पनि एउटा असल तथा आदर्श व्यक्तिमा हुनुपर्ने गुणहरू रहनु आवश्यक हुन्छ । व्यक्तिगत गुणहरूका कारण नै शिक्षक एउटा महान् व्यक्तिको रूपमा प्रतिष्ठित हुन सक्छ । हाम्रो विचारमा शिक्षकमा निम्न लिखित व्यक्तिगत गुणहरू हुनुपर्दछ–

१. राम्रो स्वास्थ्य (Good Health):– शिक्षकको पहिलो व्यक्तिगत गुण राम्रो स्वास्थ्य हो। अध्यापनबाट यो कुरा ज्ञात भएको छ कि स्वस्थ शरीर र स्वस्थ मस्तिष्कका बीचमा गहिरो सम्बन्ध हुन्छ । यदि शिक्षकको स्वास्थ्य खराब छ भने उसले सफलतापूर्वक अध्यापन गर्न सक्तैन, न त अरू जिम्मेवारीहरू नै निर्वाह गर्न सक्दछ ।

२. आकर्षक शारीरिक व्यक्तित्व (Attractive Physical Parsonality):– शारीरिक व्यक्तित्वको प्रभाव सबैमाथि पर्दछ । जब शिक्षक विद्यालय वा कक्षाकोठामा प्रवेश गर्दछ, तब विद्यार्थीहरूले उसको शारीरिक व्यक्तित्व देख्नासाथ उसप्रति विद्यार्थीहरू केही धारणा बनाउँछन् । मानिस सौन्दर्यप्रिय प्राणी हो । बालबालिकाका पनि आ-आफ्नो आँखाहरूलाई प्रिय लाग्ने वस्तु तथा व्यक्तिहरू देख्न चाहन्छन्। अतः शिक्षकको शारीरिक व्यक्तित्व भावपूर्ण हुनुपर्दछ ।

३. स्वर (Voice):– एउटा सफल शिक्षकका लागि उसको स्वरको पनि महत्त्वपूर्ण स्थान हुन्छ । शारीरिक व्यक्तित्व जतिसुकै आकर्षक किन नहोस्, यदि उसको आवाजमा नम्रता, मिठास तथा स्पष्टता छैन भने र प्रभावपूर्ण ढङ्गले विचार अभिव्यक्त गर्न सक्तैन भने विद्यार्थीहरूलाई प्रभावित गर्न सक्तैन ।

४. रुचि एवं उत्साह (Interest and Enthusiasm):– एउटा असल शिक्षकमा हुनुपर्ने अर्को व्यक्तिगत गुण रुचि, लगन तथा उत्साह हो । यदि शिक्षकमा आफ्नो कार्यप्रति रुचि तथा उत्साह छैन भने न त ऊ शिक्षण कार्यका लागि योग्य हुन्छ न त विद्यार्थीलाई लाभान्वित गर्न सक्दछ ।

५. धैर्यता एवं सहनशीलता (Patience and Tolerance):– एउटा असल शिक्षकमा धैर्यता तथा सहनशीलता भाव हुनु अत्यन्त आवश्यक हुन्छ ।

६. प्रेम एवं सहानुभूति (Love and Sympathy):– एक आदर्श शिक्षकमा प्रेम एवं सहानुभूतिको भाव हुनुपर्दछ । यदि शिक्षकले आफ्ना शिष्यहरूलाई प्रेमपूर्ण तथा सहानुभूतिपूर्ण तरीकाले व्यवहार गर्छ भने उसका शिष्यहरूले उसलाई आफ्नो हितैषी मित्र सम्झन्छन् र उसको हरेक आज्ञाको पालना गर्नु आफ्नो कर्तव्य ठान्दछन् ।

७. आत्मविश्वास तथा दृढ इच्छा शक्ति (Self-confidence and Strong Will-power):– एउटा असल शिक्षकमा आत्मविश्वास तथा दृढ इच्छा शक्ति हुनु अत्यन्त आवश्यक हुन्छ । यसको अभावमा उसले मानसिक सन्तुलन गुमाउन सक्दछ ।

८. नैतिकता तथा चरित्रवान् (Morality and Character):– हरेक समाजको आफ्नो सभ्यता तथा संस्कृति हुन्छ र हरेक समाजमा खास मान्यता, आदर्श तथा मूल्यहरू हुन्छन् । समाजमा यिनै मान्यता, मूल्य तथा आदर्शका आधारमा व्यक्तिका आचरणसम्बन्धी नियम बन्दछन् । यिनै नियमहरूलाई नै नियम मानिन्छ र यिनीहरूको पालना गर्नु नैतिकता हो । सत्यता, इमानदारिता, कर्तव्यपरायणता, लगनशीलता, न्यायप्रियता, निष्पक्षता, त्याग आदि महत्त्वपूर्ण गुणहरू हुन् । यिनै सद्गुणहरूले ओतप्रोत भएको व्यक्तिलाई चरित्रवान् भन्न सकिन्छ । असल शिक्षक नैतिकवान् र चरित्रवान् भएको हुनुपर्दछ ।

९. मौलिकता (Originality):– प्रत्येक शिक्षकको विशिष्ट अस्तित्व तथा स्थान त्यस बेलामात्र कायम हुन सक्छ, जब उसमा मौलिकता हुन्छ । असल शिक्षकमा हुने मौलिक विचार र मौलिक शैलीले गर्दा उसले थुप्रै विद्यार्थीहरूलाई प्रभावित गर्न सक्छ ।

१०. बुद्धि तथा उत्तम मानसिक स्वास्थ्य (Intelligence and Good Mental Health):– शिक्षकको अर्को महत्त्वपूर्ण गुण उच्च बौद्धिकता तथा उत्तम मानसिक स्वास्थ्य हो । उच्च बौद्धिकताविना न त उसले ज्ञान नै गर्न सक्छ, न त कार्यमा कुशलता ग्रहण गर्न सक्छ । यसको साथसाथै शिक्षक मानसिक अन्तरद्वन्द्व, चिन्ता, कुण्ठा, दुर्बलताजस्ता मानसिक बिकारहरूबाट मुक्त रहन पनि अनिवार्य हुन्छ । मानिसहरू रोगहरूद्वारा पीडित व्यक्तिको व्यवहार सन्तुलित हुन सक्दैन ।

(ख) सामाजिक गुणहरू

मानिस एक सामाजिक प्राणी हो । हरेक व्यक्तिमा समाज अनुकूल आचार, विचार, मूल्य तथा मान्यताहरू हुनुपर्दछ । शिक्षकमा यस्ता कुराहरू झन् बढी आवश्यकता पर्दछ । किनभने उसको व्यवहारले बालक र समाजमा प्रत्यक्ष रूपमा प्रभाव पार्दछ । खास भन्ने हो भने विद्यालय त्यस समाजको अर्को एउटा समाज हो, जुन समाजलाई गति र नेतृत्व दिने अभिभारा शिक्षकलाई सुम्पिएको हुन्छ । शिक्षक उच्च समाजको सञ्चालक तथा नेता भएकोले अर्थात् उसले सधैंभरि एउटा सामाजिक परिवेशमा कार्य गरिरहनुपर्ने भएकोले उसमा विशिष्ट प्रकारका सामाजिक कुशलताहरू हुनुपर्दछ । अब सामाजिक कुशलताहरूको बारेमा चर्चा गरौं ।

१. पक्षपात रहित (Impartiality):– एउटा विद्यालयमा विभिन्न जाति, धर्म, वर्ग तथा भिन्न-भिन्न पृष्ठभूमि बोकेका बालबालिकाहरू अध्ययन गर्न आउँछन् । शिक्षकले यी

समस्त विद्यार्थीहरूप्रति समान व्यवहार प्रदर्शन गर्नुपर्छ । किनभने पक्षपातपूर्ण व्यवहार गरयो भने उसप्रति विद्यार्थीहरूमा असन्तोष भाव जागृत हुन सक्छ । जब विद्यार्थी शिक्षकले समान व्यवहार गरिरहेको अवस्थामा पाउँछन्, तब उनीहरूमा उसप्रति अगाध श्रद्धा र सम्मानको भाव रहन्छ ।

२. स्पष्टवक्ता (Frank):– शिक्षकमा विद्यमान हुनुपर्ने अर्को सामाजिक गुण निष्कपटता हो । उसले विद्यार्थीहरू र उनीहरूका बारेमा स्पष्ट रूपमा मनमा कुनै पनि किसिमको कपट नराखी विचारहरू राख्न सक्नुपर्दछ ।

३. सहयोगी (Co-operative):– विद्यार्थीहरू आफ्ना शिक्षकहरूबाट सिकाइका अवस्था र अवसरहरूमा सहयोगको अपेक्षा राख्तछन् । विद्यार्थीहरूलाई उनीहरूका कठिनाइहरू हटाउनु र प्रभावपूर्ण तरीकाले सिक्नका निमित्त सहयोग पुऱ्याउनु शिक्षकको मुख्य कर्तव्य पनि हो । विद्यार्थीहरूको आशा पूरा गरिदिन र आफ्नो दायित्व निर्वाह गर्न समेत शिक्षकमा सहयोगी भावना हुनुपर्छ ।

४. मानवीयसम्बन्धी कायम गर्ने सीप (Skill in Maintaining Human Relations):– शिक्षकमा विद्यार्थीहरू, अभिभावक तथा समाजका अन्य मानिसहरूसित सुमधुर मानवीय सम्बन्ध स्थापना तथा कायम गर्न सीप हुनु अत्यावश्यक छ ।

५. सेवाको भाव (Desire to Serve People):– कुनै पनि समाजमा कार्य गर्नका निमित्त सेवाको भाव रहनु आवश्यक हुन्छ । शिक्षामा पनि शिक्षकहरूमा विद्यार्थी तथा अन्य व्यक्तिहरूलाई सेवा उपलब्ध गराउने इच्छा हुनुपर्छ। सेवाभाव भएका शिक्षकलाई विद्यार्थीहरूले सम्मान तथा आदर गर्दछन् ।

६. विनयशील (Respectful):– कक्षामा बेग्लाबेग्लै पृष्ठभूमि र स्वभावका बाल-बालिकाहरू हुन्छन् । कुनै दुई बाल-बालिकाहरू एक-आपसमा समान हुँदैनन् । उनीहरूमा वैयक्तिक विभिन्नताहरू हुन्छन् । तिनीहरूमा विचार, इच्छा, रुचि, दृष्टिकोण फरक-फरक हुन्छन् । एउटा असल शिक्षकले यी विभिन्नताहरूको उचित ख्याल गर्दछ र हरेक विद्यार्थी विशेषको चाहना तथा विचारको सम्मान गर्दछ ।

७. विनोदप्रिय (Humorous):– एउटा शिक्षक र विद्यार्थीबीचको सम्बन्ध शिक्षक कुन हदसम्म विनोदप्रिय छ, त्यसले प्रभावित गर्दछ । साधारणतया छात्रछात्राहरू एउटा आनन्ददायक, रोचक तथा विनोदपूर्ण वातावरणमा सिक्न रुचाउँछन् । यस्तो वातावरणको सृजना गर्नका निमित्त स्वयं विनोदप्रिय हुनु जरुरी हुन्छ । एउटा रमाइलो व्यक्तिले मात्र अरूहरूलाई सजिलोसित प्रभावित गर्न सक्दछ ।

८. नेतृत्व लिन सक्ने क्षमता (Ability to Exert Leadership):– शिक्षकमा नेतृत्व लिन सक्ने क्षमता हुनु पनि अनिवार्य हुन्छ, जसमा विद्यार्थीहरूलाई मार्गदर्शन तथा प्रदर्शन

गर्न सक्ने समूहमा घुलमिल भएर काम गर्न सक्ने र सहयता प्रदान गर्न सक्ने विद्यार्थीहरूलाई लक्ष्य प्राप्तितर्फ डोरयाउन सक्ने क्षमता विद्यमान हुनुपर्छ । विद्यार्थीहरूमा रुचि उत्पन्न गर्न उनीहरूको विकासका निमित्त अवसर तथा सुविधाहरू खोज्न सक्नु उनीहरूका क्षमता तथा आवश्यकताहरूलाई पहिचान गर्ने र त्यस मुताबिक कार्यक्रम निर्धारण गर्न सक्नुका सीपहरू भएमा मात्र शिक्षक नेतृत्व लिन समर्थ रहन्छ । शिक्षकले विद्यार्थीहरूमा निहित नेतृत्वका गुणहरू पनि चिन्नुपर्दछ । यिनीहरूमा नेतृत्वको विकास गराउनुपर्दछ ।

९. समुदायको ज्ञान (Knowledge of Community):– विभिन्न स्थानको रहनसहन, चालचलन, बोलीचाली, आर्थिकस्तर, संस्कृति, परम्परा आदि फरक हुन्छन् । यो फरकका कारण समुदाय वा शैक्षिक आवश्यकताहरू र शिक्षाप्रतिको दृष्टिकोण पनि फरक-फरक हुन्छ । यसको साथसाथै एउटा समुदाय वा स्थानको पारिवारिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक पृष्ठभूमि पनि फरक-फरक हुन्छन् । यसले विद्यालयमा प्रत्यक्ष रूपमा प्रभाव पार्दछ । यसकारण शिक्षकमा विभिन्न कुराहरूको ज्ञान हुनु नितान्त आवश्यक छ र समुदायका विभिन्न मानिसहरूसित मिलजुल गरी काम गर्न सक्ने क्षमता हुनु पनि जरुरी छ ।

(ग) शैक्षिक गुणहरू

शिक्षण एउटा व्यवसाय हो । शिक्षक एउटा व्यावसायिक व्यक्ति (Professional Person) भएको नाताले शिक्षण व्यवसायलाई प्रभावकारी तथा दक्षतापूर्वक सञ्चालनका निमित्त उसमा शैक्षिक अर्थात् व्यवसायसम्बन्धी गुणहरू हुनुपर्दछ । शिक्षकमा असल व्यक्तिगत गुणहरू मात्र हुँदा ऊ एउटा कुशल भनिन सक्दैन । शिक्षण पेशाले मागेको सम्पूर्ण गुणहरूले सम्पन्न शिक्षक मात्र सफल शिक्षक बन्न सक्छ । विद्यार्थी र समाजका निमित्त ऊ एउटा शैक्षिक नेता हो भने विद्यालय र शिक्षाप्रणालीको त ऊ एउटा परिचालक नै हो । यो महान् जिम्मेवारी निर्वाह गर्न ऊ त्यसबेला समर्थ हुन्छ, जब उसमा विभिन्न शैक्षिक गुणहरू हुन्छन् । शिक्षकमा हुनुपर्ने यस्ता गुणहरूको परिचय तल दिइन्छ ।

१. विषयवस्तुको उच्च ज्ञान (Higher Knowledge of the Subject Matter):– शिक्षक विद्यालयमा जुन विषय अध्यापन गर्दछ, यो विषयको गहिरो र सम्पूर्ण जानकारी उसमा हुनुपर्दछ । कुनै पनि व्यक्ति विषयवस्तुको ज्ञानको अभावमा शिक्षक बन्न सक्तैन । भनाइ छ कि एउटा अयोग्य चिकित्सक रोगीको शारीरिक हितका निमित्त खतरनाक हुन्छ, तर एक अयोग्य शिक्षक राष्ट्रका निमित्त नै घातकसिद्ध हुन्छ, किनभने उसले आफ्नो छात्रको मस्तिष्कमा विकृति गर्दैन, बरु उसको र सम्पूर्ण राष्ट्रको विकास नै अवरुद्ध गरेको हुन्छ । यसर्थ शिक्षक आफूले शिक्षण गर्ने विषयमा पारङ्गत हुनुपर्दछ । यसका अतिरिक्त अन्य विषयहरूको पनि जानकारी हुनु वाञ्छनीय हुन्छ ।

२. शिक्षण कौशल (Teaching Skill):– ज्ञान प्राप्त गर्नु एउटा कुरा हो भने ज्ञान अरूसम्म पुऱ्याउनु अर्को कुरा हो । शिक्षकका लागि पढाउने भन्ने कुराको जानकारी मात्र आवश्यक हुँदैन, बरु कसलाई के कसरी पढाउने भन्ने कुराको जानकारी त्यसितै आवश्यक हुन्छ । शिक्षण एक कला र विज्ञान हो । अतः शिक्षक शिक्षणको कला विज्ञानमा निपुण हुनु जरुरी हुन्छ ।

३. बाल मनोविज्ञानको ज्ञान (Knowledge of Child Phychology):– शिक्षकमा हुनुपर्ने एउटा अर्को आवश्यक गुण बाल मनोविज्ञानको ज्ञान हो । बालबालिकाको मूल प्रकृति, स्तर, इच्छा, रुचि, आवश्यकता प्रवृत्तिहरूको जानकारी नरहेसम्म शिक्षकले प्रभावकारी ढङ्गले शिक्षण गर्न सक्तैन । प्रसिद्ध प्रकृतिवादी शिक्षाशास्त्री रूसोको कथन यसप्रकार छ– "बालक एउटा यस्तो पुस्तक हो, जसको आद्योपान्त अध्ययन शिक्षकले गर्नुपर्छ ।" (The child is a book which the teacher has to learn from page to page.) एडम्स भन्ने विद्वान्को भनाइ यो छ भने विद्यार्थीलाई ल्याटिन भाषा पढाउनका निमित्त शिक्षकले जोन भन्ने विद्यार्थी र ल्याटिन भाषा दुवैको अध्ययन गरेको हुनुपर्छ ।

४. शिक्षा पद्धतिको ज्ञान (Knowledge of Education System):– देशमा लागू भएको शिक्षा पद्धतिको विभिन्न पक्षहरूको जानकारी शिक्षकहरूमा रहनु नितान्त आवश्यक हुन्छ । खास गरी शिक्षाका राष्ट्रिय उद्देश्यहरू के-के हुन्, शिक्षाको सङ्गठन कसरी भएको छ, पाठ्यक्रमको स्तर के छ ? आदि कुराको परिचय शिक्षकमा भएमात्र उसले शिक्षा पद्धतिको कुशल परिचालन गरी लक्ष्य प्राप्तितर्फ डोऱ्याउन सक्दछ ।

५. उत्तरदायित्वको बोध (A Sense of Responsibility):– शिक्षकलाई यो कुरा थाहा हुनुपर्दछ कि उसलाई कुन उत्तरदायित्व अर्थात् कुन-कुन जिम्मेवारीहरू सुम्पिएका छन् । पेशाप्रति निष्ठावान्, कर्तव्यप्रति लगनशील र उत्तरदायित्वप्रति सचेत शिक्षक नै सफलताको चुचुरोमा पुग्न सक्तछ । यदि आफ्नो व्यवसायप्रति शिक्षक निष्ठावान् छैन वा शिक्षण पेशाप्रति उसमा गौरव र स्वाभिमान अनुभव हुँदैन भने ऊ कहिल्यै पनि सफल बन्न सक्दैन ।

६. शिक्षण विधि र शिक्षण सामग्रीको ज्ञान (Knowledge of Instructional Methods and Materials):– शिक्षकमा शिक्षण विधि र शिक्षण सामग्रीको पर्याप्त जानकारी रहनुपर्दछ र ती विधि र सामग्रीहरूलाई कतरी, कुन अवस्थामा, कुन उद्देश्यका निमित्त प्रयोग गर्ने भन्नेबारेमा पनि ज्ञान हुनुपर्दछ ।

७. जिज्ञासु र अध्ययनशील (Curious and Studious):– एक पटक सिनेमा ज्ञान सबै समयका निमित्त उपयोगी हुन सक्तछ । परिवर्तनशील यस युगमा त ज्ञान् दिनप्रतिदिन नयाँ कुराहरूको खोज र विकास भैरहेको हामी पाउँछौं । नयाँ-नयाँ खोजी, विकास अर्थात्

परिवर्तनहरूका बारेमा परिचित भएमा मात्र बाँचिस एउटा सार्थक जीवन व्यतीत गर्न सक्दछ। शिक्षा क्षेत्रमा पनि नयाँ-नयाँ विधि, तरीका, प्रणाली आदिको जन्म भैरहन्छ । शिक्षकले पढाउने विषयमा पनि प्रतिदिन नयाँ कुराहरू निस्किरहेका हुन्छन् । एउटा असल शिक्षकले यी नयाँ विकासहरूप्रति जागरुक हुनुपर्दछ र आफूलाई सधैं अध्ययनशील बनाउन सक्नुपर्छ । ज्ञान प्राप्तिको जिज्ञासा र अध्ययनले मात्र शिक्षकमा व्यावसायिक परिपक्वता आउँछ ।

८. प्रयोग र अनुसन्धानमा दक्षता (Proficiency in Research and Experimentation):– एउटा असल शिक्षक नयाँ विचार, ज्ञान, विधि, तरीका आदि उद्घाटन गर्न पनि समर्थ रहनुपर्दछ । यसका निमित्त प्रयोग, अनुसन्धान गर्नेजस्ता सीपहरू उसमा चाहिन्छन् ।

९. सिकाइ प्रक्रियाको ज्ञान (Knowledge of Learning Process):– विद्यालयमा विद्यार्थीहरू सिक्नका निमित्त आएका हुन् भने शिक्षकको कर्तव्य बालबालिकाहरूलाई सिकाउनु वा सिक्ने कार्यमा सघाउ पुऱ्याउनु हो । शिक्षकले यो कार्य त्यसबेला मात्र राम्रोसित पूरा गर्न सक्छ, जब उसमा सिकाइ प्रक्रियाको पूरा जानकारी हुन्छ । आस यरी सिकाइ के हो ? बालकलाई सिकाइप्रति कसरी प्रेरित गराउन सकिन्छ ? सिकाइ कसरी हुन्छ ? सिकाइमा प्रभाव पार्ने के-के हुन् ? जस्ता कुराहरूको ज्ञान नभंकन शिक्षकले न त सिकाउन सक्छ न त सिकाइका लागि सहयोग पुऱ्याउन सक्दछ ।

अन्त्यमा हामी के भन्न सक्दछौं भने कुनै पनि व्यक्ति शिक्षण पेशामा कति हदसम्म सफल छ वा सफलता हासिल गर्न सक्दछ भन्ने कुरामा उसमा निहित व्यक्तिगत, सामाजिक तथा शैक्षिक गुणहरूमा भरपर्दछ। असल वा सफल शिक्षक भन्नु नै यी तीनै प्रकारका गुणहरूको योगफल हो ।

अभ्यास

१. सफल शिक्षकमा हुनुपर्ने गुणहरूको सूची तयार पार्नुहोस् ।

२. शिक्षक एउटा व्यक्ति हो । एउटा असल व्यक्ति कहलिनका लागि शिक्षकमा कुन-कुन गुणहरू हुनुपर्दछ ? उल्लेख गर्नुहोस् ।

३. "शिक्षकमा असल, व्यक्तिगत तथा सामाजिक गुणहरू हुँदैमा ऊ सफल शिक्षक बन्न सक्दैन, जबसम्म उसमा व्यावसायिक गुणहरूको अभाव रहन्छ ।" यस कथनलाई पुष्टि गर्नुहोस् ।

४. "एउटा खराब शिक्षक शिक्षाप्रणाली, विद्यार्थी, समाज सम्पूर्ण राष्ट्रका लागि घातक सिद्ध हुन्छ ।" यस कथनलाई स्पष्ट पार्नुहोस् ।

५. "शिक्षक विद्यालय तथा शिक्षा पद्धतिको गयात्मक शक्ति हो ।" भन्ने कथनलाई कारणसहित स्पष्ट पार्नुहोस् ।

६. शिक्षकमा समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिको ज्ञान हुनु किन आवश्यक छ ? लेख्नुहोस् ।

खण्ड ८

पाठ्यक्रम

पाठ्यक्रमको अर्थ र परिभाषा

विभिन्न शिक्षाविद्हरूले पाठ्यक्रमको परिभाषा विभिन्न प्रकारले दिएका छन् । कसैले एकदम विशिष्ट किसिमले दिएका छन् भने कसैले एकदम व्यापक रूपले दिएका छन्, तर ती सबै प्रकारका परिभाषा मात्र अध्ययन गरेर यहाँ अल्मलिनु ठीक हुँदैन । अतः पाठ्यक्रम के हो भन्ने कुरा स्पष्ट गर्नलाई निम्न परिभाषा दिइएका छन्:–

१. "शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्दछन् ।" – राष्ट्रिय शिक्षा पद्धति २०२८ ("Curriculum is a study programme designed to achieve the aims of education."–NESP, 2028)

२. "शिक्षाका उद्देश्यहरू प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरेको तर्जुमा र निर्देशन अनुसारको सम्पूर्ण अनुभवहरूलाई पाठ्यक्रम भन्दछन् ।" – युनेस्को ("Curriculum is all the experiences of pupil which are planned and directed by the school and the teacher to attain the objectives of education."–UNESCO)

३. "विद्यालयभित्र र बाहिर विद्यार्थीमा ऐच्छिक उपलब्धिहरू प्राप्त गराउन विद्यालयद्वारा गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भन्दछन् ।" – हिल्डा ताबा (प्रसिद्ध शिक्षाविद्) ("Curriculum is total effort of the school to bring about directed outcomes in school and out of school situations."–Hilda Taba)

उपर्युक्त परिभाषाहरूको आधारमा यो भन्न सकिन्छ कि पाठ्यक्रम शिक्षाको सिद्धान्त अनुरूप हुन्छ । पाठ्यक्रम मनोवैज्ञानिक सिकाइको सिद्धान्तमा आधारित हुन्छ । यसको निर्माण गर्दा मुलुकको राष्ट्रिय उद्देश्यहरू हासिल हुनेगरी बनाएको हुन्छ । साथसाथै देशका भावी कर्णधार बालबालिकाहरूको आवश्यकतालाई पनि यसले महत्त्व दिएको हुन्छ । जस्तो कि उपर्युक्त परिभाषाहरूले पनि लक्ष्य वा उद्देश्य प्राप्तिमा बढी जोड दिएको पाइन्छ । शैक्षिक कार्यक्रमहरूको माध्यमबाट विद्यार्थीहरूको जीवनका लागि आवश्यक अनुभवहरू प्रदान गर्ने पाठ्यक्रमको मुख्य विशेषता हो । अतः सरल भाषामा पाठ्यक्रम भनेको शैक्षिक उद्देश्यहरू हासिल गर्नका लागि बनाइएको सम्पूर्ण योजना र कार्यक्रम हो । यसले विद्यार्थीका सकारात्मक अनुभवहरूलाई बढी महत्त्व दिएको हुन्छ ।

नेपालमा पाठ्यक्रमको विकास

औपचारिक शिक्षा प्रसार तथा प्रदान गर्नका लागि पाठ्यक्रमको निर्माण हुन्छ । यसको निर्माण गर्दा राष्ट्रिय उद्देश्य अनुरूप आधुनिक शिक्षण सिकाइमा आधारित हुन्छ । देश, समाज

र व्यक्तिको आवश्यकता तथा भविष्य जीवनको आकांक्षा प्रतिबिम्बित हुन्छ, विद्यार्थी केन्द्रित हुन्छ अनि समयानुकूल संशोधन तथा परिवर्तन गर्न सकिने हुन्छ । पाठ्यक्रमबिनाको शिक्षा निर्देशित लक्ष्य अनुसार हुन सक्दैन । अतः व्यक्तिले सरल शिक्षा हासिल गर्नका लागि शिक्षाको तह र कक्षा निर्धारण गर्नका लागि अध्ययन गरिने विषयहरूमा प्राथमिकता दिनका लागि राष्ट्रिय शिक्षाको विभिन्न स्तर र शिक्षाको स्वरूप प्रतिबिम्बित गर्नका लागि पाठ्यक्रम अति आवश्यक छ । पाठ्यक्रमबिनाको शिक्षा अनियन्त्रित बर्बाको भेल सरह हो ।

यस्तो महत्त्वपूर्ण पाठ्यक्रमको विकास नेपालमा कसरी भएको छ भन्ने केही चर्चा तल प्रस्तुत गरिन्छः–

राष्ट्रिय शिक्षा योजनाका लक्ष्यहरू अनुरूप शिक्षाका विभिन्न तहका उद्देश्यहरू निर्धारण हुन्छन् । उक्त तह अनुसारका उद्देश्यबाट कक्षा अनुसारका उद्देश्यहरू र कक्षा अनुसारका उद्देश्यहरूबाट अध्ययन विषयमा उद्देश्यहरू प्रतिपादित हुन्छन् । पाठ्यक्रम निर्धारण गर्दा यसरी तह अनुसारका उद्देश्यहरूमा आधारित भएर शिक्षा अनुसारका उद्देश्यहरू प्राप्त हुने गरी अध्ययन विषयहरू निर्धारण गरिन्छ र त्यस विषयमा कुन-कुन विषयवस्तु र पाठहरू कुन क्रममा कतिसम्म विस्तृत रूपमा अध्ययन गरिने हो, निर्धारण गरिन्छ । उदाहरणार्थ कक्षा १ मा गणित विषयको जोडको हिसाबमा "एक अङ्कले बनेका तीन सङ्ख्याहरू जोड्न सक्नेछन् ।"

यसरी प्रतिपादित उद्देश्यहरू हासिल गर्नका लागि कुन विषय कहाँदेखि कहाँसम्म कुन क्रमले अध्ययन गर्न लाउने भन्ने कुराको निर्णय गर्न र गर्न लाउनका लागि नेपालमा पाठ्यक्रम विकास केन्द्र स्थापना भएको छ । यसरी मुख्य कार्य पाठ्यक्रम निर्माण गर्नु, समयानुकूल तथा आवश्यकता अनुसार पाठ्यक्रम संशोधन र सुधार गर्नु हो । यो शिक्षा मन्त्रालय अन्तर्गत पर्दछ ।

पाठ्यक्रम निर्माण गर्नका लागि प्रत्येक विषयमा पाठ्यक्रम विकास केन्द्रका सम्बन्धित विषयका पाठ्यक्रम अधिकृत, शिक्षाविद्, अनुभवी शिक्षकहरू भएको विषय समिति गठन गरिन्छ । उक्त समितिले विषयगत उद्देश्य अनुरूप तयार गरेको पाठ्यक्रममा आवश्यक घटबढ र सुधार गरिसकेपछि राष्ट्रिय पाठ्यक्रम परिषद्मा पेश गरी स्वीकृत गराइन्छ । जस अनुसार श्री ५ को सरकारले देशभरि पाठ्यक्रम लागू गर्दछ ।

यसरी पाठ्यक्रम तयार भैसकेपछि उक्त पाठ्यक्रममा उल्लिखित महत्त्वहरू जस्तैः– उद्देश्यहरू, विषयवस्तुको सङ्गठन, शिक्षण सिकाइका क्रियाकलाप, शैक्षिक सामग्री र मूल्याङ्कन अनुसार पाठ्यपुस्तक लेख्ने वा लेख्न लगाउने काम जनक शिक्षा सामग्री केन्द्रले गर्दछ । अनि पाठ्यपुस्तक तयार हुन्छ । अतः पाठ्यपुस्तक र पाठ्यक्रम एकै कुरा होइन । पाठ्यक्रम शिक्षाको मूल आधार हो भने पाठ्यपुस्तक त्यस आधारमा तयार गरिएको एक साधन हो । त्यसैले शिक्षक सिकाइ प्रथमतः पाठ्यक्रममा आधारित हुनुपर्छ ।

राष्ट्रिय शिक्षा पद्धति २०२८ अनुसार प्राथमिक कक्षाको तह कक्षा १ देखि ३ सम्म मानिएको थियो । तर २०३७ सालमा श्री ५ महाराजाधिराजबाट हुकुम बक्सेबमोजिम प्राथमिक कक्षाको तह १ देखि ५ सम्म मानिएको छ । यस तहमा वर्ष ६ देखि १० सम्मका बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने व्यवस्था भएको छ । यस उमेरमा बालबालिका शिशु अवस्थाबाट प्रवेश गरेका हुन्छन् । यसले उनीहरूको शारीरिक, मानसिक तथा बौद्धिक विकास भरखरै सुरु हुने अवस्थामा हुन्छ । अतः यस तहमा दिइने शिक्षाको उद्देश्य बालबालिकाहरूलाई साक्षर बनाउनुका साथसाथै व्यावहारिक जीवनमा आत्म भरोसा, जिम्मेवार, इमानदार र सहयोगजस्ता गुणहरूको विकास गर्ने राखिएको छ । साक्षरताको दृष्टिकोणबाट उनीहरूलाई भाषा, गणित र सामाजिक शिक्षाको मौलिक विषयमा साधारण ज्ञान, समाजमा मिलेर बस्न सक्ने सामाजिक ज्ञान, सीप तथा दक्षताको विकास, आफ्ना वरिपरिका विषयहरूको साधारण चित्रण अभिव्यक्तिका साथै शरीरलाई स्वस्थ र सबल राख्न चित्रकला, शारीरिक तथा स्वास्थ्य सफाइ, विज्ञान आदि शिक्षा प्रदान गरिएको छ । यसरी कुनै पनि देशको कुनै पनि पाठ्यक्रम निर्माणमा आ-आफ्नै विशेष विशेषताहरू हुन्छन् ।

प्राथमिकस्तरका पाठ्यक्रमको विषयगत विशेषताहरू

१. भाषा शिक्षण

(क) कक्षा १ देखि कक्षा ५ सम्मका बालबालिकाहरूले क्रमबद्ध तरीकासँग भाषा सिक्न सकून् भन्ने हेतुले सुनाइ, बोलाइ, पढाइ र लेखाइका चारै पक्षहरूको विकास गराउने ढङ्गले पाठ्यक्रम निर्माण गरिएको छ ।

(ख) भाषाको माध्यमद्वारा विचारको आदानप्रदान हुनु सबैका लागि जीवनस्तर अनिवार्य भएकाले नेपाली भाषाको शिक्षालाई यस तहका पाठ्यक्रममा कक्षा १, २ र ३ मा पाठ्यभार १० राखिएको छ भने कक्षा ४ र ५ मा पाठ्यभार ८ राखिएको छ । त्यसैगरी कक्षा १, २ र ३ मा पूर्णाङ्क १५० र कक्षा ४, ५ मा पूर्णाङ्क १०० निर्धारण गरिएको छ ।

(ग) नेपालको राष्ट्रिय भाषा नेपाली बाहेक अन्तरराष्ट्रिय भाषा अङ्ग्रेजी र इच्छाधीन भाषाको रूपमा संस्कृत स्थानीय भाषासमेत प्राथमिक तहको भाषा शिक्षामा प्रस्तुत गरी बालबालिकाहरूलाई दैनिक व्यवहारमा आ-आफ्नो विचार व्यक्त गर्ने प्रचलनमा आइरहेको शब्दार्थ तथा समझदारी बढाउने यस पाठ्यक्रमले क्षमता प्रदान गर्दछ ।

(घ) प्राथमिक कक्षामा सुनाइ र बोलाइमा बढ्ता जोड दिएको छ र माथिल्लो कक्षामा क्रमशः घटाउँदै लगेको छ भने पढाइ र लेखाइमा सुरु कक्षाहरूमा कम जोड दिएर माथिल्ला कक्षाहरूमा क्रमशः बढ्ता जोड दिँदै लगेको पाइन्छ ।

२. गणित

(क) भाषाजस्तै गणित पनि दैनिक व्यवहारका लागि आधारभूत प्रक्रिया भएकाले यस विषयलाई कक्षा १ देखि कक्षा ५ सम्म नै अनिवार्य गरिएको छ । गणितलाई सैद्धान्तिक ज्ञानमा मात्र आधारित हुन नदिनाका लागि दैनिक व्यवहारमा आउने समस्या समाधानको अभ्यास गराइएको छ ।

(ख) कक्षा १, २ र ३ मा गणित विषयलाई पाठ्यभार ८ प्रदान गरिएको छ । त्यस्तै कक्षा ४ र ५ मा पाठ्यभार ६ तोकिएको छ । पूर्णाङ्कको हकमा कक्षा १, २ र ३ मा १५० पूर्णाङ्क र कक्षा ४ र ५ मा १०० पूर्णाङ्क निर्धारण भएको छ ।

(ग) प्राथमिक तहमा अङ्कगणितको साथसाथै साधारण रेखागणित र बीजगणित पनि समावेश गरिएको छ ।

३. सामाजिक शिक्षा तथा वातावरण शिक्षा (स्वास्थ्य शिक्षा समेत)

(क) प्राथमिक तहमा सामाजिक शिक्षा तथा वातावरण शिक्षाको मुख्य अभिप्राय बालबालिकाहरूलाई व्यक्ति, स्थान, जिल्ला, अञ्चल तथा देशबारे ज्ञान दिने तथा रहनसहनबारे जानकारी दिने कोसिस गराइएको छ । कक्षा १, २ र ३ मा सामाजिक तथा वातावरण शिक्षा रहेको छ । त्यस्तै, कक्षा ४ र ५ मा सामाजिक शिक्षा राखिएको छ ।

(ख) नागरिक शास्त्र, भूगोल, इतिहास र वातावरण शिक्षाजस्ता विषयहरू अलग-अलग अध्ययन गर्न लगाउनको सट्टा ती सबै विषयहरूलाई संयोजन गरी सामाजिक शिक्षा भनेर प्रदान गरिएको छ ।

(ग) यस विषयका मुख्य क्षेत्रमा छुट्टयाइएका मुख्य विषयहरू हुन् (१) आफू, आफ्नो परिवार र छर-छिमेक (२) सामाजिक मूल्य र मान्यता (३) नागरिक चेतना (४) सामुदायिक सेवा र सामाजिक विकृति (५) भौगोलिक अध्ययन (६) राष्ट्रिय परम्परा (७) राष्ट्रिय सम्पत्तिको संरक्षण (८) अन्तरराष्ट्रिय समझदारी, शान्ति सहयोग ।

त्यस्तै वातावरण शिक्षामा छुट्टयाइएका विषय क्षेत्रमा (१) वातावरणमा पाइने सजीव र निर्जीव वस्तुका लक्षणहरू– (क) जीवजनावर र बोटबिरुवा (ख) सामान्य वस्तुहरू (ग) जमिन, पानी र हावा (२) शक्ति (३) वातावरणमा सजीव र निर्जीव बीचको अन्तर सम्बन्ध (४) वातावरणमा भइरहने परिवर्तन (५) वातावरण प्रदूषण (६) प्राकृतिक प्रकोप ।

स्वास्थ्य शिक्षा विषयका क्षेत्र अन्तर्गत (१) व्यक्तिगत सरसफाइ (२) वातावरणीय सरसफाइ (३) पोषण तथा खाना (४) सरुवा रोग (५) बचाउ तथा प्राथमिक उपचार (६) स्वास्थ्य सेवाहरू (७) धुम्रपान तथा लागू पदार्थ ।

(ख) प्राथमिक तहको सामाजिक तथा वातावरण शिक्षा विषयमा सिकाइ उपलब्धि निर्धारण गरिएको छ।

४. शारीरिक शिक्षा

(क) शारीरिक शिक्षामा पनि बालबालिकाहरूको व्यक्तित्व र स्वास्थ्य विकास गर्ने उद्देश्य छ । यो उद्देश्य अनुरूप शारीरिक शिक्षा योजना अन्तर्गतका विभिन्न कार्यकर्ताहरूको छनोट र प्रयोगमा प्रतिबिम्बित भएको पाइन्छ ।

(ख) क्षेत्र तथा क्रम तालिकामा हिंडाइ, दौडाइ, उफ्राइका मुख्य कार्यकलापहरूका साथसाथै नाटकीय र सृजनात्मक कार्यकलापहरू, विभिन्न खेल तथा सीपहरू, लय र तालका कार्यकलापहरू, कवाज, पल्टनबाजी आदि विषयहरू प्रदान गरी बालबालिकाहरूको शारीरिक विकास गराउन खोजिएको छ ।

५. सिर्जनात्मक तथा अभिव्यक्तिशील कला

यस विषय अन्तर्गत सङ्गीत, चित्रकला र हस्तकला राखिएको छ। सङ्गीत अन्तर्गत गायन, तालवादन, नृत्य, अभिनय राखिएको छ भने चित्रकला, हस्तकलाको माध्यमबाट चीजहरूको आकार, प्रकार, रूपरङ बनोटबारे विचार अभिव्यक्ति गर्ने क्षमताको विकास गर्ने लक्ष्य रहेको छ। रेखाचित्र, कागजको काम, माटोको नमुना बनाउने आदि कार्यहरू यस अन्तर्गत राखिएको छ।

६. वातावरणीय विज्ञान तथा स्वास्थ्य शिक्षा

(क) यस विषयको क्षेत्रमा जीवजनावर, बोटबिरुवाहरूको अवलोकन र प्रयोगद्वारा सामान्य लक्षण, प्रकार, विशेषता, भिन्नता तथा प्रभावको वर्णन गर्न, छुट्टयाउन, वर्गीकरण गर्न आदि क्षमताहरूको सानैदेखि बालबालिकाहरूमा विकास गराउने उद्देश्य राखिएको छ।

(ख) यस विषयमा साधारण वस्तुहरू र त्यसका लक्षणहरू, पृथ्वी, माटो, पानी, हावा, बिरुवा जनावरहरूबारे क्रमिक रूपले स्तर बढाएर प्राथमिक विज्ञानको ज्ञान, सीप र अभिवृत्ति दिन खोजिएको छ।

(ग) त्यस्तै यस अन्तर्गत वातावरणमा भइरहने परिवर्तन, वातावरण प्रदूषण र प्राकृतिक प्रकोप, त्यसबाट हुने असर एवं रोक्ने उपायहरू अपनाउन प्रेरित गरिएको छ।

(घ) विज्ञानको माध्यमबाट शरीर तथा हाम्रा वरिपरिका विभिन्न वस्तुहरूमा हुने प्रक्रियाहरू बुझ्नमा यस पाठ्यक्रमले आवश्यक विषयवस्तुहरू जुटाएको छ ।

७. इच्छाधीन भाषा

यस विषय अन्तर्गत स्थायी भाषा, संस्कृत भाषा, अङ्ग्रेजी भाषा वा स्थानीय आवश्यकताका विषयहरू मध्येबाट पठनपाठन गराउन सकिने छ। इच्छाधीन विषयका पठनपाठनका सम्बन्धमा सम्बन्धित विद्यालयले नै व्यवस्था मिलाउनु पर्नेछ।

प्राथमिक पाठ्यक्रमको विशेषता

१. यो विषय केन्द्रीय पाठ्यक्रम हो। यो मुख्य पाठ्यक्रम पनि हो ।
२. यस पाठ्यक्रममा समावेश भएका सबै विषयहरू अनिवार्य छन् ।
३. विद्यार्थीको क्षमता, रुचि र आवश्यकतालाई ध्यानमा राखी दैनिक व्यवहारमा अत्यावश्यक कुराहरूको साधारण ज्ञान, सीप र अभिवृत्तिको विकास हुनेगरी विषयहरूको छनोट गरिएको छ ।
४. कक्षा अनुसार विषयको आवश्यकता हेरी त्यही अनुरूप विद्यालयको समय, पाठ्यभार र पूर्णाङ्क विभाजन गरिएको छ ।
५. कक्षा अनुसार विद्यार्थीको उमेर निर्धारण गरिएको छ ।
६. प्राथमिक शिक्षा आफैंमा एक पूर्ण तह मानिएको छ ।
७. प्रत्येक कक्षाको प्रत्येक विषयमा के-के अध्ययन गरिन्छन् र कहाँसम्म अध्ययन गर्नुपर्छ भन्ने क्रम तथा क्षेत्र स्पष्ट गरिएको छ ।
८. पाठ्यक्रममा समावेश गरिएको प्रत्येक कक्षाको प्रत्येक विषयको सिकाइ उपलब्धि बनाइएको छ ।
९. पाठ्यक्रममा अलग्याइएको कुनै एक विषयको भित्रै रहेका खण्डहरूमा एक-अर्कासितको आपसी सम्बन्ध राखेर सोही अनुसारले प्रस्तुत गरिएको छ ।
१०. कक्षा अनुसार वर्षभरिलाई अध्ययन गर्न उपयुक्त खालका विषयवस्तु निर्धारण गरिएको छ ।
११. निर्धारण गरिएका सिकाइ उपलब्धि हाम्रो मुलुकमा बालबालिकाहरूको रुचि र आवश्यकता हेरी तथा हालको परिस्थितिलाई ध्यानमा राखी निर्माण गरिएको छ ।

प्राथमिकस्तरका पाठ्यक्रमको अध्ययन

"२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि शिक्षाको राष्ट्रिय उद्देश्य अँगालेर प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक स्तरका विभिन्न विषयमा पाठ्यक्रम निर्माण गरी तिनलाई २०२८-२०२९ को शैक्षिक सत्रदेखि राष्ट्रव्यापी रूपमा लागू गरियो। विगत ६।७ वर्षसम्मका कार्यान्वयनको अवधिमा पाठ्यक्रममा कतिपय पक्षमा साना-ठूला समस्याहरू देखा पर्न आएका सन्दर्भमा प्रचलित पाठ्यक्रमको अध्ययन र विश्लेषण कार्य सुरु भयो। गत २०३३ सालमा शिक्षा मन्त्रालयद्वारा आयोजना गरिएको राष्ट्रव्यापी पाठ्यक्रम तथा पाठ्य-पुस्तक सम्मेलनमा प्रस्तुत सुझावहरूको आधारमा यस पाठ्यक्रममा समाविष्ट विषयगत एवं कक्षागत उद्देश्य तथा विषयसूचीहरूमा पहिलेको भन्दा धेरै प्रस्ट र व्यावहारिक दृष्टिकोणले प्रस्तुत गरिएको छ ।" त्यस अनुसार प्राथमिक शिक्षाको उद्देश्य साक्षरता शिक्षाको साथसाथै शारीरिक, मानसिक तथा शारीरिक र वैज्ञानिक ज्ञानको विकासमा जोड दिइएको छ ।

हाल प्राथमिक कक्षाहरू १ देखि ५ सम्मको विषय पाठ्यभार तथा पूर्णाङ्क तल दिइएको छ ।

कक्षा १ देखि ५ सम्म पढाइने विषय, पाठ्यभार र अङ्क विभाजन

विषयहरू	कक्षा १		कक्षा २		कक्षा ३		कक्षा ४		कक्षा ५	
	पाठ्यभार	पूर्णाङ्क	पा. भा.	पूर्णाङ्क	पा. भा.	पूर्णाङ्क	पा. भा.	पूर्णाङ्क	पा. भा.	पूर्णाङ्क
१. नेपाली भाषा	१०	१५०	१०	१५०	१०	१५०	८	१००	८	१००
२. गणित	८	१५०	८	१५०	८	१५०	६	१००	६	१००
३. अङ्ग्रेजी	—	—	—	—	—	—	५	१००	५	१००
४. सामाजिक तथा वातावरण शिक्षा (स्वास्थ्य शिक्षा समेत)	६	१००	६	१००	६	१००	—	—	—	—
५. शारीरिक शिक्षा	४	५०	४	५०	४	५०	३	५०	३	५०
६. सिर्जनात्मक तथा अभिव्यक्तिशील कला	३	५०	३	५०	३	५०	३	५०	३	५०
७. वातावरणीय विज्ञान तथा स्वास्थ्य शिक्षा	—	—	—	—	—	—	६	१००	६	१००
८. सामाजिक शिक्षा	—	—	—	—	—	—	५	१००	५	१००
९. इच्छाधीन (भाषा/अन्य)	३	१००	३	१००	३	१००	३	१००	३	१००
	३४	६००	३४	६००	३४	६००	३९	७००	३९	७००

उपर्युक्त तालिकाबाट स्पष्ट हुन्छ कि प्राथमिक तहमा नेपाली, गणित र सामाजिक शिक्षा, इच्छाधीन भाषालाई बढी महत्त्व दिइएको कुरा पूर्णाङ्क विभाजनबाट पनि स्पष्ट देखिन्छ ।

नेपाली

कक्षा १ मा सर्वप्रथम सग्ला अक्षरबाट सुरु गरी तीनैवटा कक्षाहरू १, २ र ३ मा क्रमैसँग संयुक्त अक्षर, मिश्र उच्चारण, शब्द रचना र वाक्य रचना प्रस्तुत गरिएको छ । यी आधारभूत कुराहरू बालबालिकाहरूलाई सिकाउनका लागि घरपरिवार, पाठशाला, पशुपक्षी र खेलका विषयहरू लिइएका छन् । कक्षा ४ र ५ मा कार्यमूलक व्याकरण, वचन ज्ञान, काल, लिङ्गज्ञान, चिह्न समावेश भएको छ। कक्षा ५ मा कर्ता, कर्म र क्रिया ह्रस्व र दीर्घ-सम्बन्धी ज्ञान दिएको छ। यी कुराहरू सिकाउनका लागि कथा, बालगीत, कविता, प्रबन्धका साथै चिठी र पौराणिक कथाहरूका विषयहरू लिइएका छन् । उपर्युक्त विषयहरूको प्रस्तुतीकरणमा क्रमशः कक्षा अनुसार कठिनाइ स्तर बढाउँदै लगिएको छ । उपर्युक्त विषयवस्तु कक्षाका सिकाइ उपलब्धि अनुरूप हुने गरी पाठ्यक्रम निर्माण गरिएको छ ।

गणित

कक्षा १ देखि ५ सम्म गणित विषयमा सङ्ख्या र अङ्क, चार साधारण नियमहरू (जोड, घटाउ, गुणन र भाग), भिन्न, नाप, मुद्रा र ज्यामिति प्रस्तुत गरिएको छ। कक्षा १ मा यस विषयवस्तुक्रम तथा सम्बन्ध राखिएको छ भने दशमलव र बीजगणित विषयवस्तु राखिएको छैन । प्रत्येक विषयवस्तुमा सबै कक्षाहरू १ देखि ५ सम्म समस्या समाधानका अभ्यासहरू समावेश गरिएको छ । उपर्युक्त विषयवस्तु कक्षागत उद्देश्य अनुरूप क्रमशः कठिनाइस्तर पाठ्यक्रममा बढाउँदै लगिएको छ ।

सामाजिक शिक्षा तथा वातावरण शिक्षा (स्वास्थ्य शिक्षा समेत)

सामाजिक शिक्षाको विषयमा कक्षा १ देखि ५ सम्मका विषयवस्तुहरू जस्तैः– हाम्रो घर र संसार, हाम्रो जनजीवन, हाम्रो सेवा र सुविधाहरू प्राथमिक पाठ्यक्रममा प्रस्तुत गरिएको छ । प्रसिद्ध व्यक्तिहरूसम्बन्धी हाम्रा राष्ट्रिय संस्कृति, हाम्रो व्यवस्था, छिमेकी मित्रराष्ट्रहरूजस्ता विषयवस्तुहरू प्रस्तुत गरिएका छन् । यसमा विषयवस्तुलाई क्रमिक रूपले अरू माथिल्ला कक्षासम्म पनि विस्तार गरी बढाउँदै लगिएको छ ।

शारीरिक शिक्षा

शारीरिक शिक्षा अन्तर्गतका विषयवस्तुहरू जस्तैः– साधारण खेलहरू, सरलीकृत अभिनयहरू पाठ्यक्रममा समावेश गरिएको छ र कक्षा अनुसार प्रत्येक खेलहरू र अभिनयहरू

फरक-फरक छन् । अनि प्रत्यक कक्षामा त्यो कार्यकलाप सीमित छ, टुङ्गिन्छ । स-साना कक्षाहरूदेखि ठूला कक्षाहरूसम्म कार्यकलापहरू साधारण र सरलबाट कठिन र जटिल बनाउँदै लगिएको छ ।

वातावरणीय विज्ञान तथा स्वास्थ शिक्षा

प्राथमिक कक्षाको ४ र ५ मा पुगेपछि मात्र वातवरणीय विज्ञान विषय स्वास्थ्य शिक्षासित सम्मिलित गरी पाठ्यक्रम निर्माण गरिएको छ । विज्ञान विषयलाई पाठ्यभार ६, पूर्णाङ्क १०० दिइएको छ ।

कक्षा ४ र ५ मा यस विषयमा दिइएका विषयवस्तुहरू जस्तैः– साधारण वस्तुहरूको सामान्य लक्षणको अवलोकन, पृथ्वी, माटो, पानी, हावा, बिरुवा र जनावर, सूर्य, शरीर, खाना, रोग, दुर्घटना र प्राथमिक उपचार, स्वास्थ्य सुधार आदि एकाइहरू र ती एकाइ अन्तर्गत पर्न पाठहरूको स्पष्टीकरण कक्षा अनुसार उल्लिखित छन् । कक्षा ४ मा उपर्युक्त विषयवस्तुहरूमा सरलीकरण गरेर दिइएको छ भने कक्षा ५ मा सरलीकरण विषयवस्तुहरूलाई विस्तृतीकरण गरी त्यसका विभिन्न पक्षहरू उल्लेख गरिएका छन् ।

अङ्ग्रेजी

प्राथमिक शिक्षाको कक्षा ४ देखिमात्र अङ्ग्रेजी शिक्षा प्रदान् गरी पाठ्यक्रम निर्माण गरिएको छ । नेपाली भाषाको पाठ्यक्रममा जस्तै यसमा पनि बोलाइ, सुनाइ, लेखाइ र पढाइ चारै पक्षको विकासमा जोड दिइएको छ। यस विषयको पाठ्यक्रममा विषयवस्तुहरूको एकाइको रूपमा नदिईकन पाठको रूपमा दिइएको छ। कक्षा ४ मा Simple commands and instruction, names of the people and object, identification of sex, profession and area, singular-plural, counting, noun, pronoun and possessive pronoun, verb, adjective, adverb आदि विषयवस्तुहरू दैनिक व्यवहारमा कुराकानी प्रश्नोत्तरको रूपमा दिइएका छन् । यसमा दिइएक विषयवस्तुहरू पनि नेपाली भाषाको पाठ्यक्रममा जस्तै वर्गीकरण गर्न सकिन्छ । कक्षा ५ मा जस्तै विषयवस्तुहरू पनि विवरण र प्रसङ्ग बढाउँदै लगिएको पाइन्छ । तर शिक्षण सिकाइको प्रक्रियामा Phonetic Symbol लाई जोड दिइएको पाइन्छ ।

सिर्जनात्मक तथा अभिव्यक्तिशील कला

सङ्गीत, चित्रकला र हस्तकला प्राथमिक कक्षा १ देखि ५ सम्मका लागि पाठ्यक्रम निर्माण भएको छ, यसमा दिइएका विषयवस्तुहरू जस्तैः– नृत्य, अभिनय, चित्र लेख्ने तथा रङ चित्रण गर्ने, कागजको काम, नमुना बनाउने, माटोको काम, छपाइको काम आदि छन् ।

सामाजिक शिक्षा

कक्षा ४ र ५ मा सामाजिक शिक्षा राखिएको छ। यस कक्षाहरूमा परिवार, परिवार-प्रति दायित्व, समाजमा प्रचलित राम्रा नराम्रा छुट्टयाउन सक्ने खुबी, मौलिक अधिकार र कर्तव्य, देशको भौगोलिक अवस्था, नेपालका वीर पुरुषहरूको चिनारी, प्राकृतिक सम्पदा, सार्क मुलुकका देशहरूजस्ता विषयहरू रहेका छन्। यसमा राष्ट्रिय सम्पदाहरूको संरक्षण गर्न प्रवृत्ति बढाउने खालका पाठहरू रहेका छन्।

अभ्यास

१. पाठ्यक्रमको २ वटा परिभाषा लेखी व्याख्या गर्नुहोस्।
२. प्राथमिक पाठ्यक्रममा भएका विशेषताहरू उल्लेख गर्नुहोस्।
३. राष्ट्रिय शिक्षा पद्धति २०२८ र हालको शिक्षा पद्धतिमा प्राथमिक पाठ्यक्रम कुन-कुन कुरामा फरक छन्? लेख्नुहोस्।
४. नेपालको प्राथमिक स्तरका नेपाली र गणितको पाठ्यक्रम अध्ययनबाट प्राप्त विवरण लेख्नुहोस्।
५. प्राथमिक शिक्षा पाठ्यक्रममा कक्षा ४ र ५ मा अङ्ग्रेजी, नेपालीमा प्रस्तुत गरिएका विषयवस्तुहरू के-के हुन्? आफ्नो राय व्यक्त गर्नुहोस्।

खण्ड ६

विद्यालयमा गरिने योजनाहरू

परिचय

योजना दैनिक जीवनको एक अत्यावश्यकीय कुरा हो । एउटा व्यस्त गृहिणीले प्रत्येक दिन, हप्ता वा महीनाका निमित्त योजना बनाउँछिन् । एउटा व्यापारीले आफ्नो व्यापारको साप्ताहिक तथा मासिक कार्यक्रम बनाउँछ । एउटा कृषकले आफ्नो खेतमा आगामी वर्ष कुन बाली के-कति मात्रामा लगाउने र कसरी लगाउने भन्ने कुराको पहिले योजना गर्दछ । हरेक सानोभन्दा सानो क्रियाकलापका निमित्त योजना गर्नुपर्दछ । कुनै पनि क्रियाकलाप वा सङ्गठनको सफलता तथा असफलता योजनाको प्रभावकारितामा निर्भर गर्दछ । कुनै योजना एक दिनका निमित्त गरिएका हुन्छन् भने कुनै हप्ताका लागि, कुनै एक महीना वा एक वर्षका लागि र अरू कुनै १ वर्षभन्दा बढी समयसम्मका लागि बनाइन्छन् । कुनै योजना सरल हुन्छन् भने कुनै योजना जटिल हुन्छन् । कुनै योजनाहरू व्यक्तिगत अनुभवको आधारमा तयार गरिन्छन् भने कुनै योजनाहरूको निर्माणमा विशेष दक्षता तथा ज्ञानको आवश्यकता पर्दछ । मानवजीवन जटिल बन्दै गएकाले कुनै पनि व्यक्तिगत तथा सामूहिक कार्य प्रभावकारी रूपमा सम्पन्न गर्नका निमित्त योजनाको आवश्यकता पर्दछ ।

मानवजीवनमा प्रत्येक पक्षमा योजनाको आवश्यकता भएबाट विद्यालयमा पनि योजनाको महत्त्वपूर्ण स्थान हुने कुरा स्वतः सिद्ध छ । विद्यालयको मुख्य काम बालबालिकाहरूलाई उपयुक्त शिक्षण सिकाइ वातावरण सृजना गरी शिक्षा प्रदान गर्नु हो । यस कार्यमा शिक्षक संलग्न रहन्छन् । बालबालिकाहरूलाई कुन समयमा के ज्ञान दिने र कति दिने, कसरी दिने र कसले दिने ? भन्नेजस्ता कुराहरूको योजना पहिलेबाटै विद्यालय तथा शिक्षकले गरेनन् भने विद्यालयले कहिल्यै पनि आफ्नो लक्ष्य हासिल गर्न सक्तैनन् । विद्यार्थी सङ्ख्याको दिन प्रतिदिन वृद्धि र ज्ञानको तीव्र विस्फोटन, नयाँ-नयाँ विषयहरूको विकास, शिक्षण विधि तथा सामग्रीको नवीनतम खोजी, सीमित स्रोतसाधन तथा समय आदिले गर्दा त विद्यालय र शिक्षकले योजना नगरी कुनै कार्य गर्न नसक्ने अवस्था सिर्जिएको छ । विद्यालयमा विभिन्न प्रकारका योजनाहरू बनाइन्छन् । कुनै योजनाहरू प्रधानाध्यापकद्वारा निर्माण गरिएका हुन्छन् भने कुनै योजना शैक्षिक उद्देश्यका निमित्त निर्माण गर्दछ । उदाहरणका लागि वार्षिक कार्य-तालिका, दैनिक तथा साप्ताहिक कार्य-तालिका प्रधानाध्यापकद्वारा निर्माण गरिने योजना हुन् भने वार्षिक शैक्षणिक योजना तथा दैनिक पाठयोजना शिक्षकद्वारा बनाइने योजनाहरू हुन् । सबै योजनाहरूको मूल उद्देश्य विद्यालयका अङ्गल शिक्षण सिकाइलाई टेवा पुऱ्याउनु हो तापनि प्रधानाध्यापकले निर्माण गर्ने योजनाको प्रशासनिक योजना पनि हुन सक्तछ ।

यस खण्डमा विद्यालयमा गरिने विभिन्न प्रकारका योजनाहरूको परिचय दिने प्रयास गरिएको छ ।

वार्षिक कार्य-तालिका

वार्षिक कार्य-तालिका विद्यालयमा प्रधानाध्यापकले निर्माण गर्दछन् । यसको निर्माण गर्दा शिक्षकहरूको सहयोगको पनि अवश्यकता हुन्छ ।

वार्षिक कार्य-तालिका भनेको कुनै पनि विद्यालयको वर्षभरिको गतिविधि तथा कार्यकलाप विनमा के-के बिदा तथा चाडपर्वहरू पर्दछन् र परीक्षा कहिले सञ्चालन गर्ने, स्टाफ मिटिङ कहिले-गर्ने, अतिरिक्त क्रियाकलाप अन्तर्गत विभिन्न कार्यक्रम तथा प्रतियोगितात्मक कार्यक्रम कहिले-कहिले सञ्चालन गर्ने आदि विद्यालयमा सम्पूर्ण वार्षिक कार्यक्रमहरू उल्लेख भएको हुन्छ । यस्तो तालिका अध्ययन गर्दा वर्षभरिमा त्यस विद्यालयमा के-कस्ता कार्यक्रमहरू गर्ने योजना रहेको छ, विद्यालयको के गतिविधि छ, कुन चरणमा पुगेको छ, कति गर्न बाँकी रहेछ भन्नेजस्ता कुराहरू सजिलैसित थाहा पाउन सकिन्छ ।

विद्यालयलाई सुनियोजित र कुशलतापूर्वक सञ्चालन गराउनका लागि विद्यालयका सबै कार्यक्रमहरूको वार्षिक योजना तयार पारी योजना अनुसार कार्यक्रम गर्दै जानुपर्दछ । यस प्रकारको वार्षिक कार्य-तालिकाका अभावमा विद्यालयका प्रत्येक काम खल्बलिने तथा अस्तव्यस्त हुने सम्भावना हुन्छ । यसको असर पठनपाठनका अतिरिक्त प्रशासनिक तथा आर्थिक पक्षमा पनि पर्न सक्दछ । परिणामस्वरूप आकांक्षा अनुसार लक्ष्यको प्राप्ति हुन सक्तछ ।

वार्षिक कार्य-तालिका एउटा यस्तो ऐना हो, जसले विद्यालयको प्रत्येक शैक्षिक कार्य-कलापलाई प्रतिबिम्बित गरेको हुन्छ । यो सबभन्दा सजिलो एवं तत्काले विद्यालयको वर्षभरिको कार्यक्रम र गतिविधि थाहा पाउन सक्ने माध्यम हो । यसद्वारा विद्यालय सुव्यवस्थित, क्रमबद्ध र सुचारुरूपले सञ्चालन गर्न सहयोग मिल्छ । यसमा पूर्व योजना मुताबिक कार्यक्रमहरू राखि-एको हुनाले तोकिएकै समय अनुसार कार्यक्रमहरू हुँदै जानाले विद्यालयका शिक्षक र विद्यार्थी-हरूमा आपसी समझदारी र अनुशासनात्मक विकास हुने सम्भावना हुन्छ ।

वार्षिक तालिकामा सर्वप्रथम वर्षभरिका कुन-कुन दिन के-के चाडपर्व र बिदाका दिनहरू हुन्, यो छुट्टाई जम्मा बाँकी रहने कार्य दिनहरू मध्ये कुन-कुन दिन के-के काम गर्ने हो, स्पष्टसँग उल्लेख गर्नुपर्दछ । उदाहरणका लागि विद्यार्थी भर्ना कुन महिनाको कति गतेदेखि सुरु गरेर कति गते अन्त गर्ने, कक्षा सञ्चालन कुनै मितिदेखि गर्ने, शिक्षक सभा कुन महिनाको कति गते गर्ने, खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रम, हाजिरी अवाफ प्रतियोगिता, शैक्षिक भ्रमण, एकाइ, त्रैमासिक तथा वार्षिक परीक्षा कुन महिनामा कुन-कुन गते सञ्चालन गर्ने हो, वार्षिक तालिकामा समावेश गर्नुपर्दछ ।

वार्षिक कार्य-तालिका

शैक्षिक वर्ष .....

विद्यालयको नामः– .....

ठेगानाः– .....

गते / महीना	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२
फाल्गुन																																
चैत्र																																
बैशाख																																
ज्येष्ठ																																
आषाढ																																
श्रावण																																
भाद्र																																
आश्विन																																
कार्तिक																																
मङ्सीर																																
पौष																																
माघ																																

(ख) वार्षिक शैक्षणिक योजना

यसभन्दा अघि विद्यालयको गतिविधि तथा कार्यक्रमहरूलाई सुनियोजित तथा व्यवस्थित गर्नका निमित्त प्रधानाध्यापकले निर्माण गर्ने वार्षिक कार्य-तालिकाको बारेमा छलफल गरयौं । अब यहाँ शिक्षकद्वारा निर्माण गरिने वार्षिक शैक्षणिक योजनाको बारेमा चर्चा गरिन्छ ।

वार्षिक शैक्षणिक योजना कुनै एउटा शिक्षकले कुनै खास कक्षाका विद्यार्थीहरूलाई एउटा विषय अध्यापन गर्दा वर्षभरिका निमित्त गरिने योजना हो । साधारण अर्थमा दिइएको एउटा विषय अध्यापन गर्न शिक्षकको वर्षभरिको गतिविधि कार्यकलाप दर्शाउने तालिका नै वार्षिक शैक्षणिक योजना हो । प्रधानाध्यापकले बनाउने वार्षिक कार्यतालिकामा विद्यालयको सम्पूर्ण वार्षिक गतिविधि तथा क्रियाकलाप उल्लेख गरिएको हुन्छ भने शिक्षकले बनाउने वार्षिक शैक्षणिक योजना एउटा कक्षामा कुनै एउटा विषय पढाउनका निमित्त वर्षभरिका लागि योजना गरिएको हुन्छ । वार्षिक शैक्षणिक योजना कक्षा र विषयपिच्छे छुट्टाछुट्टै बनाइन्छ भने वार्षिक कार्यतालिका विद्यालयमा केवल एउटै मात्र हुन्छ र जसले सबैलाई प्रभावित गर्दछ । शिक्षकले बनाउने वार्षिक शैक्षणिक योजना विद्यालयका निमित्त बनाइएको वार्षिक कार्यतालिकासित मेल खानुपर्दछ । एउटा शिक्षकले बनाएको योजना विद्यालय वार्षिक योजनासित मेल खाएन भने योजना बनाउनुको कुनै तात्पर्य रहँदैन । वार्षिक शैक्षणिक योजनामा एउटा शिक्षकलाई अध्यापन गर्न दिएको विषयका विभिन्न एकाइ वा पाठहरू कुन महिना वा कुन हप्तामा पढाउने हो, ती एकाइ वा पाठका के-के उद्देश्य हुन्, निर्धारित एकाइ वा पाठहरू अध्यापन गर्न कति पिरियड लाग्ने हो, कुन-कुन शिक्षण सामग्री प्रयोग गर्ने हो, शिक्षण विधि प्रयोग गरी शिक्षण गर्ने हो र निर्धारित उद्देश्य हासिल गर्न विद्यार्थीहरूलाई कुन-कुन तह तथा अतिरिक्त क्रियाकलापहरूमा सम्मिलित गराउने हो, विद्यार्थीहरूको उपलब्धिको मूल्याङ्कन कहिले तथा कुन विधि प्रयोग गरी गर्ने हो ? यी सारा कुराहरू समावेश गरिएका हुन्छन् । वार्षिक योजना एउटा यस्तो पूर्व योजना हो, जसले सम्बन्धित शिक्षकलाई निर्धारित लक्ष्य हासिल गर्नेतर्फ निर्देशित गर्दछ ।

यसप्रकारको योजनाले निर्धारित समयभित्र पाठ्यांश पूरा हुन सकेन, पाठ्यांशका सबै एकाइहरूमा समान दृष्टि पुऱ्याउन सकिएन, कुनै शीर्षक पढाउने बेलामा तत्सम्बन्धी आवश्यक पाठ्यसामग्री उपलब्ध हुन सकेन भन्नेजस्ता शैक्षिक कठिनाईहरू निराकरण गर्नमा सहयोग मिल्छ । वार्षिक योजनाको निर्माणले शिक्षकलाई अन्य योजनाहरू गर्नमा पनि मदत मिल्छ । शिक्षणलाई बढी उद्देश्यमूलक, सिलसिलाबद्ध र सरल पार्नका वार्षिक शैक्षणिक योजना धेरै सहायक हुने कुरा विश्वास गरिएको छ । सुनियोजित शिक्षण योजनाले निश्चय पनि पाठ्यांशको उद्देश्य र निर्धारित समयबीच एउटा सन्तुलन कायम गरी शिक्षणलाई बढी क्रमबद्ध र सफल बनाउन सघाउ पुऱ्याउँछ ।

यदि कुनै विषय सुनियोजित र कुशलतापूर्वक पढाउनु छ भने वार्षिक योजना तयार पारी क्रमबद्ध तरीकाले वार्षिक गतिविधि तथा क्रियाकलापहरूलाई योजनामा समावेश गरी यसै योजनाबमोजिम अध्यापन गर्नु जानुपर्छ। यस्तो वार्षिक योजनाको अभावमा शिक्षकको प्रत्येक क्रियाकलाप खल्बलिने र अस्तव्यस्त हुने सम्भावना हुन्छ । यसले गर्दा निर्धारित लक्ष्यहरू हासिल गर्न सकिंदैन र समयको बर्बादीमात्र हुन्छ। वार्षिक शैक्षिक योजनाको खाका अर्को पृष्ठमा दिइएको छ। यस खाकामा केवल ३ महिनाका निमित्त मात्र शैक्षणिक योजना बनाउनका लागि स्थान उपलब्ध छ। वर्षभरिका अन्य महिनाहरूका लागि क्रमशः खाका तयार पार्न सकिन्छ। दिइएको तालिका अनुसार महिनाको हप्तैपिच्छे पढाइने एकाइको नाम, एकाइभित्रका पाठ शीर्षकहरू, तो एकाइ तथा पाठहरूमा साधारण तथा विशिष्ट उद्देश्य निर्धारित एकाइ वा पाठका लागि चाहिने जम्मा पिरियड सङ्ख्या, चाहिने शिक्षण सामग्री तथा शिक्षकले अनुसरण गर्ने विधि, शिक्षक विद्यार्थी क्रियाकलापहरू र मूल्याङ्कन साधनहरू आदि वार्षिक शैक्षणिक योजनामा समावेश गर्नुपर्दछ।

महिना	हप्ता	एकाइको नाम	पाठ	पिरियड	शिक्षण सामग्री	शिक्षण विधि	शिक्षक विद्यार्थी क्रियाकलाप	मूल्याङ्कन साधन	कैफियत

विद्यालयको नामः–.....

शैक्षिक वर्षः– .....

वार्षिक शैक्षणिक योजना

विषय शिक्षकः–.....

विषयः– .....

कक्षाः–.....

महिना	साता	एकाइ	पाठ	उद्देश्य				पिरियड	शिक्षण सामग्री	शिक्षण विधि	क्रिया-कलाप	मूल्याङ्कन	कैफियत
				साधारण उद्देश्य	विशिष्ट उद्देश्य								
					ज्ञान	अभि-व्यक्ति	क्षेप						
माघ	प्रथम												
	द्वितीय												
	तृतीय												
	चतुर्थ												
फाल्गुन	प्रथम												
	द्वितीय												
	तृतीय												
	चतुर्थ												
चैत्र	प्रथम												
	द्वितीय												
	तृतीय												
	चतुर्थ												

(ग) दैनिक पाठयोजना

शिक्षणलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन पाठयोजना एउटा अपरिहार्य पूर्व आवश्यकता हो। शिक्षक कक्षाकोठामा प्रवेश गर्नु अघि के पढाउने? कसरी पढाउने? कसलाई पढाउने? किन पढाउने? कति समयभित्र पढाउने? र कति पढाउने? आदि उपर्युक्त समस्याहरूका बारेमा वास्तै नगरी कक्षाकोठामा प्रवेश गर्ने शिक्षकको शिक्षण उद्देश्यहीन, अन्योलपूर्ण, अवैज्ञानिक र क्रमबद्धहीन हुनजाने सम्भावना रहन्छ। सावधानीपूर्वक बनाएको पाठयोजानाले शिक्षकलाई सिकाउनमा र विद्यार्थीहरूलाई सिक्नमा ठूलो सघाउ पुऱ्याउँछ। पाठयोजनाले शिक्षकलाई आत्मविश्वास बढाउँछ र शिक्षक तथा शिष्यका कक्षाकोठाका क्रियाकलापहरू अस्तव्यस्त तथा उद्देश्यहीन हुनबाट बचाई लक्ष्यतर्फ बढ्न निर्देशित गर्दछ। शिक्षक पढाउन विभिन्न कक्षाकोठामा प्रवेश गर्नु अघि के गर्छ, त्यसले उसको शिक्षणको सफलता निश्चय गर्दछ।

संक्षिप्त रूपमा भन्ने हो भने पाठयोजना प्रत्येक दिन र पिरियडमा कुनै विषय शिक्षण गर्नका लागि एउटा शिक्षकले गर्ने पूर्व तयारी हो। बुजिंग (Boosing) महोदयका अनुसार पाठयोजना निर्धारण समय वा पिरिडयभित्र गरिने क्रियाकलापहरूको फलस्वरूप प्राप्त गरिने उपलब्धिहरू र ती उपलब्धिहरू हासिल गर्न प्रयोग गरिने साधनहरूको विवरण वा कथनको नाम हो।

'Lesson plan is the title given to a statement of the achievements to be realized and specific means by which these are to be attained as a result of activities engaged in during the period.'

पाठयोजना साध्य होइन, यो सफल शिक्षणका लागि एउटा साधन मात्र हो। तसर्थ पाठयोजना आदर्शमय नभई वास्तविक र राम्रोसँग कार्यान्वयन गर्न सकिने हुनुपर्दछ। पाठयोजना निर्माण गर्नु अघि शिक्षकमा निम्न लिखित कुराको ज्ञान हुनुपर्दछः–

(क) विषयको विस्तृत तथा स्पष्ट ज्ञान
(ख) विषयका शिक्षणको उद्देश्यको स्पष्ट ज्ञान
(ग) व्यावहारिक उद्देश्य निर्माण गर्न सक्ने सीप
(घ) शिक्षणविधिको पर्याप्त ज्ञान
(ङ) शिक्षण सामग्री छान्ने तथा प्रयोग गर्ने सीप
(च) बालबालिकाहरूको प्रवृत्तिको ज्ञान
(छ) बालबालिकाहरूको पूर्वज्ञान वा पृष्ठभूमिको ज्ञान

(ज) मूल्याङ्कन विधिको ज्ञान

(झ) निर्धारित समयको ज्ञान आदि ।

यी माथि उल्लिखित कुराहरूको ज्ञान नभै बनाएको कुनै पाठ्योजनाले प्रभावकारी शिक्षणका निम्ति खास योगदान पुऱ्याउन सक्तैन र योजना केवल कागजी रूपमा मात्र रहन्छ । पाठ्योजना कति सफल छ भन्ने कुरा यसले शिक्षण सिकाइ कार्यमा कत्तिको योगदान पुऱ्याउँछ, सो कुरामा भरपर्दछ ।

कतिपय शिक्षकहरूले पाठ्योजना निर्माण गरी अध्यापन गर्न कुरालाई अनावश्यक बोझ भनेर लाञ्छना पनि लगाउँछन्, तर पाठ्योजनाले शिक्षण सिकाइ क्रियाकलापमा पुऱ्याउने सहयोग भने कदापि बिर्सन सकिँदैन । खासगरी पाठ्योजनाले निम्न लिखित फाइदा पुऱ्याउँछ ।

१. पाठ्योजनाले विषयवस्तु सङ्गठन गर्न सहयोग गर्छ ।
२. पाठ्योजनाले शिक्षकको काम सुसङ्गठित तथा नियमित बनाउँछ ।
३. पाठ्योजना उत्तम शिक्षणविधि तथा पाठको उद्देश्य निश्चित गर्नमा सहायक हुन्छ ।
४. यसद्वारा शिक्षक कक्षाकोठामा अशैक्षणिक क्रियाकलापमा व्यर्थ समय बरबाद गर्नुबाट बच्छ ।
५. पाठ्योजनाद्वारा उपयुक्त शिक्षण सामग्री तथा मूल्याङ्कन विधि छनोट र प्रयोग गर्न सहयोग मिल्छ ।
६. पाठ्योजनाले शिक्षकमा आत्मविश्वास तथा आत्मरक्षा जागृत गर्दछ ।
७. पाठ्योजनाले मूल्याङ्कन गर्न सजिलो पर्दछ ।
८. पाठ्योजनाले शिक्षक तथा विद्यार्थीले निर्धारित समयभित्र गर्ने क्रियाकलापका लागि निश्चित दिशा र उद्देश्य दिन्छ । उद्देश्यहीन, अप्रासङ्गिक, अन्योलपूर्ण तथा अस्तव्यस्त हुनबाट हुँदैलाई बचाउँछ ।
९. विद्यार्थीहरूमा पनि पाठ्योजनाले सुरक्षा, विश्वास र अनुशासनको भावना पैदा गर्छ ।
१०. शिक्षक पाठ्योजनाको सहारा लिएर निर्धारित समयभित्र कुनै विषय वा पाठ्यांशको अध्यापन पुरा गर्न सक्तछन् ।

पाठ्योजनाका अङ्गहरू

पाठ्योजनामा विद्यालय, कक्षा, विद्यार्थीसङ्ख्या, औसत उमेर, विषय, एकाइ, पाठ, मिति, समय तथा पिरियड (घण्टी) आदि कुराहरू उल्लेख गरिएको हुन्छ । पाठ्योजनाको प्रारूप (Format) विभिन्न प्रकारको हुनसक्छ, तर अधिकांश पाठ्योजनामा निम्न लिखित अङ्गलाई स्पष्ट उल्लेख गरिएको हुनुपर्दछ–

१. विशिष्ट उद्देश्य (Special Objectives)

उद्देश्य विशिष्ट, स्पष्ट र शिक्षणको मूल कुरामा आधारित हुनुपर्छ । हरेक दिन वा हरेक पिरियड पढाइने पाठबाट बालकले खासमा सिक्नुपर्ने कुरा के हो ? त्यो नै पाठको उद्देश्य हो । उद्देश्यले शिक्षण कार्यकलापको योजना गर्न, सामग्री छान्ने तथा शिक्षण सिकाइको लेखाजोखा गर्न मदत गर्छ । यो दर्शनीय (Visible), मापनीय (Measurable) तथा पहुँच पुग्ने (Approachable) हुनुपर्छ ।

उद्देश्यलाई सकेसम्म व्यावहारिक बनाउनुपर्दछ । यसका लागि जान्नेछन्, बुझ्नेछन्, पाउनेछन्, बोध गर्नेछन्, सम्झनेछन्, ज्ञान हासिल गर्न सक्नेछन्जस्ता क्रियाकलापहरू हटाएर निम्न बमोजिम क्रियाकलापहरू राख्नुपर्छ ।

परिभाषा दिनु	लेख्नु
नामकरण गर्नु	वर्गीकरण गर्नु
सूची बनाउनु	व्याख्या गर्नु
नाम भन्नु	पहिचान गर्नु
नाप्नु	देखाउनु
चित्र	निर्णय गर्नु
छान्नु	उदाहरण दिनु
उल्लेख गर्नु	प्रदर्शन गर्नु
तुलना गर्नु	पत्ता लगाउनु
साद शिक्नु	खण्डन गर्नु
सार्थक गर्नु	बहस गर्नु
मिलाउनु	छलफल गर्नु
संक्षेप गर्नु	सम्बन्ध देखाउनु
सङ्कलित गर्नु	आलोचना गर्नु

(क) यो पाठको अन्तमा विद्यार्थीले नेपालका शहीदहरूको नाम भन्न सक्नेछन् ।

(ख) यो पाठ पढिसकेपछि विद्यार्थीले योगफल १ देखि ९ सम्म आउने जोड गर्न सक्नेछन् ।

माथिका उदाहरणमा परेका "नाम भन्ने" र "जोड गर्ने" शब्दहरू क्रियापदहरू हुन् । शिक्षकले विद्यार्थीहरूमा के-कस्ता व्यावहारिक परिवर्तनहरूको आशा राखेको हो, सो कुरा यी क्रियाकलापहरूले स्पष्ट तुल्याउँछन् । अरू केही उदाहरण हेरौं:–

(क) यो पाठको अन्तमा विद्यार्थीले सबै अञ्चल र जिल्लाका नाम जान्नेछन् ।

(ख) विद्यार्थीहरूले २० सम्मको गुणन तालिका सिक्नेछन् ।

(ग) पृथ्वी गोलो छ भन्ने कुरा थाहा पाउनेछन् ।

माथिका उदाहरणहरूमा "जान्नेछन्, सिक्नेछन्, थाहा पाउनेछन्" क्रियापदहरू छन् । यी क्रियापदहरू स्पष्ट तथा व्यावहारिक छन् र यस्ता क्रियापदहरू राख्ता साँच्चै विद्यार्थीले सिके वा सिकेनन्, थाहा पाए वा पाएनन्, जाने वा जानेनन्, त्यस रूपमा शिक्षकले मापन गर्न सक्तैन । व्यावहारिक उद्देश्य राख्नाले सिकाइ क्रियाकलापको योजना तथा मूल्याङ्कन गर्न सजिलो पर्दछ । उद्देश्य निर्माण गर्दा पाठको मुख्य विचारलाई केन्द्रित गरी समझदारी, सीप र प्रवृत्ति पक्षलाई ध्यान दिनुपर्छ ।

२. शिक्षण सामग्री (Instructional Meterials)

निश्चित पाठको धारणालाई स्पष्ट पार्दा र शिक्षक सिकाइ रुचिपूर्ण प्रभावकारी बनाउन शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्दछ । स्थानीय सामग्रीको प्रयोग गर्न शिक्षकले लगनशील भएर सिर्जनात्मक दृष्टिकोण अपनाउनुपर्दछ । विद्यार्थीहरूलाई सामग्री बटुल्न लगाएर पनि उपयोगी सामग्री प्रस्तुत गर्न सकिन्छ । सामग्री प्रयोग गर्नु अघि पाठसँग त्यसको उपयुक्त एवं राम्रो परीक्षण गर्नुपर्दछ ।

पा योजनामा शिक्षकले पाठका निर्धारित लक्ष्यहरू हासिल गर्न कुन-कुन शैक्षिक सामग्री प्रयोग गर्ने हो, समावेश गर्नुपर्दछ ।

३. शिक्षण सिकाइ कार्यकलाप (Teaching-learning Activities)

शिक्षक र विद्यार्थीका शिक्षण सिकाइ क्रियाकलापहरूमा विधि, प्रविधि, सामग्री प्रयोग आदि कुराहरू व्यवस्थित गरिन्छ अथवा निर्धारित लक्ष्य हासिल गर्न कक्षाकोठामा निर्धारित समयभित्र शिक्षक तथा विद्यार्थीले सम्पन्न गर्ने क्रियाकलापहरू क्रमबद्ध तरीकाले यसमा व्याख्या गरिएको हुनुपर्छ । पाठ कसरी सुरुवात गर्ने ? विद्यार्थीहरूमा तत्परता तथा रुचि कसरी पैदा गर्ने ? कुन शिक्षण विधि प्रयोग गर्ने ? विद्यार्थीहरूलाई कुन-कुन अनुभव वा अवसरहरू प्रदान गर्ने ? सामग्रीहरूको प्रयोग कसरी गर्ने ? पाठको सारांश, पुनरावृत्ति तथा सामान्यीकरण कसरी गर्ने ? कक्षाकोठाभित्र निश्चित समयभित्र सम्भव हुने र गर्न आवश्यक शिक्षक तथा विद्यार्थीका बीचका क्रियाकलापहरू यसमा समावेश गरिनुपर्दछ ।

४. मूल्याङ्कन (Evaluation)

निर्धारित उद्देश्यहरू उपर्युक्त क्रियाकलापहरूबाट पूर्ति हुन सके, नसकेको आधारका निम्ति मूल्याङ्कन गरिन्छ । के विद्यार्थीले पाठको मूल कुरा सिके ? पाठका निश्चित लक्ष्यहरू हासिल हुन सके ? आदि पत्ता लगाउनका निमित्त हरेक शिक्षकले पाठको अन्तमा मूल्याङ्कनको विधि, तरीका तथा साधनहरू प्रयोग गरी मूल्याङ्कन गर्दछन् ? शिक्षणकार्यको बीच-बीचमा सोधेर तथा अवलोकन गरेर पनि विद्यार्थीका उपलब्धिहरू मापन गर्न सकिन्छ ।

५. गृहकार्य (Home Assignment)

विद्यार्थीको शिक्षा बढी प्रभावकारी बनाउन गृहकार्य दिनु गरिन्छ । साथै विद्यालयमा सिकाएका कुराहरू के-कति बुझे, अनुगमन कार्यक्रम (Follow-up) को रूपमा पनि गृहकार्य उपयोगी हुन्छ । अभ्यास गर्नुपर्ने पाठहरूमा त यो अनिवार्यजस्तै गरिन्छ । घरमा अभ्यास-का लागि दिइने पाठले सिकाइलाई परिपुष्ट बनाउँछ । यसरी घरमा अभ्यास गर्नका लागि शिक्षकले विद्यार्थीहरूलाई कुन कार्य दिने हो, सो पाठयोजनाको अन्तमा उल्लेख गर्नुपर्दछ ।

पाठयोजनाको प्रारूप

विद्यालयः– .... गाउँः–..... जिल्लाः–

शिक्षकको नामः– ..... विषयः–.....

एकाइः– ..... पाठः–.....

समयः– ..... घण्टीः–.....

मितिः– .....

(क) विशिष्ट उद्देश्य

१.

२.

३.

(ख) शैक्षिक सामग्री

१.

२.

३.

(ग) शिक्षण-सिकाइ क्रियाकलाप

(क) शिक्षण क्रियाकलाप

१.

२.

३.

(ख) विद्यार्थी कार्यकलाप

१.

२.

३.

(घ) मूल्याङ्कन

१.

२.

३.

(ङ) गृहकार्य

१.

माथि दिइएका प्रारूप अनुसार पाठयोजना निर्माण गर्न सकिन्छ । यस अनुरूप पाठयोजनाको प्रारम्भमा शिक्षकको नाम, विषय, एकाइको नाम, पाठशीर्षक, मिति तथा समय, पिरियड आदि सामान्य विवरण उल्लेख गर्नुपर्दछ र क्रमशः पाठका मुख्य-मुख्य उद्देश्यहरू के-के हुन्, उक्त पाठ शिक्षण गर्दा शिक्षकले प्रयोग गर्ने सामग्रीहरू के-के हुन्, निर्धारित उद्देश्य पूरा गर्ने शिक्षक र शिक्षार्थीका सम्भावित क्रियाकलापहरू के-के हुन् र उद्देश्य पूरा भए, नभएको थाहा पाउन कुन-कुन तथा कस्तो साधन प्रयोग गरी मूल्याङ्कन गर्ने हो ? उल्लेख गर्नुपर्दछ । अन्तमा विद्यार्थीहरूलाई उक्त पाठसम्बन्धी गृहकार्य दिने भए सोको नमुनासमेत समावेश गर्नुपर्दछ ।

(घ) दैनिक तथा साप्ताहिक कार्यतालिका

विद्यालयमा गरिने योजनाहरूमा दैनिक तथा साप्ताहिक कार्यतालिकाको पनि महत्त्वपूर्ण स्थान छ । वार्षिक शैक्षिक योजना र दैनिक पाठयोजना विद्यालयका हरेक शिक्षकले निर्माण गर्दछन् भने यस तालिकाको निर्माण शिक्षकहरूको सहयोग तथा सल्लाह लिएर प्रधान अध्यापकले गर्दछन् । के पनि भनिन्छ भने उक्त दैनिक तथा साप्ताहिक कार्यतालिकाको निर्माण प्रधानाध्यापकको दक्षताको पहिचान गर्ने एक माध्यम हो ।

कार्यतालिकाद्वारा विद्यालयको जटिल व्यवस्थाको समाधान सम्भव हुन्छ । हरेक विद्यालयमा दैनिक तथा साप्ताहिक कार्यघण्टा (Working Hours) अर्थात् निर्धारित समयलाई उचित तरीकाले विभाजन गर्नुपर्छ, जसबाट विद्यालयमा अध्यापन गरिने विषयहरू र विद्यालयले आयोजना गर्ने विद्यार्थीलाई प्रदान गर्ने समस्त क्रियाकलाप तथा अनुभव सुव्यवस्थित गर्न सकियोस् । एउटा विद्यालयलाई कुशलतापूर्वक सञ्चालन गर्नका निमित्त विद्यालयका सम्पूर्ण कार्यको एक विस्तृत योजना हुनुपर्दछ, जसमा प्रतिदिन वा निर्धारित समयलाई विभिन्न विषय तथा क्रियाकलाप आदिका निमित्त विभाजन गरिएको हुन्छ ।

विद्यालयको आन्तरिक व्यवस्थाका लागि दैनिक तथा साप्ताहिक कार्यतालिका अत्यन्त आवश्यक पर्दछ । यसको अभावमा विद्यालयको कार्य अस्तव्यस्त हुने सम्भावना रहन्छ । उत्तम कार्यतालिकाले शक्ति, समय एवं साधन तथा स्रोतको दुरुपयोग रोक्दछ र बालकलाई विकासका

निमित्त सुअवसर प्रदान गर्दछ । विद्यालयको सम्पूर्ण जीवनलाई व्यवस्थित र योजनाबद्ध बनाउनका निमित्त कार्यतालिकाको ठूलो भूमिका हुन्छ । यसले विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूमा समयप्रतिको सचेतता, नियमितता, कर्तव्यपरायणता, अनुशासन तथा विविध दृष्टिकोण विकसित गराउँछ ।

दैनिक तथा साप्ताहिक कार्यतालिकामा एक हप्ताभित्रमा शनिबारबाहेक जम्मा छ दिनको कुन समय, कुन घण्टीमा, कुन विषय, कुन शिक्षकले पढाउने हो, अर्थात् कुन-कुन क्रियाकलापमा विद्यार्थीहरूलाई संलग्न गराउने हो, योजना गरिएको हुन्छ । हरेक दिनमा, सप्ताहमा विद्यालय कार्यदिन वा कार्यघण्टालाई कति-कति पिरियड वा समयमा विभाजन गर्ने हो, विद्यालयमा पढाइने विद्यार्थीहरूमध्ये कुन विषयलाई पहिले पढाउने र कुन विषयलाई पछि पढाउने, विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये शिक्षकलाई कुन विषय पढाउन दिने हो, कुन विषयलाई कति समय दिने, कुन कोठामा, कुन विषय, कुन शिक्षकले, कुन समयमा पढाउने हो ? आदि कुराहरूको सावधानीपूर्वक विचार गरी बनाइएको योजनालाई नै दैनिक तथा साप्ताहिक कार्यतालिका भनिन्छ ।

दैनिक तथा साप्ताहिक कार्य तालिका बनाउँदा ख्याल राख्नुपर्ने कुराहरू

१. सर्वप्रथम कार्यतालिका बनाउँदा ख्याल राख्नुपर्ने कुरा के हो भने विद्यालयमा प्रत्येक दिन कति घण्टा अध्ययन-अध्यापन गरिन्छ र हप्ताभरमा शनिबारबाहेक जम्मा कति घण्टा अध्ययन-अध्यापन हुन्छ । जस्तोः– विद्यालय १० बजेदेखि खुल्ने र ४ बजे बन्द हुने नियम छ भने प्रत्येक दिन जम्मा ६ घण्टा र हप्ताभरमा ३३ घण्टा अध्ययन-अध्यापन हुन्छ ।

२. ख्याल गर्नुपर्ने अर्को कुरा विद्यालयमा कति कक्षासम्म पढाइ हुन्छ र त्यहाँ कति सेक्सनहरू छन् र हरेक कक्षामा कति विद्यार्थी सङ्ख्या छ ।

३. तालिकाको निर्माण गर्दा ध्यान राख्नुपर्ने अर्को कुरा शिक्षक सङ्ख्या हो । विद्यालयमा कति-कति शिक्षक छन् । तिनीहरूको कुन-कुन विषयमा दखल छ, कुन विषय अध्यापन गर्न उनीहरू रुचि राख्दछन्, प्रतिदिन वा प्रतिहप्ता उनीहरू कति पिरियड पढाउन समर्थ छन् यी सारा कुराको ख्याल नगरी कार्यतालिका निर्माण गर्न सकिँदैन । ध्यान राख्नुपर्ने कुरा के छ भने सबै शिक्षकहरूलाई लगभग समान कार्यबोझ वितरण गर्नुपर्दछ र उनीहरूलाई विश्राम गर्ने, अन्य कार्य गर्ने समय पनि दिनुपर्दछ ।

४. विद्यार्थीहरूको उमेर, रुचि, योग्यता तथा आवश्यकताहरू पनि दैनिक तथा साप्ताहिक कार्यतालिकाको निर्माण गर्दा ध्यानमा राख्नुपर्दछ ।

५. समय तालिका निर्माण गर्दा कुन-कुन कक्षामा के-कति विषयहरू अध्यापन गराइन्छ र ती प्रत्येक विषयलाई विद्यालय घण्टाको कति प्रतिशत समयभार प्रदान गरिएको छ, सो कुराको पनि अनिवार्यरूपमा ख्याल गर्नुपर्दछ । उदाहरणका लागि कक्षा १ देखि ३ सम्म विद्यालय घण्टाको ४० प्रतिशत नेपाली भाषालाई, गणितलाई ३० प्रतिशत, सामाजिक शिक्षालाई २० प्रतिशत र शारीरिक शिक्षा, हस्तकला तथा चित्रकलालाई १० प्रतिशत समय भार दिइएको छ । समयको वितरण पाठ्यक्रममा उल्लेख नभएको अवस्थामा प्रधान अध्यापक आफैंले विभिन्न विषयलाई के-कति समय प्रदान गर्ने हो, निर्णय गर्नुपर्ने हुन्छ ।

६. तालिका निर्माण गर्दा दिनको कार्यघण्टालाई कति-कति पिरियडमा विभाजन गर्ने हो, सो निर्णय लिनु पनि अत्यन्त जरुरी हुन्छ । जस्तोः– प्रत्येक पिरियड ४० मिनेट गर्ने वा ५० मिनेट, यसका लागि कक्षाको स्तरको ख्याल राख्नुपर्ने हुन्छ । खास गरी साना-साना कक्षाहरूमा विद्यार्थीहरू लामो समयसम्म एउटै विषय अध्ययन गरिरहन रुचाउँदैनन् र तुरुन्तै विचलित हुन्छन् भने ठूला कक्षाका विद्यार्थीहरूमा अलि धेरै समयसम्म पनि एउटै विषय अध्ययन गर्ने धैर्यता हुन्छ ।

७. कुन विषय कुन समयमा पढाउने भन्ने कुराको निर्णय गर्ने पनि एकदमै आवश्यक हुन्छ । खासगरी विषयको कठिनता के-कति छ, सो कुराले कुन बेला कुन विषय पढाउने वा के क्रियाकलाप गराउने भन्ने कुरा निश्चित गर्दछ । साधारणतया बालकहरूको मानसिक स्फूर्ति तथा सिक्ने तत्परता विद्यालय समयको बीच वा अन्त्यमा भन्दा सुरुमा ज्यादा हुन्छ । यसर्थ कठिन विषयहरूलाई सुरुमा र सरल विषयहरूलाई बीचमा वा पछि क्रमशः अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाउनुपर्दछ । अङ्ग्रेजी, गणित, विज्ञानजस्ता विषयहरूका लागि सामाजिक शिक्षा, चित्रकला, शारीरिक शिक्षाजस्ता विषयहरूको तुलनामा धेरै मानसिक क्रियाशीलताको आवश्यकता पर्दछ । कठिन विषयहरूका निमित्त बढी समय र सरल विषयहरूका निमित्त अलि थोरै समय दिने गर्नु पनि उपयुक्त हुन्छ ।

८. कार्यतालिका निर्माण गर्दा कक्षाकोठा, फर्निचर, पुस्तकालय, खेलमैदान आदि विद्यालयमा उपलब्ध साधनको क्षमता वा पर्याप्तता के-कति छ, सो कुरामा ध्यान पुऱ्याउनु पनि जरुरी छ । कुन विषय कुन समयमा कुन शिक्षकले कुन कोठामा पढाउने हो विचार पुऱ्याउनुपर्दछ । प्रत्येक कक्षाका लागि कोठा पुगेमा एउटा कक्षाकोठा तोकेमा सजिलो पर्दछ ।

यसप्रकार माथि उल्लेख गरिएका कुराहरूलाई ध्यानमा राखी प्रधानाध्यापकले शिक्षक, विद्यार्थी तथा कर्मचारी सबैसँग सरसल्लाह गरी दैनिक तथा साप्ताहिक कार्यतालिका निर्माण

गर्नुपर्दछ। यसो गरी सकेपछि कार्यतालिका सम्बन्धित शिक्षक तथा विद्यार्थीलाई पनि जानकारीका निमित्त दिनुपर्दछ। हरेक कक्षाको कार्यतालिका सम्बन्धित कक्षाकोठामा, शिक्षकका कोठामा र कार्यालयमा पनि राख्न धेरै उपयुक्त छ।

(ङ) विद्यार्थी प्रगति विवरण

विद्यार्थीहरूले विद्यालयमा भर्ना भएको दिनदेखि नै प्रगति गरिरहेका हुन्छन्। प्रगति एक निरन्तर चलिरहने प्रक्रिया हो। विद्यार्थीहरू विद्यालयमा प्रवेश गरेपछि विद्यालयमा रहुन्जेल उनीहरूले गरेको प्रगतिको पनि निरन्तर मूल्याङ्कन भैरहनु नितान्त आवश्यक छ। विद्यार्थी स्वयंलाई र उसका अभिभावकलाई उसले गरेको प्रगतिको जानकारी समय-समयमा दिनु जरुरी हुन्छ। साधारणतया हरेक आमाबाबुलाई आफ्ना छोराछोरीले विद्यालयमा के-कति कुरा सिक्न सके भन्ने कुराको चासो रहन्छ। शिक्षाको महत्त्व राम्रोसित बुझेका आमाबाबुलाई बालबालिकाले विद्यालयमा गरेको प्रगतिको चासो ज्यादा रहन्छ भने शिक्षाको महत्त्व कम बुझेका बाबुआमालाई यसप्रकारको चासो कम रहन्छ। विद्यार्थीहरूमा पनि आफूले गरेको प्रगति थाहा पाउने अभिलाषा रहन्छ। जे भए तापनि हरेक विद्यालयले विद्यार्थीको प्रगतिबारे आमाबाबुलाई जानकारी दिने कार्यलाई आफ्नो प्रमुख कर्तव्यमध्ये एक ठान्नुपर्दछ। शिक्षाको स्तर अनुरूप विद्यार्थीले कुन स्तरमा खास अवधिभित्र गरेको प्रगतिको लेखाजोखा गरी दिएको विवरणलाई विद्यार्थी प्रगति विवरण भन्दछन्।

प्रगति विवणर दिनुपर्ने कारणहरू

प्रगति विवरण विद्यार्थी एवं अभिभावकहरूलाई किन दिनुपर्दछ भन्ने कुरा तल उल्लेख गरिएका कथनहरूले स्पष्ट पार्दछन्।

(क) विद्यार्थीहरूलाई उनीहरूले गरेको प्रगतिको जानकारी दिई विद्यालयको पढाइमा अभिरुचि कायम गर्नुका साथै प्रोत्साहित गर्नु।

(ख) कुनै एक कक्षाको अध्ययन सफलतापूर्वक सम्पन्न गरेको वा नगरेको जानकारी दिनु।

(ग) विद्यार्थीले हासिल गरेको उपलब्धिको अभिभावकलाई जानकारी दिनु।

(घ) अरू विद्यालयमा भर्ना हुनपरे त्यस विद्यालयलाई विद्यार्थीको स्तरबोध गराउनु।

विद्यार्थीलाई आफ्नो प्रगतिको जानकारी

विद्यार्थीहरू स्वभावतः प्रगति गर्न चाहने हुन्छन्, तर शैक्षिक योग्यता निम्नस्तर हुनाले र उपयुक्त सिकाइ वातावरणको अभावमा उनीहरूले सन्तोषजनक प्रगति गर्न नसक्ने हुन्छन्। विद्यार्थीको खुबी अनुसार प्रगति गराउने वातावरणको सृजना गर्नु विद्यालयको कर्तव्य हो र

विद्यार्थीलाई निरन्तर प्रगति गरिरहन प्रेरणा दिने साधनहरूमध्ये प्रगतिको जानकारी एउटा प्रभावकारी साधन हो । प्रगति प्रतिवेदनबाट निम्न लिखित फाइदाहरू हुनसक्छन् ।

(क) विद्यार्थीलाई आफ्नो स्तरको यथार्थ ज्ञान दिनु:– आफ्नो प्रगतिको यथार्थ जानकारी पाएमा विद्यार्थीले आफूलाई महत्त्वाकांक्षी वा हीन व्यक्ति सम्झनुको सट्टा आफ्नो वास्तविक योग्यता के रहेछ भन्ने कुरा बुझ्दछ । यसरी आफ्नो योग्यताको यथार्थ ज्ञान भएपछि विद्यार्थीले वास्तविकतालाई स्वीकार गरी सुखपूर्वक आफ्नो कर्तव्य पालन गर्दै जानेछन् ।

(ख) विद्यार्थीलाई प्रगतिदरको ज्ञान दिई बढी प्रगति गर्न प्रोत्साहन दिनु:– विद्यार्थीले आफूले गरेको प्रगतिको ज्ञानबाट अझ बढी प्रगति गर्न प्रेरणा पाउँछ । हरेक व्यक्ति असफलताबाट निरुत्साहित र सफलताबाट प्रोत्साहित हुन्छ । सफल भएको ज्ञानबाट अन्य कुरामा पनि सफल हुने आकांक्षा राखी विद्यार्थीले बढी परिश्रम गर्ने हुन्छ । यसरी विद्यार्थीलाई उसले गरेको प्रगतिको जानकारी दिएमा उनीहरू प्रोत्साहित भई पढाइमा बढी रुचि र सक्रियता देखाउँछन् ।

(ग) विद्यार्थीको यथार्थ स्तरको ज्ञान भएमा शिक्षक एवं अभिभावकले उसलाई स्वीकार गर्न सजिलो हुनु:– अक्सर धेरैजसो अभिभावकहरूले आफ्ना छोराछोरीले उत्साहवर्द्धक प्रगति गरेर देखाऊन् भन्ने चाहन्छन् । कहिलेकाहीं यो दबाब यति तीव्र हुन्छ कि यसले विद्यार्थीलाई हतोत्साहित समेत गर्न सक्छ । शिक्षकको पनि सबै विद्यार्थीहरूले समान रूपमा प्रगति गरून् भन्ने चाहना हुन्छ । यस्तो चाहना हुनु अस्वाभाविक होइन, तर विद्यार्थीको योग्यता फरक-फरक हुने हुँदा उनीहरूले समान रूपमा प्रगति गर्न सक्तैनन् । विद्यार्थीहरूको प्रगति विवरणबाट विद्यार्थीको वास्तविक स्तर र खुबीको पत्ता लाग्दछ र शिक्षक एवं अभिभावकले विद्यार्थीको आफ्नोपन र योग्यताको कदर गरी अनावश्यक दबाब नदिने हुन्छ ।

विद्यार्थीले गरेको प्रगतिको विवरण उसलाई नै राख्न लगाउन सकिन्छ । विद्यार्थीले एक चार्ट बनाई कक्षामा राख्न सकिन्छ । चार्टको आकार शिक्षकले बनाएको प्रगतिसूचक चिह्न विद्यार्थीलाई नै भर्न लगाए पनि हुन्छ ।

अभिभावकलाई विद्यार्थी प्रगतिको जानकारी

विद्यार्थीको क्षमता अनुसारको प्रगति बढाउने कार्यमा अभिभावकहरूका सहयोगको ठूलो आवश्यकता पर्दछ भन्ने कुरामा दुई मत हुन सक्तैन । विद्यालयमा सिकेको ज्ञान र सीप अनुरूप विद्यार्थीले घरमा आचरण गर्छ, गर्दैन भन्ने कुराको जानकारी अभिभावकबाट प्राप्त हुन्छ ।

यसरी विद्यार्थीको आचरण र प्रगतिको विषयमा शिक्षक र अभिभावकबीच विचार र तथ्यको आदान-प्रदान हुन अत्यन्त आवश्यक छ ।

विद्यार्थीको प्रगति विवरण अभिभावकलाई बेला-बेलामा दिनाले उनीहरूलाई आफ्ना केटाकेटीको वास्तविक स्तरको बोध हुन्छ र उनीहरूको विकासका निमित्त घरमा कुन किसिमको व्यवस्था गर्ने र निर्देशन दिने हो, त्यसको जानकारी मिल्छ ।

अभिभावकलाई उनका छोराछोरीले गरेको प्रगतिको विभिन्न किसिमले जानकारी गराउन सकिन्छ । विद्यालयले अभिभावक दिवस मनाउन उनीहरूलाई विद्यालयमा बोलाएर, शिक्षक र अभिभावक संघको स्थापना गरेर, अन्य औपचारिक तथा अनौपचारिक अवसरहरूमा भेटघाट तथा छलफल गरेर प्रगतिको जानकारी दिन सकिन्छ र विद्यार्थीले घरमा गर्ने आचरण तथा घरायसी विवरण थाहा पाउन सकिन्छ । तर विद्यार्थीले विद्यालयमा गरेका प्रगतिका विवरण राख्न र अभिभावकलाई दिनका निमित्त हरेक विद्यालयले प्रगति विवरण फाराम अर्थात् प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । विद्यार्थीको प्रगति विवरण राख्ने फारामको खाका अर्को पृष्ठमा छ ।

विद्यालय.....

विद्यार्थीको प्रगति विवरण

विद्यार्थीको नामः–..... मितिः–.....

ठेगानाः–..... कक्षाः–.....

उमेरः–..... भर्ना भएको मितिः–

क्र.सं.	विवरण	पूर्णाङ्क	उच्चतम अङ्क	मध्यम अङ्क	मूल्याङ्कन अङ्क	विद्यार्थीको आचरण
१.	नेपाली भाषा					१. काम गर्ने बानी अति राम्रो.. राम्रो.... अति नराम्रो...
२.	गणित					
३.	अङ्ग्रेजी					
४.	सामाजिक तथा वातावरण शिक्षा					२. सामाजिक बानी अति राम्रो.... राम्रो..... अति नराम्रो..
५.	शारीरिक शिक्षा					
६.	सिर्जनात्मक तथा अभिव्यक्तिशील कला					३. स्वस्थ आचार अति राम्रो.... राम्रो..... अति नराम्रो...
७.	वातावरणीय विज्ञान					
८.	सामाजिक शिक्षा					
९.	इच्छाधीन भाषा					४. अतिरिक्त क्रियाकलाप अति राम्रो... राम्रो..... अति नराम्रो...
	जम्मा					उपस्थित दिन..... गयल दिन.....

कक्षा शिक्षकको राय

उत्तीर्ण भएको

अनुत्तीर्ण भएको

कक्षामा विद्यार्थीको क्रम

प्रधानाध्यापकको सही

अभ्यास

१. विद्यालयमा योजनाको किन आवश्यकता पर्दछ ? कारण दिनुहोस् ।
२. विद्यालयमा गरिने योजनाहरूको सूची तयार गर्नुहोस् ।
३. वार्षिक कार्यतालिका भनेको के हो ?
४. वार्षिक शैक्षिक योजनामा कुन-कुन कुराहरू समावेश गरिन्छन् ?
५. पाठयोजना भनेको के हो ? पाठयोजनाका फाइदाहरू उल्लेख गर्नुहोस् ।
६. पाठयोजना निर्माण गर्नुअघि शिक्षकमा कुन-कुन कुराहरूको ज्ञान हुनु आवश्यक छ ?
७. पाठयोजनाका अङ्गहरूको नाम दिंदै तिनीहरूको संक्षिप्त परिचय दिनुहोस् ।
८. दैनिक तथा साप्ताहिक तालिकाको परिभाषा दिनुहोस् ।
९. दैनिक तथा साप्ताहिक कार्यतालिका बनाउँदा ख्याल राख्नुपर्ने कुराहरू उल्लेख गर्नुहोस् ।
१०. प्रगति विवरण भनेको के हो ? प्रगति विवरण दिनुपर्ने कारणहरूको सूची तयार पार्नुहोस् ।

प्रयोगात्मक कार्य

१. प्राथमिक विद्यालयका लागि वार्षिक कार्यतालिका तयार गर्न लगाउने ।
२. वार्षिक शैक्षिक योजना तयार गर्न लगाउने ।
३. प्राथमिक तहको पाठ्यपुस्तकलाई आधार मानी दैनिक पाठयोजना तयार गर्न लगाउने ।
४. प्राथमिक विद्यालयका निमित्त दैनिक तथा साप्ताहिक कार्यतालिका तयार गर्न लगाउने ।
५. विद्यार्थी प्रगति विवरण फाराम तयार गर्न लगाउने ।

खण्ड १०

शिक्षाको प्रशासकीय सङ्गठन

काम, कर्तव्य र अधिकार

(क) शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय

शिक्षा मन्त्रालय हाम्रो देशको शिक्षा प्रशासनको मुख्य अङ्ग हो। सचिव यसका कार्यकारी अधिकारी हुन्। शिक्षाको राष्ट्रिय उद्देश्य र नीति अनुसार उपयुक्त शिक्षाको योजना र कार्यक्रम बनाउने, योजना कार्यान्वयन गर्ने, सामान्य प्रशासन गर्ने र शैक्षिक प्रशासन गर्ने जिम्मेवारी शिक्षा सचिवलाई सुम्पिएको छ। यसका साथसाथै आपनो मातहतका कर्मचारीहरूलाई निर्देशन दिने, नियन्त्रण गर्ने र समन्वय कायम गर्ने कार्य पनि शिक्षा सचिवको रहेको छ। प्रशासकीय सङ्गठनमा शिक्षा सचिवले प्रशासनमात्र गर्ने होइन, सम्पूर्ण कार्यक्रमलाई नेतृत्व गर्नुपर्ने कुरा स्पष्ट देखाइएको छ। शिक्षाको वर्तमान प्रशासकीय सङ्गठनमा शिक्षा मन्त्रालयलाई शिक्षा योजनाको कार्यान्वयनसम्बन्धी अभिभारावाट मुक्त गर्नुका साथै स-साना प्रशासकीय झमेलाहरूमा व्यस्त रहनुपर्ने पुरानो परिपाटीबाट पनि मुक्त गरिएको छ। जनप्रशासनका सिद्धान्तहरू अनुसार प्रशासकीय सङ्गठनको केन्द्रीय स्तरका कार्यालय वा मन्त्रालयहरूको नीति निर्धारण गर्ने, योजना बनाउने तथा मूल्याङ्कन गर्ने काममा संलग्न हुनुपर्दछ। यसै अनुसार मन्त्रालयलाई नीति निर्धारण गर्ने, योजना बनाउने, सङ्गठन गर्ने, सञ्चालन गर्ने, केन्द्रीय प्रभाव पार्ने, समन्वय गर्ने, नियन्त्रण गर्ने र मूल्याङ्कन गर्नेजस्ता कार्यहरू सीमित पार्न खोजिएको छ। यिनै काम गर्न सक्षम हुने तथा योजनाको लक्ष्य पूरा गर्न सक्ने गरी शिक्षा मन्त्रालयको सङ्गठन भएको छ। मन्त्रालयमा निम्न लिखित महाशाखाहरू रहेका छन्।

(क) योजना महाशाखा
(ख) प्रशासन महाशाखा
(ग) शैक्षिक प्रशासन महाशाखा

उपर्युक्त महाशाखाहरूको काम, कर्तव्य तल उल्लेख गरिए अनुसार छः–

(क) योजना महाशाखा

यस महाशाखाले राष्ट्रिय योजनाको कार्यान्वयन गर्न र वार्षिक र मासिक विस्तृत कार्यक्रम बनाउने योजनाबमोजिम कार्यान्वयन भएको छ, छैन मूल्याङ्कन तथा अनुगमन गर्ने, देशमा आवश्यक जनशक्तिको अनुमान गर्ने र यससम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने, विश्लेषण

गर्ने, प्रतिवेदन तयार गर्ने, खेलकुद तथा संस्कृतिसम्बन्धी काम गर्दछ । यस अन्तरगत निम्न लिखित ४ शाखाहरू रहेका छन् ।

(क) योजना तथा कार्यक्रम शाखा

(ख) संस्कृति तथा खेलकुद शाखा

(ग) मूल्याङ्कन तथा अनुगमन शाखा

(घ) तथ्याङ्क तथा कम्प्युटर महाशाखा

(ङ) प्रशासन महाशाखा

कर्मचारीको नियुक्ति, सरुवा, पदोन्नति, पुरस्कृत, दण्डित आदि कार्य गर्नका अतिरिक्त शैक्षिक कार्यक्रमहरूको प्रचारप्रसार तथा जनसम्पर्क कायम गर्ने र भण्डार तथा सम्पत्ति व्यवस्थापन गर्ने यस महाशखाका कार्यहरू हुन् । यस अन्तर्गत निम्न लिखित ५ शाखाहरू पर्दछन्

(क) सामान्य तथा कर्मचारी प्रशासन शाखा

(ख) आर्थिक प्रशासन शाखा

(ग) ऐन नियम परामर्श शाखा

(घ) भण्डार तथा सम्पत्ति व्यवस्था शाखा

(ङ) भौतिक सेवा शाखा

(च) शैक्षिक प्रशासन महाशाखा

यो महाशाखाले उच्च शिक्षा तथा छात्रवृत्तिसम्बन्धी अनौपचारिक शिक्षा र तालिम तथा निरीक्षण व्यवस्था गर्ने आदि काम गर्दछ । यस महाशाखा अन्तर्गत निम्न लिखित शाखाहरू र सचिवालय रहेका छन् ।

(क) उच्च शिक्षा तथा छात्रवृत्ति शाखा

(ख) विद्यालय प्रशासन शाखा

(ग) अनौपचारिक शिक्षा शाखा

(घ) तालिम तथा निरीक्षण शाखा

(ङ) समाजकल्याण तथा महिला शिक्षा शाखा

(च) युनेस्कोका निमित्त राष्ट्रिय आयोगको सचिवालय

उपर्युक्त तीन महाशाखाहरू एक अर्काका पूरक हुन् । यी सबै महाशाखाहरू एक-अर्काका बीच सन्तुलन र समन्वय कायम हुन आवश्यक छ । यिनीहरूबीच घनिष्ठ सम्बन्ध छ । किनभने एउटा शाखाको पूर्ण सफलता अर्को महाशाखाको कार्यमा निर्भर गर्दछ । शिक्षा सचिव यी महाशाखाका प्रमुखहरूलाई निर्देशन दिने, यिनीहरूको क्रियाकलापलाई नियन्त्रणमा राख्ने र यिनीहरूबीच समन्वय ल्याउने प्रमुख कार्यकारी अधिकारी हुन् । शिक्षा मन्त्रालय र यस अन्तर्गतका ३ महाशाखाहरूको सङ्गठन तलको तालिकामा यसप्रकार देखाउन सकिन्छः—

श्री ५ को सरकार

शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय



(क) पाठ्यक्रम विकास केन्द्र

नेपालको शिक्षा प्रशासनका प्रमुख विशेषताहरूमध्ये पाठ्यक्रम विकास केन्द्रको स्थापना पनि एक हो। विद्यालय तहको शिक्षाको विभिन्न विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्ने, समयानुकूल पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन, संशोधन तथा सुधार गर्ने, पाठ्यक्रम प्रभावकारी बनाउन कार्यक्रम तथा नीति निर्धारण गर्ने, मूल्याङ्कन गर्ने, पाठ्य सामग्री उत्पादन तथा प्रदर्शन गर्ने, पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने, प्राविधिक दृष्टिकोणले उपयुक्त स्थिति तयार गर्नेजस्ता प्राविधिक कार्यहरू यस केन्द्रबाट सम्पन्न हुन्छन्। यस केन्द्रका प्रमुखलाई महानिर्देशक भनिन्छ, जो केन्द्रका प्रमुख प्रशासक हुनुका अतिरिक्त प्रमुख प्राविधिक पनि हुन्। महानिर्देशकलाई प्रशासकीय र प्राविधिक कार्यहरू सम्पन्न गर्नमा निम्न लिखित दुई महाशाखाहरू खडा गरिएका छन् र त्यस अन्तर्गत विभिन्न एकाइ एवं शाखाहरू राखिएका छन् :–

(क) प्राथमिक तथा माध्यमिक पाठ्यक्रम महाशाखा
(ख) अनौपचारिक शिक्षा महाशाखा

(क) प्राथमिक तथा माध्यमिक पाठ्यक्रम महाशाखा

यस अन्तर्गत भाषा एकाइ, विज्ञान तथा गणित एकाइ, सामाजिक शिक्षा एकाइ, स्वास्थ्य शारीरिक तथा अन्य एकाइ, प्राथमिक पाठ्यक्रम एकाइ, व्यावसायिक शिक्षा एकाइ र पूर्व प्राथमिक पाठ्यक्रम एकाइ पर्दछन्।

(ख) अनौपचारिक शिक्षा महाशाखा

यस अन्तर्गत पाठ्यक्रम पाठ्यसामग्री शाखा, तालिम निरीक्षण शाखा र उत्पादन तथा वितरण शाखा पर्दछन्।

यसका अतिरिक्त केन्द्रमा प्रशासन शाखा, आर्थिक प्रशासन, सम्पादन तथा प्रकाशन शाखा र पुस्तकालय तथा अभिलेख शाखा रहनेछन्।

पाठ्यक्रम विकास केन्द्रको सङ्गठन तालिका अर्को पृष्ठमा दिइएको छ।

श्री ५ को सरकार

शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र



महानिर्देशक प्रशासक र प्राविधिक प्रमुखसमेत भएकाले एकातिर केन्द्रको दैनिक प्रशासन गर्ने काम गर्दछन् भने अर्कातिर विभिन्न शाखाहरूलाई निर्देशन दिने, निरीक्षण गर्ने, विभिन्न शाखाका क्रियाकलापहरूमा समन्वय ल्याउने र नियन्त्रण गर्ने काम गर्दछन् ।

केन्द्रका काम, कर्तव्य र अधिकार

१. शिक्षाको राष्ट्रिय उद्देश्यबमोजिम विभिन्न कक्षा र विषयका लागि पाठ्यक्रम योजना र विकास गर्नु ।
२. विभिन्न तह र विषयका पाठ्यक्रम अनुसार पाठ्यपुस्तक विकास गर्नु ।
३. पाठ्यक्रमलाई समयानुकूल र स्तरीय बनाउन समय-समयमा पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन, संशोधन तथा सुधार गर्नु ।
४. पाठ्यक्रमको प्रभावकारिता अध्ययन तथा मूल्याङ्कन गर्नु ।
५. पाठ्यक्रमको निर्देशिका तयार पार्नु ।
६. शिक्षक, प्रधानाध्यापक तथा निरीक्षकहरूका निमित्त गोष्ठी, सेमिनार तथा अल्पकालीन तालिम आदि आयोजना गरी पाठ्यक्रमबारे परिचय दिलाउनु ।
७. शैक्षिक स्थिति अध्ययन तथा मूल्याङ्कन गर्नु ।
८. अनौपचारिक शिक्षाका निमित्त पाठ्यक्रम, पाठ्यसामग्री निर्माण गरी आवश्यक तालिम दिनु ।
९. शैक्षिक सामग्री उत्पादन तथा प्रदर्शन गर्नु ।
१०. शिक्षक तथा विद्यार्थीहरूका निमित्त विद्यालय प्रसारण कार्यक्रम सञ्चालन गर्नु ।
११. राष्ट्रिय, क्षेत्रीय तथा जिल्ला स्तरमा विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नु ।
१२. शिक्षण सिकाइमा सुधार ल्याउन तथा यसको स्तर वृद्धि गर्न विभिन्न कार्यहरू गर्नु ।

माथि उल्लेख गरिएबमोजिम पाठ्यक्रम विकास केन्द्रले देशको विद्यालय स्तरीय शिक्षाका निमित्त आवश्यक पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने, पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन तथा सुधार गर्ने, अतिरिक्त क्रियाकलापसम्बन्धी नीति तथा कार्यक्रमहरू निर्धारण तथा सञ्चालन गर्नेजस्ता महत्त्वपूर्ण प्राविधिक कार्यहरू गर्दछ । शिक्षाको राष्ट्रिय उद्देश्य हासिल गर्न यस केन्द्रले महत्त्वपूर्ण भूमिका खेल्ने कुरा निर्विवाद छ ।

(ग) परीक्षा नियन्त्रण कार्यालय

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेशन) को सञ्चालन तत्सम्बन्धी अन्य कार्यहरू गर्नेका निमित्त परीक्षा नियन्त्रण कार्यालय स्थापना भएको छ । यस कार्यालयका प्रमुख राजपत्राङ्कित प्रथम श्रेणीका परीक्षा नियन्त्रक हुन्छन् । परीक्षा नियन्त्रकको पद प्राविधिक भए तापनि कार्यालयको प्रशासन र परीक्षा सञ्चालनसम्बन्धी प्रशासकीय कामहरू पनि नियन्त्रकले गर्दछन् । परीक्षा नियन्त्रकलाई प्रशासकीय र प्राविधिक विषयमा

सहयोग पुऱ्याउनका निमित्त कार्यालयमा २ शाखा खडा गरिएका छन्, ती शाखाहरू हुन्:– (१) परीक्षा तथा प्रमाणपत्र शाखा र (२) परीक्षा सुधार तथा सञ्चालन शाखा। परीक्षा सुधार सञ्चालन शाखाले एस. एल. सी. परीक्षाको सञ्चालनसम्बन्धी प्रशासकीय कार्यहरू गर्दछ भने परीक्षा सुधार शाखाले एस. एल. सी. परीक्षामा सुधार ल्याउन विभिन्न प्राविधिक कार्यहरू गर्दछ। यसको साथसाथै परीक्षा नियन्त्रण कार्यालयमा प्रशासन र आर्थिक प्रशासन उपशाखा पनि रहेका छन्।

तल दिइएको तालिकाले परीक्षा नियन्त्रण कार्यालयको सङ्गठनात्मक ढाँचा प्रस्तुत गर्दछ।

श्री ५ को सरकार

शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय

परीक्षा नियन्त्रण कार्यालय



शिक्षा नियमावली २०२८ बमोजिम माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नीति निर्धारण, परिचालन तथा नियन्त्रण गर्नका निमित्त शिक्षा मन्त्रालयको सचिवको अध्यक्षतामा एक परीक्षा समिति गठन गर्ने व्यवस्था गरिएको छ। यस परीक्षा समितिको सदस्य-सचिव परीक्षा नियन्त्रक रहन्छन्। उक्त समितिले निर्धारण गरेको परीक्षासम्बन्धी नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, परीक्षा समितिको अध्यक्षले दिएका निर्देशन पालन गर्ने र समितिको निर्णय प्रमाणित गर्ने काम नियन्त्रकले समितिको सदस्य-सचिवको हैसियतले गर्दछन्।

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिले निर्धारित गरेका नीति, निर्देशन अन्तरगत रही परीक्षा नियन्त्रण कार्यालयले निम्न लिखित कामहरू गर्दछन्।

१. परीक्षा सञ्चालन गर्ने।

२. परीक्षाफल निकाल्ने र उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाण-पत्र दिने।

३. आवश्यकता अनुसार परीक्षा केन्द्र खोल्ने।

४. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल हुने विद्यार्थीहरूले भरी पठाएको फाराममा उमेर, नाम, जात वा अन्य विवरणसम्बन्धी भूल भएमा सच्याई पाउन दिएको निवेदन पत्रमाथि कारवाही गरी भूल सच्याउने ।
५. परीक्षामा अनियमित कार्य हुन नदिने र परीक्षाको नियम उल्लङ्घन गर्नेलाई निष्कासन गर्ने ।
६. प्रश्नपत्र निर्माण र उत्तर पुस्तिका परीक्षण गराउने ।
७. परीक्षा सञ्चालन गर्न केन्द्राध्यक्ष र अन्य आवश्यक कर्मचारीको व्यवस्था गर्ने ।
८. परीक्षा सञ्चालनसम्बन्धी कार्यविधि तयार गर्ने ।
९. परीक्षामा सुधार ल्याउन विभिन्न कामहरू गर्ने ।
१०. परीक्षाको गोपनीयता कायम राख्ने आदि ।

(घ) क्षेत्रीय शिक्षा निर्देशनालय

राष्ट्रिय शिक्षा पद्धति योजनाको कार्यान्वयन हुनु अघि नेपालमा विद्यालय तहको शिक्षा प्रशासन गर्ने काम केन्द्रीय स्तरमा रहेको एकमात्र शिक्षा विभागले गर्ने गर्थ्यो । यसो गर्दा ढिलासुस्ती, सानोतिनो कामका निमित्त पनि केन्द्रमा धाउनुपर्ने र मन्त्रालयलाई स-साना प्रशासनिक जञ्जालहरूमा अल्झिनुपर्ने अवस्था थियो । फलस्वरुप शैक्षिक कार्यक्रमहरू प्रभावकारी तथा गतिशील ढङ्गबाट कार्यान्वयन हुन कठिन परिरहेको थियो । मन्त्रालयहरूलाई योजना तथा कार्यक्रम निर्माण गर्ने, मूल्याङ्कन गर्ने काम मात्र लगाउने र कार्यान्वयनसम्बन्धी अभिभारावाट मुक्त गर्ने तथा योजना कार्यान्वयन गर्ने कार्यालयहरू कार्यान्वयन क्षेत्रको निकटमा राख्ने केन्द्रमा धाउनुपर्ने विकट अवस्थालाई सजिलो पार्न रा.शि.प. ले क्षेत्रीय शिक्षा निर्देशनालयहरूको स्थापना गर्न उचित ठहरयायो । यस अन्तर्गत रहेका शाखाहरूले आफ्नो क्षेत्रभित्र शिक्षाको योजना बनाउने, तथ्याङ्क सङ्कलन गर्ने वा विश्लेषण गर्ने, कर्मचारी तथा जिल्ला प्रशासन गर्ने, भौतिक साधनहरूको व्यवस्था गर्ने, बजेट बनाउने र लेखा परीक्षण गराउने कार्य गर्दछ ।

त्यस्तै सबै कार्यक्रम मूल्याङ्कन, परीक्षा सञ्चालन, तालिम दिने, अनौपचारिक-सम्बन्धी कार्य र अतिरिक्त कार्यकलापहरू सञ्चालन गर्ने कार्य गर्दछ ।

क्षेत्रीय स्तरबाट शैक्षिक योजनाको सफल कार्यान्वयन हुन सकोस् भन्ने दृष्टिकोणले शिक्षा निर्देशनालयहरू स्थापना भएका हुन् । यसै अनुरूप अधिराज्यभरिका पाँचवटा क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालयको स्थापना भैसकेको छ । यसरी पूर्वाञ्चलमा १, मध्यमाञ्चलमा १, पश्चिमाञ्चलमा १, मध्य-पश्चिमाञ्चलमा १ र सुदूर-पश्चिमाञ्चलमा १ गरी क्षेत्रीय शिक्षा निर्देशनालयहरूको सङ्ख्या ५ पुगेको छ ।

क्षेत्रीय शिक्षा निर्देशनालयका प्रमुखलाई शिक्षा निर्देशक भनिन्छ । शिक्षा मन्त्रालयका नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न, शिक्षा मन्त्रालयबाट प्राप्त निर्देशानुसार जिल्ला

शिक्षा अधिकारीहरूलाई निर्देशन, निरीक्षण गर्नु र जिल्लाहरू बीच समन्वय कायम गर्नु निर्देशकको प्रमुख दायित्व हो ।

क्षेत्रीय शिक्षा निर्देशकको काम, कर्तव्य र अधिकार

क्षेत्रीय शिक्षा निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(क) आफ्नो क्षेत्र अर्न्तगत सञ्चालन हुने शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) आफ्नो क्षेत्रभित्रका उच्च माध्यमिक स्तरका शिक्षण संस्था समेतको निरीक्षण गर्ने,

(ग) मन्त्रालयको निर्देशानुसार शिक्षाको स्तर वृद्धि गर्न विभिन्न तालिम तथा सेमिनारको व्यवस्था तथा आयोजना गर्ने,

(घ) आफ्नो क्षेत्रभित्रका जिल्ला शिक्षा अधिकारीहरूको काममा एकरूपता तथा समन्वय कायम गर्ने र निजहरूलाई आवश्यक निर्देशन दिने,

(ङ) आफ्नो क्षेत्रभित्रका जिल्ला शिक्षा अधिकारीहरूको कामको निरीक्षण तथा मूल्याङ्कन गर्ने र अनियमित काम कारबाही भए गरेको पाइएमा कारबाही गर्ने, गराउने,

(च) आफ्नो क्षेत्रको शिक्षाको स्तर अभिवृद्धि गर्न निरन्तर प्रयास गर्ने र यस विषयमा आवश्यक कारबाही गर्न क्षेत्रभित्रका प्रधानाध्यापक र जिल्ला शिक्षा अधिकारीहरूसँग सम्पर्क कायम गर्ने,

(छ) आफ्नो क्षेत्रभित्रका विद्यालयहरूको अन्तिम परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तरपुस्तिका झिकाई, जाँच गरी कुनै विद्यालयको शिक्षाको स्तर बढे वा घटेको अभिलेख (रेकर्ड) राख्ने र यस सम्बन्धमा जिल्ला शिक्षा अधिकारीलाई आवश्यक निर्देशन दिने,

(ज) आफ्नो निर्देशनालयको कार्य सञ्चालन गर्ने, निर्देशनालयका लागि स्वीकृति बजेट रकम खर्च गर्ने र सोसम्बन्धी लेखा परीक्षणको जिम्मेवारी दिने,

(झ) मन्त्रालयको शिक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा तोकिएका अन्य कार्यहरू गर्ने,

(ञ) आफ्नो क्षेत्रभित्र माध्यमिक शिक्षा उत्तीर्ण (एस. एल. सी.) परीक्षा नियमित तथा मर्यादित ढङ्गले सञ्चालन गर्ने, गराउने,

(ट) आफ्नो क्षेत्रभित्रका जिल्ला शिक्षा समितिबाट माग भई आएका शिक्षक दरबन्दी सम्बन्धमा आवश्यक जाँचबुझ गरी मन्त्रालयमा पठाउने,

(ठ) आफ्नो क्षेत्रभित्रका निम्न माध्यमिक तथा माध्यमिक विद्यालयका शिक्षक दरबन्दी पूर्ति गर्ने शिक्षक छनौटसम्बन्धी कार्य गराउने,

(ड) आफ्नो क्षेत्रभित्रका जिल्लाका निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरूमा लेखापरीक्षण गराउन लेखापरीक्षकको सूची तयार गरी जिल्लामा पठाउने,

(ढ) आफ्नो क्षेत्रभित्रका सार्वजनिक विद्यालयका शिक्षकहरूलाई सोही क्षेत्रभित्रका अन्य विद्यालयहरूमा सरुवा गर्ने,

(ण) आफ्नो क्षेत्रभित्र सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रमका लागि आवश्यक तालिम, निरीक्षण तथा अनुगमनको व्यवस्था गर्ने, गराउने,

(त) आफ्नो क्षेत्रभित्र सञ्चालन गरिने शिक्षक तालिम कार्यक्रमहरूको समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(थ) आफ्नो क्षेत्रभित्र सञ्चालन गरिने विभिन्न सरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय कायम गर्ने,

क्षेत्रीय निर्देशनालय सङ्गठन

क्षेत्रीय शिक्षा निर्देशनालयका प्रमुख शिक्षा निर्देशक हुन् । निर्देशकलाई सुम्पिएका काम, कर्तव्यहरू सम्पन्न गर्ने काममा सहयोग पुऱ्याउन निर्देशनालयहरूमा शाखा खडा गरिएका छन् । ती शाखाहरू हुन् । क्षेत्रीय शिक्षा निर्देशनालयका सङ्गठनात्मक ढाँचा निम्न प्रकार छ ।

श्री ५ को सरकार

शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय

क्षेत्रीय शिक्षा निर्देशनालय



(ङ) जिल्ला शिक्षा कार्यालय

जिल्ला शिक्षा कार्यालयको देशको शिक्षा प्रशासनमा महत्त्वपूर्ण स्थान छ। यो कार्यालय जिल्लास्तरीय शिक्षा प्रशासनको महत्त्वपूर्ण अङ्ग हो। शिक्षाको योजना, नीति तथा कार्यक्रम बनाउने काममा शिक्षा मन्त्रालयको महत्त्वपूर्ण भूमिका रहन्छ भने जिल्लास्तरमा शैक्षिक नीति तथा कार्यक्रमहरू कार्यान्वयन र निरीक्षणको व्यवस्था मिलाउने काममा जिल्ला शिक्षा कार्यालयको महत्त्वपूर्ण स्थान छ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन गर्न बनेको शिक्षा नियमावली २०२८ ले जिल्ला शिक्षा कार्यालयको प्रमुखको रूपमा जिल्ला शिक्षा अधिकारी रहने व्यवस्था गरेको छ। योजनाले जिल्लाका शिक्षा प्रशासन, जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा बजेट समिति आयोग र जिल्ला शिक्षा कार्यालय यी ३ अङ्गहरूद्वारा हुने व्यवस्था गरेको थियो र यी तीन अङ्गहरूलाई सक्रिय गर्ने र उनीहरूको काममा समन्वय ल्याउने जिम्मेवारी यस शिक्षा कार्यालयका प्रमुखको रहेको थियो। नियमावलीले जिल्ला शिक्षा अधिकारीलाई शिक्षकलाई नियुक्ति गर्न, सरुवा, बढुवा र खोसुवा गर्न अधिकार प्रदान गरेको थियो। जिल्ला तहमा शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन र शैक्षिक प्रशासन एवं निरीक्षण गर्नेजस्ता महत्त्वपूर्ण जिम्मेवारी बोकेको यस शिक्षा कार्यालयलाई २ एकाइमा विभाजन गरिएको थियो। (१) प्रशासन (२) निरीक्षण।

१. प्रशासन अन्तर्गत शिक्षक भर्ना गर्ने, सरुवा गर्ने, पदोन्नति गर्ने, खारेज गर्ने र शिक्षा कार्यालयको आन्तरिक प्रशासन गर्ने आदि कामहरू पर्दथे।

२. निरीक्षण अन्तर्गत प्रधानाध्यापक र शिक्षकहरूले शिक्षाको पाठ्यक्रम र अरू शैक्षिक कार्यक्रमलाई उद्देश्य प्राप्तिका लागि सफल तरीकाले लागू गरेका छन्, छैनन् निरीक्षण गर्ने, सुझाव दिने र मूल्याङ्कन गर्ने यी कार्यहरू रहेका थिए।

श्री ५ को सरकारले शिक्षा नियमावली २०४९ संशोधन जारी गरेपछि शिक्षा प्रशासनमा महत्त्वपूर्ण परिवर्तन आएको छ। यस अनुसार कार्यालय सञ्चालन, रेखदेख, नियन्त्रण, निर्देशन र प्रशासन गर्ने अभिभारा व्यवस्थापन समिति सँगसँगै शिक्षा कार्यालयको पनि रहेको छ। जिल्ला शिक्षा कार्यालयबाट शिक्षक अस्थायी नियुक्ति, सरुवा, बढुवा गर्ने तथा तलब खुवाउने आदि प्रशासनिक कार्य हुने गर्दछ। शिक्षा नियमावलीले जिल्ला शिक्षा अधिकारीलाई योजना अनुरूप शिक्षा मन्त्रालय तथा सम्बन्धित क्षेत्रीय निर्देशनालयबाट प्राप्त निर्देशानुसार आफ्नो जिल्लामा शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन र निरीक्षणको व्यवस्था मिलाउने प्रमुख दायित्व सुम्पेको छ।

जिल्ला शिक्षा अधिकारीलाई प्रदान गरिएका शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन, निरीक्षण तथा मूल्याङ्कन र शैक्षिक नेतृत्व लिनेजस्ता कार्यहरू उनले एकातिर जिल्ला शिक्षा समितिको

सदस्य-सचिवको हैसियतले पाएका अधिकारहरू प्रयोग गर्दछन् भने अर्कोतिर जिल्ला शिक्षा कार्यालयको प्रमुखको हैसियतले प्राप्त गरेका अधिकारहरू पनि प्रयोग गर्दछन् । यसर्थ उनलाई एकातिर जिल्ला शिक्षा समिति र अर्को शिक्षक छनौट समितिबाट सहयोग प्राप्त हुन्छ भने अर्कोतिर निजकै मातहतमा रहेका प्रशासनिक कर्मचारी र निरीक्षकहरूद्वारा सहयोग प्राप्त हुन्छ । जिल्ला शिक्षा अधिकारीले अध्यक्षसँग परामर्श गरी आवश्यकता अनुसार समितिको बैठक बोलाउने, बैठकको निर्णय प्रमाणित गर्ने र कार्यान्वयन गर्ने, गराउने काम गर्दछन् । यसका साथसार्थ जिल्लाव्यापी शिक्षासम्बन्धी योजना बनाउने र त्यसको कार्यान्वयन गराउने, शैक्षिक कार्यक्रमहरू विद्यालय व्यवस्थापन समितिबाट कार्यान्वयन गर्न लगाउने, शिक्षक कर्मचारीको तलब-भत्ता व्यवस्थापन समितिबाट दिलाउने, शिक्षा मन्त्रालय तथा शिक्षा निर्देशनालयबाट प्राप्त निर्देशन पालन गर्ने, गराउने, प्रत्येक विद्यालयका लागि शिक्षक दरबन्दी स्वीकृत गर्ने र व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने काममा जिल्ला शिक्षा अधिकारीको महत्त्वपूर्ण भूमिका रहन्छ ।

जिल्ला शिक्षा अधिकारीलाई प्रदान गरिएका काम, कर्तव्य र अधिकार निम्न लिखित रूपमा प्रस्तुत गर्न सकिन्छ ।

(क) श्री ५ को सरकारको शिक्षा नीति तथा योजना अनुरूप मन्त्रालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयबाट प्राप्त निर्देशानुसार आफ्नो जिल्लामा शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन गर्ने, गराउने,

(ख) शिक्षासम्बन्धी जिल्लास्तरीय योजना बनाई जिल्ला शिक्षा समितिबाट पारित गराई कार्यान्वयन गर्ने, गराउने,

(ग) प्रत्येक वर्ष जिल्लाभित्रका विद्यालयहरूको तथ्याङ्क तयार गरी सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय र मन्त्रालय पठाउने,

(घ) विद्यालयहरूमा शिक्षाको स्तर बढाउने उद्देश्यले आफ्नो जिल्लाका प्रधानाध्यापक, अध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको सभा, सेमिनार वा तालिमको व्यवस्था गर्ने,

(ङ) जिल्लाभित्रका प्राथमिक तथा निम्न माध्यमिक शिक्षाका अन्तमा लिइने परीक्षा र माध्यमिक शिक्षा उत्तीर्ण, (एस.एल.सी.) परीक्षाका लागि योग्यता, परीक्षाको सञ्चालन गर्ने, गराउने,

(च) आफ्नो जिल्लाभित्रका विद्यालयहरूको अन्तिम परीक्षाको अभिलेख, प्रश्नपत्र, उत्तरपुस्तिका इत्यादि झिकाई जाँच गरी विद्यालयको शिक्षाको स्तर बढेको वा घटेको के रहेछ, मूल्याङ्कन गरी अभिलेख (रेकर्ड) राख्ने र यस सम्बन्धमा आवश्यक कारबाही गर्ने,

(छ) जिल्लाभित्रका विद्यालयहरू नियमपूर्वक चले नचलेका, स्तर बढाउन सुधार गर्ने वा विद्यालय

बन्द गर्नुपर्ने नपर्ने, सबै कुराको सम्बन्धमा निरीक्षण गरी स्तर बढाउनु वा विद्यालय बन्द गर्नुपर्ने भएमा कारबाही गर्ने,

(ञ) सार्वजनिक विद्यालयमा स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका शिक्षक पदहरूको विवरण विद्यालय व्यवस्थापन समितिबाट लिने र त्यस्ता पदहरूमा स्थायी पूर्ति सम्बन्धमा उम्मेदवार छनौटको व्यवस्था गर्न शिक्षक छनौट समितिमा पेश गर्ने, गराउने,

(झ) शिक्षक छनौट समितिबाट छनौट भई सिफारिस भई आएका शिक्षकहरूलाई विद्यालयहरूमा नियुक्ति गर्ने,

(ञ) विद्यालयमा रिक्त रहेका शिक्षक पदहरू स्थायी पूर्ति नभएसम्मका लागि अस्थायी नियुक्ति गर्ने र म्याद थप गर्ने,

(ट) आफ्नो कार्यालय सञ्चालन गर्ने, कार्यालयका लागि स्वीकृत बजेट रकम खर्च गर्ने र सो-सम्बन्धी लेखापरीक्षणको जिम्मेवारी लिने,

(ठ) मन्त्रालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयबाट तोकिएका अन्य कार्यहरू गर्ने,

(ड) आफ्नो जिल्लाभित्रका सार्वजनिक विद्यालयहरूमा सबै शिक्षकहरूको नोकरी विवरण तथा अरू अभिलेख अध्यावधिक गरी राख्ने,

(ढ) सार्वजनिक विद्यालयका समान तह र श्रेणीका शिक्षकहरूले पारस्परिक आधारमा एक अर्को विद्यालयमा सरुवा हुन सम्बन्धित विद्यालय व्यवस्थापन समितिहरूको सहमतिपत्र समेत संलग्न राखी निवेदन दिएमा वा एक विद्यालयको शिक्षकलाई अर्को विद्यालयमा सरुवा गर्न आवश्यक देखिएमा सरुवा गर्ने,

(ण) शिक्षकहरूको कामको मूल्याङ्कन गर्ने र यस नियमावलीमा तोकिए बमोजिम शिक्षकहरूको बढुवा गर्न विवरण उपलब्ध गराउने,

(त) आफ्नो जिल्लाभित्रका उच्च माध्यमिक विद्यालयहरू समेत निरीक्षण गर्ने,

(थ) प्रत्येक वर्ष हुने माध्यमिक शिक्षा उत्तीर्ण (एस० एल० सी०) परीक्षाका लागि आवश्यक व्यवस्था मिलाउने र परीक्षा नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

(द) जिल्ला शिक्षा कार्यालयले सरुवा वा नियुक्ति गरी पठाएको शिक्षकलाई विद्यालयले हाजिर नगराएमा त्यस्तो विद्यालयको शिक्षकलाई दरबन्दी सहित सो विद्यालयबाट अर्को विद्यालयमा खटाउने,

(ध) आफ्नो जिल्लाभित्रका सार्वजनिक विद्यालयहरूमा रहेको रिक्त दरबन्दीमा अधिराज्यका कुनै पनि सार्वजनिक विद्यालयबाट सम्बन्धित जिल्ला शिक्षा अधिकारीको सहमतिसहित सरुवा हुन पाउँ भनी त्यस्तो विद्यालयको शिक्षकले निवेदन दिएमा सरुवा गर्ने,

(न) जिल्लाभित्रका सार्वजनिक विद्यालयहरूमा प्राथमिक विद्यालयको हकमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक विद्यालयको हकमा विद्यार्थी सङ्ख्या र विषय

अनुसार शिक्षक दरबन्दी निर्धारण गरी शिक्षा समितिबाट निर्णय गराई मन्त्रालयमा माग गर्ने,

(घ) जिल्लाभित्रका विद्यालयहरूको निरीक्षण र मूल्याङ्कन गर्न जाँदा झूटा प्रतिवेदन तथा तोकिएको प्रक्रिया नपुरयाई प्रतिवेदन पेश गर्ने, कर्मचारीलाई आवश्यक कारबाही गर्ने,

(ङ) जिल्लाभित्रका सार्वजनिक प्राथमिक विद्यालयको आन्तरिक लेखापरीक्षण जिल्ला शिक्षा कार्यालयको लेखापालबाट गराउने।

तर निजी क्षेत्रका र आपनै आयस्ता भएका सार्वजनिक प्राथमिक विद्यालयको लेखापरीक्षणको छुट्टै व्यवस्था गर्ने।

शिक्षा नियमावलीमा उल्लेख भएका जिल्लास्तरीय शिक्षा अधिकारीका काम, कर्तव्य वा अधिकारको अध्ययन गर्दा जिल्लास्तरीय शिक्षा प्रशासनमा जि. शि. अ. को महत्त्वपूर्ण भूमिका रहेको कुरा स्वतः सिद्ध हुन्छ। जिल्लाको शिक्षा विकास गर्ने योजना गराउने, जिल्लास्तरमा शिक्षा मन्त्रालयबाट तोकिएका शैक्षिक कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, जिल्लामा शिक्षाको स्तर वृद्धि गर्न शैक्षिक नेतृत्व प्रदान गर्ने, विद्यालयमा निर्धारित शैक्षिक स्तर कायम हुन सके, नसकेको निरीक्षण तथा मूल्याङ्कन गर्ने, जिल्ला शिक्षा समितिलाई शिक्षा विकास गर्ने काममा सरिक र सक्रिय गराउने, विद्यालय व्यवस्था समितिबाट शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गराउने आदि महत्त्वपूर्ण जिम्मेवारीहरू जिल्ला शिक्षा अधिकारीमा रहन गएका छन्। यसर्थ उसले एउटा कुशल प्रशासकको भूमिका निर्वाह गर्नुका संगसंगै निम्न लिखित भूमिकाहरू निर्वाह गर्न आवश्यक भएको छः–

(क) जिल्ला तहको शैक्षिक योजनाकार,

(ख) जिल्ला स्तर शैक्षिक कार्यक्रमहरूबारेको कार्यान्वयन गर्ने, गराउने प्रमुख अधिकारी,

(ग) जिल्लाका विद्यालयहरूमा भौतिक तथा मानवीय साधन पर्याप्त भए, नभएको निर्धारित शिक्षा सिकाइस्तर कायम हुन सके, नसकेको हेर्ने एउटा निरीक्षक तथा मूल्याङ्कनकर्ता,

(घ) जिल्ला शैक्षिकस्तर वृद्धि गर्ने एउटा शैक्षिक नेता,

(ङ) विद्यालयहरूका क्रियाकलापहरूका संयोजक तथा नियन्त्रक,

उपर्युक्त भूमिका निर्वाह गर्नका निमित्त शिक्षा अधिकारीमा प्रशासकीय सीप व्यवस्थापनसम्बन्धी ज्ञान र शैक्षिक तथा प्राविधिक दक्षता हुनु अति जरुरी छ। जिल्लामा शिक्षा कार्यक्रमहरूलाई कुनै रूपमा कार्यान्वयन गर्ने र जिल्लाको शिक्षाको स्तर कतातिर लैजाने हो, जिल्ला शिक्षा अधिकारीको दक्षता, ज्ञान तथा सीपमा निर्भर गर्दछ।

यस खण्डमा नेपालको शिक्षाको प्रशासकीय सङ्गठन र हरेक तहका सङ्गठनका कर्तव्य र अधिकारहरूका बारेमा छलफल गरियो। अर्को पृष्ठमा दिइएको तालिकाले शिक्षाको प्रशासकीय सङ्गठनलाई स्पष्ट गर्दछ।

नेपालमा शिक्षाको प्रशासनिक सङ्गठन तालिका



अभ्यास

१. शिक्षा मन्त्रालयको कार्यकारी को रहन्छ ? निजले गर्नुपर्ने मुख्य कार्यहरू के-के हुन् ? उल्लेख गर्नुहोस् ।

२. शिक्षा मन्त्रालयमा कतिवटा महाशाखाहरू रहेका छन्, ती के-के हुन् र तिनीहरूको कामको संक्षिप्त परिचय दिनुहोस् ।

३. पाठ्यक्रम विकास केन्द्रका काम, कर्तव्य र अधिकारहरूको सूची तयार पार्नुहोस् ।

४. परीक्षा नियन्त्रण कार्यालयका काम, कर्तव्य र अधिकारको बयान गर्नुहोस् ।

५. क्षेत्रीय शिक्षा निर्देशनालयको स्थापनाको औचित्यमाथि प्रकाश पार्नुहोस् ।

६. क्षेत्रीय शिक्षा निर्देशनालयका काम, कर्तव्य र अधिकारहरूको सूची बनाउनुहोस् ।

७. जिल्ला कार्यालय, शिक्षा शाखाको प्रमुख को रहन्छ ? निजको काम, कर्तव्य र अधिकारहरू के-के हुन् ? वर्णन गर्नुहोस् ।

प्रयोगात्मक कार्य

१. नेपालको शिक्षाको प्रशासकीय सङ्गठनको तालिका बनाउन लगाउनुहोस् ।

खण्ड ११

परीक्षा र मूल्याङ्कन

शिक्षाको विकासमा शिक्षण तथा सिकाइको जति महत्त्वपूर्ण भूमिका छ, त्यत्तिकै परीक्षा र मूल्याङ्कनको पनि भूमिका छ। जसरी शिक्षा हासिल गर्नका लागि सुगम र सरल मार्गदर्शन आवश्यक छ, त्यसरी नै सिकाइ सफल र प्रभावकारी हुनका लागि शिक्षा हासिल गर्ने व्यक्ति (शिक्षार्थी) को सिक्ने क्षमताको माप गर्नु आवश्यक छ। यही माप गर्ने साधन र प्रक्रियालाई परीक्षा भनिन्छ। परीक्षा नगरीकन कुनै विद्यार्थीको ज्ञान र सीपको विकास के-कति छ भनेर थाहा पाउन सकिंदैन। अतः उसलाई अझ के ज्ञान र सीप दिने भन्ने कुरा पनि स्पष्ट हुँदैन। त्यस्तै परीक्षाद्वारा प्राप्त विद्यार्थीको ज्ञान, सीप र अभिवृत्तिको तथ्य तथ्याङ्क कुन हदसम्म वास्तविक सत्यतामा आधारित छ भन्ने कुराको निर्णय लिनुलाई मूल्याङ्कन भनिन्छ र मूल्याङ्कनको आधारमा विद्यार्थीको कक्षास्तर तथा गण-अवगुणको निर्धारण हुन्छ। उदाहरणार्थ कक्षा १ मा पढ्ने सबै विद्यार्थीहरू एक वर्षपछि कक्षा २ मा जान सक्षम भए वा भएनन् थाहा पाउन परीक्षा लिइन्छ। सोही परीक्षाबाट प्राप्त तथ्य तथ्याङ्कको आधारमा विद्यार्थी कक्षा २ का लागि सक्षम छ वा छैन मूल्याङ्कन गरिन्छ। अनि विद्यार्थीलाई कक्षा २ मा पठाउने वा नपठाउने निर्णय लिइन्छ। यसरी परीक्षा र मूल्याङ्कन शिक्षण सिकाइको एक अभिन्न अङ्ग हो।

(क) परीक्षा र मूल्याङ्कनमा फरक

परीक्षा भनेको कुनै निश्चित अवधिभित्रमा उल्लिखित उद्देश्य के-कति उपलब्धि गरयो भनेर माप गर्ने साधन हो। जस्तैः– पाठयोजना अनुसार पाठको अन्तमा सोधिने प्रश्नहरू एकाइ अध्ययन-अध्यापनपछि एकाइको अन्त्यमा लिइने परीक्षा करीब ३ महीनाको अवधि पुगेपछि विषयवस्तुको विभिन्न ज्ञान, सीप र अभिवृत्ति के-कति उपलब्धि भयो भनेर लिने परीक्षा, सैक्षिक सत्रको अन्तमा लिइने वार्षिक परीक्षा आदि। यस बाहेक गृहकार्य, कक्षा क्रियाकलाप, अवलोकन आदि पनि अर्को परीक्षा हो। यी सबै कुरा साधनको रूपमा प्रयोग गरेर विद्यार्थीको उपलब्धिको माप गरिन्छ, तर माप गर्ने साधन अर्थात् परीक्षा नै सबै विद्यार्थीहरूका लागि समानरूपले प्रयोग भएको छ कि छैन, परीक्षा विद्यार्थीहरूका लागि उपयुक्त स्तरको छ कि छैन, परीक्षाको अङ्कमान र प्राप्ताङ्कमा विश्वसनीय छ कि छैन, त्यिएको निर्णय लिनु मूल्याङ्कन हो। अतः परीक्षा भनेको मूल्याङ्कनको एक साधन मात्र हो परीक्षा एक सामयिक कार्यक्रम हो। मूल्याङ्कन एक निरन्तर चलिरहने विस्तृत प्रक्रिया हो। जस्तैः– परीक्षा एक-मासले सधैं भैं रहँदैन, निश्चित कार्यक्रम अनुसार निश्चित बेला-मौकामा मात्र हुन्छ र मूल्याङ्कन अप्रत्यक्ष रूपमा विभिन्न कार्यकलापको अवलोकनबाट समय-समयमा हुने भेटबार्ता तथा विभिन्न

स्रोतबाट उद्देश्य अनुरूप छन् वा छैनन्, स्तर अनुसार छन् छैनन् भनेर निर्धारण गर्नु मूल्याङ्कन गर्नु हो । उदाहरणार्थ विद्यार्थीले प्रश्न पाठ्यक्रमभन्दा बाहिर भन्नु, प्रश्नहरू गाह्रो वा सजिलो भन्नु र पास हुन्छ, फेल हुन्छ भन्नु आफ्नो मूल्याङ्कन आफैं गर्नु हो ।

अध्ययन-अध्यापनको मोड र मूल्याङ्कन गुण, महत्त्व आदि परीक्षाको विशेषतामा आधारित हुन्छन् । जस्तैः– निबन्धात्मक परीक्षाका प्रश्नहरूको लामो उत्तर, कण्ठ घोकाइ, छनौट अध्ययनको जाँच गर्दछ भने विद्यार्थीले पनि अर्थपूर्ण तरीकाले बुझ्नु सिक्नुको सट्टा कण्ठ घोक्नु, छनौट अध्ययन गर्नु र कण्ठ गर्न नसक्ने कुरा चोरी गर्नु आदि गर्दछ । त्यसैले शिक्षण गर्दा पनि परीक्षामा सोधिने खालका महत्त्वपूर्ण पाठ (Important Topics) लाई बढी जोड दिएर शिक्षकले अध्यापन गर्दछ । अरू त्यति ठीकसँग अध्यापन गर्दैन । यस्तो गर्नाले पाठ्यक्रम तथा पाठ्यपुस्तकमा उल्लिखित सबै उद्देश्यहरू विद्यार्थीहरूले उपलब्ध गर्न सक्तैनन् ।

परीक्षा मूल्याङ्कनमा के-के कुराको फरक छ भन्ने निम्न लिखित तालिकामा छोटकरीमा प्रस्तुत छः–

परीक्षा	मूल्याङ्कन
१. परीक्षा उद्देश्य र उपलब्धि माप गर्ने एक साधन हो ।	१. मूल्याङ्कन परीक्षाबाट प्राप्त मापको लेखाजोखा गरी निर्णय लिने प्रक्रिया हो ।
२. परीक्षा कहिलेकाहींमात्र हुने सामयिक कार्यक्रम हो ।	२. मूल्याङ्कन निरन्तर रूपमा चलिरहने प्रक्रिया हो ।
३. परीक्षा सीमित साधन र निश्चित परिधिमा आधारित हुन्छ । जस्तैः– लिखित, मौखिक र प्रयोगात्मक परीक्षा ।	३. मूल्याङ्कन विभिन्न साधन र व्यापक परिधिमा आधारित हुन्छ । जस्तैः– विभिन्न परीक्षा अवलोकन विनासाधनको परीक्षा आदि ।
४. परीक्षामा विद्यार्थीले आफ्ना उपलब्धि र क्षमताको प्रदर्शन गर्दछ । तर आफ्नो गल्ती र कमजोरी पहिल्याउन सक्तैन र सुधार गर्ने मौका पाउँदैन ।	४. मूल्याङ्कनमा विद्यार्थीले आफ्नो उपलब्धि क्षमता थाहा पाउनुको साथै आफ्नो गल्ती कमजोरी सुधार गर्न सुअवसर प्राप्त गर्दछ ।
५. परीक्षा अनुसार प्राप्त लब्धाङ्क जुनसुकै (धेरै वा थोरै) भए तापनि यस लब्धाङ्कको महत्त्व, परीक्षाका प्रकार, स्तर र परीक्षा	५. मूल्याङ्कन गर्दा विद्यार्थीको लब्धाङ्क परीक्षाको प्रकार, स्तर र परीक्षा सञ्चालनसित सम्बन्धित भए तापनि

सञ्चालन गर्ने संस्था हेरी विद्यार्थीको उपलब्धि र क्षमता निर्धारित हुन्छ । लब्धाङ्कको ठाउँ हेरी बेग्ला-बेग्लै अर्थ लाग्छ ।	लेखाजोखा भैसकेको लब्धाङ्क सामान्य हुन्छ र सबै ठाउँमा एकै अर्थ लाग्छ । किनभने यसमा कुनै निश्चित मापदण्ड-मापक प्रयोग भएको हुन्छ ।
६. परीक्षा एक आवश्यक बोझ हो । किनभने कुनै विद्यार्थी कक्षा १ बाट कक्षा २ मा चढाउन योग्य छ भनेर थाहा हुँदाहुँदै पनि परीक्षा लिन र दिन आवश्यक छ ।	६. मूल्याङ्कन अनावश्यक बोझ हो । किनभने विद्यार्थीको लब्धाङ्कबाट उसको योग्यता र क्षमता थाहा हुँदाहुँदै पनि महत्त्व अङ्कित गर्न र निर्णय लिन आवश्यक छ ।
७. परीक्षामात्रले शिक्षण सिकाइ प्रक्रियामा केही सघाउ हुँदैन ।	७. मूल्याङ्कनको आधारबाट शिक्षण सिकाइ प्रक्रियामा ठूलो सघाउ पुऱ्याएको हुन्छ ।
८. परीक्षाले विद्यार्थीको सिकाइमा हतोत्साहित गर्छ ।	८. मूल्याङ्कनले विद्यार्थीको सिकाइमा प्रोत्साहन दिन्छ ।

(ख) प्रचलित परीक्षाका किसिम

परीक्षा विभिन्न प्रकारका हुन्छन् । कुन प्रकारको परीक्षा कस्तो बेलामा प्रयोग गर्ने भन्ने कुरा विद्यार्थीको कक्षा, स्तर, उमेर, सङ्ख्या, उपलब्ध शैक्षिक सामग्री र भौतिक वातावरण तथा बुझिसाना आधारित छ । उदाहरणार्थ कक्षा १ का विद्यार्थीहरूलाई लिखित परीक्षा त्यति उपयुक्त हुँदैन र मौखिक परीक्षा बढी प्रयोगमा आउँछ भने कक्षा ५ मा भएका ४० जना विद्यार्थीलाई भाषाजस्तो विषयमा मौखिक परीक्षा लिन सम्भव हुँदैन । त्यस्तै व्यावसायिक विषयमा लिखित र मौखिक परीक्षा मात्रले सीप विकासको परीक्षा हुन सक्दैन । यसैले प्रयोगात्मक परीक्षाको आवश्यकता पर्छ । त्यस्तै कुनै विषयवस्तुको सानो एकाइ अध्ययन-अध्यापनपछि परीक्षा लिन परेमा लामो उत्तर दिनुपर्ने प्रश्नहरूभन्दा छोटो उत्तरका एक-दुई प्रश्न र वस्तुगत प्रश्नहरू बढी मात्रामा उपयुक्त हुन्छन् । विज्ञानजस्तो विषयमा प्रयोगात्मक परीक्षा लिनुपर्ने भएर पनि प्रयोगशाला तथा आवश्यक उपकरण सामग्री उपलब्ध नभएर प्रयोगात्मक परीक्षा लिन सकिँदैन ।

हाम्रो मुलुकमा प्रचलनमा आइपरेका परीक्षाहरू निम्न प्रकारका छन्:—

१. लिखित परीक्षा २. मौखिक परीक्षा ३. प्रयोगात्मक परीक्षा ।

१. लिखित परीक्षा

कुनै पनि विषयमा विद्यार्थीको ज्ञान के-कस्तो छ, विषयवस्तु सङ्गठन कसिको मिलाएर क्रमबद्ध तरीकाले प्रस्तुत गर्न सक्छ, आफ्नो व्यक्तिगत विचार कुन किसिमले प्रस्तुत गर्दछ,

लेखाइमा के-कति मौलिकता र शैली छ भन्ने जांच गर्ने तरीकालाई निबन्धात्मक लिखित परीक्षा भन्दछन् । निबन्धात्मक लिखित परीक्षा दुई प्रकारका छन्:– (क) लामो उत्तर दिने परीक्षा र (ख) छोटो उत्तर दिने परीक्षा ।

लामो उत्तर दिने लिखित परीक्षामा प्रश्नहरू विशेष गरेर व्याख्या गर्ने कारणहरू दिएर स्पष्ट गर्ने, आफ्नो विचार व्यक्त गर्ने, विश्लेषण गर्ने आदि खालका हुन्छन् र यस्ता प्रश्नहरू स-साना कक्षामा उपयोगी हुँदैनन् । छोटो उत्तर दिने, लामो उत्तर दिने, लिखित परीक्षाका प्रश्नहरू निम्न प्रकारका हुन्छन्:–

१. वर्णनात्मक प्रश्न:– विषयवस्तुसम्बन्धी वर्णन वा व्याख्या गर्नुपर्ने प्रश्नहरूलाई वर्णनात्मक प्रश्न भन्दछन् ।

उदाहरण:– गाईको बारेमा निबन्ध लेख्नुहोस् ।
चुम्बक कति प्रकारले बनाउन सकिन्छ ?

२. कारण सहित स्पष्ट व्याख्या गर्ने प्रश्न:– यस्ता प्रश्नमा विद्यार्थीले कारणहरू दिएर प्रश्नको उत्तर दिनुपर्छ ।

उदाहरण:– पृथ्वी गोलो छ भन्ने ४ वटा कारणहरू दिएर वर्णन गर्नुहोस् ।
कुनै पनि वर्ग-सङ्ख्याको अन्तमा २,३,७ र ८ आउनाका कारणहरू देखाउनुहोस् ।
जङ्गबहादुरको अभ्युदय हुनाको ३ वटा कारणहरू बयान गर्नुहोस् ।

३. आफ्नो विचार व्यक्त गर्ने प्रश्न:– यस प्रकारको प्रश्नमा विद्यार्थीले उत्तर दिंदा आफ्नो राय व्यक्त गर्ने स्वतन्त्र अभिव्यक्ति प्रदर्शन गर्ने हुन्छ ।

उदाहरण:– गर्मीको मौसममा रोगहरू धेरै फैलिन्छन्, कसरी ? बयान गर्नुहोस् ।
काम नगरे अच्छी हुन्छ भन्ने बारेमा आफ्नो राय व्यक्त गर्नुहोस् ।
"सह-शिक्षा" बारे आफ्नो विचार व्यक्त गर्नुहोस् ।

छोटो उत्तर दिने लिखित परीक्षाका प्रश्नहरू विशेष गरेर सूची बनाउने वा समूह विभाजन गर्ने, तुलना गर्ने, सारांश लेख्ने, टिप्पणी लेख्ने वा छोटकरी बयान गर्ने खालका हुन्छन् । यस्ता प्रश्नहरू सबै तहका विद्यार्थीहरूलाई उपयुक्त हुन्छन् ।

१. सूची बनाउने प्रश्न:– यस प्रकाका प्रश्नमा दिइएको विषयमा नामहरू, सामानहरू, जनावरहरू आदिको समूह विभाजन गर्ने वा सूची बनाउनुपर्ने हुन्छ ।

उदाहरणः– मांसाहारी १० वटा जनावरहरूको नाम लेख्नुहोस् ।

सन्तुलित आहारको एक सूची बनाउनुहोस् ।

घर बनाउँदा प्रयोगमा आउने ८ वटा सामानहरूको सूची बनाउनुहोस् ।

१ देखि २० सम्मको सङ्ख्यात्मक जोड र बिजोड समूह छुट्टयाउनुहोस् ।

२. तुलना गर्ने प्रश्नहरूः– यस प्रकारको प्रश्नमा दिइएका दुई कुराहरूमा भिन्नता वा समानता देखाउनुपर्ने हुन्छ ।

उदाहरणः– परीक्षा र मूल्याङ्कनमा फरक देखाउनुहोस् ।

वनस्पति र प्राणीमा के-के समानताहरू छन् लेख्नुहोस् ।

खानेतेल र मट्टीतेलको उत्पादन र महत्त्वबारे तुलना गर्नुहोस् ।

३. सारांश लेख्ने प्रश्नः– यस प्रश्नमा दिइएका विषयवस्तुको लम्बाचौडा विवरणलाई छोटकरीमा मुख्य-मुख्य कुराहरू प्रस्तुत गर्नुपर्छ । प्रमुख कुराहरू छोटकरीमा उल्लेख गर्ने भएकाले यसलाई टिप्पणी लेख्ने प्रश्न पनि भनिन्छ । जस्तैः– स्वास्थ्य सफाइ-सम्बन्धी लामो विवरणको सट्टा एक दुई आवश्यकता, महत्त्व र फाइदाका कुराहरू प्रस्तुत गर्ने सारांश लेख्नु हो ।

उदाहरणः– (१) तलका विषयमा छोटकरीमा बयान लेख्नुहोस्

(क) दीपावली (ख) कोतपर्व (ग) गाईजात्रा

(२) तलका शीर्षकमा टिप्पणी लेख्नुहोस्

(क) दूधको महत्त्व (ख) विद्यार्थी अनुशासन

नयाँ शिक्षा योजना २०२८ लागू भएपछि निबन्धात्मक लिखित परीक्षाबाहेक वस्तुगत परीक्षा प्रचलनमा आए । वस्तुगत लिखित अन्तर्गत परे तापनि यस परीक्षामा विद्यार्थीले दिइएका प्रश्नको छोटकरीहरूमध्ये निर्देशन अनुसार चिह्नमात्र लगाउने वा एक शब्दमात्र भन्ने खालका हुन्छन्, जस्तैः–

१. साँचो-झूटो प्रश्न (True–false Item):– यस प्रकारको प्रश्न निर्माण गर्दा वाक्य पूर्ण रूपले सत्य असत्य हुनुपर्छ र विद्यार्थीले उत्तर दिंदा साँचो र झूटो कुनै एकमा मात्र निर्देशन अनुसार चिह्न लगाउने हुन्छ ।

उदाहरणः– तल दिइएका वाक्यहरूका अगाडि कोष्ठभित्र साँचो वा झूटो दिएको छ ।

साँचो भए साँचोमा, झूटो भए झूटोमा चिन्ह लगाउनुहोस् ।

(साँचो/झूटो) नेपालको राजधानी काठमाडौं हो ।

(साँचो/झूटो) मरुभूमिमा हिउँ जमेको हुन्छ ।
(साँचो/झूटो) ४२ लाई ७ ले भाग गर्दा निःशेष भाग जान्छ ।

२. खाली ठाउँ भर्ने प्रश्न (Completion Item):– यस प्रश्नमा जुन वाक्य दिइएको हुन्छ, यसको कुनै मुख्य एक शब्द झिकिएको हुन्छ र त्यस खाली ठाउँमा विद्यार्थीले उही उपयुक्त शब्द भर्नुपर्ने हुन्छ । एकभन्दा बढी खाली ठाउँ दिनु हुँदैन ।

उदाहरण:– तल दिइएका वाक्यहरूका खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस्

नेपालको राजधानी.....हो ।
समय देखाउने यन्त्रलाई.....भन्दछन् ।
.....ले पृथ्वीको चारैतिर घुम्दछ ।
५×□=४०

३. जोडा मिलाउने प्रश्न:– यस प्रकारको प्रश्न निर्माण गर्दा बायाँतिर "क" लहर र दायाँ "ख" लहर बनाएको हुन्छ । "क" लहरमा प्रश्नहरू वा अधुरो वाक्य हुन्छ र "ख" लहरमा उत्तर वा वाक्यलाई पूरा गर्ने शब्द वा वाक्यांश हुन्छ । विद्यार्थीले प्रश्नको उत्तर दिंदा "क" लहरसित मिल्ने "ख" लहरको उत्तर निर्देशन अनुसार सङ्केत गर्ने वा लेख्नुपर्ने हुन्छ । यस्तो प्रश्न निर्माण गर्दा प्रश्न सङ्ख्याभन्दा उत्तरको सङ्ख्या बढी हुनुपर्छ ।

उदाहरण:– तल दिइएको "क" लहरको प्रश्नसित मिल्ने "ख" लहर (उत्तर) को अङ्क खाली कोठाभित्र मिल्ने गरी लेख्नुहोस् ।

"क" लहर	"ख" लहर
( ) हेर्ने काम गर्छ	१. कान
( ) सुन्ने काम गर्छ	२. जिब्रो
( ) चाख्ने काम गर्छ	३. छाला
( ) सुँघ्ने काम गर्छ	४. आँखा
( ) स्पर्शको काम गर्छ	५. रौं
	६. नङ
	७. नाक
	८. दाँत

४. बहु वैकपिल्क प्रश्नः– प्रत्येक प्रश्नको दुईभन्दा बढी छनौट भएको प्रश्नलाई बहु वैकल्पिक प्रश्न भन्दछन्। यस प्रकारको प्रश्न निर्माण गर्दा अधुरो वाक्य प्रश्नवाचक वाक्यको प्रयोग गरिन्छ । सम्भाव्य उत्तरहरू छनौटको रूपमा दिइन्छ, जसमध्ये एउटा मात्र सही उत्तर हुन्छ । प्रश्न हेरीकन दिइएको छनौटमध्ये सबैभन्दा मिल्ने उत्तरमा निर्देशन अनुसार विद्यार्थीले चिन्ह लगाउनुपर्छ ।

उदाहरणः– १. शाकाहारी जनावर कुन हो ?

(क) बाघ (ख) मूसा (ग) हात्ती (घ) बांदर

उदाहरणः– २. ७५° को कोणलाई के भन्दछन् ?

(क) न्यूनकोण (ख) अधिककोण (ग) सरलकोण (घ) समकोण

निबन्धात्मक परीक्षा र वस्तुगत परीक्षामा फरक

निबन्धात्मक परीक्षा	वस्तुगत परीक्षा
१. निबन्धजस्तो लामो उत्तर हुन्छ।	१. दिइएको उत्तरमा चिन्हमात्र लगाइन्छ ।
२. साधारण प्रश्न विशिष्ट हुँदैन।	२. प्रश्न स्पष्ट र विशिष्ट हुन्छ ।
३. विद्यार्थीको उत्तरमा मौलिकता हुन्छ।	३. शिक्षकको प्रश्न निर्माणमा मौलिकता हुन्छ।
४. आफ्नै शब्दशैलीमा उत्तर हुन्छ ।	४. आफ्नै शब्दशैलीमा प्रश्न हुन्छ ।
५. सिलसिलाबद्ध सङ्गठित उत्तर हुन्छ ।	५. सजिलोदेखि गाह्रो क्रममा प्रश्न हुन्छ।
६. सबै प्रश्नको उत्तर दिनु प्रायः अनिवार्य पनि हुँदैन ।	६. सबै प्रश्नको उत्तर दिनु अनिवार्य भए उत्तर दिन्छन् ।
७. शिक्षकको पूर्वाग्रह र मनोभावनाको आधारमा विद्यार्थीले प्राप्त गर्ने अङ्क प्रश्नैपिच्छे घटीबढी हुन्छ ।	७. शिक्षकको पूर्वाग्रह र मनोभावनाको केही असर हुँदैन । विद्यार्थी सही उत्तर अनुसारको सही अङ्क पनि मापन गर्न सक्छ।
८. महत्त्वपूर्ण ठानिएका केही विषयवस्तुमा मात्र प्रश्न निर्माण भएको हुन्छ । फलस्वरूप विद्यार्थीले पनि महत्त्वपूर्ण विषय छानी अध्ययन गर्ने हुन्छ ।	८. सम्पूर्ण विषयवस्तु ढाक्ने गरी प्रश्न निर्माण भएको हुन्छ । फलस्वरूप विद्यार्थीले विषयवस्तु पूर्णरूपले बुझेर अध्ययन गर्ने हुन्छ।
९. प्रश्न निर्माणमा थोरै समय लाग्छ, तर उत्तर जँचाइ दिक्कलाग्दो र समय धेरै लाग्ने हुन्छ ।	९. प्रश्न निर्माणमा धेरै समय लाग्छ, तर जँचाइ समय र थोरै समय लाग्ने हुन्छ।

१०. अलि-अलि मिल्ने गरी गफ हाँकेर पनि केही अङ्क विद्यार्थीले प्राप्त गर्न सक्छ ।	१०. उत्तर नपाए पनि अन्दाजको भरमा चिह्न लगाएर अङ्क प्राप्त गर्न सक्छ ।
११. अङ्कमापनमा विश्वसनीयता कम हुन्छ ।	११. अङ्कमापनमा विश्वसनीयता बढी हुन्छ ।
१२. धेरै समय लगाएर थोरै ज्ञान र सीप तथा प्रवृत्ति जाँच गर्न सकिन्छ ।	१२. थोरै समय लगाएर धेरै ज्ञान र प्रवृत्ति मात्र जाँच गर्न सकिन्छ ।

लिखित परीक्षाका प्रश्नहरू विशेष गरेर सूची बनाउने, समूह विभाजन गर्ने, फरक छुट्टाउने, ८-१० हरफमा छोटकरीमा बयान गर्ने आदि खालका हुन्छन् र यस्ता प्रश्नहरू सबै कक्षाका विद्यार्थीहरूलाई उपयुक्त हुन्छन् ।

उपर्युक्त लिखित परीक्षाका प्रश्नहरू कस्ता हुन्छन् भन्ने कुरा यसपछि आउने प्रश्नपत्र निर्माणसम्बन्धी शीर्षकमा प्रस्तुत गरिएको छ ।

२. मौखिक परीक्षा (Oral Test)

विशेष गरेर कक्षा १ र कक्षा ३ का स-साना विद्यार्थी एक त प्रश्न राम्रोसँग पढ्न र बुझ्न सक्तैनन्, अनि प्रश्न बुझे पनि आएको कुरा ठीकसँग लेख्न र व्यक्त गर्न सक्तैनन् । यसकारण स-साना विद्यार्थीहरूका लागि मौखिक परीक्षा लिन आवश्यक पर्छ । अर्को कुरा लिखित परीक्षाले मात्र सिकाइको सम्पूर्ण पक्षहरूको जाँच गर्न सकिंदैन । यस्तैः– बोलाइ, सुनाइ, भाव अभिव्यक्ति इत्यादि । अतः मौखिक परीक्षाको आवश्यकता पर्छ । मौखिक परीक्षामा शिक्षकले एक-एक भाषण गर्दै जान्छ । लिखित परीक्षामा जुन प्रश्नहरू सोधिन्छन्, तिनै प्रश्न मौखिक परीक्षामा प्रयोग गर्न सकिन्छ । मौखिक परीक्षा लिंदा उत्तर पुस्तिका जाँच्ने झन्झट रहँदैन, तर परीक्षा लिंदा समय बढी लाग्छ ।

३. प्रयोगात्मक परीक्षा (Practical Test)

लिखित र मौखिक परीक्षाले पनि जाँच गर्न नमिल्ने सीप तथा कार्यकलापसम्बन्धी जाँच गर्नुपर्दा प्रयोगात्मक परीक्षा लिइन्छ । यस्तो परीक्षा विशेष गरेर विज्ञान र व्यावसायिक विषयमा प्रयोग हुन्छ । जस्तोः– पुतली (खेलौना) बनाउने, माटोको भाँडो बनाउने, बिरुवा रोप्ने, बोक्रा छोडाउने, सियोमा धागो हाल्ने, चुम्बक बनाउने, चित्र बनाउने आदि । प्रयोगात्मक परीक्षाले विद्यार्थीको ज्ञानको साथसाथै सीप पनि जाँच गर्न सकिन्छ र यस्तो परीक्षामा विद्यार्थी बढी नै उत्सुक र तत्पर रहन्छ । यो परीक्षाले विद्यार्थीलाई सैद्धान्तिक ज्ञान र सीपको साथसाथै व्यावहारिक ज्ञान र सीप विकास गराउनमा मदत गर्दछ । सिकाइ सफल र प्रभावकारी सुल्याइदिन्छ ।

अवलोकनः– उपर्युक्त विभिन्न प्रकारका परीक्षाहरू बाहेक विद्यार्थीका वास्तविक व्यावहारिक परिवर्तन, व्यक्तिगत विकास, नैतिक र सामाजिक विकास, स्वास्थ्य सरसफाइ आदि कुराको लेखाजोखा गर्नका लागि निरन्तर अवलोकनको आवश्यकता पर्दछ। शिक्षकले विद्यार्थीमा देखापरेका सकारात्मक तथा नकारात्मक दुवै प्रकारको लेखा राख्नुपर्दछ । यस्तो लेखा राख्नुलाई शिक्षकले औपचारिक अवलोकन वा अनौपचारिक अवलोकन गर्दछ । औपचारिक अवलोकन गर्दा के कुराको कहिले अवलोकन गर्ने हो, विद्यार्थीलाई पूर्ण सूचना दिई अङ्कमापन गर्न आधार बनाई अवलोकन गर्दछ। तर अनौपचारिक अवलोकन गर्दा के कुराको कहिले अवलोकन गरिन्छ, त्यसको पूर्व सूचना विद्यार्थीलाई दिइँदैन र शिक्षकले अङ्कमापन गर्न फाराम प्रयोग गरेर वा नगरीकनै अवलोकन गर्दछ, तर पनि लेखा भने राखिएको हुन्छ । यस्तो अवलोकन हप्ताको एक पटक वा महिनाको १,२ पटक गरेमा प्रभावकारी हुन्छ। अवलोकनका लागि लेखाजोखा गर्न जाँचसूची (Check–list) वा श्रेणीमापक (Rating Scale) प्रयोग गर्न उपयुक्त हुन्छ । जाँचसूचीले श्रेणीमापकको साधन यसप्रकारले बनाउन सकिन्छ । जस्तैः–

माटोको भाँडो बनाउने प्रयोगात्मक परीक्षाका लागि प्रयोग गरिने अवलोकन साधन जाँचसूची (Check-list) को नमुनाः–

१. भाँडो बनाउन उपयुक्त माटोको छनौट	। गर्छ ।	गर्दैन
२. माटोलाई उपयुक्त तरीकाले मुछ्ने	। गर्छ ।	गर्दैन
३. मुछिएको माटो भाँडोको साइज अनुसार प्रयोग	। गर्छ ।	गर्दैन
४. उल्लिखित भाँडोको आकार बनाउन	। सक्छ ।	सक्दैन
५. बनाएको भाँडो ठीकसँग सुकाउन	। सक्छ ।	सक्दैन
६. सुकिसकेको भाँडो चकको, फुटेको	। छ ।	छैन
७. भाँडोमा आवश्यक रङरोगन	। लगाउँछ ।	लगाउँदैन
८. तयारी माटोको भाँडा आकर्षक	। छ ।	छैन

जाँचसूचीको कार्यकलाप क्रमानुसार विद्यार्थीले गर्छ, गर्दैन आदिको रेकर्ड गर्छ। यस्तो रेकर्ड विद्यार्थीको कुनै पनि व्यवहारमा देखापरेका परिवर्तन, बानीव्यहोरा, स्वास्थ्य सरसफाइ

आदिमा पनि गर्न सकिन्छ । यही जाँचसूचीको ढाँचालाई श्रणीमा विभाजन गरेर बनाएको अवलोकनको साधनलाई श्रेणीमापक (Rating Scale) भनिन्छ । जस्तैः–

१. भाँडो बनाउन माटोको छनौट गरेको	। उत्तम ।	ठीक ।	नराम्रो
२. माटोलाई मुछेको तरीका	। उत्तम ।	ठीक ।	नराम्रो
३. मुछिएको माटोको परिमाण भाँडाको साइज अनुसार	। उत्तम ।	ठीक ।	नराम्रो
४. उल्लिखित भाँडाको आकार बनाएको	। उत्तम ।	ठीक ।	नराम्रो
५. बनाएको भाँडो सुकाएको तरीका	। उत्तम ।	ठीक ।	नराम्रो
६ सुकिसकेको भाँडाको अवस्था	। उत्तम ।	ठीक ।	नराम्रो
७. भाँडाको आवश्यक रङरोगन गरेको	। उत्तम ।	ठीक ।	नराम्रो
८. तयारी भाँडाको अन्तिम रूप	। अति आकर्षक ।		कम आकर्षक

यसरी उपर्युक्त प्रकारका साधनहरू प्रयोग गरेर विशिष्ट हुने गरी अवलोकन गर्न सकिन्छ भने साधन प्रयोग नगरीकन अवलोकन गर्दा विशेष गरेर निम्न प्रकारका कुराहरूमा निम्न कुरा ध्यानमा राखी अवलोकन गर्नुपर्छ र यस्तो अवलोकनलाई अनौपचारिक र साधनविनाको अवलोकन भनिन्छ । जस्तैः–

१. विद्यार्थी विद्यालयमा आउँछ	। सधैं ।	धेरैजसो ।	कहिलेकाहीं
२. विद्यार्थीले सफा पोशाक लाउँछ	। सधैं ।	धेरैजसो ।	कहिलेकाहीं
३. विद्यार्थीको स्वास्थ्य संफाइ कस्तो छ ?	। राम्रो ।	ठीक ।	नराम्रो

४. विद्यार्थीको आचरण (बानीव्यहोरा)	। राम्रो	। साधारण	। नराम्रो
५. विद्यार्थीको स्वभाव	। निडर	। लाज मान्ने	। डरछेरुवा
६. विद्यार्थीको अनुशासन	। राम्रो	। ठीक	। नराम्रो
७. विद्यार्थीको मिलनसार व्यवहार	। सबैसित । राम्रो	। धेरैजसोसित । राम्रो	। कसैसित । राम्रो छैन
८. कक्षा पढाइमा विद्यार्थी	। सधैं सक्रिय । छ	। कहिलेकाहीं । सक्रिय छ ।	। सक्रिय छैन

(ग) प्रश्नपत्र निर्माण (Test Construction)

शिक्षकले प्रश्नपत्र निर्माण कार्य जति सजिलो ठान्दछ, त्यति सजिलो अवश्य छैन । जे-जस्तो मनमा आयो त्यस्तै किसिमबाट किताबका वाक्यहरू हेरेर प्रश्न निर्माण गर्ने हो भने अवश्य सजिलो होला तर यसरी प्रश्न निर्माण गर्नाले विद्यार्थीलाई कण्ठ घोकाइको उत्तर दिनुपर्ने हुन जान्छ र फलस्वरूप विद्यार्थीको सिकाइ अर्थपूर्ण हुनुको सट्टा रटिरटाइका ज्ञानमा आधारित हुन जान्छ। यसले राम्रो प्रश्नपत्र निर्माणका लागि गर्नुपर्ने मुख्य कार्यहरू तल दिइएका छन्:–

१. विशेषीकरण तालिका बनाउने ।

२. विशेषीकरण तालिका अनुसार प्रश्न बनाउने ।

३. बनाइसकेका प्रश्नहरू सुव्यवस्थित तरीकाले मिलाउने ।

४. प्रश्नोत्तर कार्यका लागि निर्देशन लेख्ने ।

१. परीक्षामा प्रश्न निर्माणका लागि विषयवस्तुका कुन-कुन विशिष्ट उद्देश्यहरू ज्ञान, सीप र अभिवृत्ति स्तरमा छन् भनेर छुट्टाई बनाएको तालिकालाई विशेषीकरण तालिका भनिन्छ। यसमा प्रश्नको प्रकार र सङ्ख्या पनि उल्लेख भएको हुन्छ ।

२. सो विशेषीकरण तालिका अनुसार प्रश्न बनाउँदा कुनै निबन्धात्मक प्रश्न हुन्छ भने कुनै वस्तुगत प्रश्न हुन्छ। त्यसै गरी कुनै लामो उत्तरको भए कुनै छोटो उत्तरको हुन्छ। कुनै साँचो-झूटो प्रकारको भए कुनै बहुवैकल्पिक आदि । फेरि कुनै प्रश्न ज्ञानसम्बन्धी भए कुनै सीप-सम्बन्धी र कुनै अभिवृत्तिसम्बन्धी प्रश्न बन्दछन् ।

३. बनाई सकेका ती प्रश्नहरूलाई तिनीहरूको प्रकार अनुसार छुट्टाई सजिलोदेखि गाह्रो काम मिलाएर राख्नुपर्छ । जस्तैः– उत्तर दिने प्रश्नहरूको समूह, साँचो-झूटो प्रश्नको समूह, जोडा मिलाउने प्रश्नको समूह आदि ।

४. त्यसपछि प्रत्येक प्रकारको समूह प्रश्नहरूका लागि छुट्टाछुट्टै सरल, छोटो र स्पष्ट निर्देशन दिनुपर्छ ।

यसरी विशेषीकरण तालिकाको आधारमा विशिष्ट उद्देश्य अनुरूप विद्यार्थीको उपलब्धि जाँच गर्ने खालका प्रश्नहरू परीक्षा सुरु हुनुभन्दा एकदुई हप्ता अगाडि नै तयार गर्न सकेमा प्रश्नपत्र निर्माणमा आवश्यक सुधार र संशोधन गर्ने मौका प्राप्त हुन्छ । अनि प्रश्नपत्र निर्माण उपयुक्त तरीकाले हुन्छ । प्रश्न निर्माण गर्दा सकेसम्म सरल, छोटो र स्पष्ट भाषा प्रयोग गर्नुपर्छ र कुनै पनि प्रकारको एउटा मात्र मिल्ने उत्तर हुनुपर्दछ । अतः प्रश्नपत्र निर्माणमा अति महत्त्वपूर्ण विशेषीकरण तालिका कसरी बनाइन्छ भन्ने कुरा तल प्रस्तुत गरिन्छ ।

विषयः– स्वास्थ्य र शारीरिक शिक्षा, एकाइः खाना — कक्षा २

उद्देश्य विषय	ज्ञान	सीप	अभिवृत्ति (धारणा)
रामले डकारयो	१. भोजन, भोक, मीठो, शब्दको उदाहरण दिन सक्ने (व. २) २. दैनिक प्रयोगमा आउने १० वटा खाने-कुराहरूको नाम भन्न-सक्ने (नि. १)	३. डकारको आवाज चिन्न सक्ने (व. १) ४. डकारको नक्कल गर्न सक्ने	५. धेरै खाएपछि हुने ३ असरहरू भन्न सक्ने (नि. १, व. १) ६. खानेकुरा खानुपर्ने कारण भन्न र लेख्न सक्ने (व. १)

उपर्युक्त तालिकामा व. को अर्थ वस्तुगत प्रश्न र नि. को अर्थ निबन्धात्मक प्रश्न निर्माण गर्ने सङ्केत हो । उपर्युक्त तालिकामा उल्लिखित उद्देश्य अनुरूप प्रश्न निर्माण गर्दा निम्न प्रश्नहरू निम्न प्रकारले बनाउन सकिन्छः–

वस्तुगत प्रश्नहरू

१. तल दिएका कुन खानेकुरो ठीक छ ?

(क) पाउरोटी (ख) केक (ग) लालमोहन (घ) आलु

२. भोक कहिले लाग्छ ?

(क) धेरै खाएपछि (ख) धेरै सुतेपछि (ग) केही नखाएपछि (घ) डकार आएपछि

३. डकारको आवाज कस्तो हुन्छ?

(क) हिक्क (ख) ढेउ (ग) हाच्छयूँ (घ) प्वाक्क

४. धेरै खानेकुरा खाएपछि के हुन्छ?

(क) भोक लाग्छ (ख) आँसु आउँछ (ग) पिसाब आउँछ। (घ) डकार आउँछ

५. खानेकुरा किन खानुपर्छ ?

(क) स्वास्थ्य सपार्नलाई (ख) भोक मार्नलाई (ग) मोटो हुनलाई (घ) खेल्नलाई

निबन्धात्मक प्रश्नहरू

१. दिनदिनै खाने ५ वटा खानेकुराको नाम लेख ।

२. धेरै खानाले के-के हुन्छ?

उत्तर-पुस्तिका जाँच्ने तरीका (Scoring Method)

प्रश्नपत्र निर्माणको कार्य सकेपछि उत्तर-पुस्तिका जाँच्ने कार्य हुन्छ । उत्तर-पुस्तिका जाँच्नुभन्दा पहिले नै उत्तर जाँच्ने तरीका निश्चित गर्नु र तयार गर्नु आवश्यक छ। उत्तर-पुस्तिका जाँच्ने बेलामा मात्र जाँच्दाजाँच्दै के-जस्तो मनमा आयो त्यस्तै आधारहीन अङ्क विनु बिल्कुलै नराम्रो र अविश्वसनीय जँचाइ हो। अतः उत्तर-पुस्तिका जाँच्नका लागि निबन्धात्मक प्रश्नहरूको हकमा कुन-कुन विधिहरू अपनाउन सकिन्छ र वस्तुगत प्रश्नहरूका हकमा कुन-कुन विधिहरू अपनाउन सकिन्छ भन्ने कुरा तल छोटकरीमा बयान गरिन्छः–

निवन्धात्मक प्रश्नहरू जाँच्ने विधिहरू

(क) बुँदा अनुसार अङ्कमापन विधि (Point Scoring Method):– निबन्धात्मक प्रश्नका उत्तर जाँच्नुभन्दा पहिले जाँचकीले अथवा सम्बन्धित विषय शिक्षकले त्यस प्रश्नको सम्भाव्य नमुना-उत्तर तयार गर्नुपर्छ र त्यस नमुना-उत्तरको कुन-कुन बुँदमा के हिसाब अङ्क प्रदान गर्ने हो त्यसको निर्धारण पहिले गर्नुपर्छ । नमुना-उत्तर नगरीकन बुँदा अनुसार नहुने गरी जस्तो मन लाग्यो त्यस्तै अङ्क प्रदान गर्नाले उत्तर जँचाइमा एकरूपता र विश्वसनीयता हुँदैन। फलस्वरूप कुनै विद्यार्थीले अनावश्यक बढी अङ्क प्राप्त गर्छ भने कुनै विद्यार्थीले अनावश्यक कम अङ्क पाउने हुन जान्छ। यस विधि अनुसार अङ्कमापन गर्ने एक उदाहरणः–

यस प्रश्नको नमुना-उत्तर के, कस्तो र कति वर्णन हुनुपर्छ, तयार गरेको हुनुपर्छ र बुँदा निम्न प्रकारका हुन सक्छन् ।

प्रणालीको चित्र	५
प्रणालीका अङ्गहरू देखाएको	३
क्रमानुसार श्वासक्रिया	६
क्रमानुसार प्रश्वासक्रिया	६
जम्मा	२०

(ख) समूह विभाजन विधि (Grouping Method):– उत्तर-पुस्तिकाहरू अङ्कमापन नगरीकन शिक्षकले पहिलोपल्ट सरसरती हेर्छ र उत्तर-पुस्तिका श्रेणी हेरेर धेरै राम्रो-देखि धेरै नराम्रोसम्मको छुट्टयाएर समूह विभाजन गर्छ । अनि उत्तर-पुस्तिकाहरू तुलनात्मक जाँच गरी अङ्कमापन गर्छ । त्यस्तै गरी प्रत्येक समूहका उत्तर-पुस्तिकाहरू तुलनात्मक जाँच गरी अङ्क दिने विधिलाई समूह विभाजन अङ्कमापन विधि भनिन्छ । यस विधिमा श्रेणी विभाजन निम्न प्रकारले गरिने भएकाले यसलाई श्रेणी विभाजन विधि (Ranking Method) पनि भन्न सकिन्छ । विद्यार्थीको स्वतन्त्र अभिव्यक्ति-जाँच गर्नलाई यो विधि उपयुक्त छ ।

अति राम्रो वा प्रथम श्रेणी	राम्रो दोस्रो श्रेणी	ठीक (साधारण) तेस्रो श्रेणी	नराम्रो चौथो श्रेणी	अति नराम्रो पाँचौं श्रेणी
क ग्रेड	ख ग्रेड	ग ग्रेड	घ ग्रेड	ङ ग्रेड

(ग) प्रश्नगत अङ्कमापन विधि (Item-wise Scoring Method):– एउटा उत्तर-पुस्तिकाको सबै प्रश्नहरूको उत्तर एकैपटकमा जाँच गर्नुको सट्टा विभिन्न उत्तर-पुस्तिकाहरूको पहिलो प्रश्नको मात्र उत्तरहरू जाँच गर्ने र अङ्कमापन गर्ने अनि दोस्रो, तेस्रो एवं प्रकारले जाँच गर्ने र अङ्कमापन गर्ने विधिलाई प्रश्नगत अङ्कमापन विधि भन्दछन् । विद्यार्थी सङ्ख्या कम र शिक्षकको कार्यभार कम भएमा यो विधि व्यावहारिक र प्रभावकारी हुन्छ ।

(घ) धेरै जाँचकीहरूद्वारा अङ्कमापन विधि (Scoring by more than one Examiner):– उत्तर-पुस्तिका जाँचेर अङ्कमापन गर्दा एकभन्दा बढी जाँचकीले बेग्लाबेग्लै अङ्क दिने गरेको पाइन्छ । जस्तैः– हरिको नागरिक जीवन विषयको नं. १ प्रश्नको 'क' शिक्षकले ७ अङ्क दिन्छ भने 'ख' शिक्षक वा जाँचकीले ५ अङ्क मात्र दिएको हुन सक्छ र 'ग' जाँचकीले ८ अङ्क दिएको हुन सक्छ । जाँचकीले कडाई गरयो भन्ने विद्यार्थीको गुनासो हटाउन-लाई र उत्तर-पुस्तिका जँचाइमा विश्वसनीयता ल्यानउलाई यो विधि अपनाइन्छ र सालाखाला

अङ्क प्रदान गरिन्छ। जस्तैः– यहाँ हरिको अङ्क (७+५+८) ÷ ३ = ६.६ हुन्छ। यो विधि अपनाउनलाई एउटै विषय जान्ने जाँचकी वा शिक्षक एक जनाभन्दा बढी हुनुपर्छ र जँचाइमा समय बढी लाग्छ, साथै यसो गर्नाले शिक्षक-शिक्षकमा मनमुटाव पैदा हुने डर हुन्छ।

वस्तुगत प्रश्नहरूको उत्तर-पुस्तिका जाँच गर्ने हकमा प्रश्न नम्बर अनुसार मिल्ने उत्तर-हरूको सूची बनाई उत्तरकुञ्जिका तयार गर्नु आवश्यक छ। अनि मात्र उत्तर-पुस्तिका जाँच गर्नुपर्छ। साधारण तरीकाले तयार गरिएका उत्तरकुञ्जिका निम्न प्रकारको हुन्छ।

साँचो–झूटो उत्तरकुञ्जिका

प्रश्न १. साँचो
" २. साँचो
" ३. झूटो
" ४. साँचो
" ५. झूटो
" ६. झूटो
" ७. झूटो
" ८. झूटो
" ९. झूटो
" १०. साँचो

खाली ठाउँ भर्ने उत्तरकुञ्जिका

प्रश्न नं. १. काठमाडौं
" २. चन्द्रमा
" ३. लामखुट्टे
" ४. एसिया
" ५. चुम्बक
" ६. बर्गमूल

जोडा मिलाउने उत्तरकुञ्जिका

प्रश्न १.

(४) हेर्ने काम गर्छ
(५) सुन्ने काम गर्छ
(२) चाख्ने काम गर्छ
(७) सुँघ्ने काम गर्छ
(३) स्पर्शको काम गर्छ

बहुवैकल्पिक उत्तरकुञ्जिका

प्रश्न १. क
" २. ग
" ३. घ
" ४. ग
" ५. ख
" ६. ख
" ७. क
" ८. घ
" ९. ग
" १०. ग

परीक्षाफलको प्रयोग (Use of Test Result)

बेरैंजसो शिक्षकहरूले परीक्षा लिइसकेपछि र उत्तर-पुस्तिका जाँच गरिसकेपछि प्रश्न-पत्र र पुस्तिका दुवै महत्त्वहीन ठानिदिन्छन्, थन्क्याइदिन्छन् वा रद्दी टोकरीमा फ्याँकिदिन्छन् । यसो गर्नाले बेफाइदाहरू निम्न प्रकारका छन्:–

१. परीक्षाफल राम्रो भएमा के गुणहरूले र नराम्रो भएमा के खराबीहरू त्रुटिहरूले गर्दा नराम्रो भयो भन्ने कुरा पत्ता लगाउन प्रश्नहरूको विश्लेषण हुँदैन । प्रश्नपत्रमा भएका विभिन्न गल्तीहरू शिक्षकले बेलामै सुधार गर्ने तरीकाहरू सिक्न सक्दैनन् । फलस्वरूप प्रश्न निर्माणमा त्यस्ता गल्तीहरू शिक्षकले पुनः दोहोरयाउँदै गर्छ र विद्यार्थीहरूको पनि सही लेखा-जोखा राम्रो गर्न सक्षम हुँदैन ।

२. परीक्षाको प्रश्नोत्तर कुन-कुन विद्यार्थीहरूले कुन-कुन प्रश्नहरूमा के-कस्ता गल्ती गरेका छन् र के-कस्ता तरीकाले ठीक उत्तर दिएका छन् भन्नेबारे सम्झाएर शिक्षकले शैक्षिक प्रगतिमा मदत दिन तथा पृष्ठपोषण (Feedback) दिन आवश्यक छ, तर उत्तर-पुस्तिका र प्रश्न फ्याँकिदिनाले सिकाइका प्रक्रियामा आत्म मूल्याङ्कन गर्ने, दक्षता बढाउनेजस्ता महत्त्वपूर्ण सुधार प्रयोगबाट वञ्चित हुन्छ ।

३. परीक्षाफल प्रयोगका आधारमा प्रश्न विश्लेषण गरेर हेर्नाले उद्देश्य अनुरूप निर्माण भएका प्रश्नहरू कुन-कुन कति कठिन र कुन-कुन सरल भए भन्ने कुरा विद्यार्थीका उत्तर-पुस्तिका-हरूबाट थाहा हुन्छ। यसको आधारमा कक्षास्तर नमिलेका उद्देश्यहरू औंल्याएर पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा सुधार र संशोधन गर्न सघाउ पुग्छ, तर प्रश्नपत्र तथा उत्तर-पुस्तिकालाई परीक्षाफल प्रयोगमा ल्याइएन भने पाठ्यक्रम सुधार र संशोधनका लागि एक महत्त्वपूर्ण आधार हुँदैन ।

अतः परीक्षाफलको प्रयोग निम्न कुराहरूका लागि हुन्छः–

१. प्रश्न विश्लेषण गरेर गल्तीहरू सुधार्न र राम्रो प्रश्न निर्माण गर्न क्षमता हासिल गर्न ।

२. कक्षामा विद्यार्थीलाई पृष्ठपोषणद्वारा शैक्षिक प्रगतिमा मदत गर्न र आत्ममूल्याङ्कन गराउन ।

३. पाठ्यपुस्तक तथा पाठ्यक्रममा आवश्यक सुधार-संशोधनमा सघाउ पुऱ्याउन ।

४. उद्देश्य अनुरूप प्रश्न निर्माण भएको छ वा छैन परीक्षा गरेर हेर्न ।

५. शिक्षणमा सुधार गर्न र सिकाइमा उत्प्रेरणा बढाउन ।

६. अभिभावकले आफ्ना केटाकेटीहरूका पढाइमा सहयोग गर्न ।

विद्यार्थीको प्रगति विवरणको प्रयोग (Use of Student Progress Report)

विद्यार्थीको प्रगति विवरण के हो, यो प्रगति विवरण किनुपर्ने कारणहरू के-के हुन्, यसबाट विद्यार्थीहरूलाई आफ्नो प्रगतिको जानकारी कसरी दिइन्छ, किन दिइन्छ तथा अभिभावकलाई विद्यार्थी प्रगतिको जानकारी किन, कसरी दिइन्छ भन्ने कुराहरू खण्ड ९ मा पढिसकेकै होला । अतः यो खण्ड ११ को परीक्षा र मूल्याङ्कन शीर्षक विद्यार्थी प्रगति विवरणको प्रयोग-बारे केही कुराहरू मात्र यहाँ उल्लेख गरिन्छ ।

खण्ड ९ मा विद्यार्थी प्रगति विवरणबारेको अध्ययनबाट यो स्पष्ट भैसकेको छ कि यो विवरण विद्यार्थीले प्रगति गरेको एक सूचक हो, प्रमाण हो। विद्यार्थीलाई आफ्नो प्रगतिबारे जानकारी दिन, अभिभावकलाई आफ्ना छोराछोरीको प्रगतिबारे जानकारी दिन, विद्यालयलाई आफ्ना विद्यार्थीको प्रगतिको अभिलेख राख्न र सम्बन्धित संघ-संस्थालाई आवश्यक तथ्यतथ्याङ्क उपलब्ध गराउन प्रगति विवरण तयार गर्नुपर्ने हुन्छ र पठाउनुपर्ने हुन्छ । यसकारण प्रगति विवरणको प्रयोग पनि यही कारणहरूमा आधारित हुन्छ।

प्रगति विवरणमा कुन विद्यार्थीले कुन-कुन विषयमा के-कति शैक्षिक उपलब्धि हासिल गरेको छ भन्ने कुरा उल्लेख भएको हुन्छ, उक्त विद्यार्थीले कक्षामा कुन स्थान प्राप्त गरेको छ भन्ने याहा हुन्छ, कुन विषयमा कति अङ्क उच्चतम अङ्क हो भन्ने जानकारी हुन्छ साथै विद्यार्थीको आचरण, अनुशासन, स्वास्थ्य तथा सरसफाइ, सामाजिक गुण र अतिरिक्त क्रियाकलाप-मा सक्रियता आदिको जानकारी हुन्छ । यी विभिन्न कुराहरूको जानकारी भएपछि विद्यार्थीले आफ्नो योग्यता, क्षमता र उपलब्धिको प्रगति गर्ने प्रयास गर्दछ र कमजोरी तथा त्रुटिहरू हटा-उने पनि प्रयास गर्दछ । त्यस्तै अभिभावकले आफ्ना छोराछोरीको विभिन्न पक्षमा भएको प्रगति र विकासलाई बुझेर आवश्यकता अनुसार व्यवस्था मिलाउने र अभिभावक आफैं छोराछोरीको ली विभिन्न पक्षहरूमा प्रगतिका लागि क्रियाशील रहन्छ। यसबाहेक शिक्षकले पनि कमजोर विद्यार्थीको कमजोरी हटाउन आवश्यक सहयोग गर्छ भने राम्रो विद्यार्थीको उपलब्धि अझ राम्रो पार्नमा मदत गर्छ । अनि कुनै विद्यार्थी एक विद्यालयबाट अर्को विद्यालयमा भर्ना वा सरुवा हुँदा, कुनै छात्रवृत्ति विद्यार्थीलाई उपलब्ध गराउँदा, नोकरी पदमा छनौट गर्दा, प्रतियोगितामा सम्मिलित गराउँदा, सम्बन्धित संस्था वा कार्यालयको विद्यार्थी प्रगति विवरणको प्रयोग गर्दछ । यसरी विद्यार्थी प्रगति विवरण उसको भविष्य बन्ने र बनाउने कार्यमा प्रयोग भैरहेको हुन्छ ।

मूल्याङ्कन अभिलेखको प्रयोग

विद्यार्थी विद्यालयमा प्रवेश भएदेखि नं पाठ्यक्रम पाठ्यपुस्तक अनुस रको शिक्षण सिकाइ प्रक्रियाद्वारा विभिन्न कुराहरू सिकिरहेको हुन्छ र उसको विभिन्न पक्षमा विकास भैरहेको हुन्छ ।

यसरी विद्यार्थीको विभिन्न उपलब्धि र विकास कुन बेलामा कुन गतिले भैरहेको छ र उसको व्यक्तिगत जीवनमा कुन घटनाक्रमले के-के पारेका छन् भन्ने कुराको वैज्ञानिक तरीकाले तथ्य-तथ्याङ्क सङ्कलन गरी राखिएको अभिलेखलाई सञ्चित अभिलेख भन्दछन् । विद्यालयमा राखिने यो एक प्रकारको अभिलेख हो ।

सञ्चित अभिलेख

विद्यालयमा प्रवेश भएदेखि दुई वा दुई वर्षभन्दा बढी अवधिसम्मको विद्यार्थीको विभिन्न पक्षमा भएका प्रगतिको लेखाजोखा राखिएको फाराम वा अभिलेखलाई सञ्चित अभिलेख भन्दछन् । यस अभिलेखमा विद्यार्थीको व्यक्तिगत विवरण, पारिवारिक विवरण, शैक्षिक विवरण, स्वास्थ्य विवरण र आचरणसम्बन्धी विवरणहरू उल्लेख गरिएका हुन्छन् । यी सबै विवरणहरू क्रमानुसार सञ्चित गरी राखिने अभिलेख भएकाले नै सञ्चित अभिलेख भनिएको हो । यो अभिलेखमा सञ्चित गरिने तथ्य-तथ्याङ्कको सङ्कलन सम्बन्धित शिक्षक तथा कक्षा शिक्षकले गर्दछ । यी सङ्कलन भएका तथ्य-तथ्याङ्कले विद्यार्थीको व्यक्तिगत उपलब्धि र विकास कुन बेलामा कुन गतिले भएको छ र विद्यालयमा अध्ययनरत रहुन्जेलको अवधिभित्रमा जीवनको कुन-कुन घटनाक्रमले के-के असर पारेका छन् भन्ने कुरा अवगत हुन्छ । सञ्चित अभिलेखको नमुना आउने पृष्ठहरूमा दिइएको छ ।

सञ्चित अभिलेखको प्रयोग

यस अभिलेखमा भएको फोटोद्वारा विद्यार्थी को हो र कस्तो छ भन्ने कुराको चिनारी सजिलैसँग गर्न सकिन्छ । अझ विद्यार्थीको व्यक्तिगत विवरणले झन् बढी स्पष्ट पार्दछ । पारिवारिक विवरणले विद्यार्थीको घरको सामान्य परिस्थिति र वातावरणको बारेमा बोध गराउँछ । स्वास्थ्य विवरणले उसको शारीरिक विकास र तन्दुरुस्ती तथा कमजोरीको तथ्य याहा हुन्छ भने त्यसको असर उसका सिकाइमा के-कस्तो भयो भन्ने कुरा शैक्षिक विवरणबाट स्पष्ट झल्कन्छ । यसरी विद्यार्थीबारे प्राप्त तथ्य-तथ्याङ्क र सूचनाहरू, विवरणहरूको आधारमा उसलाई आवश्यक निर्देशन दिन सकिन्छ र प्रगतिका लागि सहयोग र व्यवस्था मिलाउन सकिन्छ । आचरणसम्बन्धी विवरणले विद्यार्थीमा विद्यमान आचरणहरू राम्रो-नराम्रो हेरी आवश्यक सुधार गर्न सकिन्छ । अतः सञ्चित अभिलेखको प्रयोग विद्यार्थीको विकास र प्रगतिका लागि एक अमूल्य साधन र आधार मान्न सकिन्छ ।

विद्यार्थी अध्ययनरत विद्यालयबाट अर्को विद्यालयमा सरुवा वा प्रमोसन भएर जाँदाखेरी विवरण सरुवा भएर जाने विद्यालयमा पठाइन्छ र यसको प्रयोगद्वारा अर्को विद्यालय विद्यार्थीसँग राम्रोसँग परिचित हुन सक्छ र सोही अनुरूप आवश्यक व्यवस्था मिलाउन सकिन्छ ।

सञ्चित अभिलेख

फोटो (पासपोर्ट)

विद्यालयको नाम र ठेगाना:–

विद्यार्थीको व्यक्तिगत विवरण

नाम थर:–
जन्म मिति:–
जन्म स्थान:–
ठेगाना:–
विद्यालय भर्ना:–

विद्यार्थीको स्वास्थ्य विवरण

कक्षा	उचाइ	तौल	रोग भए
१			
२			
३			
४			
५			

विद्यार्थीको पारिवारिक विवरण

	शैक्षिक योग्यता	पेशा	जीवित मृतक
बाबु			
आमा			

परिवार सङ्ख्या:–
दाजुभाइ सङ्ख्या:–
दिदीबहिनी सङ्ख्या:–
विद्यार्थीको जन्मक्रम:–

विद्यार्थीको संरक्षकको
नाम थर:–
नाता:–
शैक्षिक योग्यता:–

विद्यार्थीको शैक्षिक विवरण

विषय	पूर्णाङ्क	कक्षा १			कक्षा २			कक्षा ३			कक्षा ४			कक्षा ५		
		उ.अ.	न्यू.अ.	प्रा. अ.	उ.अ.	न्यू.अ.	प्रा.अ.	उ.अ.	न्यू.अ.	प्रा.अ.	उ.अ.	न्यू.अ.	प्रा.अ.	उ. अ.	न्यू.अ.	प्रा.अ.
नेपाली																
गणित																
अङ्गरेजी																
सामाजिक तथा वातावरणीय शिक्षा [स्वास्थ्य शिक्षासमेत]																
शारीरिक शिक्षा																
सिर्जनात्मक अभिव्यक्तिशील कला																
वातावरणीय विज्ञान तथा स्वास्थ्य शिक्षा																
सामाजिक शिक्षा																
इच्छाधीन भाषा																
जम्मा																

उ. अ.– उच्चतम अङ्क, न्यू. अ.– न्यूनतम अङ्क, प्रा. अ.– प्राप्ताङ्क

विद्यार्थीको आचरण र स्वभाव विवरण

	कक्षा १			कक्षा २			कक्षा ३			कक्षा ४			कक्षा ५		
	उ.	म.	नि.	उ.	म.	नि.	उ.	म.	नि.	उ.	म.	नि.	उ.	म.	नि.
१. अनुशासन															
२. कार्य लगनशील															
३. मैत्रीपूर्ण व्यवहार															
४. सहयोग भावना															
५. सरसफाइ															
६. स्वास्थ्य तन्दुरुस्ती															
७. संवेग नियन्त्रण															
८. अतिरिक्त कार्य															
९. स्वभाव															

विद्यार्थीको हाजिर	कक्षा १	२	३	४	५
विद्यालय चलेको जम्मा दिन					
विद्यार्थी हाजिर जम्मा दिन					
विद्यार्थी गयल जम्मा दिन					

उ. = उत्तम, म. = मध्यम, नि. = निम्न

विद्यार्थीको अभिरुचिः–

कुनै महत्त्वपूर्ण घटनाको विवरण

अभ्यास

१. परीक्षा र मूल्याङ्कनमा के-के फरकहरू छन् ? कुनै ५ वटा फरकहरू देखाउनुहोस् ।

२. राम्रो परीक्षाका प्रश्नहरूले राम्रो शिक्षण सिकाइलाई प्रोत्साहित गर्छ भन्ने कुरा प्रमाणित गर्नुहोस् ।

३. प्राथमिक कक्षामा मौखिक परीक्षाको महत्त्वबारे बयान गर्नुहोस् ।

४. वस्तुगत परीक्षाका फाइदाहरू बयान गर्नुहोस् ।

५. निबन्धात्मक परीक्षाको उत्तर-पुस्तिका जाँच्ने एक तरीकाको बयान गर्नुहोस् ।

६. प्रश्न निर्माण गर्दा गर्नुपर्ने मुख्य कार्यहरू स्पष्ट उल्लेख गर्नुहोस् ।

७. परीक्षाफलको प्रयोग भनेको के हो र कसरी हुन्छ ? लेख्नुहोस् ।

८. सञ्चित अभिलेख राख्नुपर्ने ४ वटा कारण दिनुहोस् ।

९. कक्षा १ को गणित विषयमा प्रत्येक प्रकारका वस्तुगत प्रश्नहरू २।२ वटा बनाएर देखाउनुहोस् ।

खण्ड १२

विषय-शिक्षण

(क) प्राथमिक तहका पाठ्यपुस्तकहरूको ज्ञान

प्राचीनकालमा जब मुद्रण कलाको विकास भएको थिएन, समस्त विषयको शिक्षा मौखिक रूपमा दिने प्रचलन थियो। मुद्रण कलाको विकास भएपछि उपलब्ध ज्ञानलाई पुस्तकका रूपमा सङ्गठित गर्ने प्रयासहरू हुन थाले। फलस्वरूप विद्यालयमा पनि निश्चित कक्षाका लागि विभिन्न विषयमा पाठ्यपुस्तकहरू तयार हुन लागे र तदनुरूप पठनपाठन गर्ने परिपाटी बस्यो। आज शिक्षण सिकाइका विभिन्न सामग्रीहरू मध्ये पाठ्यपुस्तकको स्थान सर्वोपरि रहन गएको छ। वास्तवमा भन्ने हो भने आज अधिकांश मुलुकहरूको शिक्षा पाठ्यपुस्तकमाथि आधारित छ। पाठ्यपुस्तकलाई शिक्षाको मुख्य साधनको रूपमा प्रयोग गर्ने प्रचलन विद्यमान छ। यस पाठमा पाठ्यपुस्तकको उपयोगिता, हानि तथा असल पाठ्यपुस्तकका गुणको संक्षेपमा जानकारी दिनुका अतिरिक्त प्राथमिक तहमा राखिएका पाठ्यपुस्तकहरूको सामान्य विवरण प्रस्तुत गर्ने प्रयास भएको छ।

उपयोगिता

पाठ्यपुस्तकमा कुनै स्तरका विद्यार्थीले कुनै विषयमा के-कति ज्ञान सिक्नुपर्ने हो, सङ्गठित गर्न सकिन्छ। यसद्वारा शिक्षकले के पढाउने र विद्यार्थीले के पढ्ने भन्ने कुराको आधार मिल्छ। सबै शिक्षक योग्य तथा दक्ष नभएकाले उनीहरूलाई पाठ्यपुस्तकको जरूरत पर्दछ। कक्षामा शिक्षकले पढाएको सबै कुरा विद्यार्थीले सम्झन नसक्ने हुनाले पाठ्यपुस्तक घरमा अध्ययन गरी कुनै विषयको स्पष्ट ज्ञान लिन विद्यार्थीहरूलाई पाठ्यपुस्तकले सहयोग पुऱ्याउँछ। यसले विद्यार्थीहरूलाई स्वाध्यायन गर्न प्रेरित गर्दछ। पुस्तकालयको अभाव र अन्य शिक्षण सिकाइ सामग्री नभएका विद्यालयमा त पाठ्यपुस्तक शिक्षण सिकाइको एकमात्र आधार हो। निश्चित पाठ्यपुस्तकद्वारा देशभर कुनै कक्षाका विद्यार्थीहरूको कुनै विषयमा के-कति स्तर हुनुपर्ने हो, निर्धारण गर्न सजिलो पर्दछ।

दोषहरू

पाठ्यपुस्तकका केही दोषहरू पनि छन्। पाठ्यपुस्तक निश्चित गर्नाले शिक्षक तथा विद्यार्थीको अध्ययन-अध्यापन क्षेत्रलाई सीमित गरिदिन्छ। उनीहरू प्रायः पाठ्यपुस्तकबाहेक अन्य विस्तृत अध्ययन गर्न जरूरत ठान्दैनन्। एउटा पाठ्यपुस्तक मात्र रटेमा पास हुन सकिन्छ भन्ने धारणा विद्यार्थीमा बस्न सक्छ। कुनै विषयमा भएको नयाँ-नयाँ खोजी र विकासलाई पाठ्यपुस्तकले

प्रतिबिम्बित गर्न सक्तैन । किनभने एकपटक तयार भएपछि पाठ्यपुस्तक अरू केही वर्षसम्म परिवर्तन गरिंदैन । पाठ्यपुस्तकले व्यावहारिक र विस्तृतभन्दा सैद्धान्तिक र सीमित ज्ञान दिन्छन् । पाठ्यपुस्तकलाई साधनको रूपमा प्रयोग नगरी साध्यको रूपमा प्रयोग गर्नाले पाठ्यपुस्तकमा उल्लिखित ज्ञान प्राप्त गर्नमा मात्र बालकहरूको ध्यान जान्छ । फलतः अन्य स्रोतबाट ज्ञान लिनेतर्फ उनीहरू लाग्दैनन् ।

असल पाठ्यपुस्तकका गुण

१. सर्वप्रथम पाठ्यपुस्तकको बाह्य तथा आन्तरिक स्वरूप आकर्षक हुनुपर्दछ । पुस्तकको कागज, मुखपृष्ठ, छपाइ, सिलाइ आकर्षक हुनुपर्दछ र पाठ्यपुस्तकमा आकर्षक तस्वीर, चित्र, तालिका तथा उदाहरण दिनुपर्दछ ।

२. पाठ्पुस्तकको भाषा तथा लेखनशैली बालबालिकाको स्तर अनुकूल हुनुपर्दछ ।

३. हरेक पाठ्यपुस्तक बाल केन्द्रित हुनुपर्दछ । पुस्तकमा समावेश गरिने पाठ्यसामग्री बालकको उमेर, रुचि, क्षमता तथा आवश्यकता अनुकूल हुनुपर्दछ ।

४. प्रत्येक पाठको अन्तमा अभ्यासका लागि प्रश्नहरू दिइएको हुनुपर्दछ ।

५. पाठ्यपुस्तकलाई हमेसा सजीव वा नवीनतम ज्ञानबाट भरिपूर्ण पार्नुपर्दछ । पुराना र मिति गुज्रिसकेका तथ्य वा ज्ञान राख्नु हुँदैन । यसका लागि पाठ्यपुस्तक समय-समयमा परिवर्तन तथा परिमार्जन पनि गरिनुपर्दछ ।

पाठ्यपुस्तकलाई प्राथमिक सामग्रीको रूपमा नलिई परिपूरक सामग्रीको रूपमा लिइनुपर्दछ । यसमा प्राथमिक सामग्री भन्नाले सम्पूर्ण शिक्षण प्रक्रियाका पाठ्यपुस्तकको आधिपत्य रहन्छ । यसैले के पनि भनिन्छ भने पाठ्यपुस्तक विद्यार्थी तथा शिक्षकको मालिक होइन, अपितु असल नोकर हो । किनभने पाठ्यपुस्तकले शिक्षकलाई सिकाउनमा र विद्यार्थीलाई सिक्नमा मदत पुरयाउँछ । एउटा विषयमा विस्तृत र विविध दृष्टिकोण विकसित गर्नका लागि प्रत्येक कक्षाका निमित्त एक विषयमा एकभन्दा ज्यादा पाठ्यपुस्तकहरू हुनुपर्दछ भन्ने शिक्षाशास्त्रीहरूको राय छ ।

प्राथमिक तहका पाठ्यपुस्तकहरूको ज्ञान

प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकहरूका लागि उक्त तहका कुन-कुन विषयमा के-कस्ता पाठ्यपुस्तकहरू निर्धारित गरिएका छन्, चाहा पाइराख्नु जरुरी हुन्छ । पाठ्यपुस्तक नै शिक्षण सिकाइको एकमात्र आधार भएको हाम्रोजस्तो देशका प्राथमिक तहका शिक्षकहरूका लागि त

यसप्रकारको ज्ञान आवश्यक हुन्छ । यहाँ प्राथमिक तहका लागि निर्धारित गरिएका पाठ्य-पुस्तकहरूको सामान्य परिचय प्रस्तुत गरिन्छ ।

१. प्राथमिक तहको पाठ्यक्रममा कक्षा १ देखि ५ सम्मका लागि नेपाली, गणित, अङ्ग्रेजी, सामाजिक तथा वातावरण शिक्षा, स्वास्थ्य र शारीरिक शिक्षा, सिजनात्मक तथा अभिव्यक्ति-शीलकला विषयहरू समावेश गरिएका छन् । यी विषयहरू मध्ये नेपाली भाषा र सामाजिक शिक्षा २ विषयका लागि मेरो नेपाली किताब र मेरो सेरोफेरो नामक दुइटा पाठ्यपुस्तक र गणित शिक्षाका लागि एउटा पाठ्यपुस्तक गरी कक्षा १ देखि कक्षा ३ सम्मका निमित्त जम्मा ३ वटा पाठ्यपुस्तकहरू मात्र निर्धारित गरिएको छ । यी कक्षाहरूका लागि निर्धा-रित अन्य विषयहरू जस्तैः– शारीरिक शिक्षा, सिर्जनात्मक तथा अभिव्यक्तिशीलकला विषयका लागि पाठ्यपुस्तकहरू निर्मित छैनन् । यहाँनिर कक्षा १ देखि ३ सम्मका लागि नेपाली भाषा साभाजिक शिक्षा र गणितका लागि बेग्लाबेग्लै पाठ्यपुस्तक किन तयार गरियो ? अन्य विषयमा किन पाठ्यपुस्तक तयार गरिएन ? भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।

(क) सर्वप्रथम हामीले बुझ्नुपर्ने कुरा के हो भने कुनै पनि विषयको शिक्षणबाट विद्यार्थीहरूद्वारा उक्त विषयसम्बन्धी समझदारी, धारणा, सीप वा अभिवृत्ति विकास गर्न खोजिएको हुन्छ । यसर्थ यी कुराहरूको विकासमा अन्य कुराहरूको भन्दा सर्वोपरि महत्त्व रहन्छ । तसर्थ धारणा, सीप र अभिवृत्ति विकास प्राथमिक महत्त्वका कुराहरू हुन् भने पाठ्य-पुस्तक गौण कुरा हो । प्राथमिक शिक्षाको उद्देश्य साक्षरताको ज्ञान दिनु रहेकाले यस ज्ञानको विकासमा हाम्रो जोड रहनुपर्छ, पाठ्यपुस्तकमा होइन । खासगरी स-साना कक्षा-हरूमा त पाठ्यपुस्तकबिना नै अध्यापन गर्न सकिन्छ भन्ने धारणाहरू पनि छन् । प्राथमिक तहका सबै विषयहरूलाई एक-आपसमा सम्बन्धित गरी एकीकृत रूपमा अध्यापन गर्दा प्रभावकारिता हुन्छ भन्ने तर्क पनि छन् । भन्न खोजिएको के हो भने शिक्षण सिकाइको प्रभावकारिता पाठ्यपुस्तकमा मात्र निर्भर गर्दैन, तर हाम्रोजस्तो मुलुकमा अधिकांश प्राथमिक शिक्षकहरू कम योग्यता र तालिम अप्राप्त रहेका र गाउँ-गाउँमा अन्य शैक्षिक साधनहरू अपर्याप्त रहन गै पाठ्यपुस्तक एकमात्र शिक्षण सिकाइको आधार बन्न गएको कुरा स्वतः सिद्ध छ । यस प्रकार निश्चित विषयका लागि पाठ्यपुस्तक कुनै न कुनै रूपमा तयार गरिनु आवश्यक थियो । यसै तथ्यलाई हृदयङ्गम गरी र अझ खासगरी भाषाको शिक्षणबाट भाषिक कुशलताहरूको वृद्धिमा बल दिने, सामाजिक कौशलको पनि छुट्टै विकास गर्ने र सामान्य गणितका बारेमा जानकारी दिनका लागि तीनओटा विषयमा छुट्टाछुट्टै पुस्तक राख्नुपर्ने आवश्यकता देखियो । अन्य विषयको ज्ञान दिनका निमित्त शिक्षक निर्देशन पुस्तिका तयार गरिएको छ ।

(ख) प्राथमिक कक्षाहरूमा साक्षरता शिक्षाको उद्देश्य परिपूर्तिमा अझ बढी तीव्रता आओस् र पाठ्यपुस्तकहरूको सङ्ख्या बढी भई अभिभावक तथा राष्ट्रमा पर्न गएको व्ययभार केही हदसम्म पनि कम हुन जाओस् भन्ने उद्देश्य राखी केही मात्र पाठ्यपुस्तकको परिकल्पना भएको छ। राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट निःशुल्क प्राथमिक शिक्षा र कक्षा ३ सम्म निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने घोषणा बक्सेपछि हाल देशभरका कक्षा १ देखि ५ सम्मका सबै छात्राहरू र कक्षा १ देखि ३ सम्मका सबै छात्रछात्राहरूका साथै १८ दुर्गम जिल्लाका कक्षा ४ र ५ का सबै छात्रहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने नीति अनुरूप वि. सं. २०५७ सम्ममा सम्पूर्ण प्राथमिक तहका विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था भएको छ ।

(ग) माथि भनिएझैं प्राथमिक कक्षाहरूमा पठनपाठन हुने केही विषयहरूमा पाठ्यपुस्तक तयार गरिएको छैन । पुनः हामीले यो कुरा स्मरण गर्नुपर्ने हुन्छ कि विद्यार्थीहरूलाई शिक्षकले विषयवस्तुमा दक्षता वृद्धि गराउनुपर्दछ। पाठ्यपुस्तक गौण (Secondary) महत्त्वको कुरा हो। स्वस्थ आचरणको विकास, शारीरिक वृद्धि, कलासम्बन्धी सीप विकास गर्नेजस्ता कुराहरू पाठ्यपुस्तक घोकेर वा कक्षामा शिक्षकले प्रवचन दिएर हुने होइन । एउटा असल शिक्षकले पाठ्यपुस्तक बिना पनि यी कुराहरूको विकास गर्नमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ। खासगरी बानी, व्यवहार तथा आदतमा परिवर्तन ल्याउनु र सीप विकास गर्न पाठ्यपुस्तकको कुनै भूमिका रहँदैन। अर्को कुरा १ देखि ३ सम्ममा यी विषयहरूमा जटिल कुराहरूमा सिकाउने उद्देश्य रहेको छैन, जसका निमित्त पाठ्यपुस्तकको जरुरत परोस्। यसकारण यी विषयहरूमा पाठ्यपुस्तक निर्धारण नगरिनु नै युक्तिसङ्गत ठहर्दछ।

२. प्राथमिक तहको कक्षा ४ मा अङ्ग्रेजी, विषय नेपाली, गणित, वातावरणीय विज्ञान, सामाजिक शिक्षा समेत गरी हाललाई ५ वटा पाठ्यपुस्तकहरू निर्धारित गरिएका छन्।

३. प्राथमिक तहको कक्षा ५ मा अङ्ग्रेजी, नेपाली, गणित, वातावरणीय विज्ञान र सामाजिक शिक्षा समेत गरी हाललाई ५ वटा पाठ्यपुस्तकहरू निर्धारित गरिएका छन्।

४. प्राथमिक तहका निमित्त तयार गरिएका यी पाठ्यपुस्तकहरू प्राथमिक पाठ्यक्रम अनुरूप लेखिएका छन् ।

५. यी पाठ्यपुस्तकहरू सम्बन्धित विषयका लेखक, विशेषज्ञ, शिक्षक, निरीक्षक तथा प्राध्यापक आदि व्यक्तिहरूबाट लेखिएका हुन् ।

६. पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरूलाई विभिन्न पाठहरूमा विभाजन गरी क्रमबद्ध रूपमा प्रस्तुत गरिएका छन् । पाठ्यपुस्तकहरूमा स्तर अनुसार सरल भाषामा लेखिएका छन् ।

७. पाठ्यपुस्तकहरूलाई प्रशस्त उदाहरणहरू, चित्र, तस्वीर, तालिका, अभ्यास आदिद्वारा आकर्षक र उपयोगी बनाउने प्रयास भएको छ ।

(ख) प्राथमिक कक्षामा विभिन्न विषय-शिक्षणको उद्देश्य

कुनै पनि विषय-शिक्षण गर्नुको उद्देश्य हुन्छ। उद्देश्यहीन शिक्षणले न त शिक्षाका राष्ट्रिय लक्ष्यहरू हासिल गर्न टेवा पुऱ्याउँछ, न त विद्यार्थीको विकासमा। शिक्षाका राष्ट्रिय उद्देश्य अनुरूप हरेक तहको शिक्षाका उद्देश्यहरू निर्माण गरिन्छन् र तहगत उद्देश्य अनुरूप कक्षागत र विषयगत उद्देश्यहरू निर्धारित गरिन्छन् । यसैगरी हरेक विषय अन्तरगत एकाइ र पाठका उद्देश्यहरू निश्चित गरिन्छन् । कुनै विषयका शिक्षणबाट विद्यार्थीहरूले कुन ज्ञान, सीप तथा अभिवृत्ति हासिल गर्नुपर्ने हो, अर्थात् कुनै तहमा शिक्षण गरिने एउटा विषयको अध्ययनबाट विद्यार्थीले कुन-कुन वाञ्छित सिकाइ उपलब्धि हासिल गर्नुपर्ने हो, सो कुरा स्पष्ट व्याख्या तथा निश्चित गर्नु आवश्यक हुन जान्छ। हरेक विषयको सिकाइ उपलब्धि निर्धारण गर्नाले विद्यार्थीहरूले एउटा निश्चित अवधि र तहमा सिक्नुपर्ने पाठ्यवस्तु छनौट गर्न र सङ्गठित गर्न सहयोग मिल्दछ। शिक्षकले प्रत्येक दिन पढाउने पाठका उद्देश्यहरू निर्धारण गर्न पनि सिकाइ उपलब्धिबाट आधार तथा निर्देशन प्राप्त हुन्छ। यसर्थ हरेक शिक्षकले कुनै तहमा एउटा विषय-शिक्षण गर्नुअघि उक्त विषयगत सिकाइ उपलब्धिहरू के-के हुन् भन्ने पहिलेदेखि नै जान्न अनिवार्य हुन्छ । यसको ज्ञानले शिक्षक शिक्षण सिकाइ कार्यलाई बढी लक्ष्योन्मुखी तथा प्रभावकारी बनाउन समर्थवान् हुनेछन्। यस पाठमा प्राथमिक तहमा समावेश गरिएका विभिन्न विषयहरूको शिक्षण-बाट यस तहका विद्यार्थीहरूमा कुन-कुन कुराको विकास गराउने उद्देश्य लिइएको छ, सो बारेमा अध्ययन गरिन्छ ।

प्राथमिक तह भन्नाले कक्षा १ देखि ५ सम्मको शिक्षालाई जनाउँछ । तयार गरिएको पाठ्यक्रममा नेपाली, गणित, सामाजिक तथा वातावरण शिक्षा, शारीरिक शिक्षा, सिर्जनात्मक तथा अभिव्यक्तिशील कला र इच्छाधीन भाषा कक्षा १ देखि नै शिक्षण गरिन्छ भने कक्षा ४ र ५ मा वातावरणीय विज्ञान र अङ्ग्रेजी शिक्षण गरिन्छ। प्राथमिक तहमा शिक्षण गरिने यी विषयहरूका सिकाइ उपलब्धि पाठ्यक्रममा उल्लेख गरिएका छन्, अब त्यो विभिन्न विषय- शिक्षणका उद्देश्यहरूका बारेमा चर्चा गरौं ।

(क) नेपाली भाषा शिक्षणको उद्देश्य

भाषा विचार आदानप्रदानको माध्यम हो। नेपाली राष्ट्रभाषा भएकोले हाम्रा विद्यालयमा नेपाली भाषा शिक्षणको प्रमुख स्थान छ। बालकको सर्वाङ्गीण विकासमा भाषिक दक्षताको विकास हुनु अनिवार्य छ। सुनाइ, बोलाइ, पढाइ र लेखाइ यी भाषाका मुख्य अङ्गहरू हुन्। भाषाको दक्षता वृद्धि गर्न यी चारै अङ्गको पर्याप्त ज्ञान हुनु नितान्त आवश्यक छ। भाषा विकास सर्वप्रथम सुनाइबाट प्रारम्भ भएर बोलाइ, पढाइ र लेखाइमा क्रमशः गर्दै जान्छन्। यस तथ्यलाई ख्याल गरी प्राथमिक तहका लागि नेपाली भाषा सिकाइ उपलब्धि निर्धारण गरिएका छन्।

नेपाली भाषाको शिक्षणबाट प्राथमिक तह पूरा गरेका विद्यार्थीहरू निम्न लिखित क्षमता प्राप्त गर्न समर्थ हुनेछन्। त्यसको सार, संक्षेप यहाँ प्रस्तुत गरिएको छः–

१. कुराकानी, छलफल एवम् विषयवस्तुका सम्बन्धमा भनिएका कुरा बुझ्न, सुन्न, सुनेका कुराहरूको अर्थ र आशय व्यक्त गर्न।
२. देखे, सुने र पढेका तथा अनुभव गरेका चित्र, वस्तु, घटना र विषयवस्तुका बारेमा गति यति मिलाई बोल्न।
३. छोटा विवरण, भित्ते पात्रो र समाचार पत्र अर्थपूर्ण किसिमले पढ्न।
४. चिह्नहरू र हिज्जे मिलाई ठीक दूरीमा मिलाई लेख्न।
५. स्वतन्त्र रूपमा छोटा रचना गर्न।
६. उस्तै-उस्तै किसिमका ध्वनिहरू भएका अक्षर शुद्धसँग उच्चारण गर्न।
७. कार्यमूलक व्याकरणका नियमहरू पालना गरी अभिव्यक्त गर्न।
८. एक वाक्यमा बढीमा १०-१२ वटा शब्द भएका वाक्य गठन गरेर प्रयोग गर्न।
९. शब्दकोशको प्रयोग गर्न।

यी उपर्युक्त उद्देश्यहरू हासिल गर्न कक्षा १ देखि ५ सम्मको नेपाली भाषा शिक्षणबाट विद्यार्थीहरूलाई सरल भाषामा अर्काले बोलेको कुरा सुनी यसको प्रतिक्रिया बनाउने, देखेसुनेका र मनमा लागेका कुराहरू स्पष्टसँग भन्ने, सरल नेपाली भाषामा लेखिएका कुराहरू पढ्ने, पढेको कुरा बुझ्ने र बुझेका कुरा लेख्ने तथा देखे, सुने, पढेका र मनमा लागेका कुरा सरल भाषामा लेख्न समर्थ बनाउने उद्देश्य रहेको छ।

(ख) अङ्ग्रेजी भाषा शिक्षणको उद्देश्य

अङ्ग्रेजी अन्तरराष्ट्रिय भाषा भएकोले विद्यालय तहदेखि नै यस भाषासम्बन्धी ज्ञान तथा सीपको विकास विद्यार्थीहरूमा गराइँदै जानु उपयोगी हुने देखिएकोले प्राथमिक तहको पाठ्यक्रममा कक्षा ४ र ५ का लागि अङ्ग्रेजी भाषा समावेश गरिएको छ। भाषामा विकास भन्नासाथ सुनाइ, बोलाइ, पढाइ र लेखाइ यी चारै सीपको विकास हुनु अनिवार्य रहेकोले अङ्ग्रेजी भाषा

शिक्षणबाट पनि यी चारै सीपमा स्तर अनुसार विकास गराउने मुख्य लक्ष्य रहेको छ । यस बमोजिम प्राथमिक तह पूरा गरेका विद्यार्थीहरू अङ्ग्रेजी भाषाको शिक्षणबाट निम्न लिखित कार्यहरू गर्नका लागि समर्थ हुनेछन् ।

सुनाइ र बोलाइ (Listening and Speaking)

१. अङ्ग्रेजी भाषामा दिइएका सामान्य आज्ञा वा आदेश (Commands) तथा उपदेश (Instructions) बुझ्न र सो अनुसार कार्य गर्न ।
२. आफूहरू बीच तथा परिवार वा अरूसँग नाम, ठेगाना, पेशासम्बन्धी, उमेर, लिङ्ग आदि विषयमा कुराकानी गर्न सो बारेमा सोधपूछ गर्न ।
३. कुनै वस्तु वा शरीर र त्यसका विभिन्न अङ्गहरूको परिचय दिन तथा बयान गर्न ।
४. आफ्ना आदतहरू, तत्कालीन क्रियाकलाप तथा भावी कार्यक्रमबारे सामान्य कुराकानी गर्न ।

पढाइ र लेखाइ (Reading and Writing)

१. सामान्य शब्द तथा वाक्यहरू शुद्धसँग उच्चारण गरी पढ्न ।
२. प्रस्तुत गरिएका तस्वीरलाई खास शब्द तथा वाक्यसँग मिलाएर देखाउन ।
३. शब्द तथा वाक्यहरू ठीक क्रम मिलाएर श्रेणीबद्ध गर्न ।
४. अङ्ग्रेजी भाषाका वर्णमालाका ठूला अक्षरहरू लेख्न ।
५. पदच्छेद (Punctuation) को आधारभूत नियम अनुसार शब्दहरू लेख्न ।
६. पाठ्यपुस्तकका वाक्यहरू उपयुक्त किसिमले उतार्न सक्न ।
७. सामान्य शब्दहरूको श्रुतिलेखन (Dictation) गर्न ।
८. अङ्ग्रेजी १ देखि १०० सम्मका अङ्कहरू गणना गर्न र लेख्न ।

(ग) गणित शिक्षाको उद्देश्य

गणित विषयको शिक्षणबाट प्राथमिक तहको अन्त्यमा विद्यार्थीहरूलाई निम्न लिखित कुराहरू गर्न समर्थ बनाउने उद्देश्य रहेको छ:–

१. हिन्दू अरेबिक अङ्क प्रयोग गरी करोडभन्दा माथिको सङ्ख्या गन्ति गर्न 'पढ्न' अङ्क र अक्षरमा लेख्न ।
२. गणितका आधारभूत क्रियाहरूद्वारा दैनिक जीवनमा आइपर्ने हिसाबका समस्याहरू समाधान गर्न ।
३. समय, नाप (दूरी समेत) तौल, मुद्रा आदिको अङ्क समेत गरी व्यवहारमा प्रयोग गर्न ।
४. भिन्न, दशमलव, प्रतिशत, ब्याजसम्बन्धी सामान्य व्यावहारिक समस्या हल गर्न ।

५. ग्राफ, चार्ट तालिका, नक्सा, बिल, मिटर हेरी आवश्यक सूचना लिन र दिन।
६. बीजगणितीय अभिव्यञ्जक र समीकरणको समस्या हल गर्न।
७. वस्तुहरूलाई विभिन्न ज्यामितीय गुणहरू (आकार, प्रकार, कोण र नाप) का आधारमा वर्गीकरण, नामकरण गर्न र ती वस्तुहरूका अरू ज्यामितीय गुणहरूको नाप नक्सा समेत गरी खोजी गर्न।

८. वस्तुहरूलाई (विभिन्न गुणहरूको आधारमा) समूहहरूमा वर्गीकरण गर्न।

माथि उल्लेख गरिएका कार्यहरू गर्न समर्थ हुनुका साथै गणित विषयको शिक्षणबाट विद्यार्थीहरू सङ्ख्याहरू भौतिक पदार्थहरूका परिमाणात्मक वर्णन हुन् भनी बुझ्न, चार साधारण नियमहरू मध्ये प्रत्येक नियमका आधारमा सङ्ख्याहरू सम्बन्धी हिसाब गर्न सरल भिन्नहरूसित परिचित हुन, सरल ज्यामितीय आकारप्रकारसँग परिचित हुन, मेट्रिक प्रणाली र मुद्राका एकाइहरू बुझ्न र चिन्न समर्थ हुन्छन्।

(घ) सामाजिक तथा वातावरण शिक्षा (स्वास्थ्य शिक्षा समेत) का शिक्षण उद्देश्यहरू

प्राथमिक तहको अन्त्यमा सामाजिक शिक्षा विषयको शिक्षणबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान, समझदारी, सीप तथा अभिवृद्धि विकास गर्न निम्न उद्देश्य राखिएको छ।

१. सामाजिक मूल्य र मान्यतासँग परिचित भई तदनुरूप आचरणको विकास गर्न।
२. प्रजातान्त्रिक मूल्य र मान्यता अनुरूपको आफ्नो अधिकार तथा कर्तव्य व्यावहारिक जीवनमा लागू गर्न।
३. लागू पदार्थ, जुवा, चोरी, डकैतीजस्ता सामाजिक विकृतिप्रति सजग रहन।
४. नेपालको सामान्य भौगोलिक परिचय दिन।
५. सौर्य परिवारको सदस्यको रूपमा पृथ्वीको परिचय दिन।
६. राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिहरू चिन्न, देशभक्तहरूको योगदान बुझ्न र सम्मान गर्न।
७. हाम्रो ऐतिहासिक कालक्रमको सामान्य परिचय दिन।
८. राष्ट्रिय सम्पत्तिको संरक्षण र सुरक्षा गर्नमा सहयोग गर्न।
९. अन्तरराष्ट्रिय समझदारी, शान्ति र सहयोगका क्षेत्रहरूबारे बुझ्न।
१०. सजीव र निर्जीव वस्तुबारे जानकारी प्राप्त गर्न।
११. वातावरणमा सजीव र निर्जीवबीचको अन्तरसम्बन्ध बुझ्न।
१२. वातावरणमा भइरहने परिवर्तन र असरबारे बताउन।
१३. वातावरण प्रदूषणको असर बुझी बच्ने उपायहरू बताउन।

१४. प्राकृतिक प्रकोप र त्यसको कारण भन्न ।
१५. व्यक्तिगत सरसफाइ गर्न ।
१६. वातावरणीय सरसफाइमा सहयोग पुऱ्याउन ।
१७. पोषण र खानाको महत्त्व बुझी सन्तुलित खाना खानुपर्ने कारण बताउन ।
१८. सरुवा रोगबाट बच्ने उपाय अपनाउन र खोपहरूको महत्त्व बुझी सो अनुसार अपनाउन ।
१९. सामान्य घाउचोटको प्राथमिक उपचार गर्न ।
२०. स्वास्थ्य सेवाबाट प्राप्त हुने सुविधाको उल्लेख गर्न ।

माथि उल्लेख गरिएका उद्देश्यहरू हासिल गर्नका लागि कक्षा १ देखि नै विद्यार्थीहरूलाई आफ्नो क्षेत्रको भौगोलिक तथा सामाजिक स्थितिबारे ज्ञान प्राप्त गराउने, गाउँ, शहर, जिल्ला आदिबीच पारस्परिक सम्बन्धको आवश्यकताबारे जानकारी दिने, स्वस्थ वातावरणको महत्त्व बुझाउने, महापुरुषहरूका जीवनी सम्बन्धमा ज्ञान दिने, परिवार तथा समुदायप्रति उत्तरदायित्वको भावना जगाउने, देश तथा नरेशप्रति भक्ति भावनाको विकास गराउने, जाति, धर्म आदिबारे कुनै भेदभाव नराखी समानताको व्यवहार गर्ने बानीको विकास गराउने, आपसमा मिलेर काम गर्ने बानी बसाल्ने, नेपालको भौगोलिक तथा प्राकृतिक अवस्था आदिबारे ज्ञान दिने, गाउँ विकास समिति तथा नगरपालिकाको सामान्य परिचय दिने र तिनीहरूद्वारा सामूहिक कार्यहरूमा योगदान पुऱ्याउन सक्ने तुल्याउने, केही कल्याणकारी सङ्गठनहरूद्वारा गरिएका सामान्य कार्यहरूको वर्णन गर्न सक्ने, छिमेकी राज्यहरूको सम्बन्धका बारेमा परिचय दिन सक्ने र यस्तै अन्य ज्ञान, सीप तथा प्रवृत्तिको विकास गराउँदै जाने उद्देश्य रहेको छ ।

(ङ) शारीरिक शिक्षा विषय-शिक्षणका उद्देश्यहरू

प्राथमिक तहमा विद्यार्थीहरू शारीरिक शिक्षा विषयको शिक्षणबाट विद्यार्थीहरू निम्नलिखित विषयमा क्षमता हासिल गर्ने छन् ।

१. शारीरिक शिक्षाका आधारभूत सीपहरू जानी प्रदर्शन गर्न ।
२. शारीरिक व्यायाम र कवाजका विभिन्न कार्यहरू गर्न ।
३. साधारण खेलहरू, स्थानीय खेलहरू तथा सिर्जनात्मक खेलहरू खेल्न ।
४. खेलमा सुरक्षा अपनाउन ।

यसका अतिरिक्त शारीरिक शिक्षा विषयको शिक्षणबाट विद्यार्थीहरू शारीरिक अनुकूलता बढाउन, मांसपेशीहरू प्रयोग गर्न, साधारण तथा रिले खेलहरू खेल्न, अनुशासित रूपमा खेलमा भाग लिन, शारीरिक व्यायाम गर्न, कवाज खेल्न, उकाइ तथा दौडाइको प्रारम्भिक ज्ञान हासिल गर्न र जिम्नाष्टिक कार्य गर्न सक्षम हुनेछन् ।

(च) सिर्जनात्मक तथा अभिव्यक्तिशील कला शिक्षणको उद्देश्य

प्राथमिक तहमा यस विषय अन्तर्गत सङ्गीत, चित्रकला र हस्तकला विषय पर्दछन् । सङ्गीत अन्तर्गत (क) गायन र तालवादन (ख) नृत्य र अभिनय पर्दछ । यस विषयको शिक्षणमा निम्न अनुसार उद्देश्यहरू रहेका छन् ।

१. राष्ट्रिय गान, राष्ट्रिय गीत, कक्षागत गीत तथा अन्य कुनै गीत गाउन ।
२. पाठ्यपुस्तकमा समावेश भएका कथावस्तुहरूको पात्रअनुसारको भूमिका नाटकीय ढङ्गबाट प्रस्तुत गर्न ।
३. वरपर पाइने विभिन्न वस्तु घरा, जनावर, दृश्य आदिसम्बन्धी साधारण रेखाचित्र कोर्न।
४. मनपरेका वा कल्पनाको आधारमा चित्र लेख्न ।
५. स्थानीय सामग्रीहरूको (कागज, कपडा, पराल, छ्वाली, गेडागुडी) प्रयोगबाट विभिन्न आकार बुट्टाहरू कोरी कागजमा छाप्ने काम गर्न ।
६. दुङ्गा, माटो, साबुन, आलु, मूला, फर्सी आदिमा बुट्टा कोरी कागजमा छाप्ने काम गर्न।
७. आपना वरपरका स्थानीय सामग्रीहरू पात, छेस्का, गिर्खा, फूल, सङ्कलन गरी मन पर्ने ढाँचा बनाउन।

यसका अतिरिक्त माटोको प्रयोगबाट विभिन्न आकार, प्रकार एवं आकृतिहरू बनाउने उद्देश्य राखिएको छ ।

(छ) वातावरण शिक्षा विषयका शिक्षण उद्देश्य

प्राथमिकतका विद्यार्थीहरू वातावरण शिक्षा विषयबाट वातावरणमा पाइने सजीव र निर्जीव वस्तुहरूका लक्षण, वातावरणमा सजीव र निर्जीव बीचको अन्तर-सम्बन्ध बारेमा बताउनु हो । यसै विषयमा निम्नलिखित उद्देश्यहरू राखिएको हुन्छ ।

१. वातावरणमा पाइने सजीव र निर्जीव वस्तुका लक्षणहरू भन्न ।
२. वातावरणमा सजीव र निर्जीव बीचको अन्तर सम्बन्ध बताउन ।
३. वातावरणमा भइरहने परिवर्तन र असर बताउन।
४. प्राकृतिक प्रकोप, भूक्षय, बाढी, पहिरो, हुरी, बतास, भुइँचालो, आगलागीबाट हुने असर बुझी त्यसबाट बच्ने उपायहरू बताउन ।

यसका अतिरिक्त जमिन, पानी, हावा, शक्ति, वातावरण प्रदूषण आदिका बारेमा ज्ञान, सीप र धारणा विकास गराउँदै जाने उद्देश्य रहेको छ ।

(ग) प्राथमिक कक्षामा विभिन्न विषय अध्यापनका लागि आवश्यक पूर्वज्ञान

कुनै पनि कार्य सुरु गर्नु अघि त्यस कार्यसम्बन्धी पूर्वज्ञान हुनु नितान्त आवश्यक हुन्छ ।

त्यस्तै विद्यार्थीहरूलाई कुनै विषयको अध्यापन गर्नुभन्दा पहिले उक्त विषय शिक्षण गर्नका लागि शिक्षकमा त्यस विषयको पूर्वावश्यक ज्ञान तथा सीप हुनु जरुरी हुन्छ । कुनै विषय शिक्षण गर्नका लागि चाहिने पूर्वज्ञान नभएको शिक्षकको शिक्षणप्रति विद्यार्थीहरू अभिप्रेरित हुन सक्दैनन् र यसप्रकारको शिक्षण कार्यले विद्यार्थीहरूको सिकाइमा ठोस योगदान पुऱ्याउन सक्तैन । एउटा विषय शिक्षण गर्नका लागि पर्याप्त पूर्वज्ञान भएको शिक्षकले प्रभावकारी ढङ्गले शिक्षण गर्न सक्तछ । किनभने पूर्वज्ञानको आधारमा शिक्षक उपर्युक्त शैक्षणिक क्रियाकलापहरू सुनिश्चित गर्न, प्रभावकारी विधि छनोट र प्रयोग गर्न, आवश्यक शैक्षिक सामग्रीहरू निर्माण र प्रयोग गर्न, शिक्षणका योजना बनाउन एवं योजनालाई कार्यान्वयन गर्न र स्तर मुताबिक बालबालिकाहरूमा ज्ञान, सीप तथा अभिवृत्ति विकास गर्न समर्थ हुन्छ। पूर्वज्ञानले शिक्षकलाई निश्चित लक्ष्यतर्फ निर्देशित गर्दछ, शिक्षण कार्यमा दक्षता वृद्धि गर्दछ र आत्मविश्वास जागृत गर्दछ ।

खासगरी भिन्न-भिन्न विषयहरूको स्वभाव वा प्रकृति पनि भिन्न-भिन्न नै हुन्छ र प्रत्येक विषय-शिक्षणको आफ्नो विशेष उद्देश्य हुन्छ । त्यस्तै प्रकारले एउटै उमेरका बालबालिकाहरूमा स्वभाव, सिक्ने गति, इच्छा तथा योग्यता पनि भिन्न-भिन्न हुन्छन् । हरेक दुई बालक आपसमा समान हुँदैनन् । त्यसैले सबै विषयलाई एउटै शिक्षण विधि र शैक्षिक सामग्री प्रयोग गरी अध्यापन गर्न सकिँदैन र साथसाथै सबै बालबालिकाहरूका लागि एक प्रकारको शैक्षणिक अनुभव तथा अवसर प्रदान गर्नु उपयुक्त हुँदैन । यसैकारण शिक्षकमा विभिन्न विषय शिक्षण गर्नका लागि आवश्यक पूर्वज्ञान हुनु एकदम आवश्यक हुन्छ ।

अब यहाँ प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकमा विभिन्न पक्षमा हुनुपर्ने आवश्यक पूर्वज्ञान बारेमा चर्चा गरिन्छ ।

१. बाल मनोविज्ञान

माथि भनिएझैं कुनै २ बालक एक-आपसमा समान हुँदैनन्। तिनीहरूको शारीरिक बनावटमा मात्र फरक हुँदैन कि तिनीहरूको इच्छा, रुचि, क्षमता, आवश्यकता आदि पनि फरक-फरक हुन्छन् । यसै कारणले गर्दा कुनै कुरा एउटा बालकले छिटो सिक्तछ भने कुनै बालकले अर्को कुरा छिटो सिक्तछ वा एउटा बालकलाई कठिन लाग्ने विषय अर्कोलाई सजिलो र एउटालाई सजिलो लाग्ने अर्कोलाई कठिन लाग्न सक्छ । सिक्ने तत्परता तथा गति मनोवैज्ञानिक विभिन्नताहरूको कारण फरक-फरक हुनु स्वाभाविक हो । यसकारण प्रत्येक शिक्षकमा उसले अध्यापन कार्य प्रारम्भ गर्नु अघि मनोविज्ञानसम्बन्धी पूर्वज्ञान हुनु जरुरी हुन्छ ।

२. विषयवस्तुको ज्ञान

शिक्षकहरूमा कुनै विषय शिक्षण गर्नु अघि नभै नहुने कुरा विषयवस्तुको ज्ञान पनि हो। विषयवस्तुको पूर्वज्ञान नभैकन पनि विषय शिक्षण गर्न सकिँदैन । हरेक विषय शिक्षण गर्नु अघि शिक्षणमा त्यो विषयको बारेमा पर्याप्त ज्ञान तथा दक्षता हुनु जरुरी छ। विषयवस्तुको

ज्ञान नभएको शिक्षकले कक्षामा के पढाउने भन्ने प्रश्न उठ्छ। वास्तवमा यस्तो शिक्षकले केही पनि पढाउन सक्तैन । उदाहरणका लागि गणित शिक्षकमा गणितसम्बन्धी ज्ञान तथा सीपको पर्याप्त मात्रामा जानकारी हुनुपर्दछ भने अङ्ग्रेजी भाषा शिक्षकमा सो भाषासम्बन्धी आवश्यक ज्ञान हुनु अत्यावश्यक छ । अर्को कुरा के छ भने कुनै कक्षामा कुनै विषय पढाउनु अघि त्यो कक्षाका विद्यार्थीहरूलाई त्यस विषयमा के-कति ज्ञान बिने हो, त्यसको पनि पूरापूर ख्याल राख्नुपर्दछ ।

३. विषय-शिक्षणको उद्देश्य

विभिन्न विषय शिक्षणका विभिन्न उद्देश्य हुन्छन् । भाषा शिक्षणबाट बालबालिकाहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक कुशलताहरू वृद्धि गर्न खोजिएको हुन्छ भने सामाजिक शिक्षा शिक्षणबाट सामाजिक बानी, व्यवहार, गुण, सहकारिता, सहयोगात्मक प्रवृत्ति, देशप्रेमजस्ता कुराहरूको विकास गर्न खोजिएको हुन्छ। यसकारण प्रत्येक विषय-शिक्षणबाट बालबालिकाहरूमा कुन ज्ञान, सीप तथा अभिवृत्तिको विकास गर्न खोजिएको छ वा विकास गर्नुपर्ने हो, सो कुराको पूर्वज्ञान शिक्षकमा हुनु जरुरी हुन्छ ।

४. शिक्षण योजना

शिक्षकमा योजना निर्माणसम्बन्धी पूर्वज्ञान नभै नहुने कुरा हो। विभिन्न विषयमा विभिन्न पाठकहरूलाई कसरी योजनाबद्ध ढङ्गले शिक्षण गर्ने भन्ने कुराको पूर्वजानकारी उसमा भैराख्नु पर्दछ । विभिन्न प्रकारका योजनाहरू जस्तैः– वार्षिक योजना, एकाइ योजना तथा पाठयोजना आदि बनाउन सक्ने सीप प्रभावकारी शिक्षणका लागि पूर्वावश्यक तत्त्व हो ।

५. शिक्षण विधि

शिक्षणका विभिन्न विधिहरू छन् । प्रत्येक शिक्षकका शिक्षणमा ती सबै विधिहरूको पूर्वज्ञान आवश्यक हुन्छ । उल्लेखनीय कुरा त के छ भने सबै विषयलाई र सबै तहलाई एउटै विधिद्वारा अध्यापन गर्न सकिंदैन । प्राथमिक कक्षामा प्रवचन विधि अनुपयोगी हुन्छ भने माथिल्ला कक्षाहरूका लागि यो विधि उपयोगी हुन्छ । प्रयोगशाला विधि भाषा शिक्षण गर्दा प्रयोगमा ल्याउन अनुपयुक्त हुन्छ भने विज्ञान शिक्षण गर्न उपयुक्त हुन्छ । योजनाबद्ध भाषा अध्यापनको एक राम्रो काइदा हुन सक्दछ, तर गणित अध्यापनका लागि हुन सक्तैन। तसर्थ कुन विषयका निमित्त कुन विधि प्रयोगमा ल्याउनु श्रेयस्कर हुन्छ भन्ने कुराको पूर्वज्ञान शिक्षकमा हुनु अत्यन्त जरुरी हुन्छ । उपर्युक्त शिक्षण विधिको छनौट र प्रयोग गर्न सक्ने सीप सफल शिक्षकको परिचायक मानिएको छ ।

६. शिक्षण सामग्री

शिक्षकमा हुनुपर्ने अर्को पूर्वज्ञान शिक्षण सामग्रीको निर्माण, छनौट तथा प्रयोग हो । विभिन्न विषय शिक्षण गर्नका लागि विभिन्न सामग्रीहरू निर्माण गर्ने तरीका र हरेक पाठका

लागि उपयुक्त हुने शिक्षण सामग्री छनौट तथा प्रयोग गर्न सक्ने सीप प्रभावकारी अध्यापनका लागि पूर्वावश्यक तत्त्व हो ।

७. मूल्याङ्कन

बालबालिकाका व्यवहारमा परिवर्तन आए, नआएको र निर्धारित लक्ष्यहरू हासिल भए, नभएको वा सिकाइहरूले वाञ्छित उपलब्धि प्राप्त गर्न सके, नसकेको लेखाजोखा गर्नका लागि मूल्याङ्कनका विधिहरू हुन्छन्, तर सबै प्रकारको उपलब्धिको मूल्याङ्कन एउटै विधिद्वारा गर्न सकिँदैन । भाषिक उपलब्धि जाँच्न मौखिक परीक्षा राम्रो विधि हुन सके तापनि स्वस्थ आचरणमा परिवर्तन आए, नआएको थाहा पाउन मौखिक परीक्षा उपयुक्त हुन सक्तैन । कुन विषयका निमित्त कुन मूल्याङ्कन विधि बेश हुन्छ भन्ने कुरा पहिलेबाट जानी राख्नु अर्को महत्त्व-पूर्ण कुरा हो ।

(घ) प्राथमिक कक्षामा विभिन्न विषय-शिक्षण प्रक्रियाको ज्ञान

कुनै पनि शिक्षणप्रणाली (Instructional System) कति सफल छ भन्ने कुरा त्यस प्रणालीको उद्देश्य कति हदसम्म विद्यार्थी उपलब्धिमा अनुवित हुन सकेको छ भन्ने कुरामा आधा-रित हुन्छ । निर्दिष्ट उद्देश्यलाई वास्तविक उपलब्धिमा अनुवाद गर्न शिक्षकले अपनाउने कक्षा कार्यकलापको सङ्गठन तथा शिक्षणको प्रस्तुतीकरण आदिलाई शिक्षण प्रक्रिया वा शिक्षण विधि भन्दछन् । प्रक्रिया वा विधि हरेक शिक्षण पद्धतिको मुटु हो र निर्दिष्ट उद्देश्य प्राप्तिका लागि उपयुक्त शिक्षण विधि छनौट गर्न वा उपयुक्त शिक्षण प्रक्रिया अपनाउन सक्ने क्षमता नै सफल शिक्षकको मूल पेशागत चरित्र हो ।

कुनै विषय वा पाठ शिक्षण गर्न कुन शिक्षण प्रक्रिया वा विधि अपनाउने भन्ने कुरा जटिल प्रश्न हो । शिक्षणका विभिन्न विधिहरू छन् र विभिन्न विषय शिक्षणका विभिन्न शिक्षण प्रक्रिया-हरू हुन्छन् । कुन विषय शिक्षण गर्न कुन शिक्षण प्रक्रिया वा विधि अपनाउने भन्ने कुरा विषयको प्रकृति, पाठको उद्देश्य, विद्यार्थीको स्तर, प्राप्त समय र उपलब्ध शैक्षिक सामग्री तथा साधन आदिद्वारा प्रभावित हुन्छ । शैक्षिक जगत्मा त्यस्तो सर्वश्रेष्ठ ठहरिएको कुनै विधि छैन, जुन सबै प्रकारको विषयवस्तु शिक्षण गर्न, सबै स्तरका विद्यार्थीहरूलाई शिक्षण गर्न र सबै स्थितिलाई उद्देश्यका लागि प्रयोग गर्न सकियोस् ।

कुनै पनि विषयको शिक्षणबाट बालबालिकाहरूमा ज्ञान (Knowledge), सीप (Skill) तथा अभिवृत्ति (Attitude) को विकास गर्न खोजिएको हुन्छ । कुनै विषय वा पाठबाट बालबालिकाहरूले ज्ञान सिक्नुपर्ने हुन्छ भने कुनै विषय वा पाठको शिक्षणबाट उनीहरूले सीप र कुनैबाट अभिवृत्ति विकास गर्नुपर्ने हुन्छ । उदाहरणका लागि भाषा शिक्षणबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपहरूको विकास गर्ने लक्ष्य रहन्छ भने विज्ञान, गणित, इतिहास, व्याकरण आदि विषय शिक्षणबाट विद्यार्थीहरूले अन्य कुराका अतिरिक्त ज्ञान हासिल गर्नुपर्ने

हुन्छ तर वातावरण शिक्षा, सामाजिक शिक्षा आदि विषयबाट उनीहरूमा ज्ञान र सीप विकासका अतिरिक्त प्रवृत्ति विकास गर्ने लक्ष्य महत्त्वपूर्ण हुन्छ। एउटै विषय अन्तरगत पनि कुनै पाठबाट ज्ञान र कुनै पाठबाट सीप तथा प्रवृत्ति विकास गर्ने उद्देश्य रहेको हुन्छ । जस्तोः– स्वास्थ्य विषयको अध्ययनबाट बालबालिकाहरूमा एकातिर असल स्वास्थ्यबारेको सामान्य जानकारी हासिल गर्नु अनिवार्य हुन्छ भने अर्कोतिर स्वस्थ बन्न चाहिने सीप सिक्नु अनिवार्य हुन्छ र साथसाथै स्वास्थ्यप्रति सकारात्मक प्रवृत्ति पनि विकसित हुनु जरुरी हुन्छ । भाषामा अक्षर उच्चारणको ज्ञान, शब्दहरूको ज्ञान, वाक्य रचनाको ज्ञान हुनुपर्दछ। यसप्रकार विभिन्न विषय वा पाठ शिक्षणका विभिन्न उद्देश्यहरू हुन्छन् र हरेक विषय पाठका निमित्त छुट्टै शिक्षण विधि प्रयोग वा शिक्षण प्रक्रिया अपनाउनु वाञ्छनीय हुन्छ। सामान्य शिक्षाशास्त्री तथा शिक्षकहरूले ज्ञान तथा सीपसँग सम्बन्धित विषय वा पाठ शिक्षण गर्ने प्रस्तुतीकरण र स्वाध्यायन विधि बढी उपयुक्त हुने र अभिवृत्ति विकाससँग सम्बन्धित विषय वा पाठ शिक्षण गर्ने छलफल विधि विशेष उपयुक्त हुने कुराको महसुस गरेका छन्। यसको अर्थ ज्ञान र सीपको विकासमा छलफल अनुपयोगी र अभिवृत्ति विकासमा प्रस्तुतीकरण विधि र स्वास्थ्य विधि अनुपयुक्त भन्न खोजिएको चाहिँ कदापि होइन । खास कुरा के हो भने शिक्षकहरूले हरेक पाठ वा विषय शिक्षण गर्नु अघि उक्त विषय वा पाठ शिक्षणबाट विद्यार्थीहरूमा कुन कुराको विकास गराउन उपयुक्त हुन्छ र सोका लागि कुन विधि वा प्रक्रिया उपयुक्त हुन्छ, त्यो कुरा निर्धारण गर्न सक्षम रहनुपर्दछ । शिक्षणका विभिन्न विधिहरूको सामान्य परिचय, शिक्षण नमुना र शिक्षणका सिद्धान्तहरूबारे खण्ड ४ र ५ मा उल्लेख भैसकेको छ।

त्यसबाट शिक्षण प्रक्रिया के हो, कुन शिक्षण प्रक्रिया अपनाउन प्रभावकारी शिक्षण सिकाइ सम्भव हुन्छ, शिक्षण कार्य प्रारम्भ गर्नु अघि कुन-कुन कुरा ख्याल राख्नुपर्दछ भन्ने जस्ता कुराहरूमा हामीलाई सामान्य जानकारी प्राप्त भैसकेको छ र त्यस अघि विभिन्न विषय वा पाठ शिक्षण उद्देश्यको वर्गीकरण तथा प्रत्येकका निमित्त कुन विधि वा प्रक्रिया प्रयोग गर्नु उपयुक्त हुन्छ भन्ने सम्बन्धमा प्रस्तुत गरिएको सानो चिनारीले हामीलाई प्राथमिक तहमा समावेश गरिएका विभिन्न विषयहरूको शिक्षण प्रक्रियाबारे धेरैथोरै ज्ञान मिल्नेछ, तैपनि यस पाठमा पुनः प्राथमिक कक्षाका विभिन्न विषयहरूका शिक्षण प्रक्रिया अति संक्षिप्त रूपमा प्रस्तुत गरिनेछ।

भाषा शिक्षण प्रक्रिया

भाषा विचार आदानप्रदानको माध्यम हो । सामाजिक जीवनको मूल आधार नै भाषा हो र भाषा जीवनको एक अभिन्न अङ्ग हो । भाषा ज्ञानको माध्यम पनि हो । आजको सभ्य संसारमा भाषा नभई ज्ञान प्राप्त गर्न र ज्ञानको अभिव्यक्ति गर्ने कुरा कल्पना पनि गर्न सकिँदैन । हामी कुनै भाषा नजानी त्यस भाषामा व्यक्त गरिएका कुराहरू बुझ्न पनि सक्तैनौं र आफ्ना अनुभव र ज्ञानहरू अरूलाई बुझाउन पनि सक्तैनौं । साथै आफैंले नजानेका कुराहरू अरूलाई

सोधेर ज्ञान बढाउने आफ्नो उत्सुकतालाई पूर्ति गर्न पनि भाषाका अभावमा कठिन कुरा हुन-जान्छ । यसर्थ विद्यार्थीहरूमा भाषाको ज्ञान हुनु आवश्यक छ ।

प्राथमिक तहमा नेपाली र अङ्ग्रेजी भाषा शिक्षण गरिन्छन् । नेपाली भाषा हाम्रो राष्ट्रभाषा हुनुका अतिरिक्त हाम्रो विद्यालयमा शिक्षाको माध्यम पनि हो । हाम्रो बालबालिका-हरू यही भाषाको माध्यमबाट ज्ञान प्राप्त गर्दछन् र अन्य शैक्षिक गतिविधि वा कार्यकलापमा यसका माध्यमबाट भाग लिन्छन् । यसकारण प्राथमिक तहदेखि नै विद्यार्थीहरूमा नेपाली भाषाको विकास हुनु जरुरी छ । यस तथ्यलाई हृदयङ्गम गरी प्राथमिक तहको पाठ्यक्रममा अन्य विषयहरूको तुलनामा नेपाली भाषाले महत्त्व प्राप्त गरेको छ । पाठ्यक्रममा उल्लेख भए अनुसार कक्षा १ देखि ३ सम्म नेपाली भाषालाई १५० (७०० मध्ये) र कक्षा ४ र ५ मा १०० (७०० मध्ये) पूर्णाङ्क प्रदान गरिएको छ ।

नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी भाषा पनि प्राथमिक तहको कक्षा ४ र ५ का लागि शिक्षण गरिन्छ । अङ्ग्रेजी अन्तरराष्ट्रिय भाषा भएकाले यसको जानकारी पनि प्राथमिक तहदेखि नै गराउँदै लैजानु आवश्यक हुन गएको छ । यिनै कुरालाई ध्यानमा राखी प्राथमिक तहको पाठ्यक्रममा नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी भाषालाई पनि स्थान दिइएको छ । कुनै पनि भाषा सिक्नु भनेको भाषाका चारै कुशलताहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा दक्षता हासिल गर्नु हो । यी चार कुशलताहरू नभई भाषाको विकास हुन सक्तैन । प्रारम्भिक तहमा ज्ञान बढाउन उपायका रूपमा भाषाका सुनाइ र बोलाइ सीपहरू पर्याप्त मानिन्छन् । यिनै सुनाइ र बोलाइबाट मात्र पूर्ति गरिने कार्यहरूको क्षेत्र विस्तारका लागि पढाइ र लेखाइमा जोड दिंदै लगिन्छ । भाषा शिक्षणको सन्दर्भमा विचार गर्नुपर्ने मुख्य कुरो के हो भने विषयवस्तु र विधा गौण हुन् र पाठ्यवस्तु मूल कुरा हो । अर्को शब्दमा विद्यार्थीहरूलाई विषयवस्तुको आधारमा भाषिक सीपको विकास गराउनु प्रमुख कुरो हो । उदाहरणका निम्ति– कुनै कथा शिक्षण गर्दा कथाका निम्ति कथा नसिकाई यसबाट शब्द तथा वाक्य रचनाजस्ता कुराहरू मध्येका भाषिक सीपहरूको विकास गर्ने कुराहरूमा प्रयास हुनुपर्छ । यसरी नै "कलम गन", "खरायो पाल" अङ्ग्रेजीमा Good morning. Listen to me. Stand up. Open your book. Come here. जस्ता वाक्यहरूबाट अक्षर चिनाउने गर्नुपर्छ ।

विद्यार्थीहरूलाई सग्ला अक्षर भएका वाक्यहरूबाट भाषा सिकाउन सुरु गर्नुपर्दछ र यस्ता वाक्यहरूको उच्चारण गर्न र साथै लेख्न लगाउनुपर्दछ । यस्तै गरी संयुक्त अक्षर भएका वाक्यहरू र मिश्र उच्चारण हुने अक्षर भएका वाक्यबाट संयुक्त मिश्र अक्षरहरूको छुट्टै रूपमा शिक्षकले उच्चारण गरी विद्यार्थीहरूलाई उच्चारण गर्न, पढ्न, लेख्न लगाउने र त्यस्ता अक्षरहरू भएका वाक्य पढ्न, लेख्न, भन्न पनि लगाई प्रशस्त अभ्यास गराउनु आवश्यक छ ।

भाषाका विभिन्न कुशलताहरूको विकासमा शिक्षकले विभिन्न कार्यकलापहरू अपनाउनुपर्दछ । सुनाइ सीप विकास गर्न शिक्षकले ध्वनि र शब्दको ज्ञान दिनुपर्दछ । शब्दको अर्थ बुझाउन उही शब्द बुझाउने वस्तु वा चित्र देखाउनुपर्दछ । अमूर्त शब्द भए हाउभाउ तथा क्रियाकलापद्वारा देखाउन सकिन्छ । कविता तथा गीतहरू सुनाउन, विद्यार्थीले गर्न सक्ने खालका निर्देशन दिने र त्यस अनुसार अभ्यास गर्न लगाउने गर्नुपर्दछ । जस्तोः– किताब खोल (Open your book), यता आऊ (Come here) आदि । शब्दको अन्त्यमा उस्तै ध्वनि आउने शब्दहरू सुनाइ त्यस्तै शब्द एक-अर्का विद्यार्थीहरूलाई भन्न लगाउने, शिक्षकले भनेका वाक्यहरू दोहोरयाउन लगाउने, उच्चारण गर्न अभ्यास गराउने कार्यकलाप पनि गर्न सकिन्छ । बोलाइको विकास गर्न कुराकानी (संवाद) समेत गराई, वस्तु वा घटनाको वर्णन गर्न लगाउने, कक्षामा चित्र देखाएर मौखिक रूपमा वर्णन गर्न लगाउने, छलफल गर्न, दैनिक कार्य तथा अनुभव भन्न लगाउने आदि कार्यकलाप गर्नुपर्दछ । पढाइ सीप विकास गर्न मुख्यतः मौन र सस्वर पढाइमा विद्यार्थीहरूलाई लगाउन सकिन्छ । प्राथमिक तहमा मौन पढाइ जटिल र अमूर्त कुरा हुन जान्छ । पढाइका लागि अक्षरको चिनारी, शब्दको ज्ञान, उच्चारणको ज्ञान हुनुपर्दछ । पढेको कुरा बुझे, बुझेनन्, थाहा पाउन एक वा दुई अनुच्छेद पढ्न लगाउने, प्रश्न सोध्ने गर्नुपर्दछ । शब्द-शब्द छुट्टयाएर वा पदविच्छेद गरेर आवश्यक ठाउँमा विश्राम, गति मिलाई प्रभावपूर्ण ढङ्गले पढ्न लगाउनुपर्दछ । लेखाइ कुशलताको विकास गर्न अक्षर लेखाउनुभन्दा पहिले त्यस अक्षर वा वर्णको आकारलाई विभिन्न टुक्रा पारेर देखाई फेरि तिनलाई जोडेर पहिलेकै आकारमा देखाउनाले विद्यार्थीहरूमा अक्षरको धारणा स्पष्ट हुन्छ । विभिन्न किसिमका ठाडा, तेर्सा र बाटुला रेखाहरू खिच्न अभ्यास गराई सकेपछि अक्षर लेख्न सुरु गराउनु राम्रो हुन्छ । लेखन कार्यको विकास गराउन कक्षामा पाठ्यपुस्तकमा जस्तो लेखिएको छ उस्तै तथा हिज्जे नबिगारी सानें, अभ्यास गराउने, कुनै वाक्य घेरै पटक दोहोरयाई सानें लगाउने, विभिन्न वस्तु, विचार वा भाव बुझाउने विभिन्न शब्दहरू लेख्न लगाउने, चित्र वा वस्तु देखाई वर्णन गर्न लगाउने र प्रश्नोत्तर लेख्न पनि लगाउन सकिन्छ । लेखाइका नियमहरू जस्तैः– स्थान छाडी लेख्ने, दायाँबायाँ र प्रत्येक अनुच्छेदमा स्थान छाडी लेख्ने, चिह्न प्रयोग र लेखाइको गतिमा पनि अभ्यास गराउनु पर्दछ । भाषा शिक्षण गर्दा प्रत्यक्ष विधि, आगमन विधि, लेखन विधि, प्रदर्शन विधि तथा नाटकीकरण विधि प्रयोग गर्न उपयुक्त हुन्छ । कविता, निबन्ध वा कथाका भावात्मक, तुलनात्मक र वर्णनात्मक अध्ययन, अध्यापनका लागि व्याख्यान विधि मवतगार हुन्छ तर स-साना कक्षाका लागि व्याख्यान विधि अनुपयोगी हुन्छ । खास गरी अङ्ग्रेजी भाषा शिक्षण गर्दा व्याकरण अनुवाद विधि (Grammar Translations Method) अपनाउने प्रचलन छ । यो विधि प्रभावकारी विधि होइन । अङ्ग्रेजी भाषा शिक्षणमा प्रत्यक्ष विधि (Direct Method) र ओरल स्ट्रक्चरल सिचुएसनल (Oral Structural Situational) विधि उपयुक्त

ठहरिएका छन्। प्रत्यक्ष विधिमा शब्द र वाक्यहरू प्रदर्शन क्रिया र वास्तविक वस्तुहरू प्रस्तुत गरेर शिक्षण गरिन्छ भने ओरल स्ट्रक्चरल विधिमा अभ्यास (Practice) गराउनमा जोड दिइन्छ।

२. गणित शिक्षा शिक्षण प्रक्रिया

दैनिक जीवनका लागि गणित एक नभई नहुने विषय हो। हामीले यसरी विचार गरी हेरयौं भने हाम्रो जीवनका प्रत्येक पक्षहरूमा गणितको प्रयोग भई नै रहेको हुन्छ। वास्तवमा भन्ने हो भने गणित एउटा यस्तो भाषा हो, जसको अध्ययनबाट विद्यार्थीहरूलाई सङ्ख्यात्मक ज्ञान ग्रहण गर्न र व्याख्या गर्न सक्ने सहयोग पुऱ्याउँछ। गणितको कारणले बालबालिकालाई विचार गर्ने क्षमता प्रदान गर्दछ। गणितको साधारण ज्ञान छात्रले पनि धेरै समय लगाएर गर्नुपर्ने सङ्ख्यात्मक कार्यलाई थोरै समयमा नै समाधान गर्न सकिन्छ। जुनसुकै पेशामा लागेका मानिसलाई पनि गणित अत्यावश्यकीय विषय बन्न गएको छ। उदाहरणका लागि एउटा किसानलाई आफ्नो खेतमा मल हाल्न परिमाणको ज्ञान आवश्यक छ भने एउटा इन्जिनियरलाई घरका लगत तयार पार्न पनि गणितको आवश्यकता पर्दछ।

गणित भावात्मक (Abstract) विषय भएको हुनाले साना विद्यार्थीहरूमा यो धारणा विकसित गर्न कठिन हुन्छ, तर विभिन्न विधि तथा क्रियाकलाप र शैक्षिक सामग्री प्रयोग गरी सफलतापूर्वक गणित सिकाउन सकिन्छ।

गणित शिक्षणमा भाषा र सामाजिक शिक्षामा अपनाइने विधिहरू सम्पूर्ण रूपमा अपनाउन सकिँदैन। खास गरी गणित शिक्षण गर्दा कुन कक्षामा के कति गणितीय धारणा वा ज्ञान दिनेजस्ता गणित शिक्षाका उद्देश्यहरू शिक्षकले जानेको हुनुपर्दछ। गणित शिक्षणबाट विद्यार्थीहरूमा गणितीय तथ्यहरूको ज्ञान, गणनासम्बन्धी सीपको विकास गणितीय धारणाहरूको र तिनीहरूका सम्बन्धहरूको बोध, गणितीय ज्ञानको प्रयोग र विश्लेषण गर्ने क्षमताको विकास गर्ने हेतु रहेको हुन्छ। यो उल्लिखित कुराहरूलाई विचार गरी कुन शिक्षण विधि वा कार्य उपयुक्त छ भनी गर्नुपर्दछ। हुन त गणित शिक्षणका विभिन्न विधिहरू छन्। जस्तैः– खोज विधि, प्रदर्शन विधि, समस्या समाधान, छानबीन तथा प्रवचन आदि, तर कुनै निश्चित पाठका लागि यही नै विधि उपयुक्त हुन्छ भनेर भन्न सकिँदैन। प्राथमिक तहमा उदाहरणका लागि गणितीय प्रारम्भिक ज्ञानको रूपमा समूहको ज्ञान गराउन पाठ्यपुस्तकमा चित्रका रूपमा दिइएका सामग्रीहरू त नमुना मात्र हुन्छन्। स्थानीय समुदायमा उपलब्ध साधन तथा स्रोतहरू सङ्कलन गरी तिनीहरूलाई कक्षा शिक्षणमा प्रयोग गरिएको खण्डमा प्रत्यक्ष ज्ञानबाट विद्यार्थीहरूमा समूहको ज्ञान दिन सकिन्छ। काठका टुक्रा, ढुङ्गाका टुक्रा, ईंटका टुक्रा लट्ठी छेस्का, लप्सीको गेडा, रिट्ठा आदि साधनहरूलाई गणित शिक्षणमा प्रयोग गर्न सकिन्छ। यसरी एक

प्रकारका वस्तुहरूको एक समूह बनाई त्यस्तै किसिमका एकभन्दा बढी समूह छुट्टाछुट्टै बनेको देखाई क्रमशः समूहको ज्ञान दिन सकिन्छ । कक्षाका विद्यार्थीहरूलाई स-साना समूहमा विभाजन गरेर पनि समूहको ज्ञान दिन सकिने हुन्छ। यसप्रकार खेल विधिमा आधारित शिक्षण प्रक्रिया प्रभावकारी हुन्छ। अङ्कको ज्ञान दिलाउन पनि विद्यार्थीहरूलाई समूहमा विभाजन गरी ती समूहका प्रत्येक विद्यार्थीहरूलाई गणना गर्न लगाउन र सिकाउन सकिन्छ। त्यस्तै वस्तुहरू जुटाई समूह बनाउन प्रत्येक समूहको वस्तुहरूका गन्ती गर्न लगाएर पनि अङ्कको ज्ञान दिलाउन सकिन्छ । एक-एक सामानको धारणा विकसित गर्नुपर्दा श्यामपट (कालोपाटी) मा दुई भिन्न वस्तुहरू भएका दुई बेग्लाबेग्लै समूह बनाएर प्रदर्शन गराई उस्तै-उस्तै वस्तुहरूबाट बनेको समूह भएकोलाई समान समूह भन्ने कुरा बताउन व्याख्या विधिले पनि काम गर्ने हुन्छ, तर दुइटै समूहबाट एक-एक वस्तु झिकी र वस्तुको एउटा समूह बनाउँदा दुवै थरीफा वस्तु त्यस वस्तुमा रहन जाने हुँदा त्यसमा अनमेल वा असमानता भएमा विद्यार्थीहरूले स्वतः देख्न सक्तछन्। समान वस्तुहरूमा दुई भिन्न समूहलाई छुट्टाछुट्टै गन्न लगाई अन्त्यमा एकै ठाउँमा मिलाई गन्न लगाउन जोड सिकाउनु प्रभावकारी र रोचक विधि हो। असमान वस्तुहरूबाट सुरुमा जोड सिकाउँदा विद्यार्थीहरूलाई बिजोड वस्तुहरूको बराबर मनमा असर पुरयाई गन्तीमा धेरै त्रुटि हुन जाने आशङ्का भएकाले प्रारम्भमा उनीहरूलाई एक समान वस्तुहरूका २ भिन्न समूहबाट बेग्लाबेग्लै गन्न लगाउन सकिन्छ । त्यसपछि दुवैलाई मिलाई पुनः पूरै गन्न लगाउन पहिलो समूहमा भएका विद्यार्थीहरूको सङ्ख्या र दोस्रो समूहमा भएका वस्तुहरूको सङ्ख्यामा भिन्नाभिन्नै जानकारी गर्नुका साथै संयुक्त सङ्ख्याको जानकारी गरी जोड गर्ने पद्धतिको प्रारम्भिक ज्ञान विद्यार्थीहरूमा दिन सक्छ । अब यहाँ प्राथमिक तहको गणित शिक्षणका केही साधारण सिद्धान्तहरूको परिचय दिइन्छ ।

१. बालबालिकालाई गणित शिक्षण गर्न सिकाइका विषयहरू उनीहरूको मानसिक विकासको अवस्थासित मिल्दो हुनुपर्छ । विद्यार्थीले बुझ्ने क्षमताभन्दा टाढाको कुनै पनि धारणाहरू सिकाउनु हुँदैन । उदाहरणका लागि– यदि बालकहरूले क्षेत्रफल भन्ने गणितीय धारणा बुझ्ने अवस्थामा छैनन् भने उक्त धारणा सिकाउने प्रयास गर्नु व्यर्थ हुन्छ।

२. प्राथमिक कक्षामा गणित पढाउने शिक्षकले जुनसुकै विषयवस्तु लिएर कक्षामा प्रवेश गर्नु अघि त्यस विषयवस्तुले विद्यार्थीहरूको दैनिक जीवनमाथि के-कस्तो प्रभाव पार्छ, सो बुझ्नु-पर्दछ । गणितीय धारणालाई विद्यार्थीको वास्तविक जीवनको अनुभव र अवलोकनमा आधारित बनाइनुपर्दछ ।

३. नयाँ गणितीय धारणा सिकाउँदा भौतिक चीजको प्रयोग गरी सिकाउनु बढी उपयुक्त हुन्छ । यस्तो वातावरण खडा गर्नका निमित्त गणित शिक्षकले ठोस र अपूर्ण कुराहरूको माध्यम-द्वारा शिक्षण कार्य सम्पादन गर्नुपर्दछ ।

४. प्राथमिक कक्षामा विद्यार्थीहरूलाई गणितीय विचार तथा धारणाहरू विभिन्न पक्षबाट र विभिन्न दृष्टिकोणबाट सिक्ने तथा चिन्तन गर्ने अवसर प्रदान गर्नुपर्दछ । यसो गर्नका लागि गणितीय विचारहरूलाई ठोस, अर्धठोस र भावात्मक रूपमा प्रस्तुत गर्न शिक्षक सक्षम रहनुपर्दछ । अर्को शब्दमा नयाँ गणितीय धारणा विद्यार्थीहरूमा विकसित गर्दा ठोस अथवा प्रत्यक्ष वस्तुबाट प्रारम्भ गरी क्रमशः त्यो धारणासम्बन्धी भावात्मक कुराहरू बुझाउनु-पर्दछ । यस कुरालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः–



५. गणित शिक्षण गर्दा प्रवचनको माध्यमद्वारा जोड भनेको यो हो, जोड हिसाब यसरी गर्नुपर्छ भनी सीधा बताउनुको सट्टा खोजी गर्ने, अन्दाजी उत्तर निकाल्ने, गणितीय ढाँचाहरू आफैं अध्ययन गर्ने र जाँच्ने, छलफल गर्नेजस्ता कार्यकलापहरूमा विद्यार्थीहरूलाई अग्रसर गराउनु पर्दछ ।

६. विद्यार्थीले सिकेका मूलभूत धारणाहरूलाई पछिसम्म नबिर्सने गरी दिगो राख्न कक्षामा ड्रिल र अभ्यास कार्यकलापहरू उचित मात्रामा गराउनुपर्दछ । अन्तमा उपर्युक्त कुराहरूलाई ध्यानमा राखी गणित शिक्षकले शिक्षण कार्य तर्जुमा गरेको खण्डमा कक्षा कार्य प्रभावकारी र सफल हुनुका साथै विद्यार्थीको सिकाइ अर्थपूर्ण समेत हुन्छ ।

३. सामाजिक तथा वातावरण शिक्षा शिक्षण प्रक्रिया

बालबालिकाहरूलाई उनीहरूको सफल भविष्यका लागि तयार पार्नु विद्यालयको एउटा मुख्य काम हो । त्यसका लागि उनीहरूलाई सामाजिक विषयका अनेक कुराको चाहिंदो जानकारी बिनु अनिवार्य छ । सामाजिक प्राणीका नाताले बालबालिकालाई समाजमा सफलतापूर्वक बस्न सिकाउनु आवश्यक हुन्छ । फलिला बालबालिकाहरूमा मानवीय गुणहरू विकसित गर्दै असल

मानिस बनाउने अभिप्राय सामाजिक शिक्षाले लिएको हुन्छ । मानिसको जीवनको समृद्धिको ज्ञान गराउनु सामाजिक शिक्षाको विषय हो। सामाजिक शिक्षाको मुख्य केन्द्र मानिसको घर, परिवार, गाउँ, नगर, छिमेकी, देश र संसारमा मानिसहरू कसरी व्यवस्थित रूपले बसोबास गर्छन्, विभिन्न प्राकृतिक वातावरणले मानिसको जीवनमा कस्तो असर पारेको हुन्छ, परिवारले समुदाय, राष्ट्र र विश्वमा मानिस कसरी मिलजुल गरी बसेका हुन्छन्, नयाँ-नयाँ परिवर्तनले कुनै राष्ट्र र संसारमा कस्तो फरक ल्याएको छ, कसरी वातावरणलाई जीवन अनुकूल बनाउन सक्छ आदि सब कुरा सामाजिक शिक्षाभित्र पर्न आउँछन्, हामी आज के छौं, हिजो के थियौं भन्ने कुरा थाहा पाउनु अति आवश्यक हुन्छ । सामाजिक शिक्षाले हामीलाई हाम्रा महापुरुष-हरूले देखाएका बाटाहरूको राम्रो अध्ययन र मनन गराउँछ । यसप्रकार इतिहास, भूगोल, अर्थशास्त्र, नागरिकशास्त्र, सामाजिकशास्त्र आदि विषयहरूबाट बालबालिकाको स्तर, रुचि तथा आवश्यक अनुकूल विषयवस्तुहरू एकीकृत गरी समन्वयात्मक रूपमा सामाजिक शिक्षा भन्ने विषय बनेको हुन्छ । यसबाट असल आचरण, असल बानी, सरल विचार र आदर्शको विकास भई आवश्यक र वाञ्छित परिवर्तन ल्याई असल नागरिक तयार गर्न बल मिल्दछ। यसबाट समाजमा बस्न चाहिं सामाजिक सीप कौशलको विकास, मिलनसारिता, राष्ट्रियता, विश्वबन्धु-त्वको भावना आदि विकास गर्ने लक्ष्य रहन्छ ।

प्राथमिक तहमा सामाजिक शिक्षा विषय शिक्षण गर्दा पाठ्यपुस्तकलाई केन्द्र मानी घोका-उने र शिक्षकले प्रवचन दिने विधि अनुपयोगी र अप्रभावकारी हुन्छ। विद्यार्थीलाई विषयवस्तु सिकाउन कथा भन्ने, नक्कल (अभिनय) गर्ने, निरीक्षण अध्ययन गराउने, कुराकानी (छलफल) गराउने, समूह कार्य गराउने, सामाजिक सोधखोज गराउने, प्रदर्शन गर्नेजस्ता विधिहरू सामाजिक शिक्षा शिक्षण गर्दा प्रयोगमा ल्याई पाठ्यपुस्तक घोकाउने र शिक्षकले भाषण दिने चलन प्रचलित छ । सामाजिक शिक्षामा विभिन्न सीपलाई कार्य रूपमा ल्याउन विद्यार्थीहरूलाई सक्षम गराउनुपर्दछ । केवल ज्ञानस्तरमा मात्र शिक्षकलाई सीमित गर्न हुँदैन । सामाजिक शिक्षाका उद्देश्यहरू पूरा गर्न कुनै एक विधिको प्रयोग मात्र पर्याप्त हुँदैन । अतः विभिन्न सीप विकास अभिवृद्धि गर्ने विधि कार्यकलाप कक्षामा प्रयोग हुनु सामाजिक शिक्षा शिक्षणमा अति आवश्यक देखिन्छ । प्राथमिक तहमा सामाजिक शिक्षा शिक्षण गर्दा प्रयोगमा ल्याउनसक्ने केही विधिहरू हुन्– पाठ्यपुस्तक विधि, प्रश्नोत्तर परियोजना कार्य, कथा कथन, भूमिका, अभिनय, निरीक्षण, अध्ययन, छलफल, सामाजिक सोधखोज, प्रदर्शन, खेलद्वारा शिक्षण वा सामाजिक खेलहरू, समस्या समाधान, शैक्षिक भ्रमण आदि । प्राथमिक तहका विद्यार्थीहरूलाई पाठ्यपुस्तक अनुसार निर्माणात्मक कार्यकलाप, सृजनात्मक र नाटकीय लिखित कार्यकलाप आदि गराउन पनि उचित हुन्छ ।

४. वातावरणीय विज्ञान, स्वास्थ्य, शारीरिक शिक्षा शिक्षण प्रक्रिया

प्राथमिक तहमा विज्ञान सिकाउनुको अर्थ विद्यार्थीहरूलाई आफ्ना दैनिक जीवनमा आइ-पर्ने कुराहरूको वैज्ञानिक आधार मात्र बुझाउनु हो । बालकका वरिपरि रहेका वस्तुहरूको सामान्य गुणहरूको अवलोकन र वर्गीकरण गर्नसक्ने जस्ता आधारभूत वैज्ञानिक सीपहरू यस तहमा विकास गर्ने ध्येय रहन्छ । विद्यार्थीको जीवनसँग प्रत्यक्ष रूपले सम्बन्धित वैज्ञानिक ज्ञान तथा सीपको विकास प्राथमिक स्तरदेखि नै गराउँदै लैजानु लाभदायक हुने हुनाले यस तहको कक्षा वातावरणीय विज्ञान समावेश गरिएको छ । स्वास्थ्य शिक्षाको स्वास्थ्यसम्बन्धी आवश्यक ज्ञान र धारणामा विकास, व्यक्तिगत र सामुदायिक स्वास्थ्यकर आचरणमा विकास तथा स्वास्थ्यप्रति उचित आचरणको विकास गर्दछ । वास्तवमा बालबालिकाहरूको स्वास्थ्यस्तर अभिवृद्धि गर्नु नै स्वास्थ्य शिक्षाको उद्देश्य हो । यसका साथै शारीरिक शिक्षाको प्रमुख लक्ष्य शारीरिक तन्दुरुस्त, सामाजिक रूपले समयोचित र मानसिक रूपले सक्षम नागरिक तयार गर्नु हो । शारीरिक अङ्गहरू सञ्चालन गरी प्राप्त गरिने अनुभवहरू शारीरिक शिक्षाले प्रदान गर्दछ । बल, शक्ति, लचकपना, छिटोछरितोपना, अङ्गहरूका बीच समन्वय, सहनशीलता र सामाजिकताजस्ता गुणहरू क्रियाशील व्यक्तिका लागि आवश्यक हुन्छन् । यिनै गुणहरूको विकास विभिन्न शारीरिक क्रियाकलापहरूद्वारा बालबालिकाहरूमा गराउने शिक्षा नै शारीरिक शिक्षा हो ।

विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा विषय मूलतः व्यावहारिक शिक्षा भएको हुनाले प्राथमिक तहका तीनै विषयहरू शिक्षण गर्दा व्याख्यान विधि अपनाउनु बिल्कुलै युक्तिसङ्गत हुँदैन । विज्ञान विषय शिक्षण गर्दा प्राथमिक तहदेखि नै विद्यार्थीहरूलाई अवलोकन र प्रयोगबाट जे-जे देखापर्दछन्, ती कुराहरूप्रति उत्सुकताका साथै प्रश्न गर्ने बानीको विकास गर्नु आवश्यक छ । यसका लागि विद्यार्थीहरूलाई नै विभिन्न वैज्ञानिक प्रयोगहरू गर्न सचेत गरेर, प्रदर्शन गरेर, वातावरण र वातावरणीय प्रभाव अध्ययन गर्न लगाएर, विभिन्न स्थानको शैक्षिक भ्रमण गराएर र विद्यार्थीहरूद्वारा विभिन्न वैज्ञानिक परयोजना कार्यहरूको तर्जुमा गराएर वैज्ञानिक सीप र प्रविधिको विकास गराउनुपर्दछ । घरदेखि विद्यालयसम्म विद्यार्थीहरू आउने, जाने गर्दा बाटोमा देखेका कुराहरू सूक्ष्म रूपले बयान गर्न विद्यार्थीहरूलाई सक्षम तुल्याउन उनीहरूलाई नै अवलोकन गराउन सक्रिय पारिदिनुपर्दछ । शरीरमा रक्तसञ्चालन कसरी हुन्छ ? जमिनबाट अराले पानी र लवण कसरी सोस्दछ ? हामी किन र कसरी श्वास फेर्दछौं ? बादल कसरी बन्छ ? पहाड कसरी बन्छ ? दिनरात कसरी हुन्छ ? जस्ता वैज्ञानिक तथ्यहरूबारे शिक्षकले कक्षामा प्रवचन दिएर पुग्दैन । यसका निमित्त विद्यार्थीहरूलाई स्वाभाविक प्रक्रियाको अवलोकन गर्न उत्सुक पारिदिनुपर्दछ । कुनै वैज्ञानिक समस्याहरू विद्यार्थीहरू समक्ष उपस्थित गरी यसबारेमा खोजीनीति गर्न, तथ्यहरू सङ्कलन तथा विश्लेषण गर्न र समाधान वा निष्कर्ष निकाल्न लगाउन

पनि सकिन्छ । विज्ञान विषयको शिक्षण गर्दा छलफल, प्रश्नोत्तर, अवलोकन, भ्रमण, प्रयोग, प्रयोगशाला प्रदर्शन, परियोजना कार्य, समस्या समाधान आदि विधिहरू प्रयोग गर्न उपयुक्त हुने कुरा विश्वास गरिएको छ ।

विज्ञानमा झैं स्वास्थ्य र शारीरिक शिक्षा विषयमा पनि प्रवचन विधिले उल्लेखनीय टेवा पुऱ्याउन सक्दैन । बालबालिकाको स्वास्थ्यस्तर अभिवृद्धि गर्न र उनीहरूमा स्वास्थ्यकर बानी बसाल्न स्वास्थ्य शिक्षा विषय व्यावहारिक रूपमा शिक्षण गर्नुपर्दछ । उनीहरूका स्वास्थ्यसम्बन्धी समस्याहरू समाधान गर्न मदत पुऱ्याउनुका साथै उनीहरूलाई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन र विद्यालयको सम्पूर्ण वातावरण नै स्वास्थ्यकर बनाउने हेतुले विद्यालयमा अस्वास्थ्य शिक्षा कार्यक्रम तर्जुमा गरी लागू गर्न उपयुक्त हुन्छ । स्वास्थ्य शिक्षा पढाउँदा सकेसम्म शिक्षकले व्यावहारिक प्रयोग गरेर देखाइदिनुपर्दछ र विद्यार्थीहरूलाई पनि सो कार्यमा संलग्न गराई सिक्नका लागि प्रेरणा दिनुपर्दछ । शारीरिक शिक्षा बालबालिकाहरूको स्वास्थ्य विकाससित सम्बन्धित छ । बालबालिकाहरूलाई तिनीहरूको शारीरिक क्षमता, बौद्धिक स्तर, संवेदनशीलता र सामाजिक आवश्यकता अनुसार विद्यालयमा विभिन्न किसिमका शारीरिक कार्यकलापहरूको सङ्गठन र सञ्चालन गर्न अति आवश्यक सीपहरू विकास गर्ने खालको माध्यमद्वारा शिक्षण हुनु अति जरुरी छ । खेल भनेको बालबालिकाहरूमा उब्जने रुचिकर कार्यकलाप हो । यो स्वाभाविक र व्यावहारिक पनि हुन्छ । खेलकुदको माध्यमबाट शारीरिक शिक्षा दिनुको मतलब यो कदापि होइन कि बालबालिकाहरू आफूखुशी जे-जस्तो खेल्न मनपराउँछन्, खेलून् र शिक्षकको निर्देशन नरहोस् । शरीरको विभिन्न अङ्गप्रत्यङ्गहरूको सञ्चालनका निमित्त आवश्यक सीप विकास गर्न खेलकुदको माध्यमद्वारा शिक्षण गर्नु प्रभावकारी हुन्छ । यसका निमित्त शिक्षकको नियमित निर्देशन र सहयोग आवश्यक हुन्छ । प्राथमिक तहका केटाकेटीहरू बढी चुल्बुले र फलिला हुने भएकाले सुरक्षा र नियन्त्रणका लागि शिक्षकको निर्देशन र सहयोग झन् जरुरी हुन्छ । स्वास्थ्य र शारीरिक शिक्षा विषयको शिक्षण गर्दा प्रयोगमा ल्याउन सकिने मुख्य विधिहरू हुन्– छलफल विधि, प्रदर्शन विधि, प्रयोग विधि, खेलकुद विधि, अवलोकन विधि, अभिनय तथा नाटकीय क्रियाकलाप विधि, शैक्षिक भ्रमण, प्रश्नोत्तर आदि ।

५. सिर्जनात्मक तथा अभिव्यक्तिशील कला शिक्षण प्रक्रिया

प्राथमिक तहमा कला शिक्षालाई महत्त्वपूर्ण स्थान दिइएको छ । बालकको व्यक्तित्व विकासमा कलाकौशलले महत्त्वपूर्ण भूमिका खेल्दछ । प्रत्येक बालकमा कलात्मक गुण र प्रतिभाहरू अविकसित रूपमा विद्यमान रहेका हुन्छन् । कला शिक्षण माध्यमबाट बालकभित्र निहित प्रतिभा, ज्ञान, सीप, क्षमता आदि विकसित गर्दै लैजान सजिलो पर्दछ । यस तहमा

कला शिक्षण गर्नुको उद्देश्य बालबालिकाहरूलाई व्यावसायिक कलाकार वा शिल्पकार बनाउनु चाहिं अवश्य पनि होइन। खालि कुन कुरा हो भने कलाको माध्यमद्वारा बालबालिकाहरूलाई आत्म अभिव्यक्ति गर्न मौका दिनु, जसबाट उनीहरूले आत्म विकास गर्न असवर प्राप्त गरून् । यसकारण कला शिक्षण गर्दा बालकलाई आपनो रुचि र स्तर अनुसारको कला कार्य गर्न दिनुपर्दछ । रुचि र क्षमता अनुकूलको कार्य गर्न पाएमा मात्र बालकले आफूलाई पूर्ण रूप अभिव्यक्ति गर्न सक्तछ र आत्म विकास गर्न योग्य हुन्छ ।

कला विषय प्राथमिक तहको १ देखि ५ सम्म निर्धारण गरिएको छ र यस विषयका निमित्त पाठ्यपुस्तकहरू तयार गरिएको छैन । यसकारण कला पढाउने शिक्षकले पाठ्यक्रमको निर्देशनमा रही यो विषय शिक्षण गर्नुपर्दछ । शिक्षक स्वयं एउटा कलाकार वा शिल्पकार हुनुपर्छ भन्ने जरुरी नभए तापनि कला शिक्षकमा कलासम्बन्धी प्राथमिक ज्ञान हुनु जरुरी छ। यो विषय पढाउने शिक्षकले यसो गर, उसो गर, आदेशात्मक तवरले शिक्षण गर्नु हुँदैन । शिक्षाविद्हरूको राय के छ भने शिक्षकको आदेश बमोजिम नृत्य, सङ्गीत गर्ने चित्र बनाउने वा रङ्ग भर्ने कला शिक्षा होइन । उनीहरूको भनाइ छ, कला त्यही हो, जो बालकले गाइदेओस्, कागजमा हात भरिएको रङले पोतिदेओस् वा आपनो मनखुशी सिसाकलमले लेखिदेओस् । शिक्षकको प्रमुख काम प्रेरणा र प्रोत्साहन दिनु हो । बालकलाई गीत, नृत्य, सङ्गीत, हस्तकला र चित्रकलासम्बन्धी कार्यहरू गर्न सामग्रीहरू उपलब्ध गराई दिनु र अवसर प्रदान गर्नु शिक्षकको कार्य हो । व्यक्तिगत वा सामूहिक कला कार्य गर्न पनि विद्यार्थीहरूलाई लगाउन सकिन्छ । यसका लागि शिक्षकले विद्यार्थी-हरूलाई नमुनाका लागि आफैंले या कुनै वस्तु दिएर त्यसको चित्र कोर्न लगाउने र कलाका ढाँचा प्रस्तुत गरी सो अनुसार कला कार्य गर्न लगाउने गर्नुपर्दछ । कला कार्यको सामान्य सिद्धान्त तथा नियमहरू मौखिक रूपमा भनिदिनु र आफैंले गरेर देखाइदिने पनि गर्नुपर्दछ । कला विषयको महत्त्व प्रयोगमा निहित रहेकाले प्रयोगात्मक विधि कला शिक्षणका लागि अत्युत्तम हुन्छ । बालकहरू स्वभावैले लेखेर क्रियाकलापमा भाग लिएर वस्तु तथा साधनहरूको परिचालन गरेर सिक्न रुचाउँछन्। यसकारण खेल पद्धति र क्रियाकलाप विधि कला शिक्षणमा अत्या-वश्यक रूपमा अपनाउनुपर्दछ र कलाका साधन तथा औजारहरू प्रयोग गर्न शिक्षकले बाल-बालिकाहरूलाई सिकाउनुपर्दछ । कला शिक्षणमा दर्शनसम्बन्धी पनि ठूलो महत्त्व छ । कक्षाकोठामा विद्यार्थीहरूले तयार गरेका कलाकृतिहरू प्रदर्शन गर्नुपर्दछ र कलाका नमुनाहरू कक्षामा प्रदर्शन गरी सो अनुसार गर्न लगाउन पनि सकिन्छ । त्यस्तै गीत प्रतियोगिता, नृत्य प्रतियोगिता गर्न सकिन्छ । यसप्रकार प्रयोग, व्यक्तिगत वा सामूहिक कार्य, खेल, क्रियाकलाप, प्रदर्शन आदि विधिहरू कला शिक्षणका उल्लेखनीय विधिहरू हुन् ।

(ङ) प्राथमिक कक्षा विभिन्न विषय शिक्षण उपलब्धि मूल्याङ्कन ज्ञान

प्रत्येक कक्षा र प्रत्येक दिन विद्यालयमा सङ्गठित अध्ययन-अध्यापन र कार्यकलापबाट विद्यार्थीले केही न केही सिकेका हुन्छन्। यी सिकाइहरूको समष्टि रूप नै विद्यार्थीको शैक्षिक उपलब्धि हो। विद्यार्थीले सिकेका कुराहरू र सिकाइको गति वाञ्छित शैक्षिक उद्देश्य अनुरूप छन्, छैनन् भन्ने कुरा थाहा पाउन निरन्तर मूल्याङ्कन गरिरहनुपर्दछ। यसरी विद्यार्थीको शैक्षिक प्रगतिमा सहयोग पुऱ्याउने दृष्टिले गरिने मूल्याङ्कनलाई संरचनात्मक (Formative) मूल्याङ्कन भनिन्छ। संरचनात्मक मूल्याङ्कनको मुख्य काम विद्यार्थीले कुन-कुन उद्देश्य प्राप्त गर्न सके, त्यो पत्ता लगाई आवश्यक सहयोग प्रदान गर्नु हो, जसबाट उसले उद्देश्यअनुरूप शैक्षिक प्रगति हासिल गरोस्। विद्यार्थीलाई उत्तीर्ण वा अनुत्तीर्ण घोषणा गर्ने, सङ्कलनात्मक (Summative) मूल्याङ्कन भन्दा विद्यार्थीको सिकाइ कार्यमा सहयोग पुऱ्याउने संरचनात्मक मूल्याङ्कनमा हामीले विशेष जोड दिनुपर्दछ।

मूल्याङ्कन के हो? परीक्षा र मूल्याङ्कनमा के फरक छ? परीक्षाका प्रचलित किसिमहरू के-के हुन्? प्रश्नपत्रहरू कसरी निर्माण गर्ने? आदिबारे खण्ड ११ मा विस्तृत रूपमा चर्चा भैसकेको छ। यस पाठमा प्राथमिक तह विभिन्न विषय शिक्षण गरेपछि विद्यार्थीहरूले प्राप्त गरेका शैक्षिक उपलब्धिहरू कसरी कुन विधि प्रयोग गरी मूल्याङ्कन गर्ने भन्ने बारेमा जानकारी दिने प्रयास भएको छ। हामीलाई थाहा छ कि प्राथमिक तहमा विभिन्न विषयहरू शिक्षण गरिन्छन्, जस्तोः– भाषा, सामाजिक शिक्षा, गणित आदि र यी विषय शिक्षणमा विभिन्न उद्देश्यहरू हुन्छन्। कुनै विषय वा पाठको शिक्षणबाट बालबालिकाहरूमा ज्ञानको विकास गर्ने लक्ष्य रहेको हुन्छ भने कुनै विषय वा पाठको शिक्षणबाट सीप र कुनैबाट अभिवृत्ति विकास गर्ने लक्ष्य रहेको हुन्छ। प्राथमिक तहमा शिक्षक भएर काम गर्ने व्यक्तिहरूले ख्याल गर्नुपर्ने मुख्य कुरा के छ भने यस तहमा शिक्षण गरिने विभिन्न विषयहरूमा विद्यार्थीहरूले हासिल गरेका उपलब्धिहरू मूल्याङ्कन गर्न एउटा मूल्याङ्कन विधि प्रयोग गर्न औचित्यमूलक हुँदैन। विभिन्न विषयका विभिन्न पक्षहरूमा बालकले हासिल गरेका उपलब्धिहरूको वास्तविक जानकारी लिन शिक्षकले मूल्याङ्कनका विविध विधि तथा तरीकाहरू अपनाउनु आवश्यक छ। यसो नगरेमा विषय वा पाठमा विद्यार्थीहरूले वास्तवमा के शैक्षिक उपलब्धि हासिल गरे? वा बालकमा कुन कुराको विकास भएको छ? थाहा पाउन कठिन हुन जान्छ।

प्राथमिक तहमा विभिन्न विषयहरूमा विद्यार्थीहरूले हासिल गरेका शैक्षिक उपलब्धिहरू मूल्याङ्कन गर्दा मूल्याङ्कनमा विभिन्न साधन तथा विधिहरू प्रयोगमा ल्याउन सकिन्छ। जस्तैः– मौखिक परीक्षा, लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अवलोकन। लिखित परीक्षा निबन्धात्मक उत्तर दिने प्रश्नहरू र छोटो उत्तर दिने प्रश्नहरू तथा वस्तुगत जस्तोः– ठीक-बेठीक

छुट्टयाउने प्रश्न, बहुवैकल्पिक प्रश्न, जोडा मिलाउने प्रश्न तथा खाली ठाउँ भर्ने प्रश्नहरू प्रयोग गरी लिन सकिन्छ । अवलोकन सुनियोजित एवं औपचारिक दुवै हुन सक्तछन् । प्राथमिक पाठशालाहरूमा ज्यादै साना उमेरका विद्यार्थीहरू हुन्छन् । तिनीहरूले औपचारिक परीक्षा भन्ने बुझ्न सक्तैनन् । यसले सकभर त्यस्ता विद्यालयहरूमा वार्षिक परीक्षा बाहेक अरू औपचारिक परीक्षाको व्यवस्था गर्नु उचित हुँदैन, तर मूल्याङ्कनलाई औपचारिक र नियमित बनाउने प्रयास चाहिं निरन्तर भैरहनुपर्दछ। अर्को कुरा के छ भने प्राथमिक कक्षाहरूमा खास गरी १ देखि ३ कक्षासम्मका विद्यार्थीहरूको लेखाइ सीप कम विकसित हुने भएकाले लिखित परीक्षाभन्दा मौखिक परीक्षा, प्रयोगात्मक परीक्षा र अवलोकन विधि नै बढी प्रयोग गर्नुपर्छ । यसको मतलब साना कक्षाहरूमा लिखित परीक्षाको प्रयोग बिल्कुलै हुनु हुँदैन भन्ने चाहिँ होइन । आवश्यक परेमा लिखित परीक्षा पनि लिन सकिन्छ र कुनै-कुनै यस्ता कुराहरू हुन्छन्, उसका निमित्त लिखित जाँच नै उपयुक्त हुन्छ । लिखित परीक्षा आवश्यक भए पनि लामो उत्तर आउने निबन्धात्मक प्रश्नहरूको प्रयोग प्राथमिक कक्षाहरूमा हुनु हुँदैन ।

भाषाको सन्दर्भमा हेर्ने हो भने मौखिक तथा लिखित परीक्षाको ठूलो स्थान छ। भाषिक सीप हासिल गर्नुको अर्थ भाषाका चारै कुलशता सुनाइ, बोलाइ, पढाइ र लेखाइमा निपुण हुनु हो। भाषाका चारै सीपका मूल्याङ्कनको आधार अलग-अलग हुन्छन् । विद्यार्थीलाई सुनाएका कुरा बुझ्ने क्षमता विकास भए, नभएको आधारमा सुनाइको मूल्याङ्कन हुन्छ भने उनीहरूले आर्जन गरेका ज्ञानका कुरा स्पष्टसँग बोल्न लगाएर वा बोलाएर बोलाइ सीपको मूल्याङ्कन हुन्छ । अक्षर शब्द, पढेका कुरा बुझे, नबुझेका आधारमा पढाइको मूल्याङ्कन र वाक्य लेख्न लगाएर लेखाइ सीपको मूल्याङ्कन गर्न सकिन्छ । मौखिक परीक्षाद्वारा सुनाइ, बोलाइ र पढाइ तीनै सीपको मूल्याङ्कन गर्न सकिन्छ। खास गरी विद्यार्थीको मौखिक भाषा, उच्चारणको ज्ञान, शब्दको ज्ञान आदि जाँच्न मौखिक परीक्षा धेरै उपयोगी हुन्छ। पढाइका सीपहरू जाँच्न पनि यही विधि राम्रो हुन्छ। लेखाइ सीप जाँच्न भने लिखित परीक्षा नै उपयोगी हुन्छ। यसका साथसाथै विद्यार्थीहरूले आफ्ना विचार सङ्गठन गरी सरल, स्पष्ट र स्वच्छन्द एवं शुद्ध गरी व्यक्त गर्न सक्छ, सक्तैन याहा पाउन विषयगत र भाषिक नियमहरू बुझे, नबुझेको तथ्य कुरा सम्झे, नसम्झेको जाँच गर्न वास्तवमा वस्तुगत प्रश्नहरू प्रयोग गर्नु उपयोगी हुन्छ। कुनै लेख वा कविताको मुख्य विचार छोटकरीमा व्यक्त गर्न सक्छन्, सक्तैनन्, कुनै विषयमा निबन्ध तयार गर्न लगाउन, तस्वीर देखाएर त्यसको विषयमा वर्णन गर्दा गर्न लगाउन विषयगत प्रश्नहरू प्रयोगमा ल्याउनुपर्दछ ।

सामाजिक शिक्षामा मौखिक, लिखित, अवलोकन सबै प्रकारका मूल्याङ्कन साधनहरू प्रयोगमा ल्याउन सकिन्छ । सामाजिक शिक्षामा केवल कुनै पाठको अंश भन्न सक्ने वा लेख्न

सक्ने सीप जाँचिर मात्र सही मूल्याङ्कन हुन सक्तैन। विद्यार्थीको व्यवहार, विचार, बानी र विषय ज्ञान सबै पक्षमा विकास गर्नु नै सामाजिक शिक्षाका उद्देश्य हुने हुँदा उपर्युक्त कुराको मूल्याङ्कन गर्न अवलोकन तथा शिक्षक निर्मित वस्तुगत र लघु उत्तरात्मक लिखित, मौखिक प्रकारका प्रश्न वा साधन परिचालन गर्नुपर्दछ। खासगरी सामाजिक सम्बन्ध, विलक्षण प्रतिभा, समूहमा मिलेर काम गर्न बानी आदिका निमित्त त अवलोकन नै उपयुक्त हुन्छ।

गणित विषयको शैक्षिक उपलब्धि मूल्याङ्कन गर्न मौखिक, लिखित दुवै प्रकारका प्रश्नहरू प्रयोग गर्न सकिन्छ र अवलोकन विधि पनि प्रयोगमा ल्याउन सकिन्छ।

विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा र कला शिक्षाजस्ता विषयमा विद्यार्थीले प्राप्त गरेका शैक्षिक उपलब्धिहरू मूल्याङ्कन गर्न प्रयोगात्मक परीक्षा बढी लाभदायक हुन्छ। यदि विद्यार्थी बिरुवा रोप्न जान्दछ वा जान्दैन भनी जाँच्नु परयो भने बिरुवा कसरी रोप्नुपर्दछ भन्ने बारेमा उसले पढेका कुराको लिखित वा मौखिक बयानबाट मात्र उसले जानेका सीप यथार्थ हो वा होइन भन्न सकिंदैन। धेरैजसो विद्यार्थीले बोलेर वा लेखेर धेरै कुराको वर्णन गर्छन्, तर वास्तवमा उनीहरूले आवश्यक सीप हासिल नगरेको हुन सक्दछ। यसैले प्रयोगात्मक परीक्षा लिंदा विद्यार्थीले ठीक प्रकारले बिरुवा रोप्न सक्छ भनेमात्र उसलाई त्यो सीप आउँछ भन्ने प्रमाणित हुन्छ। यस्तो प्रयोगात्मक परीक्षा एक प्रकारले काम गर्न सक्ने, नसक्ने कुराको क्षमताको परीक्षा हो। स्वास्थ्य र शारीरिक शिक्षा आदि विषयका लागि भने अवलोकन विधि महत्त्वपूर्ण हुन्छ। बालबालिकाहरूमा स्वस्थ बानी, सरसफाइ, असल आदत, नैतिकताको विकासजस्ता कुराहरूमा के-के विकास भएको छ भन्ने कुरा थाहा पाउन लिखित वा मौखिक परीक्षाबाट मात्र हुन नसक्ने भएको हुनाले अवलोकन विधि अनिवार्यरूपमा अपनाउनुपर्दछ। विद्यार्थीहरूमा भावनात्मक परिवर्तन आए, नआएको अथवा अभिवृत्ति विकास हुन सके, नसकेको थाहा पाउन विद्यार्थीका व्यवहार अवलोकन नगरी हुँदैन। विद्यार्थीहरूमा व्यवहारमा प्रकट भएका धेरै विशेषताहरू उनीहरूले थाहै नपाई उनीहरूका कार्यकलापहरूद्वारा प्रकट भैरहेका हुन्छन्। समय-समयमा ती कुराहरूको अवलोकन गरेर त्यसको अभिलेख राख्दै गरेमा त्यस्ता गुणहरू कति मात्रामा विकसित भएका रहेछन् वा कुन गतिमा विकसित हुँदैछन् भनेर थाहा पाउन सकिन्छ। विशेष गरीकन आफ्नो स्वेच्छा अनुसार निरीक्षणमा अङ्क दिने परम्परालाई हटाई शिक्षकहरू श्रेणीमापन (Rating Scale) प्रयोग गरी अवलोकन गरेपछि मात्र निरीक्षणमा अङ्क दिने गर्नुपर्दछ। यसरी श्रेणीमापन प्रयोग गरी अवलोकन गर्दा शिक्षकले एक पल्टमा सबै विद्यार्थीहरूको अवलोकन सिध्याउनु पर्दछ भन्ने छैन। प्रत्येक दिन ४,५ जना वा प्रत्येक हप्ता विद्यार्थीहरूले गरेका प्रगतिको अवलोकन गर्न सकिन्छ।

माथि उल्लेख भएका विज्ञान, स्वास्थ्य, शारीरिक शिक्षा, कला शिक्षा आदि विषयका प्रयोगात्मक परीक्षा र अवलोकन विधि मूल्याङ्कनका निमित्त प्रभावकारी साधन

हुन्, तर विषयहरूमा विद्यार्थीले हासिल गरेका उपलब्धि मूल्याङ्कन गर्न लिखित तथा मौखिक परीक्षा पनि प्रयोग गर्न सकिन्छ ।

अभ्यास

१. प्राथमिक तहका लागि निर्धारित पाठ्यपुस्तकका सामान्य विशेषताहरू उल्लेख गर्नुहोस् ।

२. प्राथमिक तहमा नेपाली भाषा शिक्षणका उद्देश्यहरू के-के रहेका छन्, सूची बनाउनुहोस् ।

३. प्राथमिक तहको अन्त्यमा सामाजिक तथा वातावरण शिक्षा विषयको शिक्षणबाट विद्यार्थीहरूमा कुन-कुन ज्ञान, सीप तथा अभिवृत्ति विकास गर्ने लक्ष्य रहेको छ ? उल्लेख गर्नुहोस् ।

४. प्राथमिक कक्षामा शिक्षण गर्ने शिक्षकमा कुन-कुन कुराहरूको पूर्वज्ञान आवश्यक छ ? स्पष्ट गर्नुहोस् ।

५. प्राथमिक तहमा भाषा विषयको शिक्षण प्रक्रियाबारे टिप्पणी लेख्नुहोस् ।

६. सामाजिक तथा वातावरण शिक्षा प्राथमिक कक्षाहरूमा शिक्षण गर्दा प्रयोगमा ल्याउन सकिने विधिहरूको सूची तयार गर्नुहोस् ।

७. गणित शिक्षणका सामान्य सिद्धान्तहरू के-के हुन् ? उल्लेख गर्नुहोस् ।

८. कला विषयको शिक्षण प्रक्रियाको संक्षिप्त परिचय दिनुहोस् ।

९. स्वास्थ्य तथा शारीरिक शिक्षा शिक्षण गर्दा कुन-कुन क्रियाकलापहरू प्रयोगमा ल्याउनु उपयुक्त हुन्छ ? उल्लेख गर्नुहोस् ।

१०. "प्राथमिक तहको कक्षा १ र २ मा लिखित परीक्षाको तुलनामा मौखिक परीक्षाद्वारा मूल्याङ्कन गर्नु उत्तम हुन्छ ।" यस भनाइलाई सार्थक ठुल्याउनुहोस् ।

११. "सामाजिक शिक्षा, स्वास्थ्य र शारीरिक शिक्षा विषयहरूको शैक्षिक उपलब्धि मूल्याङ्कनमा अवलोकनको महत्त्वपूर्ण स्थान रहन्छ ।" यस कथनलाई स्पष्ट गर्नुहोस् ।

समूह गायनमा गाउने राष्ट्रिय गीत

हटने होइन डटी लडने नेपालीको बानी हुन्छ
कहिले नझुक्ने शिर उभेको स्वाभिमानी नेपाली हुन्छ
विश्वको कुना काप्चामा खोज, नेपालीको मुटुमा खोज
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ. . . २
श्रीपेचको नवै रङ्ग डाँफे चरीले बोकेर उड्छ
एकता अनि वीरताको गाथा सारङ्गीले गाउँदै हिंड्छ
खुकुरीको डोबभित्र वीरहरूको पाइला हुन्छ
पर्वतराज हिमालमुनि गुराँस त फुलेको हुन्छ
गुराँसको रङ्ग हेर, त्यो पनि त रातो हुन्छ
हाम्रो मुटुको रगत हेर, त्यो पनि त रातो हुन्छ
रातो रङ्ग सिम्रीकको रङ्ग, चन्द्र सूर्य झण्डाको रङ्ग, त्यो पनि त रातो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ. . . २
हाम्रो मादल शान्तिको लागि मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले न्याय अन्याय छुट्याई हेर्छ
बाँच र बचाऊ भन्ने छातिभित्र कुँदिएको हुन्छ
ठेला उठेको हातमा हेर, पसीना त बगेको हुन्छ
पसीनाको नदी हेर, त्यो पनि त नीलो हुन्छ
हामी माथिको आकाश हेर, त्यो पनि त नीलो हुन्छ
नीलो रङ्ग शान्तिको रङ्ग, हाम्रो झण्डाको किनारको रङ्ग, त्यो पनि त नीलो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ

शिक्षा कक्षा ९/१०